# अनन्त स्मृतिमा अमर आत्माहरू

नारायणी मेमोरियल फाउण्डेसन
(NAME Foundation)
कनकाई नगरपालिका–४, इलुवावारी, झापा

# अनन्त स्मृतिमा अमर आत्माहरू

**सम्पादक** : वरिष्ठ अधिवक्ता नरेन्द्रप्रसाद पाठक
(पूर्व नायव महान्यायाधिवक्ता)

**प्रकाशक** : नारायणी मेमोरियल फाउण्डेसन (NAME Foundation)
कनकाई नगरपालिका - ४, इलुवाबारी (झापा)

**सर्वाधिकार** : प्रकाशकमा

**संस्करण** : पहिलो, २०७९

**प्रकाशन मिति** : २०७९/०६/०१

**प्रकाशन प्रति** : ५००

**मुद्रण** : Routa Printing Support, Anamnagar

(प्रस्तुत स्मृति अंकमा प्रकाशित लेख सामाग्रीहरूमा अभिव्यक्त धारणाहरू सम्बन्धित लेखकका निजी हुन्। त्यसमा सम्पादक एवम् प्रकाशकको सहमती हुनुपर्ने आवश्यकता छैन्। प्रकाशित लेखको लागि सम्बन्धित लेखक नै जवाफदेही हुनुहुन्छ - सम्पादक)

**नारायणी मेमोरीयल फाउण्डेसन (NAME Foundation) को अनुरोध**

नारायणी मेमोरीयल फाउण्डेसन (NAME Foundation) अनाथ, असक्त, असहाय र मेधावी विद्यार्थीहरूलाई वार्षिक छात्रवृत्ति प्रदान गर्ने कार्यमा क्रियाशिल छ। यस पवित्र कार्यका लागि आफ्ना स्वर्गीय बुवा आमा एवम् प्रियजनको सम्मान र स्मृतिमा उहाँहरूका नाममा शैक्षिक छात्रवृत्ति प्रदान गर्न सहृदयी मन र सहयोगी हातहरू अघि बढाउन एवं लक्षित विद्यार्थीको खोजी गरी सुचित गरिदिनुहुन इच्छुक दाताहरूलाई अनुरोध गर्दछौं।

**सम्पर्क नम्बरहरू**

०१-४४३१७९३
९८४१२१५०४१/९८४२६३४११६/९८५१०९६३४३
namefoundation.org@gmail.com

# नेपाल प्रज्ञा-प्रतिष्ठान

कमलादी, काठमाडौँ, नेपाल
फोन : ०१-४२२१२८३, ४२२१२४१, ४२२१२४२
फ्याक्स : ९७७-०१-४२४१७८६, ४२५७८८६
पो.ब.नं. : २३०५८, काठमाडौँ, नेपाल
इमेल : office@nepalacademy.gov.np
info@nepalacademy.gov.np
वेबसाइट : www.nepalacademy.gov.np


पत्र सङ्ख्या
चलानी नं.

## शुभकामना

ज्येष्ठ नागरिकको सम्मानका साथै अनाथ, असक्त, असहाय, बाबुआमाबाट परित्यक्त, कमजोर आर्थिक अवस्था भएका बालबालिकाको शैक्षिक उन्नयनमा सहयोग पुऱ्याउँदै आएको नारायणी मेमोरियल फाउन्डेसन (NAME Foundation) ले गैरनाफामूलक जनहितकारी सामाजिक संस्थाका रूपमा अनुकरणीय भूमिका खेल्दै आएको छ । यो संस्थाले यसै वर्ष तेह्रथुम र झापा जिल्लाका सामुदायिक विद्यालयमा अध्ययनरत २५ जना विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गरेको र उक्त छात्रवृत्ति प्रत्येक वर्ष थप गर्दै जाने योजना रहेको जानकारी पाउँदा मलाई खुसी लागेको छ ।

दिवङ्गत हुनुभएका पूर्वज एवम् प्रियजनहरूको स्मृति र सम्मानमा उहाँहरूको जीवनगाथा झल्कने स्मृति अङ्क यसअगि प्रकाशन भइसकेको र यस पटक ३१ जना दाताहरूका पूर्वज एवम् प्रियजनहरूको स्मृति र सम्मानमा उहाँहरूको कर्मशीलता झल्कने जीवनगाथाहरू समेटिएको 'अनन्त स्मृतिमा अमर आत्माहरू' नामक कृति प्रकाशन हुन लागेको थाहा पाएर मलाई थप हर्षानुभूति भएको छ । सामाजिक एवम् शैक्षिक उन्नयनका लागि मनकारी दाताहरूलाई एउटै संस्थामा आबद्ध गरी समाज सेवाको थालनी गर्ने कार्यमा फाउन्डेसनका अध्यक्ष वरिष्ठ अधिवक्ता नरेन्द्रप्रसाद पाठकको कुशल व्यवस्थापन र सक्रियता निकै प्रशंसनीय छ ।

सामाजिक सेवा एवम् परोपकारी कार्यका लागि स्थापित यो फाउन्डेसनको शैक्षिक छात्रवृत्ति कार्यक्रमका लागि आफ्ना पूर्वज एवम् प्रियजनका स्मृतिमा छात्रवृत्ति स्थापना गर्ने दाताहरूको सङ्ख्या दिनप्रतिदिन बढ्दै जानु आफैमा खुसीको कुरा हो। पूर्वजहरूको स्मृति र सम्मान गर्ने हाम्रा धार्मिक, सामाजिक एवम् सांस्कृतिक प्रचलन र मान्यतामा ह्रास आउँदै गरेको परिप्रेक्ष्यमा यो फाउन्डेसनले एउटा नयाँ कार्यको सुरुआत गरेको छ। दाताका परोपकारी मन र हातहरू यसै गरी अझ बढ्दै जाउन् भन्ने अपेक्षासहित फाउन्डेसनको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

गङ्गाप्रसाद उप्रेती
कुलपति
वि.सं. २०७९ भदौ १३

# प्रकाशकीय

**स्मृति नै जीवन हो, स्मृति हरायो भने जीवन बाँच्नुको कुनै अर्थ हुँदैन ।** जीवन क्षणिक हुन्छ । सायद संसारमा नमरेको मान्छे भनेर पक्कै हामीले सुन्न पाएका छैनौं । मानिस जन्मन्छ, मर्छ, यो यथार्थता हो । लियो टल्सटोयले भनेझैं ईश्वरले मानिसलाई तीन वटा रहस्यको ज्ञानबाट बंचित गरेका छन् । मानिस जन्मेपछि कसरी सुरक्षित हुन्छ, उसको आयु कति लामो छ, मृत्युको घडी कसरी आउँछ, यो कुरा कसैलाई थाहा हुँदैन ।

तर मानिस मरे पनि उसको नाम तत्काल मर्दैन, नामको आयु कति हुन्छ यो गम्भीर प्रश्न छ । हामी नामको आयु दीर्घायु होस् भनेर लागि परेको छौं कि छैनौँ ? त्यसैले नारायणी मेमोरियल फाउण्डेसन NAME Foundation पूर्वजको नाम पुस्तौं पुस्तासम्म बाँची रहोस्, दाताको नाम पुस्तौं पुस्तासम्म स्मृतिमा रहिरहोस्, अरुले स्मरण गरी रहुन, असाय, अनाथ, अशक्त, अपाङ्ग, निम्न आर्थिक स्थिति भएकाले तपाईको नाम सदा सम्झिरहुन् भन्ने उद्देश्यले क्रियाशील छ । बाँचुन्जेल आफूले केही गर्न सकियो भने आफूलाई आनन्द आउँछ । आफू मरेपछि अर्काले गरिदेला भनेर सोच्नु सम्झनु यर्थाथता होइन । न उसले सम्झिन्छ, न तपाईले उसले सम्झिदिएको देख्नुहुन्छ । यो वास्तविकता हो । त्यसैले बेलामै पुण्य गरौँ, जीवनलाई सार्थक र स्मरणीय बनाउँ । सार्थक जीवनसँग, क्षमाशील हृदय, शालिन व्यक्तित्व, उदार मन र भावना जोडिएको हुन्छ । उदार मनभित्र अरुको दुखमा साथदिने, सुखमा रमाउने परोपकारी मन हुन्छ । शरीर मरेर गए पनि उसको कृति बाँच्न सक्छ । कर्ममा उनि बाँची रहनसक्छन् । तर, कर्म कस्तो ? बाँचीरहने कर्म परोपकारी, हितकारी, समाजसेवी, समदर्सी कर्म नै सत्कर्म हो ।

दक्षिण अफ्रिकाका पूर्व प्रधानमन्त्री Cecil Rhodes ले "So little done, so much to do" “थोरै मात्र गरियो, गर्न धेरै बाँकी रह्यो” भनेर अन्तिम अवस्थामा भनेको कुरा पठनीय छ । कवि शिरोमणी लेखनाथ पोड्याललले भने जस्तो

> यो दुख भोग्ने परमेश्वरै हो । यो देह उसको रहने घरै हो ।
> यो भत्कँदा दुख अवस्य मान्छ । सुटुक्क सामान लिएर जान्छ ।

विश्व प्रसिद्ध फेशन डिजाइनर एवं लेखिका किर्जिदा रोड्रिङ्जले मर्नुभन्दा अघि आफ्नो डायरीमा लेखेका कुरा स्मरणीय छन् । उनी लेख्छीन्, “मेरा घरमा सयौं थरिका खाने कुरा भए तापनि अहिले म २ वटा गोली र रातमा २ थोपा तीतो औषधिमा मात्र सिमित छु । यो घर, यो कार, यो जेट विमान, बैंक खाता र पैसाहरु

र यती धेरै प्रतिष्ठा र प्रसिद्धि अब मेरा लागि कुनै कामका छैनन् । साथीहरु मृत्यु भन्दा अधिक सत्य केही पनि छैन, अनि किन गर्छन मानिसहरु पद र संपत्तिको घमण्ड ? त्यसैले बाँचुञ्जेल जे गर्न सकियो, त्यसैमा सन्तुष्टि लिन सके त्यो नै सुखी जीवन हो । आँफू मरे पनि नाम बाँची रहोस् ।"

अनाथ, अशक्त, असहायहरुको शैक्षिक कार्य एवं ज्येष्ठ नागरिक एवं बालबालिकाको हितमा केही सहयोग गरौं भन्ने उद्देश्यका साथ नारायणी मेमोरियल फाउण्डेसनको स्थापना भएको हो । सोही उद्देश्यका साथ नारायणी मेमोरियल फाउण्डेसनको स्थापना भएको छोटो समयमै शिक्षाप्रेमी एवं समाजसेवी, मनकारी धेरै दाताहरु NAME Foundation मा आवद्ध भई आफ्ना स्वर्गीय पूर्वज बुवाआमा एवं प्रियजनको स्मृति र सम्मानमा केही समाजसेवी परोपकारी कार्यका लागि हामीसँग हातेमालो गर्न आउनुभएको छ । तपाईहरुको साथ र सहयोग निरन्तर रुपमा रहने अपेक्षा गरेका छौँ ।

नारायणी मेमोरियल फाउण्डेसन (NAME Foundation)ले दाताहरुका पूर्वजहरुको जीवनगाथा झल्कने गरी **"अनन्त स्मृतिमा अमर आत्माहरु"** नामक कृति प्रकाशन गर्न पाउँदा खुसी लागेको छ । भविष्यमा पनि यस्ता कृतिहरु निरन्तर प्रकाशन गर्ने Foundation को योजनासमेत रहेको छ । संस्था दर्ता हुनु ठूलो कुरो होइन, तर संस्थालाई चीरस्थायी र लक्ष्यअनुरुप कार्यगर्न सक्ने बनाउनु नै मूल कुरा हो । यस पुनीत कार्यमा हौसला र प्रेरणा प्रदान गर्नुहुने प्रेरणाका स्रोत शिक्षाप्रेमी एवम् समाजसेवी व्यक्तित्वहरु नेपाल प्रज्ञाप्रतिष्ठानका कुलपति श्री गंगाप्रसाद उप्रेती, वरिष्ठ अधिवक्ता श्री हरीप्रसाद उप्रेती, उच्च अदालतका पूर्व न्यायधीश श्री नरेन्द्रकुमार शिवाकोटी, श्री गणेश ओली र श्री विनोद ओली लगायत अन्य संस्थापक दाताहरुको सद्भाव र प्रेरणाले NAME Foundation को विकास र उद्देश्य पूर्तिमा बल मिलेको छ । यस्ता सहयोगी मनहरुले निरन्तरता पाईरहे नारायणी मेमोरियल फाउण्डेसन (NAME Foundation) आफ्नो लक्ष्यमा पुग्न सफल हुनेछ भन्ने अपेक्षा गरेको छु । प्रस्तुत स्मृति अङ्कमा प्राप्त लेखहरूको भाषा सम्पादनमा सहयोग गर्नुहुने श्री सीताराम उप्रेतीलाई समेत Foundation को तर्फबाट धन्यवाद दिन चाहान्छु । अन्त्यमा NAME Foundation को तर्फबाट सम्पूर्ण दाताहरुलाई आभार प्रकट गर्दै सहयोगी मनहरूले निरन्तरता पाइरहने अपेक्षा समेत गर्दछु । धन्यवाद ।

**वरिष्ठ अधिवक्ता नरेन्द्रप्रसाद पाठक**
**अध्यक्ष**
**नारायणी मेमोरियल फाउण्डेशन**

# विषयसूची


| क्र.सं. | विषय | | पेज नं. |
|---|---|---|---|
| १ | मेरा बा, मेरी आमा | गङ्गाप्रसाद उप्रेती | १ |
| २ | स्वर्गीय बुवा प्रतिमान उप्रेतीलाई शब्दचित्रमा समेटदा | हरिप्रसाद उप्रेती | १३ |
| ३ | स्मृतिमा स्व. डिल्लीराम पाठक र स्व. शुभद्रा पाठक | नरेन्द्रप्रसाद पाठक | २० |
| ४ | मेरा प्रातः स्मरणीय हजुर बुवा नन्दलाल ओली र हजुरआमा पद्मादेवी ओली | गणेश ओली | २३ |
| ५ | स्मृतिको पानामा स्व. बुवा विष्णुप्रसाद शिवाकोटी र आमा हरिमाया शिवाकोटी | नरेन्द्रकुमार शिवाकोटी | २६ |
| ६ | स्मृतिको पानामा स्व. आमा चेतना देवी ओली | सज्जन (रविन) ओली | ३४ |
| ७ | मेरो स्मृतिमा पिताजी स्व. अविकेशर ओली र सानिमा अम्बिकादेवी ओली | गणेश ओली | ३६ |
| ८ | साधारण पिताश्री स्व. गङ्गाप्रसाद ओलीको असाधारण जीवनकथा | विनोद ओली | ३९ |
| ९ | स्मृतिमा आद्य पूर्खासहित स्वर्गीय बुवाआमा रविलाल-विष्णुमाया मैनाली | प्रा.डा. लक्ष्मीप्रसाद मैनाली<br>लीलाकुमारी चुडाल मैनाली | ५५ |
| १० | स्व. आमा भागीरथा दाहाल र स्व. बुवा विष्णुलाल दाहाललाई सम्झिँदा | कुलप्रसाद दाहाल | ६५ |
| ११ | सम्झनामा स्व. बुवा विष्णुप्रसाद पाठक | भीमराज पाठक<br>तुलसादेवी पाठक | ७१ |
| १२ | स्व. बुवा धनपति उप्रेतीका जीवनगाथा | सीताराम उप्रेती | ८० |
| १३ | स्मृतिको पानामा स्व. बुवा लक्ष्मीप्रसाद ओडारी र आमा महेश्वरा ओडारी | दीपेन्द्र ओडारी<br>गंगा ओडारी | ८३ |
| १४ | स्वर्गीय हजुरआमा हीमादेवी मैनाली र स्व. बुवा गोपीचन्द्र मैनालीका जीवनगाथा | चन्द्र मैनाली (भतिज) | ८७ |
| १५ | स्वर्गीय मनोरथ उप्रेती अब स्मरणमामात्र | तारा ओली उप्रेती | ९१ |
| १६ | स्वर्गीय बुवा नैनान्द उप्रेती र आमा टीकादेवी प्रति शब्दचित्र | तिलचन्द उप्रेती | ९६ |
| १७ | स्व. बुवा गोविन्दप्रसाद शिवाकोटी र आमा शिवमाया शिवाकोटीको स्मृतिको पानाबाट | जीवनाथ शिवाकोटी | ९९ |

| | | | |
|---|---|---|---|
| १८ | स्मृतिका पानामा स्व. आमा नैनकुमारी भण्डारी | मदनकुमार भण्डारी | १०३ |
| १९ | स्व. बुवा-आमा पुण्यप्रसाद र पुण्यकुमारी चुडालको पुण्य स्मृतिमा | लीला कुमारी चुडाल मैनाली | १०५ |
| २० | स्व. बुवा शुकदेव पाण्डेको जीवनगाथा | नरेशकुमार पाण्डे | ११६ |
| २१ | पिताजी लक्ष्मीप्रसाद पाठक र आमा कृष्ण कुमारी तथा रमादेवी पाठक- सम्झनामा | यशोदा उप्रेती | १२० |
| २२ | स्मृतिका पानामा हजुरबुवा प्रभाखर/बुवा टिकाराम र आमा विष्णुमाया सेडाइ | यमनाथ सेडाई<br>निलकृष्ण सेडाई | १२६ |
| २३ | अनन्त स्मृतिमा स्वर्गीय बुवा हरिप्रसाद बस्याल | डा. सम्राट बस्याल | १३१ |
| २४ | स्मृतिमा स्व. बुवा हरिप्रसाद र स्व. आमा विष्णुमाया उप्रेती | कमल उप्रेती | १३६ |
| २५ | स्मृतिमा स्व. हजुरआमा अवछरा चुडाल | महेन्द्र चुडाल | १४४ |
| २६ | स्मृतिमा स्व. बुवा देविप्रसाद संग्रौला | डा. हिमाल संग्रौला | १४८ |
| २७ | स्व. आमा धनमाया पाठकको सम्झनामा | ओमप्रसाद पाठक | १५० |
| २८ | स्मृतिमा बुवा अम्बीकाप्रसाद धिताल र आमा नन्द कुमारी धिताल | शुभद्रा वश्याल | १५३ |
| २९ | सबैलाई सन्तोष दिने सन्तोषराज प्रसाईँ | सन्दीपराज प्रसाईं<br>इरिना प्रसाई | १५८ |
| ३० | स्मृतिमा स्व. बुवा अग्नी प्रसाद पाठक र स्व. आमा डिल्लीमाया पाठक | मेदनीप्रसाद पाठक<br>शारदा पाठक | १६६ |
| ३१ | स्मृतिका पानामा स्व. बुवा लक्ष्मीप्रसाद र आमा विष्णुमाया/देवमाया पाण्डे | कमलादेवी पाण्डे सिवाकोटी | १६८ |
| ३२ | स्मृतिमा स्व. बुबा हिमबहादुर सुवेदी र आमा रत्नमाया सुवेदी | नन्दबहादुर सुवेदी | १७२ |
| ३३ | स्मृतिका पानामा स्व. बुवा देवीप्रसाद पाठक | नारायणी मेमोरियल फाउण्डेसन | १७६ |
| ३४ | अनन्त स्मृतिमा नारायणी | नारायणी मेमोरियल फाउण्डेसन | १७६ |
| ३५ | नारायणी मेमोरियल फाउण्डेसन (NAME Foundation) को शैक्षिक एवम् सामाजिक गतिविधि | | १७७ |
| ३६ | शैक्षिक छात्रवृत्ति एवम् सामाजिक सेवा अक्षयकोषमा योगदान गर्ने दाताहरुको नामावली | | १८१ |
| ३७ | शैक्षिक सत्र २०७९ का लागि छात्रवृत्ति प्रदान गरिएका विद्यालय एवम् विद्यार्थीहरू र दाताहरूको विवरण | | १८६ |

# मेरा बा, मेरी आमा

गङ्गाप्रसाद उप्रेती



स्व. विष्णु प्र. उप्रेती/सरस्वता उप्रेती

कुनै व्यक्ति तथा त्यो व्यक्तिसँग जोडिएका परिवारको समाजमा देखिने योगदान तथा उपलब्धिहरूसँग लामो समयदेखि विकसित हुँदै आएको वंशको इतिवृत्तमा जोडिएर आएका त्यो कुल वा वंशका पूर्वजहरूले आआफ्ना समयमा अनुसरण गरेका संस्कार, संस्कृति तथा जीवन पद्धतिले सृजना गरेका कुल वा वंशगत बिरासतको पृष्ठभूमि जोडिएको हुन्छ । त्यसैले कुनै व्यक्तिले आफ्नो जीवन कालमा प्राप्त गरेका उपलब्धिहरू बुझ्न उसले आफ्नो वंशवृत्तको नालीबेली फर्केर हेर्नुपर्छ र त्यही नालीबेलीमा झाङ्गिएर रहेको आफ्नो र आफ्ना वंश वा कुलको इतिवृत्त चिन्नु र बुझ्नुपर्छ । आज (वि.सं. २०७९ मा) आएर आफू र आफ्नो विगतलाई पर्गेल्ने क्रममा मैले आफ्ना बाआमालाई सम्झैँ र उहाँहरूका जीवनका अनेकौँ बाङ्गाटिङ्गा मोडहरू सम्झेर ती मोड छिचोल्दै आफ्नो परिवारलाई आफ्नै परिवेश, सामर्थ्य र सीमाका आधारमा उहाँहरूले बनाएको आफ्नो पारिवारिक आकृतिको स्वरूपलाई चिन्ने प्रयत्न गरेँ । सम्भवतः हामी सबैले आफूलाई चिन्न यही माध्यम र नमुनालाई अपनाउनुपर्छ र आफ्ना पहिचानको वस्तुगत स्वरूप प्राप्त हुन सक्छ भन्ने मेरो धारणा छ ।

मेरा बा विष्णुप्रसाद उप्रेती (वि.सं. १९७१-२०५६) तेह्रथुम जिल्लाको आठराई ईवा भन्ने गाउँमा सानो अर्थतन्त्र भएको निम्न मध्यमवर्गीय आर्थिक जगको सामान्य परिवारमा वि.सं. १९७१ मा जन्मनुभएको हो । हजुरबुवा लक्ष्मन उप्रेती हुँदै नेपाल प्रवेश गर्ने पहिलो उप्रेती पुर्खा पं. रघुनाथ पाध्या उप्रेतीसँग वंशलाई जोड्दा बा दसौँ पुस्तामा पर्नुहुन्छ । भारतमा मुसलमानको ज्यादती थेग्न नसकेर उत्तर लागेका हिन्दुहरूसँग जोडिएका ब्राह्मणहरूमध्ये उप्रेतीहरू पर्दछन् । अहिलेसम्म प्राप्त जानकारीअनुसार हालको भारतको उत्तराञ्चलमा रहेका कुमाउ र गढवालबाट जीवनका नयाँ सम्भावना खोज्दै पूर्वोउत्तर हानिएका खस ब्राह्मण र क्षत्रीहरू प्राकृतिक सुन्दरताले भरिपूर्ण उर्वर भूमि नेपाल पसेका हुन् । यही क्रममा वि.सं. १५५० तिर नेपाल प्रवेश गरेका शिवशङ्कर उप्रेतीका जेठा छोरा पं. रघुनाथ उप्रेतीलाई नै नेपाल प्रवेश गर्ने पहिलो

उप्रेती हुन् भनी अहिलेसम्म सबैले मानिआएका छन् । आफ्ना बाबु शिवशङ्करसँग नेपाल प्रवेश गरेका पं. रघुनाथ पाध्या उप्रेतीले तत्कालीन नेपाल मण्डलका शासकबाट बिर्तास्वरूप प्राप्त गरेको हालको काभ्रे जिल्लाको कालिन्जोर भन्ने ठाउँमा उप्रेतीहरूको थातथलो बसाएका हुन् (स्रोत: दयाराम उपरति, उप्रेती वंशावली-२०६६) । यही स्रोतले खुलाए अनुसार शिवशङ्करका माइला र साइँला छोरा काभ्रे कालिन्जोरबाट पश्चिम डोटी गई त्यतै बसोबास गरेका हुन् । अहिलेसम्म प्राप्त जानकारीअनुसार पं. रघुनाथ उप्रेती र उनका भाइका सन्तानहरू नै हाल नेपालका विभिन्न ५१ जिल्ला र भारतका सिक्किम, दार्जिलिङ र आसाम लगायतका पूर्वोत्तर भारतका विभिन्न जिल्ला तथा भुटान र बर्मा हुँदै थाइल्यान्डसम्म फैलिएका उप्रेतीहरू हुन् ।

काभ्रेको कालिन्जोर बिर्ताबाट आफ्ना बन्धु पूर्व धनकुटामा हाकिम रहेकाले उनकै टेकोपिँडोमा पूर्वतिरै केही गरी खाउँला भनी त्यता लागेका पं. रघुनाथका सातौँ पुस्ताका सन्तान ज्योतिखर उप्रेती अविवाहित अवस्थामा नै तेह्रथुम जिल्लाको आठराईमा पुग्नुभएछ । धनकुटामा रहेका आफ्ना बन्धुको निर्देशनमा पूर्वी पहाडको रीतिथितिको अध्ययन गर्न आठराई पुगेका ज्योतिखरको मुद्दा मामिलाले पीडित बिमली बन्धुहरूसँग सम्पर्क भएछ । ती बिमली बन्धुहरू सरकारी मुद्दाको झमेलामा रहेछन् । उनीहरूमाथिको अन्यायलाई धनकुटामा आफ्ना हाकिमको रूपमा रहेका बन्धुलाई जाहेर गरी ज्योतिखरले बिमलीहरूलाई मुद्दा जिताई अन्यायबाट मुक्ति दिलाउनुभएछ । यसरी पछि बिमली बन्धुले अविवाहित ज्योतिखरलाई आफ्नी चेलीसँग विवाह बन्धनमा बाँधी आठराई ईवामा नै थातबासको बन्दोबस्त गरी उतै बसाएछन् । तिनै ज्योतिखरका काइँला छोरा तारामणिका एउटै छोरा लक्ष्मन (लक्ष्मण) का जेठा छोरा मेरा बा हुनुहुन्छ । यसरी वंशवृत्त केलाउँदा पं. रघुनाथको वंशवृत्तबाट दसौँ पुस्तामा मेरा बा हुनुहुन्छ । बाका हामी सात छोरा, पाँच छोरी उप्रेती वंशमा एघार नम्बरमा पर्दछौँ । मैले मेरा हजुरबालाई देख्न पाइनँ । त्यस्तै म जन्मनुभन्दा अघि नै मेरी हजुरआमा पनि बित्नुभएको रहेछ । त्यसैले मैले अग्रपुर्खाहरूमा देखेका र चिनेका मेरा बा र आमा नै हुनुहुन्छ ।

मेरा बा र आमाको १९९५ मा विवाह भएको रहेछ । त्यति बेला आमाको उमेर चौध वर्षको थियो रे । मेरी आमा भट्टराई थरका बाहुनकी छोरी हुनुहुन्थ्यो । पश्चिमबाट नै नेपाल प्रवेश गरेका भट्टराईहरूमध्ये नेपालको गलकोट, गोरखा हुँदै सिन्धुपाल्चोक प्रवेश गरेका रहेछन् । मेरा मावलीको हाँगो पनि सहज जीवनको सम्भावना खोज्दै ओखलढुङ्गा गाम्नाङटार हुँदै हालको तेह्रथुम जिल्लाको आठराई ह्वाकुमा पुगेका रहेछन् । नेपाल प्रवेश गरेका भट्टराई वंशहरूमा मेरा मावली हजुरबाका पनि

हजुरबा उदयनारायण भट्टराई एक्काइसौँ पुस्तामा पर्नुहुन्छ रे । उदयनारायणका छोरा रामदत्तका माइला छोरा (पुस्ता नं. २३) नरपति मेरा मावलीपट्टिका हजुरबा हुनुहुन्छ । उहाँलाई मेरा बाआमाको स्मृतिमा गरिने श्राद्धमा अग्रज पुस्तालाई तर्पण दिने क्रममा म उहाँहरूको नाम लिँदै सम्झन्छु । उदयनारायणका छोरा रामदत्तकी श्रीमती ललिता भट्टराई आफ्नो समयमा ज्यादै प्रभावशाली, परिवार व्यवस्थापन तथा गाउँमा आइपर्ने हरेक घटनाहरूको व्यवस्थापनमा अग्रणी भूमिका खेल्ने महिला हुनुहुन्थ्यो । ह्वाकुमा लली भट्टराई भनी उहाँको सुवास धेरै फैलिएको थियो । उहाँलाई मैले देखेँ, भेटेँ र उहाँबाट आशीर्वाद पनि ग्रहण गरेँ । ठुलीको छोरो यो उप्रेती केटो आफ्नो समयमा निकै ठुलो र प्रभावशाली हुन्छ भनी म मावल गएका बेला भन्ने गरेको म आफैले सुनेको छु ।

मेरा मावलका हजुरबा पहिले नै बित्नुभएका हुनाले उहाँलाई मैले देखिनँ । त्यसैले उहाँका जेठा दाजु लक्ष्मीकान्त भट्टराई (जसलाई समाजमा कान्तु भट्टराई भनी सम्बोधन गरिन्थ्यो) लाई नै म मेरा मावलका हजुरबा ठान्थेँ । कान्तु भट्टराई आफ्नो जमानाका नियम कानुन बुझ्ने आठराईका माथवर व्यक्ति मानिनुहुन्थ्यो । उहाँका घरमा साबिकको मुलुकी ऐनका सबै खण्डहरू राखिएका थिए । पछि मैले कानुन पढेँ । सर्वोच्च अदालतबाट अधिवक्ताको लाइसेन्स पनि लिएँ । मेरो लाइसेन्स नम्बर ५१८ हो । यो कुरा सुनेर कान्तुबा ज्यादै खुसी हुनुहुन्थ्यो । जीवनको अन्त्यमा उहाँले आफूसँग भएका कानुनका सबै ठेलीहरू मलाई सुम्पिएर भन्नुभएथ्यो- "हेर् नाति, मैले प्रयोग गरेका नेपालका कानुनका ठेली सबै तँलाई सुम्पेँ । मलाई विश्वास छ, यी ठेली लिएर तैँले आफ्ना बुताले भ्याएसम्म न्याय मर्न दिने छैनस् र अन्यायमा परेकाहरूलाई कानुनी सहयोग प्रदान गर्ने छस् ।" तर दुःखको कुरा कान्तुबाले दिएका कानुनका ठेली मैले सुरक्षित राख्न सकिनँ । भारतको पुना विश्वविद्यालयमा विद्यावारिधि गर्न गएका मेरा एकजना सहकर्मीले अध्ययनार्थ लगेका ती ऐतिहासिक सन्दर्भ सामग्री फिर्ता गरेनन् र बेपत्ता पारे ।

मेरी आमा सरस्वता भट्टराई उप्रेती (वि.सं. १९८१-२०७१) रामदत्तका छोरापट्टिका नातिनीहरूमा जेठी नातिनी भएर नै होला सबै भट्टराई परिवारले ठुलीनानी भन्थे । ठुली नातिनी, ठुली छोरी, ठुली दिदी मेरा मावलीहरूले मेरी आमालाई सम्बोधन गर्ने शब्दहरू हुन् । मेरी आमा वि.सं. १९९५ मा उप्रेती वंशपरिवारमा बुहारी भएर प्रवेश गर्नुभएको हो । त्यति बेला मेरा बा विष्णुप्रसाद उप्रेती चौबिस वर्षका हुनुहुन्थ्यो । मेरी आमा मेरा बाकी दोस्री विवाहिता श्रीमती हुनुहुन्थ्यो । पहिलो विवाहका रूपमा मेरा बाले पाठक थरकी कन्यासँग पहिला नै विवाह गर्नुभएको

रहेछ । विवाहको पहिलो दिनदेखि नै बाले उहाँलाई महत्त्व दिनुभएनछ । बालाई सोध्दा भन्ने गर्नुहुन्थ्यो– "आफूलाई नसोधी एक जना कुरूप कन्यासँग जबर्जस्ती विवाह गरिदिएकाले उनीप्रति श्रीमतीको भाव ममा उम्रनै सकेन ।" मेरी आमा विवाह गरेर घरमा आएपछि आमाले बा र जेठी आमाबीच सम्बन्ध राम्रो बनाउन निकै प्रयत्न गर्नुभयो रे । लोग्नेले नै वास्तै नगरेपछि उहाँ पनि अपहेलित भएर उप्रेतीका घरमा बस्नुभएन र पछि मेरी आमासँगको सल्लाहले नै दोस्रो घरबार गर्नुभयो रे । यी सब कुरा मैले आमाबाट थाहा पाएको हुँ । तर जेठीआमालाई मैले देख्न पाइनँ ।

चौध वर्षकी आफ्नी लक्षणकी नातिनीलाई आर्थिक अवस्था पनि कमजोर भएका श्याम वर्णका चौबीस वर्षका मेरा बालाई सुम्पिने निर्णय आमाकी हजुरआमा लली भट्टराईको रहेछ । उहाँको निर्णय उल्लङ्घन गर्ने आँट कुनै पनि छोराको रहेनछ । श्याम वर्णको भए पनि यी उप्रेती कुटुम्ब हाम्री नातिनीको पानी ग्रहण गर्न सुयोग्य छन् र पहिला नै घरजम गरिसके पनि यिनलाई मैले नातिनी दिएँ । यिनको घरजम राम्ररी चल्छ भनी आफ्नो निर्णय हजुरआमा ललिता भट्टराईले आफ्ना छोराहरूलाई सुनाएपछि सबैको सहमतिमा मेरा बासँग आमाको विवाह भएको रहेछ ।

मेरो वंश बिन्द्रालोमा मैले मेरा बाअघिका आफ्नो हाँगाका कसैलाई पनि देखिनँ । त्यसैले वंशवृत्तका अग्रजहरूले समाजमा के कस्तो प्रभाव छोडेर गए, उनीहरूले निर्माण गरेको पारिवारिक बिरासतले हाम्रो पुस्तालाई पारेको प्रभावको आकलन गर्न म असमर्थ छु । नेपाल प्रवेश गर्ने पं. रघुनाथदेखि सातौँ पुस्ताका ज्योतिखरसम्मको नालीबेलीबाट नै उनीहरूले निर्माण गरेको पारिवारिक बिरासतको छिपछिपे आकलन ममा छ । नेपालको निर्माण कालदेखि अहिलेसम्म नै आआफ्ना पालामा प्रतिनिधिमूलक रूपमा उप्रेती बन्धुहरूले राष्ट्रका लागि केही न केही उल्लेखनीय काम गर्दै आएका छन् । ज्योतिखरको पुस्तादेखि मेरा बाको पुस्ता (दसौँ पुस्ता) सम्म मेरा पुर्खाहरूले पूर्वजले कायम गरेको सामान्य धर्म निर्वाह गर्दै आएको अनुभूति मलाई भएको छ । आफ्नो स्वार्थका लागि अरूलाई हानि नोक्सानी नपुऱ्याउनु, आफ्नो पारिवारिक व्यवहार आफ्नै बलबुतामा चलाउनु, आफ्नो अहङ्कार साँध्न अरूमा थिचोमिचो नगर्नु, आफ्नो हक नलाग्ने सम्पत्तिमा लालच नगर्नु जस्ता सामान्य सामाजिक मान्यतालाई मेरा पुर्खाहरूले राम्ररी निर्वाह गरेको मैले पाएको छु । यस्तो पारिवारिक धर्मलाई मेरा बाले पनि पूर्ण पालना गर्नुभयो ।

आजका सन्दर्भमा हेर्ने हो भने मेरा बालाई एक किसिमले निरक्षर नै भने हुन्छ । सामान्य चिठीपत्र, तमसुक पढ्ने र लेख्ने तथा रामायण, महाभारतजस्ता ग्रन्थका श्लोकहरू कण्ठस्थ पार्नुका साथै सामाजिक धार्मिक एवम् सांस्कृतिक पर्वमा

तिनलाई भाका हालेर गायन गर्नेसम्मको क्षमता मेरा बामा थियो । मलाई नेपाली वर्णमालाको पहिलो अक्षर चिनाउने र लेख्न सिकाउने मेरा बा नै हुनुहुन्थ्यो । कुन साल हो सम्झना छैन मलाई घरको आँगनमा धुले पाटी बनाई नेपाली भाषाको पहिलो वर्ण 'क' लेख्न सिकाएको क्षणको सम्झना मेरो स्मृतिपटलमा ताजै छ । बाले सिकाएको कपुरी कबाट आरम्भ भएको मेरो शिक्षा अध्ययन गर्ने यात्रा आज यो अवस्थासम्म आइपुगेको छ । यस अर्थमा मेरा बा मेरा अभिभावक मात्र नभएर पहिला गुरु पनि हुनुहुन्थ्यो भन्नुमा अत्युक्ति हुन्न ।

मेरा बा असाध्यै सरल, सबैको भलो चिताउने, सानो प्राप्तिमा पनि हौसिने स्वभावका हुनुहुन्थ्यो । उहाँमा आफ्नो श्रम नपरेको आर्जन र अरूको पसिना त्यसै खानुहुन्न भन्ने मान्यता थियो । हामी छोराहरूलाई "अरूको सम्पत्तिमा लोभ नगर्नू, अर्काको आर्जन झुक्याएर नखानू है केटा हो" भनी हामीलाई सधैँ सजग गराउनुहुन्थ्यो । त्यसो गरेमा ब्रह्मस्व लाग्छ र त्यसको नकारात्मक असर परिवारमा पर्छ भन्ने मान्यता उहाँ राख्नुहुन्थ्यो । बाको त्यही निर्देशनमा हामी सबै अघि बढेका छौँ र अर्कालाई जानेर नजानेर पनि थिचोमिचो नगर्ने, अर्काको धनमा लोभ नगर्ने, सार्वजनिक सम्पत्ति हिनामिना नगर्ने, सकेसम्म अरूलाई सहयोग गर्ने, समस्यामा परेका जो कोही पनि सहयोगको अपेक्षासहित आफूसँग आएमा उसलाई आफ्नो सामर्थ्यले भ्याएसम्म सहयोग गर्ने संस्कारमा आफूलाई ढाल्ने प्रयत्नमा छौँ । बा अत्यन्तै सरल र सबैसँग मिलनसार रहे पनि कसैले आफ्नो आत्मासम्मानमा चोट पुर्‍याउने, आफूलाई हेप्ने प्रयत्न गरेमा त्यस्ता कर्म गर्नेहरूका विरुद्ध आगो बन्नुहुन्थ्यो । गाउँमा हुने कचहरीमा अन्याय गरेर पनि आफ्नो गल्ती स्वीकार नगरी अझ हप्कीदप्की गर्नेलाई बाले कुटपिट गरेका धेरै वारदात मैले देखेको छु । त्यसो त आफूले कसैउपर अन्याय नगर्ने, कसैलाई बिनसित्ति जाइनलाग्ने तर आफूमाथि आइलाग्नेलाई धुलो चटाउने स्वभाव सामान्यतः सबैजसो उप्रेतीहरूको हो । लिम्बूवानमा बस्ने उप्रेतीहरू आफूसँग आइलाग्नेलाई ठटाइहाल्ने, मान्छे कुट्न अग्रसर भइहाल्ने भएकाले उनीहरूसँग मान्छेहरू डराई टाढै बस्ने गरेका घटनाहरू पनि मैले प्रशस्त देखेको र भोगेको छु । त्यसमा पनि काभ्रे जिल्लाको चौँरियाटारबाट पूर्व आठराई पुगेका हामी चौँरेली उप्रेतीहरू अन्याय गर्ने आततायीहरूलाई कुटेरै ठेगान लाउनुपर्छ भन्ने मान्यता राख्ने भएकाले तुलनात्मक रूपमा अलि हुल्याहा तथा कुटपिटमा अघि सर्ने समूहका रूपमा मानिन्थ्यौँ ।

मेरा बालाई जीवनमा दुई प्रकारका डरले सताएको थियो । एउटा सन्तानको बिन्द्रालो मासिने डर र अर्को ऋणको बोझले आफ्नो जायजेथा सकिने डर । आठराई

पुगेका हाम्रा पुर्खा ज्योतिखर उप्रेतीका काइँला छोरा तारामणि उनका छोरा लक्ष्मन र लक्ष्मनका छोरा मेरा बा विष्णुप्रसाद सदा एक्ला छोरा रहेकाले पनि कतै आफ्नो वंशको डोरी चुँडिएर टुङ्गिने त होइन भन्ने त्रासले उहाँलाई सताइरहन्थ्यो । मेरा बाहरू चार भाइ भए पनि बाबाहेकका सबै काकाहरू सन्तान उत्पन्न नगरी कीर्तिशेष हुनुभयो । गाउँ गाउँमा रोगको निदान नहुने, औषधिको प्रबन्ध गर्न पनि नसकिने हुँदा सामान्य रोगले नै मान्छेहरूलाई लान्थ्यो । मेरा काकाहरू पनि केही उपर्तली (कलेरा) बाट, केही औलो लागेर उपचार नपाई संसारबाट जानुभयो । त्यस कारण पनि बालाई आफ्ना सन्तानको वंश बिन्द्रालो टुङ्गिने पो हो कि भन्ने ठुलो डर थियो । त्यसैले उहाँले पहाड छोडेर तराईमा स्थायी रूपले झर्ने, तराईमा खेती जोड्ने काम गर्नुभएन । आफूले जमानी बसेर आफन्तहरूलाई साहुबाट ऋण निकाली तराईमा जग्गा जमिन किन्न सहयोग गरेका केही घटना मैले आफ्नै आँखाले देखेको छु ।

बाका आज हामी सात भाइ छोरा र पाँच बहिनी छोरी छौँ । मेरी एक दिदीभन्दा पनि अगाडि दाजु जन्मेका थिए रे तर उनी वर्षदिन नपुग्दै बितेकाले बालाई आफूमा नै आफ्नो वंश टुङ्गिने हो कि भन्ने त्रास झन् बढेछ । बाका हामी बाह्रै सन्तान जान्ने बुझ्ने भएपछि बा साह्रै बिरामी पर्नुभयो । म विद्यालयमा पढ्ने भएकाले जीवनलाई केही बुझ्ने भइसकेको थिएँ । बिमारका कारण उहाँले आँत हार्नुभएको रहेछ । त्यसैले एक बेलुका आमालाई अघि राखेर हरेस खाँदै मसँग भन्नुभयो, "हेर् जेठा, विगत तीन चार पुस्तादेखि हाम्रो वंशको हाँगो एक्लो हुँदै रह्यो । मेरा चार भाइ भए पनि तीन भाइ सन्तानविहीन अवस्थामा अकालमै बिते । मेरा त तिमीहरू छोराछोरी बाह्रजना बाँचेकै छौ । अब वंशवृत्त सकिने त्रास रहेन । म निकै बिरामी छु, बाँच्छुजस्तो लाग्दैन । कतै म मरिगएँ भने जेठो छोरा तैँले सबैको अभिभावक भएर परिवारलाई तार्ने छस्, आमालाई हेर्ने छस् ।" बाले त्यसो भनेका क्षणमा आमा धेरै रुनुभयो । म पनि भक्कानिएँ । यो घटनाले आफ्नो वंशवृत्त कतै टुङ्गिने त होइन भन्ने कुरामा मेरा बा ज्यादै चिन्तित हुनुभएको निचोड मैले निकालेँ । रोगै त हो, स्थानीय औषधि सेवन गर्दा बा जाती हुनुभयो । तर बाको त्यस दिनको अत्यास लाग्दो सङ्कथनले मलाई पछिसम्म हल्लाइरह्यो ।

बाको आफ्नो वंश रेखा टुट्ने त होइन भन्ने त्रास उहाँका पालादेखि हटेर गयो । आज बाआमाका सन्ततिका रूपमा सात छोरा, पाँच छोरी र तिनका शाखा सन्तान देशविदेशमा छरिएर रहेका छौँ । देशविदेश जहाँ रहेर पनि आफ्नो वृत्ति व्यवसायमा सबै एक नम्बर भएर रहेका छन् । आजको मितिसम्म बाआमाका छोराछोरी र तिनका शाखासन्तान गरी एक सयजति पुगेछौँ । तिनमा सन्ताउन्न

जना नेपालकै विभिन्न ठाउँ र जिल्लामा छन् भने त्रिचालिस जना अस्ट्रेलिया, संयुक्त राज्य अमेरिका, बेलायत र क्यानडामा अध्ययन तथा पेसा व्यवसायमा क्रियाशील छन् । हामी सात भाइ छोरा र पाँच बहिनी छोरीमध्ये अहिलेसम्म जीवितै रहेकामा मेरी जेठी दिदी नरमाया र भिनाजु दधिराम प्रसाईं आफ्ना छोराछोरी तथा नातिनातिनासहित झापाको कनकाई नगरपालिकास्थित सुरुङ्गामा बस्दै आउनुभएको छ । उहाँका तीन छोरामा जेठा भान्जा भुवन, माइला जीवन र साइँला भान्जा चेतन परिवारसहित आआफ्नो व्यवसाय गर्दै काठमाडौँमा बस्दै आएका छन् । कान्छा भान्जाको परिवार र जेठी भान्जी शारदा पाठक तथा कान्छी भान्जी लीला आफ्ना परिवारसहित झापाको सुरुङ्गामा बस्छन् । माइली भान्जीचाहिँ ज्वाइँ केदार रिमालसहित छोराछोरीसँग बेलायतको रिडिङमा बस्छिन् । म जेठो छोरा र मेरी श्रीमती डिल्लीमाया काठमाडौँमा बस्छौँ । मेरी जेठी छोरी डा. इच्छा र ज्वाइँ डा. अमृत बोगटीको बसोबास ज्वाइँकै पैतृक घर बसुन्धरामा छ । छोरी डा. इच्छा काठमाडौँको ह्याम्स अस्पतालमा प्रसूतिरोग विशेषज्ञका रूपमा र ज्वाइँ डा.अमृत सहिद गङ्गालाल राष्ट्रिय हृदय रोग केन्द्रमा मुटुरोगको विशेषज्ञका रूपमा कार्यरत हुनुहुन्छ । कान्छी छोरी प्रतीक्षा र ज्वाइँ इ. प्रबोध भुसाल संयुक्त राज्य अमेरिकाको क्यालिफोर्निया राज्यअन्तर्गत सान फ्रान्सिस्को सहरनजिकै सोलानो काउन्टीस्थित जुलिया बर्गर सर्कलको फेयरफिल्डमा आफ्नो छोरा (हाम्रो नाति) सँग बसोबास गर्छन् । ज्वाइँ सान फ्रान्सिस्को विद्युत प्राधिकरणमा इन्जिनियरको हैसियतमा काम गर्नुहुन्छ भने बिजनेस एडमिनिस्ट्रेसनमा मास्टर गरेकी छोरी स्थानीय काउन्टीको कार्यालयमा वित्त व्यवस्थापकको हैसियतमा काम गर्छिन् ।

माइलो भाइ जयप्रसाद उप्रेतीका तीन छोरामा जेठा छोराबुहारी दुई छोरीसँग काठमाडौँको बानेश्वरमा व्यवसाय गरेर बसेका छन् भने माइलो छोरा रबिन उप्रेती बाबुआमा र आफ्ना दुई छोरीसहित झापाको घैलाडुवा बजारमा आफ्नै व्यवसाय चलाएर बसेका छन् । कान्छो छोरा सुरेन्द्रचाहिँ बुहारी साबित्रा र दुई छोरा लिएर आआफ्नै व्यवसाय गरेर बेलायतको रिडिङमा बस्छन् । जेठी छोरी कल्पना र ज्वाइँ विजय पुडासैनी पनि आआफ्नै व्यवसाय गरी आफ्ना दुई छोरी लिएर बेलायतको रिडिङमा नै बस्छन् । माइली बहिनी निर्मला थपलियाका दुई छोराहरू सागर थपलिया र हरि थपलिया आफ्ना परिवार लिएर आमासँगै काठमाडौँमा व्यवसाय गर्छन् । माइला छोरा मोहन थपलिया पनि बुहारी कल्पना र आफ्ना तीन छोरासहित बेलायतको रिडिङमा नै बस्छन् । उहाँकी एक मात्र छोरी कला प्रसाईं दम्पती महाराजगञ्जमा बस्छन् । उनीहरू मेडिकल सामग्रीको उत्पादन र आपूर्ति व्यवसायमा संलग्न छन् ।

साइँला भाइ खड्गप्रसाद पेसाले अधिवक्ता हुन् । उनका एक छोरा आशिष् आफ्नी श्रीमती कृस्टिनासहित सान फ्रान्सिस्कोमा कार्यरत छन् भने ठूली छोरी अस्मीता डेन्टल डाक्टर छिन् । ज्वाई इन्द्र भट्टराईसँग काठमाण्डौँमा बस्छीन् । एकजना नाती अभियान छन् । कान्छी छोरी एन्जोला अमेरिकाको म्यासेचुसेट्स राज्यमा डाटा साइन्समा स्नातकोत्तर अध्ययनरत छिन् । भाइबुहारी काठमाडौँ विशालनगरमा बस्छन् । काइँलो भाइ बेलायतको हल विश्वविद्यालयबाट अन्तर्राष्ट्रिय जलस्रोत कानुनमा विद्यावारिधि गरी नेपाल सरकारको सचिव तहबाट सेवानिवृत्त भई काठमाडौँमा नै बसोबास गर्छन् । उनकी छोरी प्रियङ्का र ज्वाइँ रूपक सिवाकोटीले अमेरिकाको जोन हप्किन्स विश्वविद्यालयबाट जनस्वास्थ्यमा विद्यावारिधि गरी हाल छोरी बाल्टिमोरको स्वास्थ्य अनुसन्धान परिषद्को निर्देशक र ज्वाइँ न्युयोर्कको विख्यात संस्था कोलोम्बिया विश्वविद्यालयमा जनस्वास्थ्य विषयमा प्राध्यापनरत छन् । उनीहरू आफ्ना दुई छोरी रिया र इशासहित न्युजर्सीमा स्थायी बसोबास गर्छन् । छोरा बिपिन आफ्नी आमा पुष्पासँग बेलायतको रिडिङमा बसोबास गर्छन् । पुष्पा रिडिङ अस्पतालमा काम गर्छिन् भने छोरा बेलायतको लेस्टर विश्वविद्यालयबाट केमिकल इन्जनियरिङमा स्नाकोत्तर एवम् एम.बी.ए.समेत गरेर लन्डनस्थित एउटा प्रख्यात बैङ्कमा कार्यरत छन् ।

साइँली बहिनी कमला र ज्वाइँ गणेश गुरागाइँ आफ्ना दुई छोरासहित तथा कान्छी बहिनी बीना र ज्वाइँ कृष्ण गेलाल पनि आफ्ना दुई छोराका साथ अमेरिकाको भर्जिनिया राज्यको हरन्डन भन्ने ठाउँमा स्थायी बसोबास गर्छन् । काइँली बहिनी आशा र ज्वाइँ कृष्ण रिमाल जिरीमा अध्यापन गर्छन् भने छोरी आलुशा काठमाडौँ विश्वविद्यालयबाट एम.बी.ए.सकेर काठमाडौँकै वित्तीय संस्थामा अधिकृत तहमा कार्यरत छन् । छोरा अरुण रिमालचाहिँ न्युयोर्कको विश्वविद्यालयमा मनोपरामर्श एवम् मनोविज्ञानमा विद्यावरिधि गर्दै छन् । जेठी दिदीकी जेठी छोरी शारदाका जेठा छोरा सुशील पाठक अमेरिकामा र कान्छा छोरा पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट एम.बी.बी.एस. गर्दै छन् । जेठी दिदीकी माइली छोरी ईश्वरा र ज्वाइँ केदार रिमाल आफ्ना छोराछोरीसँग बेलायतको रिडिङमै बसोबास गर्छन् भने साइँली छोरी डिल्लीमाया र ज्वाइँ इन्द्रप्रसाद मैनाली काठमाडौँमै अध्यापन पेसामा छन् । उनीहरूकी एउटी छोरी पनि छिन् । भाइ अन्तरे मोहन श्रीमतीसहित झापाको बिर्तामोडमा बस्छन् भने उनको छोरा उमेश र छोरी सबिता क्यानडाको क्यालगरीमा बस्छन् । छोरा उमेश याहु इन्टरनेट कम्पनीमा सफ्टवेयर इन्जिनियर छन् भने छोरी सबिता जनस्वास्थ्यको अनुसन्धान अधिकृत छिन् । ठुलोकान्छो भाइ राम र बुहारी रेखा काठमाडौँ मूलपानीछेउमा हामी बस्दै आएको ग्रिनहिल सिटी कोलोनीमै बस्छन् भने उनीहरूका दुई छोरा उमेश र उमङ्ग अस्ट्रेलियाको

सिड्नीमा वित्त व्यवस्थापन र कम्प्युटर इन्जिनियरिङ अध्ययनरत छन् । कान्छो भाइ मदनकुमार उप्रेती हाल बेलायतको रिडिङमा श्रीमती साबित्रादेवी मैनाली उप्रेती र छोरी इलिजाका साथ बस्दै आएका छन् । सन्तानको यो फैलावटलाई बाले पूर्ण रूपमा देख्न पाउनुभएन तर आमाले त सबैजसो देख्न पाउनुभयो । देशविदेशमा आफ्ना सन्तानको यस्तो फैलावटलाई हाम्रा बाले पूर्ण रूपमा देख्न पाउनुभएका भए उहाँ कति खुसी हुनुहुन्थ्यो होला ! ऋणप्रतिको डरले बाले आफूले पैतृक सम्पत्तिका रूपमा पाएको जेथामा केही थप्नुभएन । त्यसो त पैतृक प्रसादका रूपमा बाको सानो आफ्नो जायजेथालाई घटाउनु पनि भएन । त्यसैले हाम्रो परिवार धेरै पछिसम्म सानो तथा सीमित अर्थतन्त्रमा गुजारा गर्ने निम्नवर्गीय परिवार रह्यो । जे छ त्यसैबाट गुजारा गर्ने पद्धति बाआमाले बसालेकाले हामीले कुनै प्रकारको पैतृक ऋणको बोझ बोक्नुपरेन ।

माथि नै भनियो मेरी आमाको विवाह चौध वर्षको कलिलो उमेरमा चौबीस वर्षीय विवाहित पुरुष (बा) सँग भएको थियो । यो विवाह आमाकी हजुरआमा ललिता भट्टराईको एकल निर्णयबाट भएको थियो । आर्थिक रूपमा हाम्रो परिवारभन्दा मावली परिवार धेरै सम्पन्न थियो । यसो भन्दा पनि के अत्युक्ति हुन्न भने हामी निम्नमध्यम परिवारका थियौँ भने हाम्रो मावली मध्यमवर्गीय परिवारका अलि हुने खाने ठहरिन्थे । चौध वर्षको उमेरमा आफ्नो माइतीको भन्दा कमजोर अर्थतन्त्र भएको परिवारमा सौतामाथि दोस्री बुहारी भएर जानुपर्दा हाम्री आमाले कति मानसिक तनाव खप्नुपर्‍यो होला, त्यो त्यति सजिलै अनुमान लाउन सकिन्न । बुवाका चार दाजुभाइ र पाँच दिदीबहिनीकी अभिभावक भएर मेरी आमाले सुरुदेखि नै भूमिका खेल्नुभएको कुराको म जानकार छु । हजुरआमा अल्पायुमै बित्नुभएकाले हाम्रा बाको परिवारमा आमाले बुहारीको भूमिका खेलेर पुग्ने थिएन । तीन देवर र पाँच नन्दकी आमाको भूमिकामा उहाँ रहनुपर्थ्यो र रहनु पनि भयो । बाँचेका मेरा फुपूहरू आमा बाँचुन्जेल उहाँलाई भाउजू होइन आमा सरह नै मान्थे । वि.सं. २०७१ मा आमाले यो लोक छोडेपछि मात्र मेरा फुपूहरूले टुहुरो भएको महसुस गर्नुपर्‍यो । बुवा अलि झडङ्गे स्वभावका र भाइबहिनीको भित्री मनोभाव बुझ्न नसक्ने भएकाले फुपूहरू आफ्ना दाजुभन्दा पनि आमा जस्तै भाउजूको आडभरोसामा बस्नुहुन्थ्यो । हाम्री आमाले आफूभन्दा पहिले नै बाले विवाह गरी ल्याएकी जेठीआमा र बा बीच समझदारी बसाउन केही वर्ष प्रयत्न गरे पनि बाले वास्ता नगरेकाले केही वर्षमा आमाकै सल्लाहले जेठीआमाले अर्को घरबार गर्नुभयो रे । यो कुरा आमाले हामीलाई सुनाउनुहुन्थ्यो । यो घटना हाम्री आमामा रहेको मानवता बताउन पर्याप्त छ ।

हाम्रो परिवार चलाउन आमा कुशल व्यवस्थापक हुनुहुन्थ्यो । सधैँ घाटा बजेटमा

रहने, सङ्कुचित आर्थिक सीमामा रहनुपर्ने हाम्रो परिवारको सानो अर्थतन्त्रलाई चलाउन बाबाट केही योगदान हुन्नथ्यो । घरका मोटामोटी काममा मात्र खटिने बालाई घरभित्रको पुगअपुग आदि कुराको केही जानकारी हुँदैनथ्यो । आमाले हाम्रो पारिवारिक घाटा बजेटलाई पूरा गर्न आफ्नो प्रभाव प्रयोग गरी मावली त्यसमा पनि मावलकी हजुरआमालाई प्रभावमा पारी आवश्यक सामग्री जुटाउनुहुन्थ्यो । आकासे झरीमा नै भर पर्नुपर्ने एक खला खेत र सामान्य पाखोबारी रहेको एक खायल घरबारी हाम्रो परिवार धान्ने मूल स्रोत थियो । बाले औलोको डर र वंश मासिने सन्त्रासले मधेसमा खेती नजोर्नुभएकाले पनि हाम्रो परिवारले आर्थिक समस्या भोग्नुपरेको हो । समान्यतः जर्ती लागेको वर्ष हाम्रो परिवारमा हुने खाद्यान्नको कमी टार्ने काम मावलीबाट भएको सम्झन्छु । दसैँमा चाहिने चिउरा, चामल र अन्य सामग्रीको जोहो आमाले अधिकांश वर्ष मावलीबाट गर्नुहुन्थ्यो । यसरी नै हामीहरू गरिखाने नभइन्जेल हाम्रो परिवारको आर्थिक व्यवस्थापन आमाबाटै हुन्थ्यो । अभावमा कसरी व्यवस्थापन गर्नुपर्छ भन्ने सीप आमामा थियो ।

हाम्री आमाका केही विशिष्ट स्वभाव र गुणहरू थिए । उहाँ कहिल्यै पनि समस्याबाट आत्तिनुहुन्नथ्यो । आफ्नो र परिवारको स्वाभिमान तल पार्ने काम कहिल्यै गर्नुहुन्न भन्ने मान्यता उहाँको थियो । आफ्नो स्वाभिमानमा आँच पुऱ्याउने काम कतैबाट भए गरेमा उहाँ रिसाएकी बघिनीसरह बन्नुहुन्थ्यो र कहीँ कतैबाट आफ्नो अपमान हुने काम भए वा अनावश्यक रूपमा कसैले आफूलाई दबाउन खोजे उहाँ नीडर भएर जाइलाग्नुहुन्थ्यो ।

२००७ सालतिरको कुरा हो । पूर्वी पहाडमा साम्प्रदायिक सद्भाव खलबल्याउने काम सत्ता छोड्न लागेका राणाका दूतहरूले गर्न थालेका थिए । त्यही भड्काउमा परेर आठराई क्षेत्रमा रहेका केही सोझा तर हुल्याहा लिम्बूले लुटपाट मच्चाए । गैरलिम्बू विशेष गरी बाहुनक्षत्रीका घर र अन्य सम्पत्ति छानी छानी लुटिए । बाहुन क्षत्री परिवारका पुरुष सदस्यको ज्यानको सुरक्षा भएन र उनीहरू भूमिगत भए । घरमा महिला र बालबच्चामात्र भएकाले हुल्याहाहरूलाई लुटपाट गर्न सजिलो भयो । यो मारमा हाम्रो घर पनि पऱ्यो । लुटपाटको सन्देहले हामीलाई बारी, पाखाका ढाँड, ओडार लुकाएर घरको सुरक्षामा बसेकी आमामाथि खुकुरी लिएका लुटेराहरूले आक्रमण गरेछन् । आमाले पनि हातमा खुकुरी लिएर तिनको सामना गर्नुभएछ । आमाबाट काटिने सम्भावना देखेपछि लिम्बू समुदायका केही माथवरको मध्यस्थतामा भएको सम्झौताले हाम्रो घर लुटिनबाट बचेछ । आमाको यो प्रतिरोध र साहसलाई पछिसम्म लिम्बू समुदायका माथवरहरू सराहना गर्थे । त्यति भएर पनि

पछिसम्म पनि हाम्रा गाउँमा लुटपाट नगर्ने सर्तमा हाम्री आमाले एउटा लैनो भैँसी र तीनचार तोलाका आफूले लगाउने गरेका कानका च्याप्टे सुन माथवर लिम्बूलाई बुझाउनुभएछ । तीनचार महिनापछि त काठमाडौँबाट सरकारका प्रतिनिधि गाउँमा पुगे । लुटपाट गर्नेहरूलाई कारवाही गर्न थाले र लुटेको सम्पत्तिको तायदाती लिई फिर्ता हुन थाले । हाम्रो परिवारबाट लगेको एक लैनो भैँसी र एक जोडा च्याप्टे सुन फिर्ता गर्न लिम्बूहरू आए । तर धर्म कचहरी गरी लगेका सुन र भैँसी आमाले फिर्ता लिनुभएन । धार्मिक आस्थामा बाँधिएको आमाको दया र विनयशीलतालाई छर्लङ्ग पार्दै त्यो घटना त्यत्तिकै सकियो । वैरी देखिएका लिम्बू समुदाय पनि हाम्रो परिवारका चीरस्थायी मित्र बने र त्यो मित्रता र सद्‌भाव हालसम्म पनि रहिरहेको छ ।

आमा र बाका केही स्वभाव पारिवारिक बिरासतका रूपमा हामी सन्ततिमा सरेको प्रष्ट देखिन्छ । बुवा अर्काको सम्पत्तिमा पटक्कै लोभलालच गर्नुहुन्नथ्यो । छक्याएर, झुक्याएर तथा अन्याय पारेर अर्काको सम्पत्ति हडप्नु ठुलो पाप हो । यसो गरेमा ब्रह्मस्व लाग्छ । आफूसँग जे छ त्यसैमा सन्तोष गर्नुपर्छ । आफूलाई खान पुग्ने भए सहयोगको अपेक्षा गर्नेहरूलाई सहयोग पुऱ्याउनुपर्छ र आफूसँग रहेको आर्जनको केही हिस्सा सामाजिक काममा खर्च गर्नुपर्छ भन्ने बुवाको मान्यता थियो र हामीलाई त्यसो गर्न निर्देशन दिनुहुन्थ्यो । बुवाका सन्तति हामी सबैले त्यो निर्देशनलाई शिरोपर गर्ने गरेका छौँ । हाम्रा आउने पुस्ताले पनि ती निर्देशनलाई पछ्याउने छन् भन्ने हाम्रो अपेक्षा छ ।

आमाले हामीलाई सिकाएको मूल कुरा नै आफूसँग जे छ त्यसको उचित व्यवस्थापनबाट चल्नुपर्छ । ऋणपान गरेर तडकभडक गर्नुहुँदैन । धरती हेरेर चल्नुपर्छ हावामा उड्नुहुन्न । आफ्नो मर्यादा हनन हुने गरी कसैले केही गरेमा त्यसको तुरुन्त प्रतिवाद गर्नुपर्छ, सहेर बस्नु हुन्न । कुरा सबैका सुन्नुपर्छ तर निर्णय भने आफूले गर्नुपर्छ । आफूले गरेको निर्णयमा गम्भीर हुनुपर्छ । पीपलपाते भएर निर्णयहरू बदल्ने गर्नु हुन्न आदि इत्यादि हाम्री अनपढ आमाले व्यवहारबाट आर्जन गरेका ज्ञानका झाँकी थिए । त्यही व्यावहारिक ज्ञानका आलोकमा हामी सबै परिवारका सदस्य हिँडिरहेका छौँ र हिँडिरहने छौँ ।

मैले माथि नै उल्लेख गरिसकेँ हाम्रो पारिवारिक अर्थतन्त्र धेरै सानो थियो । धेरै परिवार र सीमित आयस्रोतले हामीलाई हातमुख जोर्न पनि हम्मे हम्मे पर्थ्यो । वि.सं. २०२५ देखि मैले परिवारको आर्थिक दायित्व वहन गर्न थालेपछि हाम्रो परिवारको आयस्रोतमा वृद्धि हुन थाल्यो । आफन्तहरू तथा विशेष गरी बडाबा सम्बन्धका


उदारमना जमिनदार देवीप्रसाद उप्रेतीको सद्भाव र सहयोगमा विक्रमको यो शताब्दीको तेस्रो दशकसम्ममा हाम्रो परिवारलाई तीस/पैँतीस बिगाह जमिनको स्वामित्व प्राप्त भयो । तर त्यो सबै ऋणबाट जोडिएकाले त्यसले हाम्रो पारिवारिक अर्थतन्त्रको स्वरूप बदल्न त्यत्रो भूमिका खेलेन । मेरा भाइबहिनीहरू पनि उच्च शिक्षा प्राप्त गरी आआफ्नै किसिमले आय आर्जन गर्न थाले । विशेष गरी मेरी श्रीमतीले हङकङमा शिक्षिका भएर कमाएको आय आर्जनले मेरो र मेरा ससुरालीको आर्थिक हैसियत बदल्न ठुलो भूमिका खेल्यो । यसरी तीसको दशकको आधाउधी बित्दासम्म हाम्रो पारिवारिक अर्थतन्त्रको जग निम्नमध्यम वर्गबाट मध्यमवर्गीय संरचनामा स्तरोन्नति भयो । यसरी भाइबहिनी र परिवारका अन्य सदस्यले देशविदेशमा गरेका श्रम र देशभित्र गरेका विविध व्यवसायबाट प्राप्त आम्दानीले हाम्रो परिवार आज आएर उच्चमध्यम वर्गीय परिवारमा स्तरोन्नति भएको छ । यो स्तरोन्नति हुनुमा जग्गा जमिन र अन्य लगानीको प्रतिफल वृद्धि र परिवारका सबै सदस्यको परिश्रमको महत्त्वपूर्ण भूमिका रहेको छ । यो स्तरवृद्धिमा हाम्रा बाआमाले सिकाएको नैतिक मूल्य, मान्यता र आशीर्वादको ठुलो भूमिका रहेको छ ।

आज पनि आठराईमा रहेको हाम्रो परिवारको जायजेथा यथावत छ । त्यो आफूद्वारा नकिनिएको र पुर्खाको प्रसादका रूपमा रहेकाले त्यसलाई अब व्यक्तिगत हितमा प्रयोग नगरी बाआमाकै नाममा ट्रस्ट बनाई त्यसबाट प्राप्त हुने वार्षिक आम्दानीमा अरू रकम थपेर यसको ब्याजमार्फत सामाजिक सेवा गर्ने हाम्रो परिवारको अठोट छ । झापामा जोडेको खेतीजन्य सम्पत्ति बेचबिखन गरेर हामी सबै बाआमाका सन्ततिले काठमाडौँमा बस्ने घरजग्गा जोडेका छौँ । देशबाहिर आप्रवासित भई कार्यरत भाइबहिनी, छोरी र भतिजीहरूले बेलायत र अमेरिकामा आआफ्नो क्षमता र आवश्यकताअनुसारका घरजग्गा र अन्य जेथा जोडेका छन् । पैतृक रूपमा प्राप्त बिरासत र आशीर्वादलाई शिरोपर गरी समयको गति बुझी आफ्नै बुतामा अघि बढेमा पारिवारिक आर्थिक संरचनामा स्तरोन्नति सजिलै हुन सक्ने रहेछ भन्ने कुराको नमुना हाम्रो परिवार बनेको छ भन्ने मलाई लाग्छ । वंशबाट प्राप्त बिरासत, बाआमाको आशीर्वाद र आफ्नो चोखो परिश्रमले समयक्रममा व्यक्ति, परिवार, समाज र राष्ट्रलाई आर्थिक रूपमा परिणाममुखी रूपान्तरण गर्न सक्ने छ भन्ने मेरो विश्वासलाई हाम्रो पारिवारिक उन्नतिको यो अवस्थाले स्थापित गरेको मैले ठानेको छु । यो परिणामका कारक तत्त्व बाआमाका हामी सबै सन्तति आआफ्नो सामर्थ्यअनुसार भएका छौँ । तर त्यसमा वंशगत रूपमा प्राप्त पारिवारिक बिरासत र बाआमाका आशीर्वादको ठुलो भूमिका रहेको कुरामा हामी परिवारका कुनै पनि सदस्यबीच दुईमत रहेको छैन भन्ने मेरो निष्कर्ष छ । इति ।

# स्वर्गीय बुवा प्रतिमान उप्रेतीलाई शब्दचित्रमा समेट्दा

हरिप्रसाद उप्रेती

## जन्म



स्व. प्रतिमान उप्रेती

देवु उप्रेतीको सन्ततिको रूपमा जैयन्दको पनाति, लक्ष्मणको नाति, पद्मलालको छोराको रूपमा तत्कालीन तेह्रथुम जिल्ला (२०३२ सालदेखि ताप्लेजुङ जिल्ला) ढुङ्गेसाँघु फट्याङ्ग्रे भन्ने गाउँमा वि.सं. १९८४ फागुन २७ गते शुक्रवार शुक्ल पक्षको द्वितीया तिथिका दिन जन्मनु भएको रहेछ । आमा रमादेवीको कोखबाट दोस्रो छोराको रूपमा जन्मनु भएको भए तापनि पहिलो छोरा गङ्गाप्रसाद उप्रेतीको कलिलै उमेरमा निधन भएको कारणले बुवालाई जेठो क्रममा नै राखिएछ । ६ जना बहिनी र एकजाना भाइका दाजुको रूपमा परिवारभित्र हुर्कनु भएछ । जेठो छोराको निधनपछि माइलो भएर पनि जेठो रूपमा पुकारिन पुग्नु भएका बुवाको कर्मले पनि उहाँलाई जेठो नै बनाएको हो कि जस्तो लाग्छ । परिवारभित्रको भूमिका जेठोको रूपमा नै रहन पुग्यो ।

## जन्मथलो

फट्याङ्ग्रे गाउँ त्यसताका प्रायः लिम्बू जातिको बाहुल्य भएको गाउँ रहेछ । भ्वाँक्की र सिधासाधा जातिमा गणना हुने लिम्बू जातका दौतरीहरूसँग हुर्कदा खेल्दा र मेलापात गरेका कारणले पनि होला बुवा पनि एकदमै सरल र सादगी स्वभावको हुनुहुन्थ्यो । फट्याङ्ग्रे गाउँ पहाडको गाउँ भए पनि रसिलो र मलिलो माटो भएको उब्जाइलो ठाउँ थियो । पहाड भइकन औलको ठाउँ भएकोले पनि होला खेती पाती र फलफुल तरकारीजस्ता उब्जनीहरू त्यस्तै प्रकारका थिए । फट्याङ्ग्रे गाउँ आफ्ना बुवा र हजुरबुवासमेत जन्मेको पुर्ख्यौली गाउँ थियो बुवाका लागि ।

पूर्वपट्टि बाँजोगरा, पश्चिमपट्टि तेम्बे, उत्तरपट्टि मैवा खोला र पारीपट्टि सानथाक्रा गाउँ, दक्षिणपट्टि तेल्लाबुङ सिमाना भएको फट्याङ्ग्रे गाउँको नाम नानी सुताएर

मेला गएकी आमा फर्केर आउदा सुताएको नानीलाई फट्याङ्गाहरू जम्मा भएर टोकी मारिसकेको अवस्थामा भेटिएपछि सन्तानको त्यस प्रकारको मर्मस्पर्शी निधनबाट विह्वल भएकी आमाले राखेको नाम रहेछ फट्याङ्गे ।

## बाल्यकाल

बुवाको बाल्यकाल फट्याङग्रे गाउँमा नै आफ्ना आमाबुवा र हजुरबुवाको सान्निध्यमा बित्न पुगेको रहेछ । त्यसबेला पाठशाला वा विद्यालयको अभाव, पढाउने व्यक्तिको पनि अभाव भएका कारण बुवाको बाल्यकाल शैक्षिक गतिविधिमा बित्न पाएन । बाह्रखरी अक्षरसम्म घरमा आउने पुरोहितहरूद्वारा सिक्न पाएकाले गाउँका लेखापढी गर्न व्यक्तिहरूसँगको सङ्गतबाट गाउँघरमा परिआउने घरायसी लिखतहरू पनि लेख्न सक्ने हुनुभएछ बाल्यकाल बितेपछि । बुवाको बाल्यकाल त घाँसदाउरा, बस्तुभाउ, पानीपँधेरा गर्ने बुवाआमा र हजुरबुवालाई पछ्याउदामा बित्न पुगेको बुझियो । श्रमका औला खियाउने आफ्ना आमा बुवा र हजुरबुवाबाट बाल्यकालदेखि नै बुवाले पनि मिहिनेत गर्न, परिश्रम गर्न सिक्नु भयो र त्यसैलाई आफ्नो जीवनको अन्तिम घडीसम्म जीवनपद्धतिको रूपमा अँगाल्नु भएको पाइन्छ । छोरो पाएपछि घर खाएको मानिने र ढुक्क हुने मनोविज्ञान रहेको त्यस बखतको समाजमा बुवाको वाल्यकाल प्यारो छोरो भएर मात्र होइन हृदयको नाति भएर पनि बित्न पुगेका प्रसंगहरू बुवाबाट सुनिन्थ्यो । ठूले भनी पुकारिने शब्दले पनि बुवाप्रति वात्सल्य पोखिएको झल्को आउँछ । आफ्नी आमाको मुहारसँग मिल्दोजुल्दो मुहारको बनोट भएकोले प्रायः आफन्तहरूले भाग्यमानी छोरो भन्ने गर्थे रे ।

## विवाह

वि.सं. १९९८ फागुन १४ गते बुवाआमाको विवाह भएको दिन । बुवाको उमेर त्यस बखत १४ वर्ष र आमाको उमेर १३ वर्ष । बुवाभन्दा १० महिना कान्छी आमा । कन्या माग्न फट्याङग्रेबाट मिचिरिङ जानु भएछ– काइँला बुवालाई मूल मान्छे बनाएर । कन्यार्थुका कुरा सुनेपछि जैयन्दको नातिलाई आँखा चिम्लेर छोरी दिने भनेछन् माइतिपटिका मान्छेले– जैयन्द उसबेला कहलिएका धनीमानी र प्रतिष्ठित मानिस भएकाले । जैयन्दको घरमा तामो कराउँछ भन्थे रे मानिसहरू ।

आनाकानी नगरी नै विवाहको कुरो छिनिएको थियो रे । विवाह हर्षोल्लासकासाथ भयो । जति हर्षोल्लास भए पनि त्यस बखतको भेषभुषा, आर्थिक परिस्थिति सुहाउँदो आफ्नो गच्छे अनुसारको विवाह सम्पन्न भएछ । बेहुलो लिएर बेहुली घर

जाँदा बेहुली घर छेउको कान्लामा बेहुलो हेर्न बसेका मानिसले आँक्को हओ ! के सारो राम्रो रहेछ बेहुलो त भन्ने शब्दहरूको रूपको प्रशंसा बुवाले आफू बेहुलो भएर सुन्न पाउदा गर्वले हर्षविभोर हुनु भएको थियो रे ।

## सन्तान

बुवा आमाका हामी ६ भाइ छोरा र ४ बहिनी छोरी अहिलेसम्म जीवित छौं । अन्तरे छोरा ६ वर्षमा हिडदै गर्दा विफर रोगको सिकार भएर २०२१ सालमा बितेछन् । सबैभन्दा पहिलो गर्भबाट जन्मिएकी छोरी जन्मदा नै चोला उठेको रहेछ । हामी छोरा छोरीहरूमा क्रमशः जनार्दन, लक्ष्मीप्रसाद, लीलाप्रसाद, हरिप्रसाद, खेमप्रसाद, देवी (चित्रा), ध्रुवकुमार, हेमलता (हेमा), महेश्वरा र मञ्जु रहेका छौं । छोराछोरीहरूका बुहारी, ज्वाइँ, नातिनातिनी र पनातिपनातिनीहरू समेत गर्दा ६४ जना दरसन्तान र आफ्नी धर्मपत्नी (हाम्री आमा) गरी ६५ जनालाई संरक्षकत्वको वटवृक्ष भएर बुवाले छहारी प्रदान गर्नु भएको थियो ।

## कर्मथलो

बुवाको कर्मथलो फट्याङ्ग्रे र सुरूङ्गा दुवै नै हुन पुगे । एकतीस वर्षको हुँदा बुवाले आफ्ना बुवा (हाम्रा हजुरबुवा) लाई गुमाउनु परेछ । बाबुहरू ६ जना दाजुभाइ भएकाले पुर्ख्यौली सम्पत्ति बाँडिएर सीमित हुदै आएको कारण परिवारको खाइजीविका चलाउन पनि कठिन हुदै गएको बेला परिवारको नेतृत्व सम्हाल्ने जिम्मेवारी आफ्नो काँधमा आएपछि फट्याङ्ग्रेमा नै बुवाले क्रमशः खेतवारीहरू जोडदै जानु भएछ । जसले गर्दा अन्नपातको पर्याप्तता भयो । केही वचत भएको पैसाले झापा सुरूङ्गामा २०१८ सालमा जग्गा किनियो । अहिलेको हाम्रो बसोबास बुवाले सिर्जना गर्नु भएकै थलोमा रहेको छ । बुवाले पहाडबाट पठाएको पैसाले काकाले त्यो जग्गा किन्नु भएको रे बुवाको पौरखमा सिर्जिएको भूमिमा अहिले बसोबस गर्न पाउदा बुवाको सानिध्य अहिले पनि जीवित भएर आउँछ ।

कर्मथलो सुरूङ्गामा बुवाले धेरै दुःख गर्नु भयो । खेतीपाती, गाई वस्तु, बाख्रापाठा, तुलफुल, फलफुल सबैमा सम्वृद्धि बढ्दै गयो । विहान चाँडै उठेर खेतीवारीमा पुग्ने, बालीनालीको स्याहार सम्भार गर्ने लगनशील वानी थियो बुवाको । बुवाका पौरखहरू अझै पनि कर्मथलोमा जीवन्त रहेका छन् ।

## खानपिन, भेषभुषा र रहन सहन

बुवाको खानपान एकदमै सादगी थियो । माछामासु खान छोडेको लामै समय भएको

थियो। हजुरआमाको परलोक गमन भएदेखि नै बुवा शाकाहारी बन्नु भएको थियो। पानी कम खाने भरसक चिसो  पानी खान इच्छा गर्ने। मोही पनि फ्रिजमा राखेको चिसो नै मन पराउने बानी थियो। कोसेलीका रूपमा दिएका ड्राइफ्रुटका दानाहरू आफ्नो खल्तीमा राखेर भेटघाटमा सम्पर्कमा आएका व्यक्तिहरूलाई बाँडदै खाने स्वभाव थियो। कोही नयाँ मानिस घरमा आइपुग्यो भने केही न केही खुवाएरमात्र पठाउने उदात्त भावना बुवामा सदा झल्कन्थ्यो।

दौरा सुरूवाल, कमिजसुरूवाल र कुर्तासुरूवालबाहेक अन्य पोशाक कहिल्यै लाउनु भएन। मौसमअनुसार त्यसमाथि हाफ स्वेटर वा अस्कोट, जवारीकोट वा कोट लाउनुहुन्थ्यो। सुकिला राम्रा लुगा लगाएर गाउँघर एक फन्को लगाएर आउने सौख थियो। आफूले जाने बुझेको, थाहा पाएको कुरा अरूलाई सुनाएर सहयोग गर्ने स्वभाव थियो। विहान सबेरै उठ्ने, नुवाइधुवाई गर्ने, फूल दुबो आदि टिपेर फूलदानी वा तामाको आरीमा लिएर पूजा कोठामा गई पूजा आरधना गर्ने। पूजा आरधनाकोत्रममा फुकेको शंखको ध्वनि सम्झदा अहिले पनि त्यो ध्वनिमा बुवाको चित्र पाउने गर्छ मेरो मनले। भद्र स्वभाव हुँदाहुँदै पनि ख्याल ठट्टाका प्रसंग निकालेर हसाउने रूचि पनि बुवामा बेलाबखत प्रकट हुने गर्दथ्यो।

शैक्षिक उन्नयन र वृत्ति विकासको चाहाना बुवाभित्र गहिरो थियो। सबै दरसन्ततिको शैक्षिक उन्नति र वृत्ति विकास भएको देख्ने उत्साह थियो। मैले न्याय सेवाको अधिकृतमा लोकसेवा पास गर्दा छोराले न्यायाधीश हुने लाइन समात्यो भनेर ज्यादै हर्षित हुनु भएको थियो। त्यसबेलासम्म हाम्रो परिवारबाट कोही पनि न्याय सेवामा प्रवेश गरेको थिएन। मेरो कानुन मन्त्रालयमा पदस्थापन भएको कारणले बुवा अलमलमा पर्नु भएको थियो। न्यायाधीश हुने लाइनमा किन नलागेको होला भन्ने मनोभाव झल्कन्थ्यो कुराकानीबाट। पछि २०४८ सालमा जागिर राजिनामा गरेपछि त्यो राजिनामाको गहिरो चोट बुवालाई परेको जस्तो लाग्दथ्यो। आफूले विनाकसुर अर्काको कारणबाट धेरै मुद्दा मामिला र झमेलामा फस्नु परेको कारणले न्यायाधीशको महत्व र न्यायाधीशले पाउने इज्जतको बारेमा बुवालाई राम्रो जानकारी भएको कारणले पनि मेरो जागिर राजिनामा गर्ने कामसँग बुवाको असन्तुष्टि थियो सायद। पछि गएर ज्वाँइ भीमकुमार ओझा न्यायाधीश बन्नु भएको र भाइ पनि न्यायसेवा प्रवेश गरी श्रेस्तेदार हुदै जिल्ला न्यायाधीश बनेपछि चोट लागेको घाउमा मल्हमपट्टी लागेको जस्तो भान हुन्थ्यो। राजनीतिक नियुक्तिका, निर्वाचनका प्रसंगहरू आउँदा मेरो नाम पनि कतै त्यस्ता अवसरका लागि छानिन्छ कि भन्ने जिज्ञासा पोख्ने

गर्नुहुन्थ्यो । यसको पढाई पनि राम्रो छ । राम्रोसँग काम गरेको छ । त्यसैले यसले कहिँ न कहिँ मान पाउने ठाउँ पाउला कि भन्ने ठूलो आशा थियो । बुवाको त्यो आशा पूरा नभई बुवाको कीर्तिशेष भएको कारणले म आफूलाई बुवाको मनोकांक्षा पूरा गर्न नसकेकोमा खिन्नता भाव छल्किरहन्छ ।

घरबाट जोसुकै पनि टाढाको यात्रामा निस्कदा ँमंगलम भगवान विष्णु, मंगलम गरूडध्वज, मंगलम पुण्डरीकाक्ष मंगलाय तनोहरि ! भन्ने श्लोक उच्चारण गरेर यात्रा मंगलताको कामना व्यक्त गर्नुहुन्थ्यो ।

बुवाको अर्को उल्लेख गर्नैपर्ने स्वभावमा गाउँघरमा जुनसुकै मानिस विरामी भए पनि पुगेर विरामीको अवस्था बुझ्ने । आफूले विरामको औषधि जाने बुझेको भए जडीबुटीको उपचार पनि गर्ने गर्नुहुन्थ्यो ।

कुनै नातागोता, आफन्त, छिमेकी वा चिने जानेको व्यक्तिको निधन भएमा जसरी पनि आफै मलामी जान रूचाउनुहुन्थ्यो । त्यसरी मलामी जाँदा सकेसम्म हिँडेर नै आउने जाने गर्न रूचाउनु हुन्थ्यो । पछि पौढताले कमजोर पार्दै लगेपछि कसैले सवारी साधनमा राखेर पुऱ्याउने प्रस्ताव राखे भने त्यस्ता प्रस्तावलाई स्वीकार गर्न पनि थाल्नु भएको थियो । मरिमराउ भएको घरमा बिचार पुर्या्उन जाने त प्रायः गाउँ घरमा जसले पनि गर्छन् । बुवामा पनि त्यो स्वभाव थियो नै । त्यसका अतिरिक्त हिँडेर ओहोर दोहोर गर्न सक्ने दुरीमा मानिसको निधन भएको अवस्थामा काज किरीयाको काम भरिमा दुई तीन पटकसम्म पनि पुग्ने गर्नुहुन्थ्यो ।

पढेर डिग्री लिनु र जान्ने हुनु दुई फरक कुरा हुन भन्ने कुराको बुवालाई राम्रो हेक्का थियो कुनै व्यक्तिले निकै पढेलेखेको कुरा गर्यो भने पढेपछि के कुन जाँच पास गरियो ? के जागिर खाइयो ? भनेर सोध्ने गर्नुहुन्थ्यो ।

## मुख्य पेसा व्यवसाय

बुवाको पेसा व्यवसाय मूलतः खेतीपाती र पशुपालन नै थियो । फलफुलका रूख विरूवाहरू लाउने भूमिका अग्रणी नै थियो । बुवाले फलफूलका बोटहरू रोपेपछि अरू छिमेकीहरूले पनि रोप्ने गर्दथे । खेतीपातीका लागि आवश्यक पर्ने हलो, जुवा, गोरुगाडा, डोरी, दाम्ला, नाम्ला आलि र चोयाबाट बुनिने महला, घुम, फुङ्चो, डोको आदि वस्तुहरू कुशलतापूर्वक बनाउने सीप बुवामा थियो । बुवाका केही यस्ता सीपहरू माइला छोरामा पनि केही मात्रामा पुस्तान्तरण भएको जस्तो लाग्छ ।

व्यवसायकै रूपमा नभए पनि सामान्य दु:ख बिराम हुँदा गरिने औषधि उपचारको सामान्य ज्ञान थियो । दाँतमा किरा लागेर दुखाइले रूदै हिँडेका धेरै मानिसहरूको उपचार गरेर पीडामुक्त मात्र होइन फेरि त्यस्तो विराम नदोहोरिने गरी जडिबुटीको प्रयोगबाट निको पार्नुहुन्थ्यो । त्यसरी उपचार गरी निको भएका मानिसले जिन्सी नगदबाट बुवालाई पुरस्कृत गर्न खोज्दा नगद पैसा बुझ्न इन्कार गर्नु हुन्थ्यो जिन्सी भने श्रद्धास्वरूप ग्रहण गर्नुहुन्थ्यो । जग्गा जमिनको किनबेचमा मानिसहरूलाई उपयोगी सल्लाह दिने गर्नुहुन्थ्यो । छलकपट र खेलोफड्को गर्ने काम बुवाले जीवनभर नै कहिल्यै गर्नु भएन ।

## उल्लेखनीय सामाजिक कार्य

कन्काई क्याम्पस खोल्नका लागि होस् वा त्यसको स्तरोन्नति गर्नका लागि होस् आफ्नो गच्छे अनुसार चन्दा दिने, मठमन्दिर आदिलाई दानदक्षिणा गर्नेमा बुवाको नाम अग्रस्थानमा नै आउँथ्यो । प्रायः माग्न आउनेहरूलाई रित्तो नफर्काउने मनोभाव पाइन्थ्यो बुवामा । झापाको शरणामती स्थित जनता मा.वि. मा बुवाआमाले आफ्ना बुवाआमा (सासूससुरा)का नाममा रमापद्म स्मृति छात्रवृत्ति नै राख्नु भएको छ । बुवा आमा संस्थापक रहनु भएको यस छात्रवृत्ति मार्फत हाम्रो परिवारले बर्षेनी करिब असी पचासी हजार जति रकम खर्च गर्ने गरेको छ- छात्रवृत्ति प्रदान गर्नमा । स्थानीय सामाजिक संघ संस्थाहरूले गरेका चन्दा संकलनका काममा बुवाको सहभागिता अनिवार्य जस्तै रहने गरेको थियो ।

## अविस्मरणीय क्षण

मेरो उमेर १५ वर्षको पुग्दासम्म मात्र निरन्तर रूपले बुवाको सानिध्य पाइयो । त्यस बखतको उमेरले दिने वयस्कताले बुवासँगको खास अविस्मरणीय क्षणको सम्झना आउदैन । झिनामसिना प्रसंगहरू भने थुप्रै छन् । मलाई खासगरी एउटा प्रसंग खास रूपमा सम्झना आउने गर्छ । त्यो के भने, वीना पूर्जीको काठ कटाएको भन्ने उजुरी गरिदिएछ कसैले बुवालाई दु:ख दिने उद्देश्यले । बुवालाई वन रक्षकहरूले अनुसन्धानका लागि भनी पक्रेर शनिश्चरेमा लिएर गए । बुवालाई त्यहाँको हाकिमले वयान गराउन सुरु गरेछ । झुटो आरोपमा सावित गराउन खोज्दा बुवाले इन्कार गर्नु भएछ । बुवाको इन्कारी देखेर रिसको आवेगमा आएका ती अधिकारीले तँलाई गोलीले सुल्याउनु पर्ला जस्तो छ भनेर धम्क्याएछ । बुवाले उसको धम्की सुनेर आफ्नो छातीको लुगा खोल्दै सक्छस भने ल छातीमा हान गोली म मरे पनि मेरा ६ भाइ छोरा जिउँदै छन् तिनीहरूले तँलाई पनि छाड्ने छैनन् भनेर जवाफ

फर्काएपछि यो मान्छे निर्दोष नै रहेछ जस्तो छ । दोषी व्यक्तिले यस्तो कुरा गर्न सक्दैन भनेर अनुसन्धानकै क्रममा हिरासतबाट मुक्त गरेपछि बुवाले घरमा आएर सुनाएको यो प्रसंग कहिल्यै बिर्सन्न ।

बुवासँगका अन्तिम क्षणहरू सबै अविस्मरणीय छन् । तिनीहरूलाई मैले रचना गरेको 'बुवा' शोक काव्य र 'अन्तर्य' पुस्तकमा समेटेको छु । तिनै कुराहरू यहाँ पुनर्उल्लेख गर्न उपयुक्त लागेन । ती पुस्तकहरू त्रि.वि.को केन्द्रीय पुस्तकालय, नेपाल प्रज्ञा प्रतिष्ठानको पुस्तकालय तथा सुरूङ्गास्थित कन्काई माध्यमिक विद्यालय र कन्काई क्याम्पसका पुस्तकालयमा समेत उपलब्ध छन् ।

## आखिरी दिन र मृत्युवरण

२०७७ सालको पहिलो दिन नयाँ वर्षको विदाको दिन बुवासँग टेलिफोन वार्ता भएको थियो । बुवाले थोरै कठिनतापूर्वक बोलेजस्तो लाग्यो । बुवासँगको सम्वाद हुँदा छेउमा रहेका भतिज विज्ञानसँग कुरा हुँदा बुवाको सम्वादमा केही परिवर्तन आएको महसुस भएको छ भनेपछि मैले तुरून्त भोलिपल्ट नै सुरूङ्गा जाने निधो गरें र कोरोना माहामारीले गर्दा घोषणा गरेको बन्दाबन्दीको आदेशका मापदण्डहरू पूरा गर्दै २०७७ वैशाख २ गते राती ११ बजेतिर सुरूङ्गा पुगियो । भोलिपल्ट ३ गतेका दिन बुवासँगै बसेर विहानको भान्सा गरियो । त्यसपछि त्यस्ता दिन फर्केनन् । बुवा क्रमशः अशक्त हुदै जानुभयो र २०७७ साल बैशाख १२ गते शुक्रबार द्वितीया तिथिका दिन कीर्तिशेष हुनुभयो । त्यसवीचका दृष्यहरू विस्तारपूर्वक मैले 'अन्तर्य' मा उल्लेख गरेको छु

बुवाबाट पाएको पुत्रवात्सल्य, बुवाको संरक्षकत्व, बुवाबाटप्राप्त पितृ प्रसादबाट, बुवाको प्रेरणादायी शब्दहरूबाट उच्चस्तरको सन्तुष्टि प्राप्त भए तापनि अन्तिम क्षणमा बुवाले बोलेको बाणीमा उपदेश सुन्न नपाएकोमा जीवन नै खल्लो जस्तो लाग्छ । बुवालाई सायद आफ्नो महाप्रस्थानको पूर्वभाष नै नभएर हो वा सन्तानहरूमा पर्ने पीडाबोधको कारणले हो धेरै मानिसहरूले जीवनको अन्त्यतिर मनका भावहरू पोखेका घटनाहरू सुनिएका भए पनि बुवाबाट त्यस्तो भाव प्रकट नभएकाले त्यसको अभाव मेरो जीवनभर खड्किएको छ । यस लेखमार्फत हामीलाई अनन्य पुत्रवात्सल्य प्रकट गर्नु हुने बुवाको कीर्तिशेषपछि पनि उहाँप्रतिका हाम्रा श्रद्धाभावहरू उत्तिकै जीवन्त छन् । उहाँको आत्माले शान्ति पाओस् । श्रद्धासहित भावपूर्ण श्रद्धाञ्जलि ।

# स्मृतिमा स्व. डिल्लीराम पाठक र स्व. शुभद्रा पाठक

**नरेन्द्रप्रसाद पाठक**


स्व. शुभद्रा पाठक

स्व. डिल्लीराम पाठक जगन्नाथ पाध्या पाठकका वंश वृक्ष भित्र ७ औ पुस्ताका श्रीलाल पाध्या पाठकका जेठा छोरा स्व. रघुनाथ पाठकका कान्छा छोरा हुन् । श्रीलाल पाध्या पाठकका जेठा रघुनाथ माईला सदानन्द र कान्छा लक्ष्मुमन पाठक गरी तीन छोराहरु थिए । श्रीलाल पाध्याका तीन छोराहरु मध्ये जेठा छोरा रघुनाथका क्रमश लोकनाथ, भगीरथ, टीकाराम र कान्छा छोरा डिल्लीराम पाठक गरी ४ छोरा थिए । डिल्लीराम पाठकको जन्म १९५८ सालमा तेह्रथुम जिल्लाको आठ्राई इवामा भएको थियो । उहाँले तेह्रथुम जिल्ला आठ्राई सोदनको मुसेगैरामा वि.स. १९६८ मा जन्मनु भएकी शुभद्रा सेडाइसँग विवाह बन्धनमा बाधिनु भएको थियो । स्व. डिल्लीराम पाठकका ४ छोरा देवीप्रसाद, प्रेमप्रसाद, हिमलाल, विष्णुप्रसाद पाठक गरी ४ भाई छोराहरु थिए । साइलो छोरो हिमाललाल पाठक १९९५ मा जन्मेका थिए तर सानैमा उनको देहावसान भयो । ४ छोरीहरु मध्ये जेठी छोरी चन्द्रमाया माईली हीमादेवी, साईली हरिमाया र कान्छी बल्दवा थिइन् । जेठी छोरी चन्द्रमायाले ३१ वर्षको उमेरमा दुई छोरी १ छोराको जन्म दिएकी थिइन् तर छोराको सानैमा देहावसान भयो । हाल दुईटी छोरी छन् । कान्छी छोरी बल्दवाको सानैमा देहावसान भयो । यसरी स्व. डिल्लीराम पाठकले ४ छोरा ४ छोरीको जन्म दिई ४१ वर्षको अल्पायुमा उनको देहावसान भएको थियो । स्व. सुभद्रा पाठकले आफ्ना श्रीमान डिल्लीराम पाठकको १९९९ सालमा ४१ वर्षको उमेरको अल्पायुमानै देहान्त भएपछि ३१ वर्षको उमेरमा नै विधुवा आमाको हैसियतमा जीवन गुजार्नु परेको थियो । स्व. हजुरआमा शुभद्रा पाठकको स्वर्गारोहण ७१ वर्षको उमेरमा २०३९ सालमा भएको थियो । जेठा छोरा नै आठ वर्षको हुँदा आफ्ना पति गुमाउनु पर्दाको क्षण कल्पना गर्न पनि कठिन हुन्छ ।

ससाना छोराछोरीको स्याहारसम्भारमा उनको जीवन बित्यो । जेठी छोरी चन्द्रामाया पाठकको ३४ वर्षको उमेरमा दुई छोरी लछीमा उप्रेती खरेल र चन्दा उप्रेती खरेललाई छोडेर २०१८ सालमा वितिन् । गर्भे टुहुरी कान्छी छोरी बल्दवा पनि ८

वर्षको उमेरमा झापाबाट पहाड जानेक्रममा पाँचथर फिदिमको लाली खर्क मुनीका ३ घारेमा आइपुग्दा वित्नु भयो । १९९५ मा साईला छोरा हिमलाल पनि सानैमा वितेका थिए । जम्मा ४ छोरा र ४ छोरीकी आमा स्व. सुभद्रा पाठकको दिनचर्या यस्तै दु:खदायी घटनामा नै बिते । ९ वर्षको छोरा देवीप्रसाद पाठकलाई गोरु आफै नारीदिने र सिर्फ अनौमात्र छोराले समाउने तर गोरु फुकाउने र आली कान्ला ओराल्नेउकाल्ने काम आफैं गरेर भए पनि आफ्नो खेतीबारी आफैं जोती जोताई परिश्रमले छोराछोरी हुर्काएकी थिइन् ।

महिलाले हलो जोत्नु हुँदैन भन्ने परम्परा र संस्कृतिलाई जोगाउन हलोको अनौ मात्र नसमाइ जोत्ने काम उनैले गरेकी थिइन् । सामान्य आर्थिक अवस्था भएकी एउटी विधवा महिलाले ८-९ वर्षको छोराका साथ पहाडमा खेतीपाती गर्नु कम साहसिक काम थिएन । अलिक बढेका छोरीहरू आआफ्नै घर गई सकेका थिए । उनी बस्ने गरेको आठराईमा लिम्बू समुदायको वर्चस्व थियो । त्यस बेलाको समयमा एउटी विधवा महिलाले समाजमा सुरक्षित भएर बस्ने कुरा निकै गाह्रो थियो । विधवा महिलालाई हेर्ने दृष्टिकोण त्यसताका फरक थियो । लोग्ने मरेपछि विधवा स्वास्नी मानिसले सेता लुगा लगाउन पर्ने सामाजिक परम्परालाई तोड्ने शायदै उहाँ नै हुनुहुन्थ्यो । जेठी छोरी चन्द्रमाया पाठकको विवाह ताप्लेजुङ्ग जिल्लाको चोकपुर निवासी लक्ष्मीप्रसाद उप्रेतीसँग विवाह भएको थियो । २०१२ सालमा नातिनी लक्ष्मी उप्रेती र एउटा नाति समेत जुम्ल्याहा माइती घर इवामा नै गोदाममा जन्मेका थिए रे । तर दुर्भाग्य छोरो चैं केही समयपछि वितेछन् । अर्की छोरी चन्द्रकला पनि जन्मेकी थिइन् । छोरी लक्ष्मी र चन्द्रकला अहिले पनि छँदैछन् । जेठी छोरी (हाम्री फूपूको) २०१८ सालमा देहावसान भयो । २००७ सालको क्रान्तिपछि पहाडमा कांग्रेस सरकार बनेपछि लिम्बू सम्प्रदायलाई किपटी प्रथाले केही अधिकार दिएपछि समाजमा केही हिंश्रक र लुटपाटका घटनाहरू घटन् थालेपछि २००८ सालतिर छोरालाई सुरक्षित राख्न झापा समेत लिएर आउनु परेको र पछि पहाडमा लगे पश्चात् पनि स्व. बुवा देवीप्रसाद पाठकलाई थपलिया पुरेतका घरमा केही महिना लुकाएर राखेको कुरा बुवा बराबर भन्ने गर्नुहुन्थ्यो । यसरी जीवनमा आईपर्ने आरोह अवरोहलाई छिचोल्दै छोराछोरी सबैलाई हुर्काउन सफल थिइन स्व. हजुरआमा शुभद्रा पाठक । कोही कसैलाई अन्याय भएको देख्न नसक्ने, कोही कसैलाई अन्याय गरेको देखेमा तत्काल प्रतिकार गर्ने क्षमता थियो उहाँमा । त्यसताका किपटी प्रथा भएकाले थरी, सुब्बा, मुखियाहरूले स्थानीय विवादहरू मिलाउने गर्दथे । थाना चौकीको व्यवस्था थिएन । थरी मुखियाकहाँ काठका ठिगुरा बनाएर राखेका हुन्थे । कोही कसैले फट्याई गऱ्यो भने तिनै काठका ठिगुरामा लगेर हाल्दथे । दुवै पक्षका

कुरा सुनी न्याय अन्याय ठहर गर्नुभन्दा पनि जस्ले करायो उस्ले न्याय पाउने र जो कमजोर छ त्यसले न्याय नपाउने थिति थियो त्यसबेला । एक पटक स्व. हजुरआमा स्थानीय थरी मुक्तिनाथ उप्रेती कहाँ जानु भएको रहेछ । एकजना मानिसलाई ठिगुरा हालेको देख्नु भएछ । ठिगुरामा हाल्नुको कारण भने मुखियालाई खेताला नसघाएको विषय रहेछ । हजुरआमाले यसरी खेताला नसघाएको भनेर मानिसलाई ठिगुरा हाल्न मिल्छ ? म यस्को खेताला तिरीदिन्छु । यसलाई ठिगुराबाट निकाल भन्नु भएछ । नभन्दै ती मानिसलाई ठिगुराबाट निकाली दिएछन् । त्यो खबर जतातते फिजिएपछि सबैले कान्छी पाठकिनी न्यायका लागि लड्ने साहसी महिला भनेर चिनिनु भएको थियो । हजुरआमा कान्छी पाठकिनी नीडर, हक्की स्वभावकी, अन्याय अत्याचारको विरोध गर्ने, गाउँघरमा अन्यायमा परेका गाउँलेहरू त्यसमा

पनि महिलाहरूको पीरमार्का विरुद्ध उभिने अगुवा महिला थिइन । कोही कसैकहाँ कचहरी हुँदा पनि कान्छी पाठकिनीलाई बोलाउनु पर्छ भन्थे रे गाउँलेहरू । न्यायनिसाफ गर्दा कसैको मुख हेर्नु हुँदैन भन्ने सोच थियो । हजुरआमा शुभद्रा पाठक हिउँदमा बेला बेलामा झापा आउने गर्थिन् । झापामा आउँदा जेठा छोरा एवं नातिनातिनालाई खुवाउन अचार, घिउ, अमिलो कुराउनी ल्याइ दिनु हुन्थ्यो । झापामा पनि उहाँ त्यत्तिकै बस्न सक्नुहुन्नथ्यो । त्यतिखेर धान काट्दा थुप्रै धानहरू खेतमा छाडिएको हुन्थे । सिलाधान खोज्न विहानदेखि बेलुकासम्म खेतमा जानुहुन्थ्यो । सिलाधान खोजेर बेचेको पैसाले आफ्ना छोरी नातिनीहरूलाई दिन पाइन्छ भन्नुहुन्थ्यो । माइला नाति मेरो विवाहको जुर पनि हजुरआमाकै परिणती थियो । सानै उमेरमा आमा परलोक भएका कारण नातिको विवाह हेर्ने उहाँको इच्छा थियो । सोही कारणले स्व. नारायणी ओलीसँग मेरो जीवनसाथी हुने सौभाग्य प्राप्त भएको थियो । जेठा नाति लक्ष्मीप्रसाद पाठकको विवाह पनि उहाँले नै गरिदिनु भएको थियो ।

बुवा पहाड जाँदा जहिले पनि कान्छो भाइ साह्रै सोझो छ यस्को हेरविचार गर्नु है । तँ बाबु सरह भइदिनु है जेठा, भनेर बुवालाई भन्ने गर्नु हुन्थ्यो रे बुवाले आमाका जीवनचर्याका कुरा सुनाउँदा भन्ने गर्नुहुन्थ्यो । हजुर आमा विमारी भएको समयमा बुवा, माइलो बुवा र छोरीहरू झापा नै भएकाले विमारीको सूचना दिन विमली माल्दाई (मोहन विमली) झापा आएर खबर गरेपश्चात बुवाहरू पहाड जानु भएको र बुवाहरू गएको दोस्रो दिनमा नै आफै दिसापिसाब गरेर आफ्नो देह लीला समाप्त गर्नु भएको थियो बुवा भन्ने गर्नु हुन्थ्यो हाम्री आमा साह्रै धर्मात्मा र साहसिक हुनुहुन्थ्यो मर्नुअघि पनि कसैलाई कुनै दुःख नदिई २०३९ साल भाद्र महिना आफ्नो दिसापिसाब आफैं गरेर केही घण्टा पश्चात् देहलीला त्याग गर्नुभयो ।

# मेरा प्रातः स्मरणीय हजुरबुवा नन्दलाल ओली र हजुरआमा पद्‌मादेवी ओली

**गणेश ओली**

स्व. हजुरबुवा नन्दलाल ओलीको वि.स. १९६० सालमा तेह्रथुम आठराई छातेढुङ्गा होडामा स्व. डिंठ्ठा लक्ष्मीप्रसाद र स्व. हिमादेवी ओलीको कोखबाट जेठो सन्तानको रुपमा जन्म भएको थियो । बाल्यकाल होडा मै व्यतित गर्नुभएका हजुरबुवा नन्दलालले गुरुकुलीय शिक्षाको माध्यमवाट शिक्षा आर्जन गर्नु भएकोले राम्रैसँग लेखपढ गर्न जान्नुहुन्थ्यो । बाल्यकालमै त्यो वेलाको प्रचलन अनुसार देउनारायण थपलिया (जेठा मुखिया) चुहान्डाडाकी जेठी छोरी पद्‌मादेवी ओलीसँग उहाँ विवाह बन्धनमा बाँधिनु भयो । उहाँहरूबाट थुप्रै सन्तान जन्मिएका भए पनि मेरो जेठा बुवा देवीप्रसाद (दाताराम) मेरो बुवा अविकेशर र १ छोरी (मेरी फुपू - माइजु पनि) धनमाया संग्रौला मात्र जीवित रहनु भयो । उहाँ ब्रह्मलीन हुँदा मेरो उमेर बाह्र वर्षमात्र थियो । त्यसैले धेरै लेख्ने क्षमता राख्दिन तथापि वाल्यकालमा उहाँसँग भएको साक्षात्कार र अनुभूतिका आधारमा हजुरबुवालाई सम्झने सानो कोसिस गरेको छु ।



स्व. नन्दलाल/पद्‌मादेवी ओली

सानो काँटीको शरीर होचोहोचै कदका मेरा हजुरबुवा मैले देख्ता मुखमा दाँत एउटै नभएका राता वर्णका अनि परिवारप्रति अति नै जिम्मेवार र स्नेही अनि सहृदयी अभिभावक हुनुहुन्थ्यो । सच्चरित्रता, उच्च नैतिकता र सत्यवादिता उहाँका जीवनका आदर्श थिए । उहाले जीवनमा कहिल्यै छलछाम, षड्यन्त्र र बदनियत्को सहारा लिनु भएन । सादा जीवनशैली उच्च विचार अनि शुद्ध मन सँधै उहाँको मूल्य र मान्यता रहयो । यस अर्थमा उहाँलाई अजातशत्रु, धर्म युधिष्टिर भने पनि अतिशयोक्ति हुँदैनथ्यो । बाल्यकालमा हजुरबुवालाई सुब्वा मेदिनीप्रसाद कन्दङवाले धर्म युधिष्ठिर सत्यवादी भनेको मैले कानले सुनेको थिएँ ।

धोतीपाटा फेरेर नित्य पञ्चायन देवताको पूजा, उपासना पछिमात्र खाना खाने

उहाँको दैनिकी थियो । उहाँ समयअनुसार सनातन हिन्दु धर्म संस्कृतिको अनुयायी, आध्यात्मिक, समाजसेवी र उदारमना व्यक्ति हुनुहुन्थ्यो । उहाँका चारजना भाइ कृष्णप्रसाद, रुद्रप्रसाद, नरप्रसाद र दुर्गाप्रसाद अनि रूपा, चन्द्रकला, कान्छी र पूर्ण गरी तीन बहिनीहरू हुनुहुन्थ्यो । पिता डि. लक्ष्मीप्रसादको उपचारको क्रममा काशी बनारस जानु भएकोमा सोही ठाउँमा अल्पायुमै भएको निधनपछि काशी गंगा तटमा मेरो हजुरबुवा नन्दलाल र जुम्लयाहा न्यौपाने पुरोहित दुई जनाले श्रीखण्डको चितामा दाह संस्कार गर्नु भएको कुरा मैले हजुर आमा पद्मादेवी ओलीबाट सुनेको हुँ ।

स्व. डिट्ठा लक्ष्मीप्रसाद राणाकालीन जागिरे हुनुहुन्थ्यो । सामन्तवादी जहाँनिया हुकुमी राणाशासनमा चारदिशामा चार जना जर्नेल, (पू. क. ज, प.क.ज, उ. क. ज, द. क.ज, चार जर्नेल माथि हजुरिया जर्नेल र त्यो भन्दामाथि श्री ३ महाराज रहने प्रशासनिक संयन्त्र थियो । विहान सुनामी र वेलुका चाकरी गरेर राजाहरूलाई रिझाएपछि जागिर पाइने प्रचलन थियो । बाबुले हिनामिना गरेको रकम सन्तानमार्फत असुलउपर गर्नेमात्र नभएर बाबुको मृत्युपछि जेठा छोरालाई जागिर दिने प्रचलन पनि थियो । यसै कारण हुनसक्छ आफ्ना पिताका देहवसान पछि हजुरबुवा नन्दलालले सप्तरीको भागलपुर भन्ने ठाउँमा केही समय डिट्ठाको जागिर खाएर रहनुभएको थियो । राणा राज्यको अवसानपछि उहाँ आफ्नै पैतृक थलो होडामा घर गृहस्थी, पशुपालन, खेतीपाती गरी बाँकी जीवन व्यतित गर्नुभयो ।

"आफै मरे पछि सागर देखिन्छ, चार पैसा तिर्नु कुलतमा नफस्नु, अर्को हात्तीमा चढ्यो भनेर धुरीमा नचढ्नु, खुट्टो खुस्कियो भने टेक्न गाहो हुन्छ, ऋणमा डराउनु, घाँटी हेरी हाड निल्नु, र मौकामा हिरा फोर्नु भन्ने उहाँले दिनु भएका उपदेश मेरा जीवनमा संधै प्रेरणा बनेर रहेका छन् ।

मलाई हृदय खन्याएरै माया गर्ने मेरा प्रातः स्मरणीय हजुरबुवा २०२६ साल बैसाखमा (उपचारकै अभावले भन्नु पर्छ त्यो वेला दुर्गम पहाडमा औषधि उपचारको व्यवस्था थिएन) निमोनियाको कारण आफ्नै निजीनिवासमा ब्रह्मलीन हुनु भयो । हजुरबुवालाई भावपूर्ण श्रद्धाञ्जलि भन्दै अन्तर हृदयदेखि नै अमर आत्माको चीर शान्तिको र बैकुण्ठबासको कामना गर्दछु ।

प्रातः स्मरणीय हजुरआमा पद्मादेवी अग्लो कद, मोटो शरीर, स्वेतवर्ण उज्वल कान्ति भएकी निकै राम्री हुनुहुन्थ्यो । उच्च रक्तचाप, मधुमेय र वाथबाट पीडित

हुनुहुन्थ्यो । २०३५ सालमा झापा आउनुअघि उहाँको उपचार घामीझाँक्रीमै सीमित थियो । झापा आएपश्चात उचित औषधि उपचार प्राप्त गर्नुभई केही आरामको अनुभूति गर्नु भएको थियो । आफ्ना धेरै सन्तान गुमाउनु परेकी ममतामयी हजुरआमाले नातिनातिलाई खुबै माया गर्नुहुन्थ्यो । त्यसमा पनि मलाई निकै माया गर्नुहुन्थ्यो । बुहारीमा तुलसादेवी ओलीलाई र मेरी धर्मपत्नी चेतनालाई पनि खुबै माया गर्नुहुन्थ्यो । उहाँ असल परिवारकी चेली भएकाले असल संस्कार दिनसक्ने सफल अभिभावक हुनुहुन्थ्यो । ब्राहमण साधुसन्तलाई दान गर्न मन पराउने र मंगलबार ब्रत बस्ने उहाँको इच्छा नै थियो । आफ्नो जीवनकालमा धेरै भागवद पुराण पनि लगाउनुभयो । जीवनका अधिक समय चुहानडाँडा, होडा र झापा सैनिक कोलाटोलीको बसाईपछि २०४१ साल भाद्र महिनामा ८० वर्षको उमेरमा देहत्याग गर्नुभयो । माया बूढो नहुदो रहेछ । मृत्यु पनि सामहिक नहुदो रहेछ । हजुरआमासँगका अन्तरङ्ग र विगत क्षण सदा नजिक रहने छन् । मलाई आफ्नो सर्वस्व ठान्ने मेरी हजुरआमालाई दीलको गहिराईबाट भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दै स्वर्गको उच्च स्थान प्राप्तिको कामना गर्दछु ।

# स्मृतिको पानामा स्व. बुवा विष्णुप्रसाद शिवाकोटी र आमा हरीमाया शिवाकोटी

**नरेन्द्रकुमार शिवाकोटी**



स्व. विष्णु प्र./हरिमाया शिवाकोटी

सांसारिक मायामोहको बन्धनभित्र अन्तर्निहित हुनु लौकिक संसारका जीवात्माको अनिवार्य शर्त हो । यस मृत्युलोकमा जन्मिए पछि निर्वाह गर्नुपर्ने कर्तव्य र दायित्वबाट विमुख हुन नसकिने सामाजिक र पारिवारिक जिम्मेवारी वहन गर्नुपर्ने अभिभारा बोकेर जीवनका अन्तिम क्षणसम्म सत्कर्मशिलताको अनुशरण गर्नुपर्दो रहेछ । यस्तै अभिभारा निर्वाह गर्ने क्रममाः स्व. बुवा विष्णुप्रसाद शिवाकोटी तेह्रथुम जिल्ला साविक पोखरी गाउँ पञ्चायत वडा नं ५ तीनसल्ले हालको आठराइ गाउँपालिका वडा नम्बर ४ निवासी स्वर्गीय त्रिलोचन शिवाकोटी र धनमाया शिवाकोटीको काइँलो छोराको रुपमा वि.सं.१९७९ साल आश्विन महिनामा जन्मिनुभएको थियो । उहाँका तीन दाजुहरूमा जेठा रामप्रसाद, माईला जयप्रसाद, साइला अविचन्द्र, भाइ कान्छा गंगाप्रसाद शिवाकोटी र दिदी यशोदामा त हुनु भएकोमा सबैजना परलोकबासी भैसक्नुभएको छ । सामान्य आर्थिक अवस्थामा गुजारा चलाउनु भएका स्व. बुवाको लगनशील, कर्मशील र मिलनसार स्वभावका कारण सबैसँग सौहार्द्धता कायम राखी आफ्ना परिश्रमी हातहरू अघि बढाउने बानी रहेको सुनिएको बुझिएको छ । त्यस्तै आर्थिक उन्नतिको परिवेशमा सानै उमेर; करिब १३–१४ वर्षमै झापा जिल्लाको घैलाडुबा गाविस –५ हाल कन्काई नगरपालिका ७ कालिमुडालाई आफ्नो कर्मक्षेत्र बनाएर कृषि पेसालाई प्राथमिकता दिइ सोही स्थानमा स्थायी बसोबासको प्रबन्ध गर्नुभएको थियो । आमा हरिमाया धनकुटा जिल्ला बेलहरा निवासी स्व. विष्णुप्रसाद पराजुली र स्व. विष्णुमाया पराजुलीको माइली छोरीको रूपमा संवत् १९८० चैत्र महिनामा जन्मनु भएको थियो । आमाले विवाहित जीवनमा प्रवेश गरेपश्चात वहाँका बुवाआमा, भाइ लगायत सपरिवार भारतको आसाममा वसोवास गरेको थाहा पाएपछि मेरो साइँलो बुवाको छोरा दाजु उमानाथ शिवाकोटीले आमालाई भेटघाट गराएर पारिवारिक स्नेह

दिलाउनु भएको थियो । आमा केही महिना बसेर ज्यादै प्रसन्न मुद्रामा फर्कनु भएको थियो । सानै उमेरमा विवाह भएको र पहाडतर्फ २००७ सालको अन्दोलनको प्रभावले वहाँका आमाबुवा लगायत सबैजना आसामतर्फ सरी गएको परिणाम आफ्नो माइतीसँगको स्नेह र सानिध्यताबाट वञ्चित भएकोमा करिब ३० वर्षपछि मात्र संयोगवस भेट भएको थियो । तत् पश्चात पुनः एकपटक भेटघाटको लागि जानु भएर फर्किएपछि पुनः भेटघाटको अवसर पाउनु भएन । स्व. आमाको दिदी १ जना, ३ जना बहिनी र १ जना भाइ हुनुहुँदो रहेछ । बुवाआमा र भाइसमेत परलोकबासी भैसक्नु भएको छ । हालसम्म आमाका माइती (हाम्रा मावली) आसाममै बसोबास गरी रहनुभएको छ ।

## वैवाहिक जीवनको प्रसंग

बुवाको प्रथम विवाह जिल्ला ताप्लेजुङ्ग फावाखोला निवासी वेदमाया उप्रेतीसँग वैदिक विधि अनुसार भएकोमा जेठीआमा तर्फबाट जन्मिएका २ छोरासहित जेठी आमा समेत २००७ सालमा औलोको कारण स्वर्गीय हुनु भएको थियो । केही समयपछि आमा हरिमायाबाट जन्मिएको छोरा धनपतिसमेत दिवंगत भएका थिए । ततपश्चात तेह्रथुम इवा गोले गाउँ निवासी स्व. चन्द्रलाल उप्रेती र स्व. रनमाया उप्रेतीको काइली छोरीको रुपमा १९९५ साल मंसिर १२ गते जन्मनु भएको सानो आमा मनमायासँग २००९ साल मंसिर १२ गते विवाह बन्धनमा वाँधिनु भएको हो । वहाँबाट जन्मिएको १ छोरा रविलालको पनि देहावसान भएपश्चात पत्नी पीडा र पुत्र शोकबाट दुखित हुनुभएको बुवाले हामी सबै छोरा छोरीलाई अगाध स्नेहभाव राख्नुरभएको थियो ।

## छोराछोरीबाट सन्तुष्टि

हामी छोराछोरीमा स्व. आमा हरिमायाबाट जन्मिएका छोरा म नरेन्द्र, भाइ इन्द्र र बहिनी खगकुमारी, सानो आमा मनमायाबाट जन्मिएका भाइहरू सुबास, प्रमोद, जय, प्रकाश र बहिनी शान्ता गरी हामी ६ भाइ छोरा र २ बहिनी रहेका छौँ । म र श्रीमती सरिताबाट जन्मिएका छोराहरू सगुन, सचिन भाइ बुहारीहरू इन्द्र/पवित्राका छोरी विनु र छोरा प्रविन, विपिन, सुवास/गंगाको छोरा अनिल र छोरीहरू अनुशा, अनीता, प्रमोद/किरणको छोरा सुप्रज, जय/सुमनको छोरी सज्जा छोरा सिद्धार्थ प्रकाश/सुनीताको छोरा साश्वत बहिनीज्वाइहरू खगकुमारी/लक्ष्मी संग्रौलाका छोरी सलिना छोरा सुमन शान्ता/राजकुमार प्रसाईका छोराहरू सागर,

सविन छोरी सरिता भइ छोरा बुहारी नातिनातिनाहरू र छोरीज्वाई, विनु/कवीन्द्र सुवेदीका एक छोरी छोरा बुहारीहरू प्रविन/रचनाको एक छोरा विपिन/वर्षाको एक छोरी अनिल/प्रज्ञाको एक छोरा, भान्जीज्वाइहरू सरिता/दिनेश मैनालीका एक छोरा, सलिना/गंगाजंग कटुवालको एक छोरी एक छोरागरी पनातिपनातिनी ७ जना समेत ३८ जना रही सबैको बीचमा उत्तिकै अपनत्व स्नेहभाव आदर सम्मान रहेको छ । सानो आमा र हामी छोराछोरी आआफ्नो कर्मक्षेत्रमा रही जीवनयापन गरिरहेका छौं । सानो आमा मनमाया सहित ८ बहिनी छोरी र ३ भाइ छोराहरू जन्मनु भएकोमा जेठी दिदी, माइली दिदी, अरु बहिनीहरू, जेठा दाजु, कान्छो भाइ पनि दिवंगत भैसक्नु भएको र अहिले साइली दिदी, सानो आमा र माइला मामा सकुशल जीवनयापन गरिरहनु भएको छ । सानो आमाको नियमित बसाइ भाइ जयप्रसादको साथमा छ । हालसम्म हामीहरूको परिवारको छहारीको रुपमा रही हामी सबै दाजुभाइ, बहिनीहरू, नातिनातिना लगायतका सम्पूर्ण परिवारमा सबैको साझा शोभाको रूपमा रहनु भएको छ । आमाहरूले विशुद्ध गृहिणीको जिम्मेवारी निर्वाह गर्नुभइ सपरिवारमा सहयोगात्मक भाव राख्नु भएको हो ।

## झापा कालीमुडामा खेतीको प्रारम्भ

प्रजातन्त्रको नाममा भएको २००७ सालको साम्प्रदायिक वैरभावको परिणामस्वरुप पहाडतर्फको बसोबासलाई अनिश्चित ठानी झापा कालीमुडामा जग्गा आवाद गर्दै कृषि खेतीको सुरुवात गर्नुभएको हो । स्व. देवीप्रसाद उप्रेतीको जिमिदारी रहेका बखत झापा कालीमुडामा रु ५६००/- मा ५० विगाह जग्गा खरिद गरेको र सोही जग्गा आवादी गर्दै कृषि पेसा व्यवसाय प्रारम्भ गरेको कुरा बेलाबेलामा सुनाउनु हुन्थ्यो । तत्कालको सालका रुख र कांसघारीको फडानी गरी क्रमश आवाद गर्दै पछि सम्पूर्ण जग्गालाई खेतीयोग्य बनाउनु भयो । जंगल रहेको प्रमाणस्वरूप पछिसम्म पनि माटोमुनी पुरिएका रुखहरू खेत जोत्ने क्रममा फेला पर्दथ्यो ।

स्व. आमा हरिमाया पनि १६/१७ सालबाट झापा कालीमुडामा नै आइ बुवाको साथमा रही सहयोग गर्नुभएको हो । पहाडतर्फ हजुरआमा, फुपू, सानोआमा लगायत हामी बसेका र बेला बखतमा बुवासमेत जानेआउने गर्नुभएको थियो । बुवा वहाँको आमालाई असाध्यै माया र सम्मान गर्नुहुन्थ्यो । यसै गरी दिदी यशोदा माता (साधुनी)लाई पनि स्नेह र आदरका साथ राख्नु भएको थियो । दिदीको विवाह निगुरादिनका सिटौला परिवार हालका बाग्मती वोर्डिङ स्कूलका संचालक सुरेन्द्र सिटौलाका जेठा बुवासँग भएको थियो । विवाह पश्चात १ छोरीको जन्म भएकोमा

पति र छोरी समेत दिवंगत भएको पीडा सहन गर्न नसकी माइतघर हामीहरूसंगै बस्ने अठोट गर्नुभएको र पछि भेष परिवर्तन गरी सेतो वस्त्र धारण गरी स्व. आमा र स्व. बुवाकै आश्रय र संरक्षणमा रहनुभएको थियो । बुवाआमाको देहवसानपछि पनि भाइ इन्द्रकै साथमा रहनुबस्नु भइ करिव ९७ वर्षको उमेरमा दिवंगत हुनुभयो । बुवाले मधेसको आम्दानीले पहाडतर्फ धानखेत जोड्नु भएको थियो । त्यती बेला धान रोप्ने समयमा बेठी लगाउने (बाजागाजा सहित रोपाइ गर्ने) चलन हुँदा बुवासमेत त्यस्ता कार्यमा सरिक भइ रोपाइँ गराएको सम्झना अझै ताजै छ । कालीमुडामा आवाद गरेको जग्गाको आर्जनबाटै पहाडतर्फ समेत जग्गाजमिन खरिद गरेकोमा पहाडतर्फ बेचबिखन भैसकी हालसम्म पनि झापा कालीमुडाको जग्गाबाटै जेठा बुवा, कान्छा बुवा र हामीहरूको सम्पूर्ण परिवारको जीवनयापन भइरहेको छ । माइला बुवा स्व. जयप्रसाद र साइला बुवा स्व. अविचन्द्र पहाडतर्फ मात्र बसोबास रहेको अवस्थामै भिन्न भैसकेकोले माइला बुवाको छोरा स्व. दाजु हिमलालका सपरिवार, साइला बुवा स्व. अविचन्द्रका छोरा दाजुहरू उमानाथ, कृष्णराज, देवीप्रसाद र  भाइ मातृका लगायतका सपरिवार आ-आफ्नो मेहनत परिश्रमबाट अन्यत्रै बसोबासको व्यवस्था मिलाई बसी आउनुभएको छ । हालसम्म हामी सम्पूर्ण परिवारको बीचमा उत्तिकै अपनत्व, माया, स्नेह र आदर सम्मान रहिआए कै छ ।

## सामाजिक सम्मान

हामीहरू पहाडमधेश दुवैतर्फ वसोबास भएको कारण पहाडतर्फ विद्यालय हिउँदे बिदा भएको बखत मधेस आउने र एक-डेढ महिना पछि पुनः पहाडतर्फ नै फर्किने गर्दथ्यौं । त्यतिबेला पहाडतर्फबाट मधेश आउने छरछिमेकी इष्टमित्रहरू प्राय जसो हाम्रै घरमा खानेबस्ने गर्नुहुन्थ्यो । करिव २६/२७ सालतिरको कुरा हो, हालको भृकुटी माध्यमिक विद्यालय निर्माणको क्रममा स्व. बुवा विष्णुप्रसाद, स्व. भिनाजु कपिलमुन ओली स्व. हेडबहादुर खड्का, स्व. पदमप्रसाद ओली स्व. भिनाजु राजन थपलिया, हाम्रो बुवाको मावली भाइ (हाम्रा मावली बुवा) धनपति ओली, स्व. शेरबहादुर खवास लगायतका सो सेरोफेरोमा बसोबास गर्ने अन्य मान्यजन सबैजना एकजुटभइ प्राथमिक विद्यालयको प्रारम्भ गराउनु भएको हो । विद्यालय निर्माणको लागि आवश्यक पर्ने काठहरू लिन जङ्गलतर्फ गई ल्याइ चिरान गराइ विद्यालय निर्माण गराउनु भएको हो । सोही क्रममा राँगा गाडामा काठका मुडाहरू लिएर आउँदा मुडा लडी मुडाले थिचि २/४ जना घाइते समेत हुनुभएको संझना ताजै

छ । गाउँठाउँमा केही झमेला, समस्या, विवाद आएमा स्वयं गइ बिवाद मिलाइ दिने गर्नुहुन्थ्यो । गाउँमा बसोवास गर्ने सबैले बुवालाई सम्मानभाव प्रकट गर्नुहुन्थ्यो ।

अहिलेसम्म पनि झल्झली सम्झना आइरहने स्व. च्याङ्विनी दिदी, स्व. च्याङ्वा दाइ, बुवा पहाड-मधेस गरेको बखत, इलामको सोक्तिम चिया वगान नजिकै बस्ने उहाँहरूसँग चिनजान भएपछि कालीमुडामा हामी नजिकै आइ बस्नुभयो र बुवालाई सधैँभरी आफ्नै बुवाको जस्तो दर्जा दिइ सम्मानभाव प्रकट गर्नुभयो । उहाँहरूको परिवार अध्यापी सोही स्थानमा हामीसँग पनि उत्तिकै आत्मीयताका साथ रहनुभएको छ ।

स्व. आमा हरिमायाको दैनिकी सधै स्मरणयोग्य छ । त्यतिबेला कमसेकम २८/३० जनाको एउटै भान्सा रहेको थियो । खाना खान पनि ३-४ समूह गरेर खानु पर्दथ्यो ।  बिहानको धन्दा सक्दा नसक्दा दिउसो चिया खाजा र बेलुकाको खानाको तयारीमा जुट्नु पर्दथ्यो । रातको करिव १०-११ बजे सम्ममा धन्दा सकेर सुत्नु पर्ने र बिहान फेरि करिब ४ बजे भित्र उठी सक्नुपर्ने आमाको बाध्यता थियो । त्यस्ता सबै खाले क्षणलाई सहज रूपमा निर्वाह गर्नुभै छरछिमेकी, नातागोता, इष्टमित्र सबैसँगको अपनत्व र स्नेहभाव अविरल रहिरहेको थियो । आमा शब्दको पुकारबाट सधै सम्बोधित रही रहनुभयो । तत्काल गाउँघरमा कोही सुत्केरी भएमा अनिवार्य रूपमा खानापिनाको व्यवस्था गरी बोलाई ख्वाउने गर्नुहुन्थ्यो । माग्न आउनेहरूलाई नझर्की केही दिएर पठाउनुपर्छ भन्ने धारणा थियो ।

## खानपान, पहिरन

स्व. बुवा आमाको मधेशतर्फकै अधिक समयको बसोबास हुँदा आफ्नै खेतबारीमा फलेका सागसब्जी, तरकारीबाटै सालभरको गुजारा चल्ने गर्दथ्यो । वहाँहरूलाई हरियो धनियाको अचार, मासको दाल, रामतोरियाको तरकारी, साग, सजीवनको झोल असाध्यै मनपर्दथ्यो भने खसीको मासुको सौखिन हुनुहुन्थ्यो । चियामा, भैँसीको दूध राखी बाक्लो बनाई अदुवा, सुकुमेल, ल्वाङ जस्ता मसलाहरू राखेर खाने बानी थियो । आमालाई घिउमा पकाएको चामलको पुवा सारै मनपर्ने, बुवालाई भैसीको दूध धेरैबेर तताएर करिवकरिव खुवाजस्तो बन्नलागेकोमात्र स्वाद मानेर खाने गर्नुहुन्थ्यो । पहिरनमा बुवालाई कुर्ता (कमेज) सुरुवाल जुहारीकोट र आमालाई सारी चोलीकै सामान्य पहिरन मन पर्दथ्यो ।

## रोचक प्रसंगहरू

जीवनको हरेक पलमा सुख-दुख, उकाली-ओराली, घामपानी आदिको प्रत्यक्ष अनुभूति गर्दै भोगेको विभिन्न क्षणको केही प्रसंग बुवाले सुनाउनु भएको थियो भने केही म स्वयंले पनि देखेको थिएँ ।

२००७ सालको प्रजातन्त्रिक आन्दोलनको नाममा साम्प्रदायिक सदभाव भड्काउने गरी भएको गतिविधिको प्रभाव परेको थियो । मधेश आएका बखत ठूलो बुवा रामप्रसाद समेतले उक्त गतिविधिमा संलग्न पहाडबाट आएको १ जनालाई कुटपिट गरेको भन्ने कुरामा द्वेष राखी आफूलाई पहाड गएको बेला मार्ने भनी उक्त गतिविधिमा संलग्न व्यक्तिहरूले लखेटेको र करिव १ महिनाभन्दा बढी समय जङ्गलमा लुकी बसेको, खाना खान रातीको समयमा बुवाको मामाको माइली छोरी (दिदी) को घरमा आउने र खाना खाएपछि पुन जङ्गलतर्फ नै बस्ने गरेको, एक दिन सन्जोगले बाच्न सफल भएको र पछि मधेसनै फर्कि आएको । बुवाले खेतीबाट उत्पादित धान त्यस बखत भद्रपुरमा मारवाडीको मिलमा जम्मा गरी पछि गएर धानको दरभाउ तोकी केही रुपैया लिने गर्नुभएकोमा एक दिन आफै राँगा गाडामा धान लिएर गै, धान विक्री गरेको केही रकम लिएर आउँदै गर्दा झापा चैतुवाडीको जङ्गलमा आइपुगेपछि लुटेराहरूले घेरा हालेका र त्यसबाट बच्ने अरू उपाय नदेखि रांगालाई जोडले चावुक लगाइ गाडा छिटोछिटो कुदाई अगाडि बढाएको, त्यति बेलाका राँगा बलिया र जति पनि दौडन सक्ने हुँदा लुटेराहरूबाट बची आएको प्रसङ्ग सुनाउनु भएको थियो ।

बन्दुक चलाउन अति सौखिन भएको हुदा बन्दुक खरिद गरी राख्नुभएको थियो । बन्दुक चलाउने क्रममा भरुवा बन्दुक पड्काउँदा नाल फुटी बायाँ हातका चोर औंला गुमाउनु भएको । घोडा चड्न अति नै सौखिन भै घरमा रहर लाग्दा घोडा पाल्नुभएको थियो । पहाडमधेश आउनेजाने क्रममा घोडा साथै लाने लैजाने गर्नुभएको त्यसैगरी राम्रा दूधालु गुजराती जातका भैँसी पाल्न असाध्य चाहना गर्ने र ग्वाला (जसले भैँसीको वथान विक्रीको लागि लिएर हिड्थे) सँग खरिद गरी आँफैले स्याहारसंभार गर्न अग्रसर हुनुभएको । २०२८ सालको झापा आन्दोलनताका फरक विचार राख्ने जमिन्दार माथि आक्रमणको धम्कीका पर्चामा नाम समावेश भएको देखी त्रसित वातावरणको अनुभूति भैरहेकोमा एक दिन बेलुकीपख एउटा ट्रक बाटो बिराएर हामीहरूको टोलतर्फ आएकोमा आक्रमणकारीहरू आएको भन्ने ठानी बन्दुक लोड गरी फायर खोल्न लाग्नु भएकोमा हामीले रोकी सोधखोज गर्दा

धान लिन अर्को बस्तीमा गएको ट्रकले बाटो बिराएर आएको थाहा पाएपछि उक्त दुर्घटना हुनबाट रोकिएको हामीहरूले नै देखेको ।

## स्व. बुवाआमाको जीवनका आखिरी क्षण

स्व. बुवाआमाका आखिरी क्षण शारीरिक अस्वस्थताको कारण पीडादायी रहेका थिए । स्व. बुवाले पनि २०३७ साल पूर्व करिव १/२ वर्षको अवधिमा शारीरिक असक्तता महसुस गर्नुभएको रहेछ । कहिले बिराटनगरमा कहिले डा. शंकर उप्रेतीसँगै उपचार गराउनु भएको थियो । पछिल्लो समयमा छातिको समस्याका कारण खोकी लाग्ने ज्वरो आउने भइ बिस्तारै हिँडडुलमासमेत अवरोध भएको थियो । खाना खान मन नगर्ने, खानाको स्वाद नै छैन माटो खाए जस्तो हुन्छ भन्नुहुन्थ्यो । बुवा बिरामी भएको थाह पाएपछि म पनि नेपाल ल क्याम्पसमा स्नातक पढ्दै गरेका बखत क्याम्पसमा केही समय अनुपस्थित रही घर गएको थिएँ । बुवाको शारीरिक अवस्था सन्तोषजनक देखिन । उपचारको लागि अन्यत्र जाउँ भन्दा अब म बाँच्दिन होला घरछाडी अन्त नजाउँ भन्नुभयो र एउटा क्षण सुनाउनु भयो । रातको करिब ९ बजेतिर पिसाब फेर्न आगनमा झरेको बेला एउटा कालो मुसल जस्तो आकृतिसँग कुस्ती भएको र आफूलाई उक्त आकृतिले पछारेको भनी आत्मग्लानीका साथ सुनाउनुभयो । त्यस्ता कुरा वास्ता गर्नु हुँदैन भने तापनि बुवाको मनले हाम्रो भनाईलाई स्वीकार नगरेको महसुस भयो । त्यही ताका कान्छा बुवा गङ्गाप्रसाद र दाई गोपालसमेत बुवा बिरामी भएको थाह पाएर आउनु भएको थियो । कान्छा बुवाले दाजुको अनुहारको रूपरङ्ग बेलाबेला फेरिइ रहने देखिएको र सतर्क रहन सल्लाह दिनुभयो । त्यसको २/४ दिनपश्चात नै बुवालाई बिरामले च्यापेर ल्यायो । म औषधि लिन झापा शनिश्चरे डा. शंकरकोमा गइ आउँदा बोल्न सारै असजिलो भएको रहेछ । ल्याएको औषधिको खासै प्रभाव परेन । बुवा दिवगंत हुने समयमा म मात्र २५ वर्षको थिएँ । भाइबहिनीहरू सानै थिए कसैको विवाह भएको थिएन । साना भाइहरूको ब्रतबन्धको संस्कार पूरा गर्न पनि पाउनु भएको थिएन । सबै छोराछोरीको स्नेह र ममताले व्याकुल र पीडित भाव अव्यक्त नै रहेको थियो । छोराछोरी सानै छन् कसरी व्यवहार गरी खाने हुनभन्ने लागेको हुनुपर्छ । पछिल्लो बोलीमा मलाई अब यी भाइ बहिनीहरू तेरो जिम्मामा संरक्षणगर्नू भन्नुभयो । त्यो नै मसँगको बुवाको अन्तिम अभिव्यक्ति रह्यो । २०३७ साल पौष ६ गतेका दिन बिहान करीब ५:३० बजेको समयमा हामी सम्पूर्ण परिवारबाट बिदा भै परलोकवासी हुनुभयो ।

आमा हरिमाया करिब ६/७ वर्ष दमको बिरामी भै असक्त हुनुभयो । दमको रोगलाई औषधिले निको हुने गरी प्राभाव पार्न सकेन । आमा भाइबुहारी इन्द्र/पवित्रा कै सँग साथ र स्याहारसुसारमा रहनु भएको थियो । त्यसबखतसम्ममा मेरो, भाइहरू इन्द्र, सुवास र दुबैजना बहिनीको विवाह भैसकेको थियो । भाइ इन्द्रका छोरी बिनु, छोरा प्रविण, विपिन समेत साथै रहने हुँदा आमालाई सबैले आदर सम्मानकासाथ व्यवहार निर्वाह गरेका थिए । मेरी श्रीमती सरिताले पनि घरमा आएको बखत आमालाई स्याहारसुसार गर्ने र आदर सम्मानकासाथ खुसी दिलाउने अभिभारा निर्वाह गर्ने गरेकी थिइन । पछिल्लो समय आमा बिरामी भएको जानकारी पाइ म र मेरो श्रीमती सरिता, झापा कालीमुडा घरमा आएकोमा आमा निकै बिरामी हुनुहुँदो रहेछ । उपचारका लागि विराटनगर जान भन्दा मान्नु भएन । उहाँले पनि बुवाले जस्तै अब म बाँच्दिन होला घरबाट अन्यत्र नलैजानू भन्नुभयो । त्यस्तै गरी एउटा प्रसङ्ग पनि सुनाउनु भयो, आमा घरको माथि कोठामा सुत्नु भएको समयमा झ्यालबाट मुसल जस्तो आकृतिले चियाएर हेर्न आएको भन्नुभयो । त्यसपछि आमा डराउनु भएछ भनेर सधैँ उज्यालो नभएसम्म बत्ती बाली राख्ने गरेको थियो । दिवंगत हुनुभन्दा ३/४ दिन पहिले आमाको छेउमा बसी राखेकोमा अब म बाच्दिन दाजुभाइहरू कहिले झगडा नगर्नू भन्नुभयो । करिब त्यहि अभिव्यक्ति मेरो लागि अन्तिम उपदेशको रूपमा रह्यो । आमा २०५१ साल आषाढ २ गते हामीहरूलाई छाडी परलोकबासी हुनुभयो ।

## अन्तमा

आफ्ना असङ्ख्य पीडाहरू लुकाएर सम्पूर्ण परिवारको उन्नतिको चाहाना राख्ने, आफ्ना आँसु भित्रभित्रै पिएर सधैँ खुसीभाव देखाउने जीवित देवताको रूपमा पुजनीय स्व. बुवा आमाप्रति हामी सम्पूर्ण परिवारको तर्फबाट भावपूर्ण श्रद्घासुमन अर्पण गर्दछौँ । परिवारको उन्नति नै आफ्नो सन्तुष्टि ठान्ने ममताका प्रतिमूर्ती सबै आमाबुवाप्रति सबैले आदर र सम्मानभाव प्रकट गर्ने प्रतिज्ञा गरौँ ।

# स्मृतिको पानामा स्व. आमा चेतनादेवी ओली

**सज्जन (रविन) ओली (कान्छो छोरो)**



स्व. चेतनादेवी ओली

स्व. चेतनादेवी ओलीको जन्म २०१३ साल चैत्र २० गते ताप्लेजुङ जिल्लाको नाङ्खोल्याङमा स्व. पिता देवीप्रसाद उप्रेती र स्व. माता दिव्यखरा उप्रेतीको कोखवाट साहिँली छोरीको रूपमा भएको थियो । नाङ्खोल्याङको सुरम्य प्रकृति, तमोर र कावेली जस्ता निरन्तरवाहिनी हिमनदीको अलौकिक सभ्य साथै कञ्चनजङ्घा र कुम्भकर्ण हिमाल - को मनोरम परिदृश्य भएको सुन्दर प्रकृतिको काखमा अभावरहित बाल्यकाल बिताउँदै आमा हुर्कनु भएको थियो । उहाँले गाउँकै कालिका प्रा. वि. वाट ५ कक्षासम्मको पढाइ गर्नुभएको थियो । बाल्यकालदेखि नै पाक कलामा निपुण मेरी आमा औपचारिक अध्ययन कम भए पनि अत्यन्त चलाख र सुन्दर पनि हुनुहुन्थ्यो ।

२०३० साल असार २ गते तेह्रथुम आठराई छातेढुङ्गा वार्ड नं. ६ निवासी स्वर्गीय अविकेशर ओली र माता तुलसादेवी ओलीका जेष्ठ सुपुत्र मेरा पिताजी गणेश ओलीकासाथमा वैवाहिक बन्धनमा बाँधिएर हामी तीन भाइ छोराहरू ईश्वरकुमार, किशोरकुमार र सज्जन (रविन) ओलीलाई जन्म दिनुभएको थियो । उहाँ आफ्ना पतिलाई देवता, मन्दिर, पूजा र श्रद्धा ठान्नुहुन्थ्यो । आध्यात्मिक भावनाले ओतप्रोत उहाँ मृदुभाषी, मिलनसार र एक कुशल गृहिणी हुनुहुन्थ्यो अर्को शब्दमा भन्दा सफल अभिभावक र स्नेही, ममतामयी आमा हुनुहुन्थ्ये । हाम्रो परिवारलाई यो बिन्दुमा ल्याइपु-याउन आमाको विशिष्ट योगदान थियो अतिथि सत्कारलाई राम्रो बुझेकी आमा परिवारलाई हृदय खन्याएर माया गर्नुहुन्थ्यो । कुनै पनि काममा निपुण आमा चेतनादेवी धेरै जाँगरिलो र ज्यादै छिटी पनि हुनुहुन्थ्यो । मेरी जिजु हजुरआमा पद्मादेवी ओलीले समेत सबैभन्दा बढी मन पराएकी अब्बल बुहारी हुनुहुन्थ्यो ।

२०२० सालदेखि २०३६ सालसम्म आठराई होडामा, २०३६ सालदेखि २०५१ सालसम्म झापा गरामनी कोलाटोलीमा, २०५१ सालदेखि २०६६ सालसम्म विर्तामोड

न. पा. वार्ड नं. २ मा, २०६६ सालदेखि २०७४ सालसम्म काठमाडौँ र २०७४ सालदेखि २०७७ साल कार्तिक ३० गतेसम्म पुन विर्तामोड ३ को आफ्नै घरमा बसेर आफ्नो जीवनका ६४ वसन्त व्यतित गर्नु हुने मेरी आमाका जीवनका दुइटा पाटा रहे । एउटा पाटो आफ्नो परिवार ग्राहस्थ जीवन चलाउने र अर्को पाटो विभिन्न प्रकारका रोगसँग लड्दै औषधि उपचार गर्ने । उहाँ धेरै जसो कुनै न कुनै शारीरिक-मानसिक समस्याबाट आक्रान्त भईरहने हुँदा नेपाल-भारतका धेरै डाक्टर हरूबाट बुवाले उपचार गराई - रहनु भयो । परिवारको स्नेह, सद्भाव, उपचारकै कारण उहाँलाई ६४ वर्षको उमेरसम्म बचाउन सफल भइयो । लामो समयसम्मको निरन्तर औषधि सेवनले शरीरमा अनेकन जटिलताहरू थपिदै गएकै बेला, कोभिड-१९ को माहामारी तीव्र भएकै बेला आमालाई निमोनिया भएछ सोही निमोनियाका कारण २०७७ साल कार्तिक ३० गते लक्ष्मी पूजाको दिन सम्पूर्ण परिवारको साथमा आफ्नै निवासमा ब्रम्हलीन हुनुभयो ।

माइती परिवारमा पनि सूशील र प्रिय मानिने मेरी आमाको ४७ वर्ष लामो पारिवारिक जीवनका आरोहअवरोह, सुख-दुख, जीवनका अविष्मरणीय क्षणहरू जीवनपर्यन्त ताजा बनेर रही रहने छन् । उहाँको स्मृतिमा विर्तामोड ३ स्थित स्वरसम्राट नारायणगोपाल स्मृति प्रतिष्ठान मार्फत मंसिर १९ गते हुने नारायणगोपाल प्रतिष्ठानमा बर्षेनी रु. ५१०० नगद चेतना स्मृति उत्कृष्ट गृहिणी परिवारको थालनी गरिएको छ । यसको साथै मेरी दिदी स्वर्गीय नारायणी ओली पाठकको स्मृतिमा स्थापित नारायणी मेमोरियल फाउण्डेसनको छाता मुनि रहेर महेन्द्र रत्न मा. वि. मा अध्ययनरत एक जेहेन्दार, अनुशासित र गरिव विद्यार्थीलाई प्रदान गर्न छात्रवृत्ति कोषमा रु. १,५१०००/- नगद जम्मा भएको कुरा भन्न पाउँदा मलाई अत्यन्त हर्ष लागेको छ ।

अन्त्यमा निस्वार्थ ममताकी खानी हाम्री आमाको चीरशान्तिको कामना गर्दै दीलको गहिराईबाटै भावपूर्ण श्रद्धाञ्जलि व्यक्त गर्न चाहन्छु । आमाको सदा वैकुण्ठबास होस् । अलविदा आमा...

# मेरो स्मृतिमा पिताजी स्व. अविकेशर ओली र सानीमा अम्बिकादेवी ओली

गणेश ओली



स्व. अविकेशर/अम्बिकादेवी ओली

पिता स्व. डिठ्ठा नन्दलाल ओली र स्व. माता पद्मादेवी ओलीका कान्छो सुपुत्रको रूपमा मेरा पिता स्व. अविकेशर ओली – को जन्म आठराई छातेढुङ्गा होडामा वि. स. १९९४ साल भाद्र महिनामा भएको थियो । धेरै सन्तान्को मृत्युपछि बाँच्न सफल हुनु भएको मेरा पिता अविकेशर ओलीलाई बुवा आमाले अत्यन्त स्नेह र लाड प्यार दिएर हुर्काउनु भयो । घरको आर्थिक अवस्था पनि राम्रै भएकाले उहाँको बाल्यकाल सुखद रहेको थियो ।

उहाँले पण्डितसँग पनि गुरुकुलीय शिक्षा केही समय लिनु भएको थियो । त्यसैक्रममा उहाँमा ज्योतिष र धर्मशास्त्रको केही ज्ञानप्राप्त भएको थियो । बेलाबखत कसै कसैको चिना हेर्नु – हुन्थ्यो तर ज्योतिष विद्यालाई पेसाको रुपमा लिनु भएन । शिक्षा आर्जन कै क्रममा शारदा मा. वि. चुहानडाँडा, इलाम हाई स्कूल र काठमाडौँ दरबार हाई स्कुलमा समेत अध्ययन गर्नु भएको थियो । कपास जस्तै स्वच्छ मन, चरा जस्तै स्वच्छन्द, विनोदी स्वभाव भएको उहाँ स्पष्ट वक्ता र यथार्थवादी हुनुहुन्थ्यो । छलकपट, धोका, षड्यन्त्रको सहारा लिएर दुई पैसा आर्जन गर्ने धृष्टता उहाँले कहिल्यै गर्नु भएन । यो उहाँको आदर्श हाम्रो सम्पूर्ण परिवारमा प्रेरणाको रुपमा रहेको छ ।

घरको कुनै काम बुवाले कहिल्यै गर्नु भएन ! हेर्दा सुन्दर मुखाकृति र सुडौल शरीर भएका मेरा पिता अविकेशर ओली र “यावम जीवेत तावत सुखेत, ऋणम् कृत्वा घृतम् पिवेत’ को सिद्धान्त अनुशरण गर्नुहुन्थ्यो । मीठो खाने, राम्रो लाउने कुरामा कहिल्यै सम्झौता गर्नु भएन । घोडा चढन सौखिन मेरो पिता जी दुई पटक घोडावाट लडेर घाइते पनि हुनुभयो । उहाँ समवयस्क काकाहरू, भाइहरू, साथीभाइ र नाता सम्बन्धभित्र अत्यन्त प्रिय पनि मानिनुहुन्थ्यो ।

बुवाको पहिलो विवाह स्व. लक्ष्मीप्रसाद संग्रौला र स्व. विष्णुमाया सिटौला संग्रौलाकी साहिली सुपुत्री तुलसादेवी ओली (मेरी आमा) का साथमा सम्पन्न भयो । २०१४ सालतिर स्व. देवनारायण प्रसाईकी काहिली छोरीसँग दोश्रो विवाह भयो । कान्छी आमाबाट भाइवहिना नभए पनि मेरी आमा र बुवाको कोखबाट गणेश, ध्रुव दुई छोरा, स्व. नारायणी, नर्वदा, निर्मला, विन्दा, गौरा र सीता ६ छोरीसहित हामी ८ सन्तान्को जन्म दिएर हुर्काउने, बढाउने र सम्पूर्ण अभिभावकीय जिम्मेवारी उहाँले पूरा गर्नु भएको थियो । बुवाका १ दाजु (मेरो जेठो बुवा) देवी प्र. (दाताराम) ओली र १ दिदी धनमाया संग्रौला हुनुहुन्थ्यो । हास परिहास र रमाइलो उहाँको स्वभावगत कुरा थियो । राम्रा नानीहरूलाई मायाँ गर्न रुचाउनुहुन्थ्यो । कसैको विवाह गराएर जोडी बाँधिदिने कुरा उहाँको रुचि र सौखको विषय थियो ।

म शिशु कक्षामा पढ्दा बुवा सरस्वती प्रा. वि. मा शिक्षक हुनुहुन्थ्यो । गंगाप्रसाद ओली (मेरा वडाबुवा) काका सरोजकुमार ओली, श्रद्धेय गुरु दुर्गाप्रसाद चापागाई पनि त्यो समय त्यहीँ शिक्षक हुनुहुन्थ्यो । औपचारिक प्रमाण-पत्रधारी शिक्षक त्यो बेला दुलर्भ हुने परिवेशमा क्षमताकै आधारमा उहाँलाई काम गर्न भानियो होला यद्यपि, उहाँलाई तलवले खासै महत्व राख्दैनथ्यो । तात्कालीन पोखरी गाउँ पञ्चायत वार्ड नै ६ को वडा अध्यक्ष भएर पनि उहाँले छोटो समय काम गर्नु भयो र सरस्वती प्रा.वि. हाल नि.मा.वि. को संचालक समितिको अध्यक्ष भएर थप भवन निर्माणमा उहाँको महत्वपूर्ण योगदान रह्यो ।

वि.स. २०३४ सालसम्म तेह्रथुम आठराई होडा मै बसोवास गर्नु हुने मेरो पिताजी २०३४ सालदेखि आफ्नै पैतृक जमिन भएको हुनाले झापा गरामनी वार्ड न. ७ कोलाटोलीमा स्थायी बसोवास गर्नुभयो त्यहाँ रहदा उहाँको मुख्य व्यवसाय कृषि नै थियो । त्यही समय उहाँले विराटपोखर-भुतेनी बाँध पैनी, निर्माण गर्ने अध्यक्षको भूमिका निर्वाह गर्नुभयो जुन कार्यले उहाँलाई पछिसम्म सम्झाइरहने छ । राजनीतिमा उहाँ नेपाली काँग्रेसमा आवद्ध र सो पार्टीको हिमायती हुनुहुन्थ्यो ।

संसारका भौतिक वस्तुहरू नासवान छन् अनि जन्मे पछि मर्नैपर्ने प्रकृतिको अकाट्य नियम छ, मृत्यु साश्वत सत्य र अपरिहार्य हो । यो कटुसत्य अन्तरगत पिताजीलाई पनि नियतिले छाडेन । ४५ वर्षको उमेरदेखि मधुमेह, उच्च रक्तचापबाट आक्रान्त उहाँलाई जीवनको उत्तरार्धतिर नसाको रोग पनि थपियो । यसै कारण २०६६ साल कार्तिक २७ गते धरानको वी.पी. हस्पिटलमा उहाँ ब्रम्हलीन हुनु भयो । त्यो समय म र बहिनी निर्मला साथमा थियौं ।

अन्त्यमा पूज्य स्नेही पिताजीप्रति भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दै आत्माको चीरशान्तिको कामना दीलको गहिराइबाटै दिन चाहन्छु । अल विदा बुवा । बुवा बितेको  केही समय पछि सानीमा अम्बिका प्रसाई ओलीले केही समय एकल जीवन बिताउदै हुनुहुन्थ्यो कान्छो भाइ ध्रुव ओलीले उहाँको रेखदेख गरेका थिए । यत्तिकैमा सानिमालाई पनि क्यान्सर रोग लागेको थाहा भयो । काठमाडौँमा उपचार गराएपश्चात झापा आउनुभयो । झापा आएपछि सबै घर जग्गाजमिन बेची काठमाडौँमा रहेका बहिनीज्वाई इन्द्रप्रसाद ओलीकाहाँ बस्नुभई उपचार गराउँनुभयो । बहिनीज्वाई र छोरा नारायणले पनि उपचारमा सहयोग गर्नुभयो तर उपचार गर्दागर्दै उहाँलाई रोगले लगेरै छाड्यो । हामी नै उहाँका छोराछोरी थियौ । जहिले पनि गणेश आएछ के खाने भनेर सोध्नु हुन्थ्यो । बहिनी नारायणी लगायत अरु बहिनीसँग राम्रो प्रेम सदभाव थियो । सबैले सानिमा भनेर माया गर्थे, उनले पनि सबैलाई माया नै गर्थिन् । अग्लो शरीर गोलो अनुहार सेता दाँत भएकी ती सानिमाको अन्तिम दिन काडमाण्डौँमा नै बिते । उहाँको काठमाण्डौँमा स्वर्गारोहण भएको खबर पाउनसाथ म तुरुन्तै काठमाडौँ गई जेठा छोराको हैसियतमा ठूली बहिनी नारायणी पाठकको घर नजिकै टुडाँलदेवी मन्दिरको कक्षमा उहाँको काजक्रिया विधिपूर्वक सम्पन्न गरियो । उहाँको बैकुण्ठबास होस ।

# साधारण पिताश्री स्व. गङ्गाप्रसाद ओलीको असाधारण जीवनकथा

**विनोद ओली**



स्व. गङ्गाप्रसाद ओली

मानव यस अवनिमा अवतरण गरेर जिउनुमात्र जीवनको सार्थकता होइन । सार्थक जीवन त त्यो हो, जो आजीवन मानवीय कर्मले ओतप्रोत भएर मानवीय कर्मकै खातिर आफ्नो जीवन समर्पण गर्दछ । यस अर्थमा मेरा दिवंगत पिताश्रीको जीवनकाल सार्थकतापूर्ण नै रह्यो । हरेक आदर्श सन्तानको दृष्टिमा आफ्ना जीवनदाता नायक नै हुन्छन्, अपितु मेरा पिता गंगाप्रसाद ओली केवल सन्तानका मात्र नायक नभएर समाज तथा आफन्तको पनि नायक एवम् अभिभावक नै हुनुहुन्थ्यो । भनिन्छ, जिउनुको सार्थकता मान्छे कति बाँच्यो भन्दा पनि कसरी बाँच्यो भन्नेमा हुन्छ । यस हिसाबले मेरा पिता गंगाप्रसाद ओली 'छोटो जीवन' बाँच्नुभयो तर अर्थपूर्ण जीवन बाँच्नुभयो । उहाँ २००८ साल माघ १४ गते तेह्रथुमको आठराई पोखरी गाविस वडा नं. ६, कुमलटारमा जन्मनुभयो । उहाँका पिता अर्थात मेरा हजुरबुवा नरप्रसाद ओली (डिठ्ठा काइँला)का आठ सन्तानमध्ये उहाँ सातौँ सन्तान हुनुहुन्थ्यो । उहाँका दुई दाजुहरू क्रमशः कृष्णप्रसाद ओली र देवीप्रसाद ओली हुनुभयो । दिदीहरूमा क्रमशः राधिका सिवाकोटी, सावित्रा प्रसाईं, नर्वदा सुवेदी, गौरा चुँडाल र एकमात्र कान्छी बहिनी शान्ता संग्रौला हुनुहुन्थ्यो ।

२०२८ साल फागुन २७ गते शनिश्चरे झापामा विष्णुप्रसाद विमली र बसुन्धरा विमलीकी माइँली सुपुत्री लीला विमलीसँग विवाह बन्धनमा बाँधिनुभयो । हाल उहाँका दुई छोरा र एक छोरी छौँ । दुई छोरामध्ये जेठा गणेशकुमार ओली र कान्छा विनोद ओली छौँ । उहाँकी एक मात्र छोरी अनिता खरेल छिन्, जो दाम्पत्य जीवन बाँधिएर सुखद् जीवन बाँचिरहेकी छन् । उहाँका जेठा छोरा गणेशकुमार र बबितातर्फ एक नातिनी प्राग्ना ओली र नाति अमोघ ओली रहेका छन्, कान्छा छोरा विनोद र अनिता (वर्षा) तर्फ सोनल ओली र छोरी अनितातर्फ नातिनी अश्मि खरेल र नाति अनुज खरेल रहेका छन् । उहाँ डिठ्ठाको कान्छो सन्तान भएकाले

बाल्यकाल निकै सुखद् रह्यो । एक हिसाबले उहाँ पुल्पुलिनु भयो तर कहिल्यै पनि खराब संगतमा पर्नुभएन । उहाँले सधैँ आफ्ना दौँतरीहरू लभु सेढाईं, अनिरुद्र ओली, धर्मानन्द ओली, देवी ओली, लभु ओली, कृष्ण खवास, छत्रप्रसाद, रामकुमार कन्दङ्वा, विष्णु सिवाकोटी आदिलाई सम्फनुहुन्थ्यो । उहाँ मिलनसार र सहयोगी हुनुभएकाले दौँतरीमाफ प्रिय पनि हुनुहुन्थ्यो । उहाँको प्राथमिक शिक्षाको सुरुवात सरस्वती प्रावि होडाबाट भएको थियो, उहाँले त्यहाँ पाँच कक्षासम्म अध्ययन गर्नुभयो । यसपछि १० कक्षासम्मको अध्ययन पोखरी हाइस्कुलबाट गर्नुभयो ।

## पुर्खाको इतिहास

कहिलेकाहीँ बुवाले मलाई हाम्रा पुर्खाहरूका बारेमा सुनाउनुहुन्थ्यो । खासगरी रामचन्द्र ओलीको जीवनकथाले मलाई सधैँ आकर्षित गर्थ्यो । उहाँको कथा कुनै रोमाञ्चक र तिलस्मी कथाभन्दा कम थिएन । हृदयानन्द ओलीका चार सन्तानमध्ये रामचन्द्र जेठा हुनुहुन्थ्यो । वि.सं. १९०० मा रामचन्द्र जन्मनुअघि उहाँकी मृत माताले घाम कप्लक्कै निलेको सपना देख्नुभएछ । यो कुरा उहाँले पति हृदयानन्दलाई तत्काल सुनाउनुभयो । यस्तो सपना दुर्लभ हुन्छ । यो सुनेपछि हृदयानन्दले पत्नीलाई ओछ्यानबाट उठाएर मूल खाँबोमा बाँधिदिनुभयो र बिहान नहुञ्जेल जाग्राम बस्न लगाउनुभयो । राम्रो सपना देख्यो र पुनः निदायो भने त्यसको फल पाइँदैन भनेर हृदयानन्दले पत्नीलाई सुत्न दिनुभएन । भोलिपल्ट बिहानै शुद्ध बनाएर नुहाईधुवाई गरी घरप्रवेश गराउनुभयो । यसको केही समयपछि रामचन्द्र जन्मनु भएको थियो । तेह्रथुमको आठराईमा उहाँहरूको राम्रै व्यवस्था थियो । स्थानीय लिम्बू समुदायसँग उहाँहरूको उठबस राम्रो थियो र कतिपयले मित पनि लगाउनुभएको थियो । खेतीपाती त्यहाँको मूल जीविकास्रोत थियो तर रामचन्द्रलाई त्यसमा रत्ति मन लागेन । त्यसैले एक दिन उहाँ आफू घर  नबस्ने अठोट सुनाउनुभयो । उहाँकी आमाले घर छोडेर निस्कन लागेको छोरालाई खाजाको रुपमा मकै भुटेर दिन खोज्नुभयो । उहाँसँग बोक्ने केही साधन थिएन । हत्त न पत्त उहाँले लगाइरहेको टोपी थाप्नुभयो । जब भुटेको मकै टोपीमा पऱ्यो, ह्वार्र आगो बल्यो । मिथक के छ भने निकै दिनको यात्रापछि उहाँ सिक्किम पुग्नुभयो र त्यहाँका राजासँग संगतमा पुग्नुभयो । उहाँको लामो सङ्घर्षको कथा अलिखित नै छ तर भनिन्छ, त्यहाँ उहाँले राजकाजमा सघाउनुभयो । निकै समय राजाको सेवा टहल गरेपछि उहाँले जोगी गुफा क्षेत्रको मुख्तियारीसमेत पाउनु भयो । समय-समयमा दरबारमा रमाइलो गर्ने चलन थियो । जसमा जुवा मनोरञ्जनको प्रमुख माध्यम थियो । त्यसबखत

तत्कालीन राजाले रामचन्द्रलाई जुवा खेल्न आग्रह गरे । त्यस जुवामा उहाँले गहना गुरिया र अन्य धेरै कुरा जित्नुभयो ।

त्यसपछि उहाँ सम्पत्ति लिएर जन्मभूमि फर्कनुभयो । फर्कंदा भरिया लगाएर आउनु भएको थियो । उहाँसँग महँगा सामग्रीहरूका साथ केही थान हीरा, सुन, चाँदीहरू लिएर आएको अझै पनि बूढापाकाहरू सुनाउनुहुन्छ । उहाँ घरबाट निस्कँदा १२ वर्षको हुनुहुन्थ्यो । कसैले चाहिँ उहाँ नेपालबाट भारत पुगेपछि इस्टइन्डिया कम्पनीमा जागिर खाएको समेत सुनाउँछन् । उहाँ नेपाल फर्कंदा उमेरमा ३० कटिसक्नु भएको थियो । एउटा अपरिपक्व किशोर घरबाट निस्केर परिपक्व व्यक्ति बन्नु भएको थियो । त्यसमाथि उहाँले पर्याप्त धन सम्पत्ति कमाएर फर्कनु भएकाले उहाँको विवाहको कुरा चल्न थाल्यो । त्यसैले उहाँको चाँडै बिहे गरियो । उहाँका दुई सन्तान हरिप्रसाद र लक्ष्मीप्रसाद जन्मिनुभयो ।

सिक्किममा रहँदा रामचन्द्रलाई राजकाजको चस्का लागिसकेको थियो । त्यसैले उहाँ काठमाडौँमा नै केही काम पाइएला कि भनी निस्कनुभयो । जंगबहादुर राणाको दरबारमा भेटको संयोग जुर्‍यो । आफूले सिक्किममा छँदा गरेका कामहरूको फेहरिस्त व्याख्या गरिसकेपछि आफू पूर्वको बडाहाकिम हुन इच्छुक रहेको प्रस्ताव राख्नुभयो । शिकारकै बेला यसबारे निर्णय गर्ने जंगबहादुरले सुनाएपछि उहाँ पनि जंगको पछि लाग्नुभयो । शिकारकै क्रममा उहाँले गैँडाको खाग प्राप्त गर्नुभयो । त्यसैको खागबाट पितृतर्पण गर्नसमेत भ्याउनु भएको कथन छ ।

शिकारकै क्रममा जंगबहादुर राणाको निधन हुन पुग्यो । निधनअघि बडाहाकिम बनाउने वचन पनि लिनुभएको थियो तर सोही बखत जंगबहादुरको निधन भएकाले उहाँको सपना पूरा हुन पाएन । यसपछि उहाँ जंगको आश्वासन नयाँ प्रधानमन्त्री रणोद्दीपले पूरा गर्लान् कि भन्ने आशाका साथ भेट्न जानुभयो । शुरुमा त रणोद्दीपले उहाँका कुरा सुन्नै मानेनन् तर आफूलाई जंगले बडाहाकिम बनाइसकेकाले सोको निरन्तरताको जिरीह गरिरहनुभएपछि लप्टन पदसम्म दिनसक्ने भनी अन्तिम फैसला सुनाए । उहाँ लप्टनमा चित्त बुझाउने व्यक्ति हुनुहुन्थेन तर पाएको सफलतामा उहाँ दुःखी हुनु भएन । एक्कासि काठमाडौँ पुगेर राणाहरूलाई पनि प्रभाव पारेको कुरा उहाँका तेह्रथुमे प्रतिस्पर्धीहरूलाई मन परेको थिएन । त्यसैले उहाँमाथि अनेक आक्षेप लगाइयो । अचानक उहाँको देहान्त भयो । त्यसअघि नै उहाँले आफ्नो सारा घर व्यवहार पत्नीलाई सम्झाइसक्नु भएको थियो ।

रामचन्द्रले भविष्यको पुस्तासम्मका लागि सम्पत्तिको राम्रो बन्दोबस्त गरिसक्नु भएको थियो । त्यसैले लाउने-खाने समस्या थिएन । वि.सं. १९४२ मा निधन हुँदा उहाँका दुई छोराहरू हरिप्रसाद र लक्ष्मीप्रसाद क्रमशः पाँच र सात वर्षका थिए ।

कालान्तरमा लक्ष्मीप्रसाद डिट्ठाका रुपमा प्रख्यात हुनुभयो । उहाँका पाँच सन्तानमध्ये काइँलो नरप्रसाद ओली डिठ्ठा काइँलाका रुपमा प्रख्यात हुनुभयो । उनै नरप्रसादका कान्छा सन्तानका रुपमा मेरा बुवा गंगाप्रसाद जन्मनुभयो । सम्भवतः हाम्रा पुर्खा रामचन्द्र ज्यादै महत्त्वाकांक्षी हुनुहुन्थ्यो । त्यसैले उहाँको प्रगति पनि धेरै चाँडो भयो र अन्त्य पनि उत्तिकै चाँडो ! उहाँको चातुर्य, उहाँको व्यवस्थापन कौशल, प्रभाव पार्न सक्ने कलाले जीवनमा अझ बढी प्रगति गर्न सक्नुहुन्थ्यो होला । रामचन्द्रको जीवनको पाठ नै मेरा बुवामा गहिरो गरी भिजेको हुनुपर्छ कि पटक पटक उहाँले रामचन्द्र बुवाका बारेमा स्मरण गराइरहनुहुन्थ्यो, एउटा गर्वकासाथ र अर्को सचेतनाकासाथ । गर्व यस कारणले कि उहाँकै प्रसादस्वरुप हामीहरूले कहिल्यै पनि अरुको मुख ताक्नु परेन । सधैँ दिएरै पुग्यो । सचेतना यस कारणले कि, जीवनलाई सन्तुलित बाँच्नुपर्छ, बढ्ता महत्त्वाकांक्षाले फाइदाभन्दा बढी हानि पनि हुनसक्छ । धेरैका नजरमा आफ्ना पिता नायक नै हुन्छन् । मेरा पिता भने सरल हुनुहुन्थ्यो । सन्तानका लागि प्रेमिल हुनुहुन्थ्यो । अरुलाई केही गरुँ, केही दिऊँ भन्ने स्वाभाव थियो । तर सीमित आय र हुर्कंदा सन्तानका कारण उहाँले जीवनमा त्यस्तो ठूलो केही आँट्न सक्नु भएन । उहाँ जतिसक्दो चाँडो सन्तानहरू आफ्नो बाटो लागून् भन्ने किन चाहनुहुन्थ्यो भन्ने धेरै पछि मात्र मैले चाल पाएँ ।

## बसाइँ-सराइ

मेरा पिता गंगाप्रसादले २००८ देखि २०२८ सम्म कोशी अञ्चलको तेह्रथुम जिल्ला, आठराईस्थित छातेढुंगा गाविस होडा, कुमलटारमा बिताउनुभयो । २० वर्षे अवधिमा उहाँले पठनपाठन तथा दैनिकी सम्हाल्नु भयो । २०२८ सालमा भने उहाँ खेतिपाती सम्हाल्न झापाको कालीमुढा, सुरुङ्गा २ मा झर्नुभयो । त्यो बेलाको जीवनयापनको प्रमुख पेसा कृषि थियो । उहाँले सोही पेसा अँगाल्नुभयो । झापामै रहँदा उहाँका तीन सन्तान जन्मिए, पठनपाठनमा सक्रिय रहे र हुर्किए । यसै समयमा उहाँहरू तीन भाइका बीच अंशबण्डा भयो र उहाँको भाग लिएर महेन्द्र राजमार्गको उत्तरमा रहेको जामुनबारी, सुरुङ्गा १ झापामा बसोबास गर्न थाल्नु भई २० वर्षसम्म सक्रिय रुपमा उहाँले त्यही बिताउनु भयो । २०५८ सालमा छोराहरूको आग्रहमा बल्ल काठमाडौँमा बसोबास गर्न थाल्नुभएको थियो ।

## रोग र परमधाम प्राप्ति

'मेरा आफन्त झापामा नै छन्,' उहाँले बारम्बार भन्नुहुन्थ्यो । त्यसैले उहाँका लागि झापामा एउटा घर बनाउने निधो भयो । त्यहाँ घर बनाउनका लागि दाइ गणेशले सबै किसिमको सहजीकरण मिलाइदिनुभयो । मेरा पिताले जीवनमा पहिलो पटक घर बनाउने कुरामा चासो दिनु भएको थियो । सोहीअनुरुप दिनरात खट्नु पनि भयो । बुवाले जीवनमा कहिले पनि यसरी खटेर घर बनाउनु भएको थिएन । यही घरका लागि उहाँले सानासाना कुरामा ध्यान दिएर बलियो घर बनाउनुभयो ।

घर बनाउँदा–बनाउँदा नै बुवालाई रगत उल्टी भयो र बिर्तामोडको नीलकण्ठ क्लिनिकमा जँचाउन जानुभयो । त्यतिञ्जेलसम्म उहाँको रोगको गम्भीरता थाहा थिएन । घर बनाउँदाको धपेडीले यस्तो भएको हुनसक्छ वा ग्यासट्राइटिस बिग्रिएको पो हो कि भन्नुहुन्थ्यो ? क्लिनिक पुग्दा डा. दीपेन्द्रप्रकाश ओलीले निरीक्षण गर्नुभयो । बुवालाई आश्वस्त बनाउँदै घर फर्काएको रात नौ बजेतिर डा. दीपेन्द्रले मलाई फोन गर्नुभयो । उहाँको सुझाव थियो, 'बुवालाई क्यान्सरको छनक छ, बायोप्सीको रिजल्ट आउन १५ दिन लाग्छ, यता नअल्झनू । सिधै दिल्ली लैजानू । त्यहाँ चिनेका साथीसँग म कुरा गर्छु ।' दिल्लीमा पहिलोपटक एम्स हस्पिटलमा पुग्यौँ तर त्यहाँ उपचार निकै ढिलो हुने देखियो । त्यसपछि म्याक्स हस्पिटलमा पुग्यौँ । त्यहाँ बायोप्सी गरेको दुई दिनमै रिजल्ट आयो । जब क्यान्सर नै हो भन्ने निश्चित भएपछि हामीले बुवालाई क्यान्सर हस्पिटलमा नै उपचार किन नगर्ने भनेर राजीव गान्धी अस्पतालमा भर्ती गरायौँ ।

बुवाको क्यान्सर अन्तिम अवस्था रहेको त्यहीँ थाहा भयो । अब रोग उपचार हुने त कुरै छाडौँ, नियन्त्रणसमेत गर्न नसकिने अवस्था देखिएपछि अस्पताल बसाइको २२ औँ दिन घर फर्काउने निधो भयो । उहाँको जीवन लम्ब्याउनका लागि किमोथेरापी नेपालमा नै दिन सकिने भएपछि हामी फर्कियौँ । बुवाको अवस्था अन्तिम हो भन्ने हामीलाई थाहा भए पनि बुवालाई भने सो वास्तविकताबाट टाढै राख्यौँ । वास्तविकता थाहा नभएका कारण बुवाको सक्रियता पनि केही बढ्यो । डर थियो, कतै बुवालाई तुरुन्तै अप्ठेरो पर्ने हो कि ? अब हाम्रो ध्यान भनेको बुवालाई कसरी हुन्छ, बढीभन्दा बढी सहज बनाउनु नै रह्यो ।

इन्डोस्कोपी गर्दा बुवाको पेटमा केही घाउ थिए । त्यहाँ दुलो पारेर पेटभित्र औषधि छिराई उपचार गरेको भनेर हामीले बुवालाई भनेको हुनाले बुवाले पत्याउनु भयो ।

उपचार त हामीले गरेका थिएनौँ तर रोगको गम्भीरताबारे भने बुझेका थियौँ । बुवा भने उपचार गरेर आएकोमा विश्वस्त हुनु भएकाले पहिलेभन्दा उहाँ आत्मविश्वासी हुनु भएको थियो । बुवा ठम्ठमी हिँड्दा हामीलाई सधैँ गाह्रो हुन्थ्यो । कुन बेला बुवालाई क्यान्सरले अप्ठेरो पार्ने हो भन्ने डर लागिरहन्थ्यो । तर बुवा दिनदिनै गल्ने, उपचार नगरी हामी उहाँ गलेको हेर्ने भन्ने कुरा थिएन । सकेसम्म उहाँको आयु लम्ब्याउने नै हाम्रो ध्याउन्न हुन्थ्यो । त्यसपछि हामी ललितपुरको हरिसिद्धिस्थित नेपाल क्यान्सर अस्पतालमा एक वर्षजति किमोथेरापी गरायौँ । किमोको कोर्स सकिएपछि उहाँ झापा जानुभयो । यही बेला उहाँले घर बनाउने जोड गर्नुभएको थियो । प्रायः निराशाका बेलामा उहाँ आफू ६९ वर्ष पूरा गर्न सक्दिनँ भन्नुहुन्थ्यो । उहाँलाई निराशा नहोस् भन्ने हेतुले कहिल्यै एक्लै छाड्ने गरेका थिएनौँ । तर एक दिन बुवा हिँड्दै हरिसिद्धि अस्पताल पुग्नु भएछ । त्यसैबेला एक जना चिकित्सकले उहाँ आमाशयको शल्यक्रिया गऱ्यो भने पाँच वर्ष मज्जाले बाँच्नुहुन्छ भनिदियो । बुवा त्यसमा सहमत हुनुभयो । तर सो निर्णय हाम्रा लागि प्रत्युत्पादक बन्न पुग्यो । शल्यक्रियापछि बुवाको स्वास्थ्य झनै बिग्रियो ।

अप्रेसनपछि घाउमा इन्फेक्सन हुने र पानी जम्ने समस्या थपियो । सो समस्या समाधानका लागि डाक्टरले अर्को अप्रेसन गर्नुपर्ने सुझाए । दोस्रो अप्रेसनपछि पनि घाउमा इन्फेक्सन हुने र पानी जम्ने समस्या रोकिएन । घाउको दुखाई पनि पहिलेभन्दा सही नसक्नु हुन थाल्यो । दुखाइ कम गर्ने औषधि खाएपछि दुखाई केही बिसेक हुन्थ्यो तर त्यसको असर शरीरका अन्य भागमा नकारात्मक रुपमा फैलिन थाल्यो । यसरी बाँच्ने र बचाउने अनेक प्रयास गर्दागर्दै पनि उहाँले अन्ततः परमधाम प्राप्त गर्नुभयो । ४५ दिनको उहाँको अस्पताल बसाइको सङ्घर्ष सकियो ।

## पिता-पुत्र, पुत्र-पिता

मेरो पुस्तामा म अरुका बुवालाई देख्थेँ र मेरा पितालाई हेर्थें, फरक पाउँथे । अरुका बुवा बुवाजस्ता थिए । कम बोल्ने, आफ्ना कुरा लाद्ने, बेलामौकामा सन्तानलाई दुई चार थप्पड र लबटा लगाउने ! मेरा पिता उस्तो हुनुहुन्न थियो । उहाँले कहिल्यै हामी तीन सन्तानलाई हात लगाउनुभएन । बरु एउटा साथीजस्तो व्यवहार गर्नुभयो । उहाँ यति भद्र, शालीन, मृदुभाषी हुनुहुन्थ्यो कि म अरुको बुवा देख्दा कहिलेकाहीँ छक्क पर्थें, मेरा बुवा किन यति सरल, सरस र कोमल ! हुन त बुवा अलि ढिपी गर्ने, आफ्नो मनको मर्जीवाला हुनुहुन्थ्यो । तर एउटा पिताका रुपमा उहाँ असल पिता नै रहनुभयो । हामी स्कुलमा पढ्दा त्यो बेला खाजा खाने

चलन थिएन । अरुहरू घरबाट सिधासिधा स्कुल जान्थे र स्कुलबाट सिधासिधा घर फर्कन्थे । घरमा जे पाकेको छ, त्यो खान्थे । तर बुवाले हाम्रा लागि छेउमा एउटा पसलमा खाजाखाने व्यवस्था मिलाइदिनु भएको थियो । हामी टिफिनका बेला शानका साथ तीन जना नै समोसा तरकारी खान्थ्यौँ । बाल्यकालको त्यो सुविधा, अहिलेको पाँचतारे होटलको सुविधाभन्दा बढी हो ।

कतिपय अवस्थामा हामी हुर्किसकेपछि कतै जानुपर्ने अवस्थामा बुवालाई साथी लिएरसमेत जान सक्ने भयौँ । बच्चा बेलाको बुवाको डर पनि हराएर हामी साथीजस्तो हुन थालेका थियौँ । हाम्रो काम काठमाडौँमा मात्र नभएर उपत्यकाबाहिर पनि हुने भएकाले बाहिर जाँदा सधैँ कोही न कोही लिएर हिँड्ने बानी थियो मेरो । कहिले साथीभाइ, कहिले आफन्तसँग जानेआउनेक्रम भइरहन्थ्यो । पछिल्लो समय भने बुवालाई पनि यात्रामा लिएर जान थालेँ । उहाँ पनि मसँग यात्रामा जाने भनेपछि तयार भइहाल्नुहुन्थ्यो । त्यो बेला मलाई खानपिनको निकै सोख थियो । त्यसैले जब म झापा आउँदैछु भन्ने थाहा पाउनुहुन्थ्यो, उहाँले आमालाई ‘ल कान्छो आउँदैछ, कुखुरो काटेर ठीक पार्नू,’ भन्नुहुन्थ्यो । म बुवालाई धेरै सताउँथेँ । फोनमा अरुअरुको आवाज निकालेर उहाँलाई जिस्क्याउँथेँ । जब अरुको आवाज निकालेर जिस्क्यायो भन्ने थाहा पाउनु हुन्थ्यो, उहाँ मज्जाले हाँस्नु हुन्थ्यो । मेरा पितालाई त्यसरी सताउन रमाइलो लाग्थ्यो । उहाँले पनि नराम्रो मान्नु भएको थाहा पाइनँ । आफू हारेर सन्तान जिताउने बानी जो थियो ! ‘बुवा, मलाई सापटी दिनु न, पैसा चाहियो,’ बुवालाई जिस्क्याउँदै कहिलेकाहीँ म भन्थेँ । बुवाले भन्नुहुन्थ्यो, ‘तँलाई त सात वटा बैंककै पैसा दियो भने पनि पुग्दैन होला ।’ वास्तवमा उहाँले हामीलाई धेरै दिनुभयो, हामीले उहाँलाई दिन धेरै बाँकी थियो ।

बुवालाई क्यान्सर भइसकेको थाहा पाएपछि र दिल्लीबाट फर्किएपछिको ऋषि तर्पणी (बुवाको मुख हेर्ने पर्व) आउन लागेको बेला मैले बुवालाई भनेँ, ‘बुवा, मुख हेर्ने दिन आउँदैछ । तपाईंलाई के भइदिए हुन्थ्यो भन्ने लागेको छ ?’ ‘भोलि बजार लिएर जा, त्यहीँ भनूँला,’ बुवाले भन्नुभयो । बुवालाई बजार लैजानु त्यति सहज थिएन किनभने उहाँलाई दुईदुई घण्टामा खाना खुवाउनुपर्थ्यो । उहाँलाई भोक पनि चाँडै लाग्थ्यो । त्यसैले हामीले खाना प्याक गरेर न्युरोडका लागि निस्कियौँ । बाटोमा बुवालाई सहज बनाउँदै, जिस्क्याउँदै जाँदै थिएँ । न्युरोड पुगेपछि मैले भनेँ, ‘बुवा, अब त हामी बजार पनि आइपुग्यौँ, के किनौँ ?’ ‘छालाको चप्पल किन्दे, त्यै लगाउन मन छ,’ उहाँले भन्नुभयो ।

हिजो बुवाले त्यहीँ भनूँला भन्नु हुँदा राम्रै र महँगै चिज किन्न खोज्नु भएछ भन्ने लागेको थियो । त्यसका लागि म तयार थिएँ तर यतिबेला चप्पल भनिरहनु भएको थियो । बुवाको कुरा सुनेर म छक्क परेँ । सँगैमा मलाई लाग्यो– उहाँहरूको इच्छा कति साना–साना कुरामा अडिएका हुन्छन् । कति साना सपना र आवश्यकताहरू छन् भन्ने लाग्यो । न्युरोड पूरै घुम्दा पनि बुवालाई मनपर्ने छालाको राम्रो चप्पल फेला परेन । यसपछि अचानक पानी पऱ्यो । हामी यतिबेला लिबर्टीको सो रुम छेउ आइपुगेका थियौँ । म गाडीभित्र बसेँ, बुवा लिबर्टीको सो रुममा जानुभयो । म बुवालाई नियालिरहेको थिएँ । उहाँलाई त्यहाँ चप्पल भन्दा पनि जुत्ता मन परेको चाल पाएँ । बुवा निकैबेर अलमलिनु भएपछि म गाडीबाट निस्केर सो रुममा छिरेँ । बुवालाई जुत्ताको मूल्यले किनूँ कि नकिनूँ भन्ने दोधारमा पारेछ । उहाँले सोचेभन्दा जुत्ता महँगो थियो ।

'जुत्ता मन परेन बुवा ?' मैले भनेँ ।

'मन त परो तर अलि महँगो रहेछ !' उहाँले भन्नुभयो ।

मैले मूल्य हेरेँ । ७ हजार रुपैयाँ रहेछ । मैले हाँस्दै भनेँ, '७ हजार पनि महँगो हो र बुवा ? तपाईंको छोरो योभन्दा कति हो कति महँगो चिज लगाउँछ । तपाईंलाई मन पऱ्यो भने लिनू । पैसाको चिन्ता नगर्नू ।' सम्भवतः बुवाले जीवनमै महँगो लगाउने चिज यही किन्नु भएको हुँदो हो । जीवनभर हाम्रा लागि भनेर महँगो सोख पाल्नुभएन । जुत्ता उहाँलाई निकै मन परेछ क्यार, निकै खुसी देखिनुभयो । 'अब पार्टीमा लगाउँछु,' बुवाले खुसी हुँदै भन्नुभयो । उहाँले जुत्ता दराजभित्र राख्नुभयो । यसपछि उहाँलाई क्यान्सरले यति थलायो कि कयौँ पार्टीहरू आए तर त्यो जुत्ता लगाएर जाने दिन आएन । बुवाको देहान्तपछि एक दिन म यसै दराज खोतल्दै थिएँ, बुवाको प्याक गरिएको जुत्ता देखेँ । अहो ! यो जुत्ता नलगाइकनै उहाँले संसार त्याग्नुभयो ! मेरो मन भक्कानिएर आयो । जीवनमा हामी कयौँ चिजहरू साँचेर बस्छौँ तर त्यो पूरा नभई छाड्नुपर्ने दिन आउँदो रहेछ ! अहिले पनि जुत्ताको पल र प्रसंग सम्झँदा मेरा आँखा रसाएर आउँछन् ।

अभिभावकहरूका लागि साना कुराको महत्व कति धेरै हुँदोरहेछ भन्ने अर्को एक घटनाले पनि मलाई निकै दिनसम्म गम्भीर बनाएको थियो ।

एक पटकको कुरा हो, बुवा झापामा नै हुनुहुन्थ्यो । म र छोरी काठमाडौँबाट झापा गएका थियौँ । छोरीले त्यो बेलासम्म गाडी चलाउन थालिसकेकी थिई । झापामा

ऊ बुवालाई गाडीमा राखेर घुमाएको क्षण बुवाका आँखाबाट आँसु आए । 'मलाई नातिनीले गाडीमा हालेर घुमाई, मलाई स्वर्ग पुगेजस्तो भयो,' बुवाले सुनाउँदै हिँड्नुभयो । बुवाले सगुनस्वरुप नातिनीलाई केही रकम दिनुभयो । त्यो पैसा थिएन, बुवाको अटेसमटेस खुसी थियो । कति साना-साना कुराले मान्छेलाई छुँदोरहेछ भन्ने मैले त्यही बेला बुझेँ । उपचारकैक्रममा बुवालाई धेरै गाह्रो हुन थाल्यो । के सोचेर हो, बुवाले मलाई भन्नुभयो, 'आज मलाई एक लाख रुपैयाँ ल्याइदे है !' बुवाले त्यसरी मसँग कहिल्यै पैसा माग्नुभएको थिएन । बरु म उल्टै सापटसापट भनेर जिस्क्याउँथेँ । मैले किन भनेर सोधिनँ । बस्, हाम्रा लागि त उहाँको आदेश शिरोपर थियो । बेलुकी मैले बुवालाई भनेँ, 'बुवा, तपाईंले भनेको पैसा ल्याएको छु, के गरौँ ?'

उहाँले भन्नुभयो, 'आज तैँ राख, भोलि लिउँला ।' त्यसै रात उहाँलाई आइसियुमा लैजानुपर्‍यो । त्यो पैसा बुवाले किन माग्नु भएको थियो, केका लागि माग्नु भएको थियो, कसलाई दिन माग्नुभयो थाहा भएन । त्यो पैसा मैसँग रह्यो । अन्तिम समयमा उहाँको त्यो पैसालाई के गर्ने इच्छा थियो होला, पूरा गर्न पाइएन भन्ने कुराले मेरो मन भक्कानिने गर्छ । अस्पताल बसाइका ४५ दिनमा एक रात पनि बुवालाई मैले छाडिनँ । राति उहाँलाई पिसाबले च्याप्थ्यो र तुरुन्तै उहाँलाई रेस्टरुम लैजानु पर्थ्यो । नत्र उहाँको पिसाब रोकिँदैनथ्यो र ओछ्यानभरि फोहोर हुन्थ्यो । यस्तोमा पातलो निद्रा बोकेर रातभर बस्नुपर्ने हुन्थ्यो । उहाँप्रतिको समर्पण देखेर बुवाले एक दिन भन्नुभयो, 'बाबु, तैँले मेरा लागि यति गरिस् कि आजदेखि म तेरो छोरो र तँ मेरो बुवा बनिस् ।' बुवाको यो कुरा सुनेर म अवाक् भएँ । सबै छोराहरूले आफ्ना अभिभावकलाई गर्ने नै यही हो । गर्न सक्ने नै यति हो । उहाँले ती शब्द भन्दा मेरा आँखा रसाए ।

कोही मान्छे नशाले ग्रस्त हुँदा कस्तो हुन्छ ? त्यो मलाई थाहा छैन । त्यो थाहा नपाउँदा उसको शरीरमा कस्तो असर हुन्छ, त्यो पनि अनुमान लगाउन सक्तिनँ । भन्न खोजेको के हो भने मेरो बुवा दिनको एक बट्टा चुरोट खानुहुन्थ्यो । जब उहाँलाई क्यान्सर भयो र डाक्टरले चुरोट नखानू भन्ने सल्लाह दिए, त्यस दिनबाट उहाँले चुरोट खान छोड्नु भयो । जब उहाँ अस्पतालमा निकै अशक्त  भएर भर्ति हुनुभयो, निकै दिन उहाँले मन मार्नुभयो । केही दिनको अस्पताल बसाइपछि उहाँले मलाई भन्नुभयो, 'नानी, तँलाई एउटा कुरा भन्नुपर्‍यो । मान्दे है ?' मैले भनेँ, 'के कुरा ? भन्नु न ! मैले नमानेको के छ र अहिलेसम्म ?' उहाँले भन्नुभयो, 'त्यस्तो

धेरै पनि होइन । मलाई चुरोटको तलतल लाग्यो । आखिर खाए पनि मर्छु, नखाए पनि मर्छु । ल्याइदे न !' मैले बुवाको कुरा काट्न सकिनँ । 'ओहो, यो नशाको नशा कस्तो कडा हुँदोरहेछ !' मनमा लाग्यो ।

रोगले च्याप्दै जाँदा एक रात १२ बजे उहाँले मलाई भन्नुभयो, 'नानी, छोरा भएर गर्नुपर्ने यत्ति नै हो । अब मलाई कसैले पनि बचाउन सक्तैन । म अब वैशाख १९ को दिन मर्छु । म मरेपछि मलाई झापा लिएर जानू । त्यहाँ मलाई माया गर्ने मान्छे धेरै छन् । कति यहीँ मलाई हेर्न भनेर आए, कति आउन सकेनन् । एक चोटि उनीहरू मलाई हेर्न चाहलान् । मलाई वचन दे, उतै सत्गत् गर ।'

अनायासै बुवाको यस्तो कुरा सुन्दा मेरा आँखाबाट आँसु झरे ।

'बुवा, तपाईं यसमा सन्देह नै नगर्नू । म तपाईंलाई उतै लैजान्छु ।'

वैशाख १९ त होइन, २०७५ साल वैशाख २३ गते बिहान ४:३० बजे उहाँको स्वर्गवास भयो । जब हामी काठमाडौँबाट झापा पुग्यौँ, त्यहाँ हजारौँ मानिसको भीड देखेर बुवाले भन्ने गर्नु भएको माया गर्ने मान्छेको अर्थ बुझेँ । बुवाले त ती मनहरू कमाउनुभएको रहेछ । दशौँ हजारको मलामी देखेर मेरो दिमागमा आयो, अब मैले पनि आफ्नो प्राण झापामा नै त्याग्छु । त्यो वर्ष आमा जीवनकै एक्लो हुनुभयो । उहाँ झापामा हुनुहुन्थ्यो, हामी कामको सिलसिलामा काठमाडौँमा । आमाले न्यास्रो नमान्नुहोस् भनेर त्यो वर्ष १८ पटक झापा-काठमाडौँ आउजाउ गरेँ । अहिले पनि फुर्सद पाउनेबित्तिकै म झापा पुगिहाल्छु । झापा र बुवासँगको नाता अझ कसिलो बनाउन गएको सालदेखि मैले बुवाको नाउँमा अक्षय कोष बनाएको छु । सो कोषमार्फत दुई जना विद्यार्थीले अध्ययन गर्न थालेका छन् । मेरो इच्छा छ, बुवाका नाममा १० जना विद्यार्थीहरू पढून्, अघि बढून् । मलाई बुवाको नाममा पुराण लगाउनु भन्दा पनि सर्वसाधारणको हितमा नै प्रभावकारी काम गर्नु पुराण हो जस्तो लाग्छ । माहिलो ठूलो बुवा भाइलाई अर्थात् मेरा बुवालाई असाध्य माया र स्नेह गर्नुहुन्थ्यो । उहाँको त्यो प्रेम देखेर दाजुभाइको प्रेम त यस्तो पो हुनुपर्छ भन्ने लाग्छ । उहाँको स्नेह र प्रेम देख्दा मलाई डाहा लागेर आउँथ्यो । म हरेक दाजुभाइ देख्दा सोही स्तरको प्रेम होस् भन्ने कामना गर्ने गर्छु ।

बुवाको देहान्तपछि मेरो माहिलो बुवा बिर्तामोडस्थित घर जानै मान्नु भएन । 'मेरो भाइ छैन, ऊ बिनाको त्यो घर हेर्न पनि चाहन्नँ,' उहाँ भन्नुहुन्थ्यो । बुवाको निधनपछिका कयौँ दिनसम्म माइलो बुवा परिवारसँग झर्कोफर्को गर्नुहुन्थ्यो रे !

त्यसपछि त उहाँ बिरामी नै पर्नुभयो । 'भाइ मरिगो, म बाँचेर के गर्नु ? धीक्कार छ मलाई,' भनेर उहाँ दिक्दारी व्यक्त गर्नुहुन्थ्यो । बुवा बित्नु भएको १०० दिनमा नै उहाँको पनि निधन भयो । भातृत्वप्रेमको यो उदाहरण मैले देख्न पाएको थिइनँ ।

ठूलो बुवाको काम सकेर म र मेरो साथी प्रवीण हरिद्वार गयौँ र बुवाको नाममा पानी चढायौँ । हुन त म यस्ता कुरामा विश्वास गर्दिन थिएँ तर कतै मेरो अविश्वासका कारण उहाँहरूले पाउनुपर्ने मुक्ति अधुरो नहोस् भन्ने लाग्यो । मेरा बुवाको तीन जना दाजुभाइ हुनुहुन्थ्यो । उहाँबीच अत्यन्त प्रेम थियो, मेलमिलाप थियो । दाजुभाइमा भनाभन त हुन्थ्यो तर कहिल्यै पनि सम्बन्ध तिक्ततापूर्ण भएन । मनमा कुनै रिसराग राख्नु भएन । मेरो माहिला बुवाले मेरा बुवालाई अत्यन्त स्नेह र प्रेम गर्नुहुन्थ्यो । उहाँ आफैँ वृद्ध हुनुहुन्थ्यो तर झापाबाट काठमाडौँको अस्पतालमा रुँग्न आउनु भएको थियो । अन्तिम दिनसम्म पनि अस्पतालमा रुँग्न छाड्नु भएन । अस्पताल रुँगाइका दिनमा जेठी ठूली ममीको माया र सहयोग बिर्सिनसक्नुको भयो । मीना र सावित्रा दिदी मात्र होइन, पुष्प भान्जाको सहयोग पनि उत्तिकै रह्यो । भाइ अनुप र अभिन्न मित्र प्रवीण आचार्यले त ममाथि बाँचुञ्जेलको गुन लगाउनुभयो । त्यो गुन सम्भवतः म यो जुनीमा तिरेर तिरी सक्दिनँ । यस अवसरमा मेरा अभिन्न मित्र विक्रम सुब्बालाई मैले बिर्सन मिल्दैन ।

त्यो वर्ष हाम्रो परिवारमा देहावसानको लामोक्रम चल्यो । परिवारभित्रै ६ जनाभन्दा बढीको निधन भयो । बुवा, ठूलो बुवा, ठूली ममी, काकी, दाइ, काका... यस्तैयस्तै चोट परिरह्यो र यस्तो चोट कसैको घरमा पनि नपरोस् । भनिन्छ, बुवा बितेको वर्ष दशा लाग्छ । बुवाको यादले अति सताउँथ्यो र बेलाबेलामा म झापा गइरहन्थेँ । सोही क्रममा २०७५ पुस ५ का दिन म काठमाडौँबाट झापा जाँदै थिएँ । इटहरीभन्दा १० किमि वरै तित्रेवन भन्ने ठाउँमा मेरो गाडी तीन बल्ड्याङ खाएर सडकबाट तल खेतबारीसम्म पुग्यो । भगवान्‌को कृपाले कुनै ठूलो चोट लागेन । त्यो गाडीमा सासू आमा र भतिज आदित्य थियौँ । गाडी बनाउन ठूलो धनराशि खर्च हुन गयो । त्यो दुर्घटना देखेर यो गाडीमा कोही पनि बाँचेका छैनन् भन्ने उद्धारकर्ताहरूले सोचेका थिए । म बेहोस भइसकेको थिएँ । 'गाडीबाट लास निकाल' भन्ने शब्द मेरो कानमा परेपछि म झल्याँस्स भएँ । गाडीबाट हामीलाई निकाल्दा सयौँ मान्छेको हुल देखेँ । धन्न, ज्यान जोगियो ! मैले तत्काल दाइ रोहित प्रसाइँलाई फोन गरेर बोलाएँ ।

यो दुर्घटनामा मेरो ज्यान जोगिएपछि मान्छेको जीवनको कुनै भर हुने रहेनछ भन्ने अझ तीव्र बोध भएर आयो । मनमा लागेका र गर्न मन लागेका कुरा साँच्नु

हुँदैन रहेछ भन्ने अझ बुझेँ । कोभिड १९ र बन्दाबन्दीका कारण हामी सबैलाई प्रभावित पाऱ्यो । मेरो व्यवसायमा पनि नराम्रो धक्का लाग्यो । कयौँको ज्यान गयो । आफन्तको छत्रछायाँ गुम्यो । मेरै ठूलो बुवाकी छोरी नारायणी पाठक र काकाको छोरा मनोजको पनि देहान्त भयो । कोभिडले सोचेका कामहरू गर्न अझ दुई वर्ष पछाडि धकेल्यो । तर चाँडै नै बुवा र हजुरबुवाको नाममा केही गर्ने निधो गरेको छु ।

## समाजसेवी मन

बुवा कमलो मनको हुनुहुन्थ्यो । तर उहाँले जीवनमा आफूले चाहेको काम गर्न पाउनु भएन । उहाँको सम्पूर्ण ध्येय हामीलाई बनाउनुमा नै खर्चनु भयो । हाम्रो घरमा पूजापाठ धेरै हुन्थ्यो । अरुका घरहरूमा बेलामौकामा हुने पूजापाठ हामीकहाँ चाहिँ नियमित रुपमा भइरहन्थ्यो । बुवाले हरेक दसैँमा देवीहरूको पूजा मज्जाले गर्नुहुन्थ्यो । उहाँले बिहान नियमित रुपमा पूजापाठ नगरे पनि मन्त्रहरू कण्ठस्थ हुन्थे । उहाँ घरमा आउने पण्डितहरूसँगै मन्त्रोच्चारण गर्नु हुन्थ्यो । कसैको बिहे हुन लागेको छ भने उहाँले गणना गरेर जोडी मिल्छ कि मिल्दैन भन्ने ठ्याक्क भनिदिनुहुन्थ्यो । यद्यपि, यस किसिमको ज्ञानलाई उहाँले कहिले पनि सदुपयोग गर्नु भएन । उहाँ दुर्गाको भक्त हुनुहुन्थ्यो । त्यसैले झापाको दुर्गापुरस्थित दुर्गाको मन्दिर निर्माण समितिको अध्यक्ष हुनुभयो । त्यसको शिलान्याससमेत गराउनुभयो । त्यसका लागि दिनुपर्ने आर्थिक सहयोग पनि गर्नुभयो । यसैगरी हात्तिवनस्थित शिवजीको मूर्ति स्थापनामा उहाँको भूमिका पनि अग्रस्थानमा थियो ।

झापाकै बिर्तामोड ९ स्थित विराटपोखरमा अवस्थित वृद्धावृद्धाको स्याहारसुसार हुने स्थल विराटभारत विश्रान्तिका लागि पनि आर्थिक सहयोग गर्नुभयो । झापाको बिर्तामोड २, चारपानेमा अवस्थित श्री विवेकाश्रम रामनाम लेखी व्यासाचार्य किशोर गौतमको सहयोगमा मन्त्रहरू व्यवस्थित गर्ने काम गर्नुभयो ।

उहाँले जीवनभर कृषि तथा पशुपालन मात्र गर्नुभयो तर सामाजिक सेवा उहाँको रुचिको क्षेत्र थियो । जब उहाँले कृषि र पशुपालनबाट फुर्सद पाउनुहुन्थ्यो, विभिन्न धार्मिक तथा सामाजिक सेवामा काम गरिरहेका संस्था तथा आश्रमहरूलाई सक्दो आर्थिक तथा भौतिक सहयोग गरिहाल्नु हुन्थ्यो । मृत्युपछि प्रत्येक सन्तानले आफ्ना अभिभावकका बारेमा केही राम्रो काम गर्छु भन्ने सोच्छन् । हामीलाई पनि बुवा ज्युँदै हुँदा उहाँको समाजसेवी मनलाई सघाऔँ, केही गरौँ भन्ने नलागेको होइन तर समय छँदैछ भन्ने लागिरह्यो । उहाँ यो धर्तिमा छँदै केही गरेको भए बुवा कति खुसी

हुनुहुन्थ्यो होला भन्ने सधैँ खडकिरहन्छ । उहाँको त्यो खुसी हेर्न पाइएन । तापनि उहाँको समाजलाई दिने फराकिलो मन स्मरण गर्दै केही नगरी बस्न सकिएन ।

मेरो अभावसँग राम्रो सम्बन्ध छ । आजसम्म पनि अभावले मलाई छाडेको छैन । बाल्यकाल पनि अभावमा नै बित्यो । सङ्घर्षका बेला पनि अभाव नै थियो । एउटा कोठामा बस्दाको अभाव पनि भोगियो र अहिले आफ्नै घरमा बस्दाका बेला भोगिने अभाव पनि छँदैछ । शायद अभावको जस्तो प्रेम कसैले गर्ने हो भने के हुँदो होला... । पर्दा जति पनि खर्च गर्न सकिने, राम्रो कामका लागि भने एक पैसा नहुने यो के हो ? बुझ्न सकिनँ । शायद जीवन भनेकै यही हो कि ?

## जीवनसूत्र

बुवाको स्वाभाव कस्तो थियो भने, सत्य मानिसकेको कुरामा कसैले पनि जित्न सक्तैन्थ्यो । उहाँ जति अटल हुनुहुन्थ्यो, उत्ति नै प्रेमिल व्यक्तित्व हुनुहुन्थ्यो । आफ्नो जे छ, त्यसैमा रमाउनुहुन्थ्यो । अरुकोमा कहिल्यै उहाँले आँखा लगाउनु भएन । र, यी सबैका पछाडि उहाँमा भएको धार्मिक प्रवृत्तिले बढी भूमिका खेलेको थियो भन्ने लाग्छ । उहाँले सधैँ आफन्तलाई महत्व दिनुहुन्थ्यो । त्यसैले मलाई प्रत्येक पटक धार्मिक कार्यहरूमा, पारिवारिक समारोहमा सँगै लैजानुहुन्थ्यो ताकि आफन्त नबिर्सौं । सन्तानप्रति उहाँको कुनै ठूलो अपेक्षा थिएन तर पढून् र आफ्नो खुट्टामा उभियून् भन्ने चाह थियो । कहिलेकाहीँ दाइ, म र बुवा सँगै हिँड्दा तीन दाजुभाइ कता हिँडेको भनी घरगाउँमा जिस्क्याउँथे । उहाँ अभिभावक हुनुहुन्थ्यो तर व्यवहारले उहाँ साथी भइदिनु हुन्थ्यो ।

धेरै मानिसका महान् बुवा जन्मिए होलान् । तिनले देशमा ठूलो प्रभाव पारे होलान् । तिनले जिल्ला र आफ्नो क्षेत्रमा सधैँ सम्झिरहने व्यक्तित्व बनाए होलान् । मेरा बुवा धार्मिक प्रवृत्तिको एक साधारण व्यक्ति हुनुहुन्थ्यो तर उहाँको असाधारण प्रभावका कारण हामीलाई सधैँ महान् होइन, असल बन्ने प्रेरणा दिइरहनु भयो । भौतिकतामा होइन, मानवतामा बाँच्दाका फाइदा देखाइदिनु भयो । उहाँले हरेक तेस्रो वाक्यमा भन्नुहुन्थ्यो, 'हामीले लिएर जाने केही होइन !' सोच्थेँ– बुवाले के भन्नु भएको होला ? बुवाको देहान्तको यत्तिका वर्षपछि बल्ल थाहा पाएँ, वास्तवमा मानिसले लिएर होइन, छाडेर जाँदो रहेछ । सबैसबै थोक छाडेर जाँदो रहेछ । मानिसले त स्मृतिहरू छाड्दो रहेछ । यादहरू छाडेर जाँदोरहेछ । ती स्मृति र यादहरू मानिसले कमाएका अर्बौं भन्दा महत्वको हुँदोरहेछ । तिनले हामीलाई मार्गदर्शन गर्दारहेछन् ।

केही मानिसले आफ्ना सन्तानका लागि अर्बौं छाडेर जान्छन् तर त्यसले तिनलाई सही मार्ग देखाउँदैन रहेछ । अभिभावकले बाँच्ने जीवनशैली, आचार-व्यवहारले उचित मार्ग देखाउने रहेछ । अभिभावकले नसिकाएरै धेरै कुरा सिकाउँदा रहेछन् । मैले बुवाबाटै सिकेको हुँ, किन हिन्दु धर्मले मातापितालाई गुरु भन्छ भनेर । उहाँहरूले नसिकाएरै सिकाइसक्ने व्यवहार, नभनीकनै भनिसक्नु हुने वाणी, नदेखाइकनै गरिसक्नु हुने स्नेह र माया अद्भुत हुँदोरहेछ । फेरि पनि भन्छु, मेरा बुवा महान् दार्शनिक, राजनीतिज्ञ, ज्ञाता हुनुहुन्थेन तर उहाँ एउटा सुखपूर्ण जीवन बाँच्ने कला भएका व्यक्ति हुनुहुन्थ्यो । ठीकठीकैको आयस्ता भएको जीवन पनि सुख, शान्ति र अरुलाई बाँडेर पनि बाँच्न सम्भव रहेछ भनेर सिकाएर जानुभयो । हुन त उहाँ ६९ वर्षसम्म बाँच्नु भयो । एउटा औसत नेपालीको आयु बाँचेर जानु भयो । तर अझै पनि लाग्छ, उहाँ चाँडै जानुभयो । उहाँले भर्खरै मन खोलेर धार्मिक र सामाजिक कार्यहरू गर्न सक्ने परिवेश बनाउँदै हुनुहुन्थ्यो । उहाँ आफ्ना पुर्खाको नाम अझ चम्काउने धुनमा हुनुहुन्थ्यो तर उहाँको त्यो धुन अधुरै रह्यो । र, मलाई अझै पनि लाग्छ- यत्तिको र यस्तो मन भएको व्यक्ति पक्कै पनि राम्रै धाम प्राप्त गर्नुभएको छ ।

उहाँको जीवनबाट सिकेको शिक्षाले बताएको छ, जीवनमा मान्छे कमाउनु सबैभन्दा ठूलो कमाइ हो । बुवाको मलामी देख्दा हामीलाई पनि एउटा पाठ चाहिँ भएकै छ, मलामी कमाउनु ठूलो कुरा रहेछ ।

## कवि हृदयमा बुवा

डिट्ठाको उपाधि भूषित ती बुवा, नरप्रसाद ओली ।
अभिमान उनमा रत्ति थिएन, मृदु सुशील बोली ॥
उनै पिताश्रीका सुपुत्र बनेर, जन्म भो आठ सालमा ।
फाल्गुण चौध धरा अवतरण, गर्नुभयो थलमा ॥

झापाको सुरुङ्गा दुर्गापुर भूमि, बित्दै उर्वर दिन ।
दत्तचित्त मन लगाई कृषिमा, हुनुभयो तल्लिन ॥
स्वर्गीय विष्णुप्रसाद विमलीकी, माइली छोरीसँग ।
दाम्पत्य जीवन सुरुवात भयो, जुराएर लगन ॥

बुवा-आमाको कोखबाट हामी, जन्म तीन सन्तान ।
दुई सुपुत्र हौँ एउटी सुपुत्री, रक्षा गर्ने खान्दान ॥
बुवाको त असीम स्नेह आमाको, ममताको आँचल ।
हुर्कियौँ हामी समयको गतिमा, प्रगाढ स्नेह निश्चल ॥

जेष्ठ सुपुत्र गणेश, म विनोद, छोरी अनिता हुन ।
बुवाआमाका नयनमा बसेका, हामी हौँ तारा जून ॥
जन्मदाताको अगाध त्यो ममता, ढल्दै गए ती दिन ।
गर्थ्यौं विनय उनै ईशसँग, नटुटोस् एक् छिन ॥

खेल्दै रम्दै गयौँ हामी तीन सन्तान, चैतन्य शिक्षा पनि ।
अविष्मरणीय अप्राप्य ती दिन, पुग्दै सदीक्षा पनि ॥
आए गए कति हेमन्त, शिशिर, रङ्गीन शरद पनि ।
माता-पिताको आशीष यो शीरमा, साथै वरद पनि ॥

रिष्टपुष्ट तन सुललित मन, के नै शंका रोगको !
श्याम मेघ शिरमा मडारिइरहेको, संयोग नै योगको ॥
घर निर्माणको काम गर्दागर्दै, वान्ता भयो रगत ।
कुनै अनिष्ट या अप्रिय घटना, धसिएझैँ जगत ॥

बिर्तामोडका प्रख्यात चिकित्सक्, अस्पताल लगियो ।
परीक्षण सारा प्रविधि प्रयोग, शंका जटिल थियो ॥
डाक्टरको उत्तम सुझाव मान्दै, पुग्यौँ हामी भारत ।
हे प्रभो विधाता, हे कृष्ण हरि, साह्रै मन आहत ॥

दिल्लीमा पुगेर परीक्षण गर्दा, रोग पुष्टि भो क्यान्सर ।
आशाको दीपक निभेर जान्छ कि, उपाय नै के छ र ?
सम्भावित सबै औषधि गरियो, अन्तिम त्यो चरण ।
विज्ञानले केही उपाय देखेन, पर्यौँ हरि शरण ॥

हे छोरा तिमीले पूरा गरेका छौ, खुशी छ मेरो मन ।
एउटा कुरा भन्छु अन्तिम इच्छा, अन्तिम शब्द सुन ॥

मेरो मृत्युपश्चात लाश लिएर, झापामा नै सलामी ।
आर्जन गर्या छु मैले प्रियजन, जाने मर्दा मलामी ॥

यस्ता कुरा सुनेर भावबिह्वल, रोयो मेरो ह्रदय ।
दैव तेरो लीला बडो विचित्रको, कस्ले पायो विजय ?
सृष्टिको चक्रमा पाहुना बनेर, आयो यस भवमा ।
भौतिक बन्धन तोडेर एक् दिन, धुवाँ उड्छ नभमा ॥

वियोगको पीडा असह्य भएर, दुखेर मेरो मुटु ।
बुवाको छहारी ताप भयो अब, सम्झेर कुटुकुटु ॥
गरेँ विलाप पार्थिव शरीरको, छुँदै मैले चरण ।
हे प्रभु मायारुपी यो सृष्टिकर्ता, परेँ तिम्रै शरण ॥

छुटी गयो साथ टुटी गयो नाता, के गर्नु र रोएर ?
तीखो घाउ लाग्यो कोमल मनमा, जान्न अब धोएर ॥
पार्थिव शरीर झापामा पुर्याई, माता माई किनार ।
उर्लियो कयौँ जनसागर त्यहाँ, श्रद्धा गर्ने अपार ॥

बुवा जीवन् संग्राममा पराजित, चिता माथि विश्राम ।
श्रद्धासुमनले दिएँ दागबत्ति, गोलोक होस् आश्रम ॥
पञ्चतत्त्व द्वारा निर्मित त्यो तन, जली खरानी भयो ।
हेर्दाहेर्दै पवनको वेगसँग, धुँवा बनी बिलायो ॥

बुवाको पवित्र निःस्वार्थ ममता, याद बनी पोल्दछ ।
हराई मन अतितको बागमा, छाती मेरो जल्दछ ॥
कसरी वर्णन गरुँ म शब्दमा, शब्द मात्र लेख्दिनँ ।
हरपल नयनमा दृष्य तिनै, अन्य केही देख्दिनँ ॥

जीवनदाताको स्नेह छुटेपछि, पोल्छ साह्रै विगत ।
जीवनका उमङ्ग सँगै जान्छन्, फिक्का लाग्ने जगत ॥
लेखेँ अमर वियोगपूर्ण कथा, अतितको दर्पण ।
भक्तिभावले गरेँ हरेक शब्द, पिताजीमा अर्पण ॥

# स्मृतिमा आद्य पुर्खासहित स्वर्गीय बुवाआमा रविलाल–विष्णुमाया मैनाली

प्रा.डा. लक्ष्मीप्रसाद मैनाली
लीलाकुमारी चुडाल मैनाली

## मैनालीहरूको उत्पत्ति



स्व. विष्णुमाया मैनाली

हालसम्म भएको अध्ययन, अनुसन्धान, खोज र अन्वेषणलाई आधार मान्दा—भारतको हिमाञ्चल प्रदेशस्थित कुल्लु मनाली क्षेत्रमा भएको तत्कालिक भौगोलिक विपद, सन् १७२० मा तत्कालीन कुमाउँ राज्यमा चलेको गृह कलह, सन् १७४३ तिर अफगानहरूको आक्रमण र मुगल शासनको दवदबा असह्य हुँदा हाम्रा पुर्खाहरू सोही कालमा विस्थापित हुनेक्रममा कुमाउँको रानीखेत भन्दा १७ किलोमिटर पूर्वोत्तर "मनेला" भन्ने गाउँमा आएको र पशुपालन व्यवसाय गर्ने पूर्वज मैनालीहरूले चरन र घाँसको सुविधा खोजिकै क्रममा "मनेला"बाट फेरी १० किलोमिटर पूर्वस्थित "मैनोली" भन्ने ठाउँमा आएर बसोबास गरेकाहरू नै मैनाली भएका हुन् ।

त्यहीक्रममा कुल्लु "मनाली"बाट विस्थापित भई अल्मोडास्थित सेलाखोलाको "मनेला" गाउँमा आई एउटी सानी १० वर्षे बहिनीसहित दुई भाइ मैनाली जोशीहरूले पनि बसोबास गर्न थाले । ती मध्ये जेठो विश्वरुप नामका भाइले सेलाखोलाकै एक प्रतिष्ठित उपाध्याय थर ब्राहमणकी सन्तानमा एक मात्र छोरीसँग विवाह गरी ससुरालीको संरक्षकत्वमा बसे । त्यही समयमा बहिनीको निधन भयो । हाल भारतमा आएका मैनाली बन्धुहरू विश्वरुपकै सन्तान हुन् । मैनालीबाट हिंडेका अर्का भाइ काशी मैनाली जोशी थिए । उनी अध्ययनको सिलसिलमा काशी (वाराणसी) पुगे । यसबाट प्रष्ट हुन्छ कि "मैनाली" थरको उद्‌गम थलो (आदि थलो) भारत कुमाउँको रानीखेतमा अवस्थित "मैनोली" भन्ने स्थललाई नै मान्नु पर्ने देखिएको छ ।

## मैनालीहरूको गोत्र

गोत्रले आदिपुर्खा गोत्रप्रवर्तक ऋषिको नामलाई जनाउँछ । नेपाली मैनालीका उपमन्युगोत्रका प्रवर्तक आदिपुर्खा ऋषि उपमन्यु हुन् । उनै ऋषिको नामबाट

नेपाली मैनालीहरू उपमन्युगोत्रीय र त्रिप्रवरीय भएका हौं । भारतीय मैनालीहरू अङ्गीरसगोत्रीय र पञ्चप्रवरीय हुन् । जेठो भाइ विश्वरुप ससुरालीको संरक्षकत्वमा रहेको र ससुराली कै गोत्र राखेको हुनाले नेपाली मैनालीहरूको गोत्रसँग नमिलेको हुन सक्छ भनी अनुमान गर्न सकिन्छ । विश्वरुपको यो व्यवहारले पितृसत्तात्मक भन्दा मातृसत्तात्मक संस्कारलाई बढवा दिएको देखिन्छ । उपमन्युगोत्रीय (सगोत्रीय) अन्य बन्धुहरूमा दुवाल, दुलाल, भट्ट, ओली, बर्तौला, ढकाल, पाण्डे र जोशीहरू पर्दछन् । "जोशी" ज्योतिषी आदि व्यवसायगत उपाधि विशेषबाट बनेको थर हो भने "मैनाली" स्थलजन्य संज्ञाबाट बनेको थर हो ।

## आद्य पुर्खा काशी मैनाली जोशी

भारतको वाराणसीदेखि नेपालको भक्तपुरसम्मको लामो यात्राको दौरान आद्य पुर्खा काशी मैनाली जोशीले आत्मसुरक्षाका लागि एकातिर तरवार र अर्कोतिर शास्त्रको ठेली (ग्रन्थ) र आवश्यक लुगाफाटा बोकेका थिए । एक दिन गोधूलिमा वि.सं. १७५३-१७८७ सम्म शासनकाल रहेका भादगाउँका राजा भूपतीन्द्र मल्लले आफ्नो पटाङ्गिनीमा आएको अग्ला गोरा ब्राह्मण नवआगन्तुक देखेर संस्कृतमा सोध्दा ती ब्राह्मणले संस्कृतमै जवाफ दिए –"महाराज ! अहम् त्रिकालदर्शी" (महाराज म त्रिकालदर्शी (ज्योतिषी) हुँ) भन्दै राजासमक्ष आफ्नो नाम बताए । उहाँ हुनुहुन्थ्यो हाम्रा आद्य पुर्खा काशी मैनाली जोशी । त्यसैबेला भूपतीन्द्र मल्लको दरबारमा युवराधिराज रणजित मल्ल सिकिस्त बिरामी भएकोमा राजालाई छोराको निधन होला भन्ने साह्रै ठूलो चिन्ता थियो । राजवैद्यले विरामीलाई माया मारेको अवस्थामा काशी मैनाली जोशीले जन्म कुण्डली र ग्रहदशा हेरेर निष्कर्ष निकाल्नु भयो– युवराज रणजित मल्लको निधन हुँदैन, बरु राज्य थपिने छ । हुन पनि त्यही भयो । केही समयपछि युवराज स्वस्थ भए । कालान्तरमा पाटनका समकालीन राजा राज्यप्रकाश मल्लको त्यहाँका ६ जना प्रधानहरूले आँखा झिकिदिए पछि मृत्यु भयो । त्यो मृत्युपछि भादगाउँका राजा रणजित मल्ललाई प्रधानहरूले पाटनको पनि राजा बनाएका थिए । यस घट्नाले भक्तपुरको राज्य विस्तार हुने काशी मैनाली जोशीको भविष्यवाणीलाई सत्य सावित गरिदियो । यस प्रकारको घट्नाक्रमले उहाँको प्रभाव बढ्दै गयो ।

आद्य पुर्खा काशी मैनाली जोशीले भादगाउँका राजा भूपतीन्द्र मल्ललाई रिझाएवापत उहाँले काभ्रे जिल्लाको थुम तिमाल इलाकाको सेरोफेरोमा कानपुर लगायत सात ग्राम विर्तास्वरुप पाउनु भयो । त्यसबखत काभ्रेका यी इलाकाहरू भादगाउँ राज्य

अन्तर्गत पर्दथे । पशुचरण, जङ्गल, पाखा, बस्ती, खेती सबै कुराले भरिपूर्ण त्यो इलाका समेत त्यहाँ पर्ने महादेवस्थान, दाप्चा र वरवरका बेसी क्षेत्र आज पनि "काशीखण्ड बेसी" भनेर हाम्रा आद्य पुर्खा काशीको नामबाट चिनिन्छ । विर्ता मात्र होइन काशी जोशीले राजा भूपतीन्द्र मल्लबाट ठोसेको तामा खानीबाट २४ घण्टामा निकालिएको तामा चार सय धार्नी समेत पाई प्राप्त विर्ताभन्दा पश्चिमतिर फूलबारी भन्ने गाउँमा भाँडावर्तन बनाउन दिएको भन्ने किंवदन्ती पनि छ ।

## आद्य पुर्खा काशी मैनालीका छोराहरू

काशी मैनाली जोशीका तीन छोराहरू मध्ये जेठो द्वारिकानाथ, माहिलो नारायणप्रसाद (गंगाधर) र कान्छो गंगाराम थिए । माहिलो छोरा नारायणप्रसादको बाल्यकालमै निधन भएको थियो । जेठो छोरा द्वारिकानाथले आफ्नो बाबुसँग अंश बुझिलिई परिवारका साथ कुरुबास बसोबास गरेको पाइन्छ । कुरुबास र मधेश, पहाड, राजधानी लगायत विभिन्न क्षेत्रमा छरिएर रहेका द्वारिकानाथ लगायत अन्य बन्धुहरूले आफ्नो बसोबासको क्रममा कुलदेवी कालिकाको मन्दिर निर्माण गर्नुका साथै पोखरी लगायत मठमन्दिर सत्तलहरूसमेत कालक्रममा निर्माण गरे । यसै क्रममा द्वारिकानाथका सातौं पुस्ताकै लक्ष्मीनारायणले कुशेश्वर महादेव दुम्जाको मन्दिरमा सुनको मोलम्मा लगाइएको भव्य गजुर चढाई रुद्री गरेका थिए साथै मङ्गलटार कालढुङ्गामा सत्तल समेत बनाएका थिए ।

कान्छो छोरा गंगारामले पिता काशी मैनालीले विर्ताको रुपमा पाएको कानपुरलाई आफ्नो बसोबास थलो बनाएका थिए । गंगारामका चार छोराहरूमा जेठा गणपति, माहिलो गोबर्धन, साहिंलो विद्यापति र कान्छो गंगाधर थिए । यी चार भाइ छोराहरूको वंशको धार छुट्याउनेक्रममा हामी मैनालीहरू जेठा, माहिला, साहिंला र कान्छा खण्डे भनेर चिनिन्छौं ।

## कानपुरतर्फका माहिला खण्डको हाम्रो पुस्तावारी

कानपुरका माहिला गोबर्धन मैनालीका वंशलाई "माहिला खण्ड" भनिन्छ । काशी मैनाली जोशीका पालामा उहाँको निवासमा कुलदेवी माताको नित्य पूजाआजा हुँदै आएकोमा माहिला खण्डका बन्धु अर्थात् सातौं पुस्ताका पूर्वज श्री कृष्ण मैनालीले सोही स्थानमा वि.सं. १८६५ मा श्री कालिमाईको भव्य मन्दिर बनाउनुभयो । अर्कोतर्फ वि.सं. १९७३ सालमा कानपुरको तल्ला गाउँ निवासी साहिंला खण्डका बन्धु श्री तीर्थराज मैनाली र इन्द्रमाया मैनलालीबाट माथिल्लो पुरानो मन्दिरको

हुबहु अर्को मन्दिर तल्लो गाउँमा पनि स्थापना भयो । तीर्थराज मैनालीका सन्तान नभएका कारण कालिकामाईको मन्दिर निर्माण गर्नका लागि तीर्थराज र उहाँकी पत्नीको नाममा रहेको श्रीसम्पत्ति सबै निजहरूले कालिका गुठीमा समर्पण गर्नुभयो । कानपुरतर्फका माहिला खण्डको वंशधार अन्तर्गत हाम्रो पुस्तावारीलाई निम्नानुसार देखाइएको छः-

- पुस्ता १ का काशी मैनाली आद्य पुर्खाका छोरा कान्छा
- पुस्ता २-३ का गंगाराम मैनाली काशी मैनालीका छोरा कान्छा
- पुस्ता ३-२ का गोबर्धन मैनाली गंगाराम मैनालीका छोरा माहिला
- पुस्ता ४-१ का नैनानन्द मैनाली गोबर्धन मैनालीका छोरा जेठा
- पुस्ता ५-१ का धरणी मैनाली नैनानन्द मैनालीका छोरा जेठा
- पुस्ता ६-१ का हरिनन्द मैनाली धरणी मैनालीका छोरा १ भाइमात्र
- पुस्ता ७-२ का लक्ष्मण मैनाली हरिनन्द मैनालीका छोरा माहिला
- पुस्ता ८-१ का देवनारायण (देवु) मैनाली लक्ष्मण मैनालीका छोरा १ भाइमात्र
- पुस्ता ९-१ इन्द्रलाल मैनाली देवनारायण (देवु) मैनालीका छोरा जेठा

## पुस्ता ९-१ का इन्द्रलाल-सन्तमाया मैनालीको संक्षिप्त परिचय

पुस्ता ९-१ का इन्द्रलाल मैनाली जिल्ला दोलखाबाट तेह्रथुम जिल्लाको आठराई ईवा, गोलेगाउँमा जीवन निर्वाहको लागि जागिरको सिलसिलामा जानुभयो । त्यसबखत उहाँ अविवाहित हुनुहुन्थ्यो । तेह्रथुम जिल्लाको आठराई होडाका डिट्ठा खलक परिवारको ओलीको छोरी सन्तमायासँग उहाँको विवाह भयो । हजुरबुवा इन्द्रलाल मैनाली घमण्डी, अभिमानी, असजिलो र अप्ठेरो भएको हुनाले "घामड" भनिन्थ्यो भन्ने किंवदन्ती पनि छ ।

इन्द्रलाल र सन्तमाया मैनालीबाट पाँच भाइ छोराहरू जेठो काशीलाल, माहिलो ब्रह्मलाल, साहिंलो रविलाल, काहिंलो बलराम र कान्छो चित्राखरको जायजन्म भएको र चार बहिनी छोरीहरूमा जेठी अवछरा कडरिया, महिली धनमाया प्रसाईं, साहिंली मनमाया प्रसाईं र कान्छी विष्णुमाया भट्टराई हुनुहुथ्यो ।

## पुस्ता १०-३ का बुवा रविलाल र आमा विष्णुमाया मैनालीको जीवनगाथा

वि.सं. १९६१ सालमा जन्मनु भएका रविलाल मैनाली पुस्ता ९-१ का इन्द्रलाल मैनाली र सन्तमाया मैनालीको साहिंलो छोरा हुनुहुथ्यो । तेह्रथुम जिल्लाको कोयाखोलामा बस्ने चन्द्रलाल सेढाईंकी छोरी वि.सं. १९७५ फागुन महिनामा जन्मनु भएकी विष्णुमाया सेढाईंसँग रविलाल मैनाली विवाह बन्धनमा बाँधिनु भएको थियो। त्यतिखेर विष्णुमायाको उमेर १२ वर्षको थियो।

रविलाल र विष्णुमाया मैनालीबाट चार भाइ छोराहरू जेठो टीकाराम वि.सं. २००३ मा, माहिलो मोहनलाल वि.सं. २००५मा, साहिंलो धनपति वि.सं. २००९ मा र कान्छो लक्ष्मीप्रसाद वि.सं. २०१६ सालमा जन्मेका थिए भने तीन बहिनी छोरीहरूमा जेठी भगीरथा वि.सं. १९९८ मा, माहिली मैनादेवी वि.सं. २००० मा र कान्छी जमुनादेवी वि.सं. २०११ मा जन्मेका थिए।

जेठो छोरा टीकाराम मैनालीको मीना उप्रेतीसँग वि.सं. २०३१ मा विवाह भएकोमा निजहरूबाट दुई भाइ छोराहरू जेठो कुमार र कान्छो योगेन्द्र साथै दुई बहिनी छोरीहरूमा जेठी दुर्गादेवी र कान्छी सुशीलाको जायजन्म भएको थियो। कुमार मैनालीको बीनालक्ष्मी गजुरेलसँग विवाह भएकोमा निजहरूबाट दुई छोरीहरू जेठी रोज र कान्छी नोभाको जायजन्म भएको छ। कुमार मैनालीको परिवार अमेरिकामा छ । योगेन्द्र मैनालीको सुलोचना कोइरालासँग विवाह भएको छ ।दुर्गादेवी आफ्नी छोरी श्रीयादर्शनीसँग अमेरिकामा छन् । सुशीला अमृतबहादुर रोका क्षेत्रीसँग विवाहबन्धनमा बाँधिएकीमा निजहरूबाट अनुप्रिया नामकी एक छोरी र अभिनव नामको एक छोराको जायजन्म भएको छ । योगेन्द्र र सुशीलाको परिवार काठमाण्डौंमा छ।

माहिलो छोरा मोहनलाल मैनालीको धनरुपा (धामा) सिटौलासँग वि.सं. २०२६ सालमा विवाह भएकोमा निजहरूबाट तीन भाइ छोराहरू जेठो मात्रिका, माहिलो राजेन्द्रप्रसाद र कान्छो टंकप्रसाद साथै दुई बहिनी छोरीहरूमा जेठी तुलसा र कान्छी पूजाको जायजन्म भएको थियो। मात्रिका मैनालीको सुनिता पोखरेलसँग विवाह भएकोमा निजहरूबाट दुई भाइ छोराहरू मौसम र मौलिकको जायजन्म भएको छ। राजेन्द्र मैनालीको माया भट्टराईसँग विवाह भएकोमा निजहरूबाट एक भाइ छोरा रिदम र एक बहिनी छोरी रोमीको जायजन्म भएको छ। मात्रिका र

राजेन्द्रको परिवार झापाको दमकमा छ । टंकप्रसाद मैनालीको संगीता सेढाईंसँग विवाह भएकोमा निजहरूबाट एक बहिनी छोरी आरध्याको जायजन्म भएको छ । टंकप्रसादको परिवार ललितपुरको बागडोलमा छ । तुलसाको विवाह लयप्रसाद खरेलसँग भएकोमा निजहरूबाट तीन बहिनी छोरीहरू जेठी रेसिता, माहिली रियाना र कान्छी रितिसाको जायजन्म भएको छ । पूजाको विवाह रामप्रसाद लम्सालसँग भएकोमा निजहरूबाट एक भाइ छोरा आरम्भको जायजन्म भएको छ । तुलसाको परिवार झापा, दमकमा छ भने पूजाको परिवार कामको सिलसिलामा ललितपुरमा छ ।

साहिंलो छोरा धनपति मैनालीको तुलसा प्रसाईंसँग वि.सं. २०३२ मा विवाह भएकोमा निजहरूबाट तीन भाइ छोराहरू जेठो दीपक, माहिलो नवराज र कान्छो खेमप्रसाद (देवेन्द्र) को जायजन्म भएको थियो । दीपक मैनालीको मनिषा सिवाकोटीसँग विवाह भएकोमा निजहरूका दुई भाइ छोराहरू जेठो रिवेस र कान्छो रोनिसको जायजन्म भएको छ । दीपकको परिवार झापा सुरुङ्गामा छ । नवराज मैनालीको इन्दिरा उप्रेतीसँग विवाह भएकोमा निजहरूबाट दुई बहिनी छोरीहरू रुविसा र रितिज्ञाको जायजन्म भएको छ । नवराजको परिवार झापा सुरुङ्गामा छ । खेमप्रसाद (देवेन्द्र) मैनालीको मीरा थपलियासँग विवाह भएकोमा निजहरूबाट एक भाइ छोरा स्वयम् र एक बहिनी छोरी सान्वीको जायजन्म भएको छ ।

कान्छो छोरा लक्ष्मीप्रसाद मैनालीको लीलाकुमारी चुडालसँग मिति २०४६ जेठ ११ गते विवाह भएकोमा निजहरूबाट वि.सं. २०४९श्रावण ४ गते जुम्ल्याहा छोरी अनुष्ठा र अश्रुषाको जायजन्म भएको थियो । अनुष्ठाको काठमाडौं सिद्धार्थ बनस्थली निवासी अनुपम कुँवरसँग मिति २०७५ असार १६ गते विवाह भएकोमा हाल छोरीज्वाइँ नर्वेमा छन् । छोरी अनुष्ठाले Indian Institute of Public Health Gandhinagar (IIPHG), Gujarat, India बाट सन् २०१५-२०१७ मा Master in Public Health, Univeristy of Oslo (UiO), Norway बाट सन् २०२०-२०२२ मा MPhil in International Community Health को डिग्री हासिल गरी University of Oslo (UiO), Norway बाट "Study of Health Outcome after Trauma (SHOT Study) in Psychiatric Outpatients in Norway" विषयमा August 2022 देखि Ph.D. गर्दैछन् । ज्वाइँ अनुपम कुँवर University of Oslo बाट जनस्वास्थ्यमा एम.फिल. गरी अनुसन्धानात्मक कार्यमा संलग्न हुनुहुन्छ ।

अश्रुषाको फ्रान्सेली नागरिक Nicolas François Jean-Baptiste Pubill सँग मिति २०७८ असार ५ (2021 June 19) मा विवाह भएकोमा हाल नोकरीको सिलसिलमा ट्युनिसियामा छन् । अश्रुषाले अधिवक्ताको प्रमाणपत्र लिई उच्च अदालत बार एशोसियशन, पाटनबाट सदस्यता समेत लिएकी छन् । छोरी अश्रुषाले Global Campus of Human Rights (Thailand and Indonesia) बाट सन् २०१६-१७ मा Master in Human Rights and Democratisation in the Asia Pacific/ University of Lille, France बाट सन् २०२०-२०२१ मा Master in Political Science-Humanitarian Action को डिग्री प्राप्त गरी नेदरलैण्डस्को हेगमा Peace Building मा अनुसन्धान पनि गर्दैछन् ।

जेठी छोरी भगीरथा मैनालीको पुण्यप्रसाद प्रसाईं (धनकुटे)सँग विवाह भएकोमा निजहरूबाट छोराहरू जेठो तुलसी (तक्दिर), माहिलो मिलन र कान्छो लिलन साथै छोरीहरूमा जेठी अम्बिका र कान्छी मीनाको जायजन्म भएको थियो । तुलसी (तक्दिर) प्रसाईंको मञ्जु चुडालसँग विवाह भएकोमा निजहरूबाट तीन छोरीहरू जेठी कञ्चन, माहिली कामना र कान्छी कृतिकाको जायजन्म भएको थियो । कञ्चनको बिनोद संग्रौलासँग विवाह भएकोमा एक छोरी काव्यश्रीको जायजन्म भएको छ । कामनाको कसम राजभण्डरीसँग विवाह भएकोमा निजहरूबाट एक छोरा कृतज्ञको जायजन्म भएको छ । मिलन प्रसाईको कमु तामाङ्गसँग विवाह भएकोमा निजहरूबाट दुई छोरीहरू जेठी कमलाक्षी र कान्छी कामदाको जायजन्म भएको छ । लिलन प्रसाईको तुलसा दाहालसँग विवाह भएकोमा निजहरूबाट दुई छोरीहरू जेठी मनिषा र कान्छी मनुस्मृतिको जायजन्म भएको छ । अम्बिका प्रसाईंको शान्तिराम कँडरियासँग विवाह भएकोमा निजहरूबाट एक छोरी प्रकृति र एक छोरा केशवको जायजन्म भएकोमा नाबालक अवस्थामै केशवको निधन भयो । प्रकृति कँडरियाको नवीन रिजालसँग विवाह भएको छ । मीना प्रसाईंको परशुराम रिजालसँग विवाह भएकोमा निजहरूबाट एक छोरा रोजल र दुई छोरीहरू जेठी रेजिना र कान्छी रेखाको जायजन्म भएको छ । मीना प्रसाईं रिजालको निधन भैसकेको छ । रेजिना रिजालको रोसन भुजेलसँग विवाह भएकोमा निजहरूबाट जेठो प्रिन्स र कान्छो प्रशान्तको जायजन्म भएको छ ।

माहिली छोरी मैनादेवी मैनालीको रामप्रसाद सिटौलासँग विवाह भएकोमा निजहरूबाट एक छोरा यज्ञप्रसाद र एक छोरी तुलसीदेवीको जायजन्म भएको थियो । मैनादेवी मैनाली सिटौलाको वि.सं. २०३० मंसीर महिनामा ३० वर्षको उमेरमा इहलिला

समाप्त भयो । यज्ञप्रसाद सिटौलाको दुई छोराहरू जेठो सरोज र कान्छो मनोज साथै एक छोरी अस्मिताको जायजन्म भएको थियो । सरोज सिटौलाको विवाह अस्मिता खड्कासँग र मनोज सिटौलाको विवाह सुमित्रा बुढाथोकीसँग भएको छ । अस्मिता सिटौलाको विवाह लक्ष्मी दाहालसँग भएको छ । यज्ञप्रसाद सिटौलाकी श्रीमती इन्द्रमाया कोइराला हुनुहुन्छ । तुलसादेवी सिटौलाको श्याम सिवाकोटीसँग विवाह भएकोमा निजहरूबाट एक छोरा नारायण साथै दुई छोरीहरू जेठी कमला र कान्छी सृजनाको जायजन्म भएको थियो । श्याम सिवाकोटीको निधन भैसकेको छ । कमला सिवाकोटीको पोषराज धमला र सृजना सिवाकोटीको नवीन खड्कासँग विवाह भएको छ ।

कान्छी छोरी जमुनादेवी मैनालीको प्रेमप्रसाद कँडरियासँग विवाह भएकोमा निजहरूबाट दुई छोराहरू जेठा कृष्णप्रसाद र कान्छो सन्तोष साथै दुई छोरीहरू जेठी पवित्रा र कान्छी अस्मिताको जायजन्म भएको थियो । कृष्णप्रसाद कँडरियाको आइसा उप्रेतीसँग विवाह भएकोमा निजहरूबाट दुई छोराहरू जेठो असीम र कान्छो अग्रिमको जायजन्म भएको छ । सन्तोष कडरियाको कविता प्रसाईंसँग विवाह भएकोमा निजहरूबाट दुई छोराहरू जेठो रिवाज र कान्छो रिवानको जायजन्म भएको छ । पवित्रा कडरियाको दुर्गा उप्रेतीसँग विवाह भएकोमा निजहरूबाट एक छोरा ओमभक्तको जायजन्म भएको छ । अस्मिता कडरियाको दीपेन्द्र रिजालसँग विवाह भएको छ ।

बुवाआमा रविलाल-विष्णुमाया मैनालीको पेसा व्यवसाय कृषि थियो । उहाँहरू धर्म कर्ममा बढी लालायित हुनुहुन्थ्यो । समाजमा रहेका दीनदुःखीहरूप्रति परोपकार र सेवाको भावना राखी त्यसलाई कार्यरुपमा ढाल्नु हुन्थ्यो । सामान्य किसान परिवारका सदस्य हुनाले उहाँहरूको भेषभुषा र खानपान सामान्य नै थियो । दशौं पुस्ताका बुवाआमाको सन्तानहरू आजको दिनसम्ममा तेह्रौं पुस्तामा पुगेका छन् । उहाँहरू आज यस धर्तिमा नभए पनि उहाँहरूको आजसम्म जनाति जनातिनीसम्म भएका छन् भन्ने कुरा माथि उल्लिखित पुस्तावारी विवरणले स्पष्ट पार्दछ । उहाँहरूका सन्तानहरू आज अध्ययन, अनुसन्धान र रोजगारीको सिलसिलामा नेपालको विभिन्न स्थान लगायत विदेशमा नर्वे, फ्रान्स, ट्युनिसिया, नेदरलैण्ड, मंगोलिया, अमेरिका, क्यानडा, अष्ट्रेलिया,साउदी अरव लगायतको मुलुकहरूमा छरिएर रहेका छन् ।

मिति २०३० चैत्र महिनामा पहाड तेह्रथुम जिल्लाको आठराई ईवा-९, गोलेगाउँबाट बसाइसराइँको सिलसिलामा झापा जिल्लाको शिवगंज-५, लालपानीमा आई बसोबास गरेकोमा बुवाआमा रविलाल-विष्णुमाया मैनालीका छोराछोरीहरू झापाको भद्रपुर नगरपालिका, कनकाई नगरपालिका, दमक नगरपालिका, विर्तामोड नगरपालिका, मेची नगरपालिका, खुदुनावारी लगायतका स्थानहरूमा सम्मानजनक रुपले स्थायी बसोबास गरी जीवन निर्वाह गर्दै आइरहेको अवस्था छ । भद्रपुर नगरपालिका वार्ड नं. ०८, अस्पताल मार्गमा रविलाल-विष्णुमाया मैनालीको कान्छो छोरा वरिष्ठ अधिवक्ता प्रा.डा. लक्ष्मीप्रसाद मैनाली र बुहारी दुर्गा मा.वि., गरामनीको पूर्व शिक्षक लीलाकुमारी चुडाल मैनालीको स्थायी बसोबास भएपनि कान्छो छोरा लक्ष्मीप्रसाद मैनाली नेपाल सरकार, कानून आयोगको उपाध्यक्ष पदमा कार्यरत रहेको हुँदा हाल निजहरूको अस्थायी बासस्थान काठमाण्डौ महानगरपालिका वार्ड नं. ४, टुँडालदेवी मन्दिर चोकमा रहेको छ ।

बुवा रविलाल मैनाली धेरै वर्षसम्म दृष्टिविहीन भएर बाँच्नुभयो । वि.सं. २०२५ साल चैत्र १६ गते शनिबार सूर्योदयको सययमा आमा विष्णुमायाको अपार हेरविचार, रेखदेख र पालनपोषणको निरन्तरता हुँदाहुँदै बुवाको ६४ वर्षको उमेरमा जन्मथलो पहाड आठराईको ईवामै इहलिला समाप्त भयो । आमा विष्णुमाया मैनालीको मिति २०६० साल भदौ २८ गते स्वासप्रश्वास सम्बन्धी रोगको कारण स्थायी बसोबासस्थल शिवगञ्ज-५, लालपानीमा बेलुका सूर्यास्तको समयमा ८५ वर्षको उमेरमा इहलिला समाप्त भयो । निष्कर्षमा भन्नुपर्दा बुवाआमा सामाजिक, व्यवहारिक, धार्मिक, दयालु, हितकारी र परोपकारी हुनुहुन्थ्यो ।

## निष्कर्ष

सामाजिक, शैक्षिक, साहित्यिक एवम् स्वास्थ्य क्षेत्रमा सहयोग प्रदान गरी मानव अधिकार, महिला तथा बाल अधिकार प्रवर्द्धनमा योगदान गर्ने अभिष्टका साथ स्थापित गैरनाफामूलक जनहितकारी परोपकारी सामाजिक संस्थाको रुपमा कानूनी अस्तित्व प्राप्त गरेको नारायणी मेमोरियल फाउण्डेसन (Name Foundation) को मूल उद्देश्यहरू मध्ये अक्षयकोष स्थापना गरी प्रत्येक वर्ष उक्त अक्षयकोषको ब्याजबाट मूलतः सामाजिक सेवा अन्तर्गत सामुदायिक विद्यालयमा अध्ययनरत अनाथ, असहाय, अशक्त, मेधावी विद्यार्थीहरूलाई वार्षिक छात्रवृत्ति प्रदान गर्ने महत्वपूर्ण उद्देश्य रहेको हुनाले यस फाउण्डेसनको संस्थापक सदस्यता ग्रहण

गरी स्वर्गीय बुवा रविलाल मैनाली र स्वर्गीय आमा विष्णुमाया मैनालीको सम्मान र स्मृतिमा उहाँहरूको नाममा श्री पोखरी मा.वि., आठराई गा.पा. वार्ड नं. ५, तेह्रथुमका एक जना अनाथ, असहाय, अशक्त, मेधावी विद्यार्थीलाई वार्षिक छात्रवृत्ति प्रदान गर्न संस्थाको छात्रवृत्ति अक्षयकोषमा रु. १,५०,००० |– (अक्षररुपी एक लाख पचास हजार) शैक्षिक र सामाजिक सद्भावका साथ प्रदान गरेका छौं । संस्थाले छात्रवृत्ति अक्षयकोषको समुचित व्यवस्थापन गरी लक्षित वर्गको उच्चतम हितमा सेवा प्रदान गर्नेछ भन्ने पूर्ण विश्वास लिएका छौं । साथै संस्थाप्रति अटल भरोसा समेत राखेका छौं ।


नारायणी मेमोरियल फाउण्डेसनले आफ्नो प्रथम वार्षिकीको अवसरमा संस्थापक दाताको प्रियजनको जीवनगाथा झल्कने गरी स्मृतिमाला प्रकाशन गर्ने कार्यक्रम समेत राखेको हुँदा सोको लागि स्वर्गीय बुवाआमा रविलाल–विष्णुमाया मैनालीको जीवनगाथा झल्कन सकोस् भन्ने उद्देश्यबाट अभिप्रेरित भई यो संस्मरणात्मक लेख लेखेका छौं । संस्थाको अनुरोध अनुसार स्वर्गीय बुवाको फोटो नभएपनि स्वर्गीय आमाको मुखाकृति स्पष्ट देखिने ८ × १२ इञ्च साइजको Wooden Laminated फ्रेममा फोटो समेत पठाएका छौं । म लक्ष्मीप्रसादको कक्षा ६ सम्मको अध्ययन श्री पोखरी मा.वि.मा भएको र बुवाआमाको मप्रतिको अनवरत स्नेह, माया, ममता, संरक्षण, रेखदेख, हेरविचार, पालनपोषण, शिक्षादीक्षा र स्वास्थ्य उपचारसमेत भएको हुनाले आज यस स्थानमा पुग्न सफल भएको छ । तसर्थ श्री पोखरी मा.वि.मा अध्ययनरत अनाथ, असहाय, असक्त, मेधावी विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्न श्री पोखरी मा.वि. नै छनौट गरेका छौं । यसको लागि नारायणी मेमोरियल फाउण्डेसनप्रति विशेष आभार व्यक्त गर्न चाहन्छौं ।

स्रोतः मैनाली समाज सेवा संस्था, काठमाण्डौबाट प्रथम संस्करणको रुपमा वि.सं. २०६३ मा प्रकाशितमैनाली वंशावली ।

# स्वर्गीय आमा भागीरथा दाहाल र स्वर्गीय बुवा विष्णुलाल दाहाललाई सम्झिँदाका केही क्षणहरु

बरिष्ठ अधिवक्ता कुलप्रसाद दाहाल

## बुवा आमाको पारिवारिक जीवन



स्व. भागीरथा/विष्णुलाल दाहाल

बुवा रविलाल दाहाल र माता चन्द्रकला दाहालका एक मात्र छोरा स्वर्गीय विष्णुलाल दाहाल विक्रम सम्वत् १९६६ सालमा कोशी अञ्चल तेह्रथुम जिल्लाको इवा भदौरेमा जन्मनु भएको रहेछ। सामान्य मध्यम आकारको घर परिवार। साउँ अक्षर मात्र छिलोल्नु भएको बुवा १९८० र ८२ सालतिर झापाको बुधबारे र जिरायतमा बस्नु भएको र केही समयको अन्तरालपछि २००० सालतिर झापाको हल्दिबारी जलथल भन्ने ठाउमा आएर केही बाँझो रुख बिरुवा नभएको र बाँकी रुख बिरुवा भएको जग्गा फँडानीगरी ३० बिगाहा जग्गा पुऱ्याइ संथाल जातका मानिसहरू समेतको मद्दतले खेती गर्न सुरु गर्नु भएछ। स्वर्गीय बुवा विष्णुलाल आठराई ह्वाकु निवासी काशीनाथ पाठककी सुपुत्री चन्द्रा पाठकसँग विवाह बन्धनमा बाँधिनु भएको रहेछ। उहाँहरूतर्फका जेठा छोरा तुलसीराम र कान्छा छोरा (पछि महिला) बद्रीप्रसाद गरी २ जना छोराहरू र अम्बिका नाम गरेकी छोरीको जन्मपश्चात् हाम्री ममतामयी जेठी आमाको देहावसान भएछ। ३ जना ससाना सन्तानको पालनतालनका लागि बुवालाई मुस्किल भएकाले स्वर्गीय धनपति ओली र गङ्गादेवी ओलीकी जेठी छोरीको रुपमा १९९० सालमा आठराई टुँडिखेल गैराघरमा जन्मिएकी मेरी दिवङ्गत हुनु भएकी आमा भागीरथालाई आफ्नो जीवनसँगिनी बनाउनु भएछ जुन कुरा पनि रोचक रहेछ।

आमा भागीरथालाई माग्नका लागि भनी हाल स्वर्गवास भै सक्नु भएका तीन जना व्यक्तित्व धनपति सङ्ग्रौला, चन्द्रलाल दाहाल र विष्णुलाल दाहाल २०१० साल फागुनमा धनपति ओलीको घर टुँडिखेलमा आई गृहस्थी जीवनका कुराहरू गरी आमा भागीरथालाई विवाह बन्धनका कुरा गरी रातभरको छलफलबाट सहमति

जुटाएर धनपति ओली, गङ्गादेवी ओली, विष्णुप्रसाद ओली, समेतले बिहान एकैचोटि बुवा विष्णुलालसँग आमा भागीरथाको साँस्कृतिक र धार्मिक विधिविधानअनुसार सानो (त्यसताका कुम्ले भनिने) विवाह गरी दाम्पत्य जीवनको सुरुवात भएको कुरा मेरो जीवन यात्राका लेखक मेरा आदरणीय जेठा मामा विष्णुप्रसाद ओलीबाट जानकारी भएको हो । आमा भागीरथा र विष्णुलाल दाहालतर्फका पहिलो सन्तानका रुपमा कुन्ती नाम गरेकी छोरीको जन्म भएको रहेछ र ३ वर्षको उमेरमा नै देहावसान भएको कुरा म केही बुझ्न थाल्ने भएपछि आमाले भन्नु भएको थियो । म जन्मेको घर इवा भदौरेमा हालसम्म छँदैछ । सो घरको केही तल्तिर एउटा बूढो लडे नाम गरेको जङ्गलमा घाँस दाउराका लागि आमासँग जाँदा दिदी कुन्तीलाई समाधि गरेको ठाउमा गै आमा बसेर रुनुहुन्थ्यो र कुन्ती यहीँ छे भनी मलाई आमाका शोकका वेदना अभिव्यक्त गरी मनलाई हलुका बनाउनुहुन्थ्यो जुन कुरा म अहिले पनि झलझली सम्झिरहेको छु ।

## बुवाआमाको शिक्षा

उसवेला स्कुलको अभाव । आफ्ना घरमा पनि शिक्षित मानिस नभएको कारण बुवाले समान्य साउँ अक्षरसम्म चिनेका र मुस्किलले नामसम्म लेख्न सक्ने हुनुहुन्थ्यो । आमा बिलकुलै निरक्षर । तर दुबै जनाको स्मरण शक्ति चाहिँ अति नै तेज थियो । आमामा अरुले भनेको कुराहरू सुनेर नै कण्ठ बनाउने क्षमता थियो । आमाको स्वर पनि राम्रो र सुनेको भरमै धार्मिक कार्यक्रममा सरिक हुने र भजनकीर्तनमा आफ्नो स्वर दिइहाल्ने । केही सङ्कोच थिएन । पाहाडको ठाउमा मेलापात अर्मपर्ममा सरिक हुँदा असारे गीत सँगिनी तथा अन्य लोकगीतले अरुलाई मनोरञ्जन दिनैका लागि ठूलो बेठी लगाएर भएको रोपाइँको दिन आमन्त्रणा हुन्थ्यो र म पनि आमाको सारीको फेर समाती दोपरे खान सँगै जान्थेँ । नगएको दिनमा पनि आमाको पहेँलो पटुकाको फेरमा मलाई, बहिनी र भाइलाई एक फाँको भए पनि दोपरे ल्याउनु हुन्थ्यो । यसले आमाको छोराछोरीप्रतिको मायाको गहिराइ कस्तो हुन्थ्यो भन्ने कुरा प्रष्ट हुन्छ ।

म संझन्छु र स्तब्ध हुन्छु । बेलाबेलामा यु ट्युवमा आमाको रेकर्डेड छाया र बोली सुनेर चित बुझाउँछु । बुवाको पनि त्यस्तै स्मरणशक्ति । २०३० सालमा बुवाले हामी सबैलाई अंश दिने हुनुभयो । म १६ वर्षको केटाकेटी मलाई केही थाहा थिएन । भूमि प्रशासन भन्ने कार्यालय थियो । सोही कार्यालयबाट अंशबन्डा पास भयो । त्यसताका हाम्रो बुवाले मलेरियाको हिमाजल भन्ने औषधि सेवन गरी जङ्गल ढाडफाँड गरेर र केही जग्गा खरिद गरी ३६ बिगाहा जग्गाको ८०/९० वटा ससाना किता जग्गालाई

६ भाग लगाई सबैलाई नरमकरम तथा चाक्ला मिल्ने गरी चारपाटे रुमाल जस्तै जग्गा सबैलाई बाटो निकास पर्ने गरी बराबरी दिएको देख्दा हामी सबै दाजुभाइ लगायतका परिवार बुवाको स्मरणशक्ति तथा हामी दुबै गुणप्रतिको समानता तथा मायाबाट चकित भएका थियौँ ।

## पाहाडबाट बसाइँ सराइ

बुवा त पहिलादेखि नै झापा आउजाउ गरिरहने भएकाले बसाइको रुपमा पाहाडबाट तराई झापा आउनु भएन । आमा, म, बहिनी टीका, भाइ ईश्वरी तथा १२ वा १३ जना त्यस ताकाका भरिया दाइहरूसहित निश्चित गते याद रहेन तर २०२३ सालको मंसिरमा मेरो जन्म घरलाई तल्लाघर गोविन्द दाइ (काकाका छोरा) लाई छाडी हामी झापा प्रस्थान गऱ्यौँ । छाते ढुङ्गा, होडा हुँदै सिटौलाको साँघु तरेर माझिटार हुँदै शारन्ताको नाक नै छुने उकालो छिचोल्दै फिदिममा बास बस्यौँ । भोलिपल्ट लालिखर्कको बास । तेस्रो दिन सुके पोखरी देउराली डाँडा हुँदै रक्से भन्दा अलिक माथि बास बस्यौँ । एवम् रीतले साँखेजुङ्ग तोरीबारी हुँदै इलाममा आइपुगिएछ । हामीसँग आएका भरिया दाइले इलाम बजारमा उ मोटर गाडी त्यही हो भनी देखाए । पहिलोपटक हरियो रङ्गको मोटर गाडी देख्न पाइयो । सायद पहिलोपटक भएर होला मैले मोटरलाई सुम्सुम्याएँ । अगाडिका आँखा राम्ररी हेरेँ । क्रमशः हिँड्दै आई गोलाखर्क चिसापानी ज्यामद्वार सुखानीको जङ्गल तरेपछि जीवनमा पहिलोपटक होचो अग्लो नभएको सम्म परेको जग्गा देख्न पाइयो । साइकल देख्ने अवसर मिल्यो । यसरी अब के के हेर्न पाइने भो मधेसमा भनी मनमा अनगिन्ती कुरा खेल्दाखेल्दै सातौँ दिनको राती दस एघार बजेतिर गलेर लखतरान भई बुवाले खेती गर्ने ठाउँ हल्दिबारीको जलथलमा पुगेका थियौँ । यसरी मेरो जीवनको एक नयाँ अध्यायको सुरुवात भएको थियो ।

## बुवाआमाका सन्तानहरू

हाम्रा बुवाका २ जना श्रीमतीहरू (आमाहरू) को बारेमा माथि नै वर्णन गरिसकिएको छ । जेठी आमातर्फका सन्तानमा जेठा छोरा तुलसीराम माहिला बद्रीप्रसाद र दिदी अम्बिका  हुन् । दाजु तुलसीरामकी श्रीमती मेरी भाउजू तथा भतिजा भतिजी झापामा नै खेतीपाती गरी बसेका छन् । माहिला दाजु बद्रिप्रसादकी श्रीमती विमला दाहाल हुन् र निजका एक मात्र सन्तान मनोज दाहाल हुन् । उनले बेलायतमा उच्च शिक्षा हासिल गरे । तपना प्रसाईंसँग विवाह बन्धनमा बाँधिएर २ छोरासहित

२१ वर्षसम्म बेलायतमा नै बसी आफ्नै प्यारो देश नेपालमा स्थानान्तरण गरी बसोबास गरिरहेका छन् । ठुलीदिदी  अम्बिका शिवाकोटी हुन् । उनीबाट पनि प्रेम नाम गरेका एक जना भानिज जन्मिएका हुन् । निज भानिजका श्रीमती गंगा नातिनी अनुस्का र नाति अमित पनि क्यानाडामा १२ वर्ष जति बसी आफ्नै मातृभूमिको मायाले नेपाल फर्किएका छन् । मेरी आमा भागीरथा दाहालतर्फको जेठो छोरो म कुलप्रसाद हुँ । महिलो ईश्वरीप्रसाद र कान्छो लक्ष्मीप्रसाद हुन् । चेलीबेटीमा बहिनी टीका हुन् । मेरी श्रीमती कृष्णा र मबाट जन्मिएका ३ जना छोराछोरी मिनिता, नमिता र भीमेश हुन् । सबैले अमेरिकाको क्यालिफोर्नियाबाट मास्टरसम्म अध्ययन गरी वैवाहिक जीवनका साथ बिगत बीस बाइस वर्षदेखि उतै जीवन बिताइरहेका छन् । हाल निजहरूबाट जन्मिएका ५ जना मेरा प्यारा नाति नातिनाहरू छन् । महिला ईश्वरी र बुहारी सावित्राका ३ जना सन्तानको दुखान्त वियोग पछिका सन्तान एकमात्र सुरज हुन् । निज अस्मिता दवाडीका साथ विवाह बन्धनमा बाँधिएर मास्टर्ससम्मको अध्ययन गरी अमेरिकाको क्यालिफोर्नियामा नै श्रीमतीसहित जीवन बिताइरहेका छन् । कान्छा लक्ष्मी र रमातर्फका अस्मित र अस्मिता नाम गरेका २ जना छोरा छोरीहरूको जन्म भै हाल दुबै उच्च अध्ययन गरी अस्ट्रेलियामा छन् । यसरी हाम्रा बुवाआमाले देखाएको सत्कर्मको बाटोबाट प्राप्त फल नै हाम्रो परिवार हो भन्ने मलाई लाग्दछ । दिवङ्गत भएर पनि बुवाआमाले माया गरिरहेर होला हामी सबै परिवारहरू खुसी र सुखी नै छौँ । हाम्रा बुवाआमा धन्य हुनुहुन्छ । कोटी कोटी श्रद्धासुमन अर्पन्छु र सदासदा सम्झन्छु आमाबुवालाई !!!

## आमाको विदेश भ्रमण

मेरा दुबै छोरी नमिता र मिनिताको विवाह अमेरिकामा नै भएको हो । पहिला कान्छी छोरीको विवाहमा आमा जान सक्नुभएन । ठूली छोरी मिनिताको विवाहमा भने आमालाई लैजान सफल भइयो । बुवा २०३९ सालमा बित्नु भएकोले विदेश यात्राको कुरा रहेन । आमालाई अमेरिका लैजाने २ वटा उद्देश्य थिए मेरा । छोरीको विवाहको कन्यादानमा सरिक हुने र अमेरिका पनि देखाउने । सन् २००८ को जुनमा आमालाई लिएर हामी दुई समेत अमेरिका क्यालिफोर्नियामा छोरीको विवाहको लागि गयौँ । छोरी मिनिताको बिवाह डाक्टर रितेश पराजुलीसँग सम्पन्न गरी आमाले लस एन्जलस, सेनडियागो, हलिवुड लगायत केही महत्वपूर्ण ठाउँको भ्रमण अवलोकन गरी नेपाल फर्किनु भयो । अमेरिका भ्रमणका बारेमा बडो रोचक तरिकाले मिडियामा अन्तरवार्ता समेत दिनु भएको छ ।

## आमाबुवाको स्वर्गरोहणको प्रसङ्ग

२०३९ सालमा नेपाल ल क्याम्पसमा कानुन अध्ययनको अन्तिम चरणमा थिएँ म । बिना सूचना बुवा मलाई भेट्न भनी काठमाडौँ आउनु भएछ । पहिलोपटक आउनु भएको बुवालाई पुरानो बसपार्कमा बसले उतारिदिएछ । बुवा ल क्याम्पस र मेरो नाम भन्दै सोध्दै ल क्याम्पसतर्फ जाँदैगर्दा अचानक डाक्टर सुधाकर अनिल थपलियासँग भेटभै मेरो नाम र कलेज सोध्नु भएछ । डाक्टर थपलियासँग मेरो २०३३ सालमा राजविराजमा कानुन अध्ययन गर्दा चिनजान भएको थियो र उहाँकी धर्मपत्नी डा शान्ता थपलियाले मलाई पढाउनु भएकाले म परिचित थिएँ । बिचरा डा सुधाकरले मेरा बुवालाई रत्नपार्कबाट ल क्याम्पससम्म हिँड्दै ल्याई मेरा राजबिराजदेखिकै एउटै कोठामा बसेका सहृदयी अभिन्न मित्रहरू नरेन्द्र शिवाकोटी र नरेन्द्र पाठकजीलाई जिम्मा दिनु भएछ । उहाँहरूले बुवालाई लिएर हाम्रो कोठा ज्ञानेश्वरमा  आउनुभयो । दुई चार दिनको काठमाडौँको घुमफिरपछि बुवालाई जाहाजबाट झापा जाने इच्छा लागेछ र मलाई भन्नुभयो । कहिल्यै जाहाज नचढेका बुवालाई मैले पनि शाही नेपाल वायु सेवाको जाहाज चढाई बुवाको इच्छा पूरा गरिदिएँ । झापामा गएपछि बुवा आफ्नै काम व्यवहारमा लाग्दै जानुभयो । २०३९ साल बैसाख महिनाको २९ गतेका दिन आफ्ना पुराना इष्टमित्र आफन्त र ससुराली समेतसँग भेटघाट गरी फर्किने भनी घरबाट मेरी श्रीमती कृष्णासँग बिदा मागेर जानुभएछ । मेरो मावल घर, र रामकृष्ण संग्रौला समेतका धेरै इष्टमित्रहरूसँग भेट गरी चारपानेबाट हिँड्दै फर्कने क्रममा मेरो जलथलमा त्यस बेलामा अवस्थित घर नजिकै रामप्रसाद शिवाकोटीको घरमा आइपुगेपछि बुवालाई गलेको अनुभूति भै म एक छिन आराम गर्छु भन्नु भएछ । रामप्रसाद शिवाकोटीकी श्रीमती नाताले मेरी माइजु पर्नेले बडो आदरका साथ डोरीको खाटमा आराम गर्न भन्नु भएछ र बुवा सोही डोरीको खाटमा आराम गर्न सुत्नु भएपछि कहिल्यै नफर्कने गरी २०३९ साल बैसाख ३१ गते शुक्रवारका दिन चीरनिद्रामा तत्काल जानुभएछ । मैले काठमाडौँको विमानस्थलबाट बुवालाई बिदा गरेपछि बुवाको पार्थीव शरीरसमेत भेट्न सकिनँ । बुवाले हामी २ पट्टिकै परिवारलाई देखाएको बराबरी माया तथा सम्पत्तिको समानुपातिक वितरण र उहाँका सत्कर्मलाई सदासर्वदा नमन छ । दिवङ्गत डा.थपलिया जोडीलाई पनि सधैँ म सम्झिरहन्छु ।

आमा झापाको बसाइपछि कान्छो भाइ लक्ष्मीसँग काठमाडौँको सिटी सेन्टरमा रमाइलो गरी स्वतन्त्र रुपबाट धार्मिक तथा सामाजिक कार्यमा संलग्न भै रमाइरमाई बस्नु भएको थियो । दैनिक स्नान गरी पूजाआजा गर्नु वाहाँको नित्य कर्म थियो ।

२०७७ साल असौज ४ गते आइतबारका दिन बिहान आफैँ नुहाइधुवाइ खाना खाइसकेपछि मलाई अलिक ग्यास्टिक जस्तो भै पेट दुखेजस्तो भयो भनी भाइ तथा बुहारीलाई भन्नु भएछ । भाइले तुरुन्तै काठमाडौँ मोडल अस्पतालमा लगी सबै चेकजाँच गराउँदा आमालाई १ दिन अगावै स्ट्रोक भै सकी मुटुले काम गर्न नसकी १० प्रतिशत मात्र काम गरिरहेको भन्ने जानकारी भएपछि पुनः भाइ बुहारीले तुरुन्तै उपचारका लागि गङ्गालाल अस्पताल लगेर उपचारका क्रममा सबै डाक्टर हरूको प्रयास, शरीरभरी औजारहरू हुँदाहुँदै पनि झापामा रहेको मसँग आमाले भिडिओमा कुरा गरिरहनु भयो । आमाको बोली सुन्दा आमालाई केही भएकै छैन जस्तो लाग्थ्यो । उपचारको क्रम चलिरहेको छ । मुटुको गति खस्कँदो छ । वरिपरि छोरा बुहारी आफन्तका बीचमा बोलचाल गर्दागर्दै आमा सधैँको लागि चीर निद्रामा जानुभयो । देशविदेश सबै परिवार तथा आफन्तमा कोलाहल छायो । तर प्रकृतिको विधि नियमअनुसार गरेको फैसलालाई केले रोक्ने र ! हामीबीचमा केवल सन्नाटा रोदन आँसु र बरबराहट मात्र रहे । आमाबुवालाई सम्झेर यो लेख कोर्दाकोर्दै पनि म भावावेशमा छु । स्वर्गीय आमाबुवालाई फेरि पनि पुष्प गुच्छाका साथ श्रद्धाञ्जलि अर्पण गर्दछु ।

धन्य हुनुहुन्छ हाम्रा आमा तथा बुवा । हो हाम्रो संस्कृति परम्परा धर्म आदिले दिवङ्गत परिवारलाई सम्झने धेरै उपायाहरू दिएका छन् । ती व्यक्तिगतमात्र हुन्छन् भने परोपकारी तथा सामाजिक कार्यबाट दिवङ्गत आत्माहरू जीवितै रहिरहन्छन् र अन्य धेरैलाई प्रेरणा हुन सक्छ भन्ने मेरो ठम्याइ छ । आमाबुवाका बारेमा त अन्य कैयौँ कुराहरू लेख्न मन लाग्दालाग्दै पनि धेरै लामो हुने डरले यो संक्षिप्त लेखलाई यहीँ अन्त्य गर्दछु । यो लेख आमाबुवालाई नै समर्पण गर्दछु । अस्तु ।

अन्त्यमा मेरा अनन्य मित्र नरेन्द्रप्रसाद पाठककी श्रीमती स्वर्गीय नारायणी पाठकका नाममा रहेको नारायणी मेमोरियल फाउन्डेसनका बारेमा मलाई जानकारी दिई दिवङ्गत नारायणी तथा मेरा आमाबुवालाई पनि जीवितै राख्ने परोपकारी सामाजिक कार्यमा संलग्न हुने सल्लाह दिनुभएकोमा मित्र नरेन्द्रजीप्रति कृतज्ञ छु । २०२२ सालसम्म मैले जुन स्कुलबाट माटो छिन्किएर बाँसको ढुँङ्गोमा माटो र काठको सानो पाटी बोकी भानु स्कुल गै माटोसहितको पाटीमा क ख सिकेँ सोही स्कुलका गरिब असहाय जेहेन्दार सबै जातजातिका ससाना भाइबहिनीहरूलाई केही भए पनि सहयोग पुगोस् भनी छात्रवृत्ति राखेको छु । भानु आधारभूत विद्यालय तेह्रथुम आठराई इवा भदौरेको सदासर्वदा उन्नति हुँदै जाओस् । विद्यालय परिवारलाई मेरो शुभकामना ।

# सम्झनामा स्व. बुवा विष्णुप्रसाद पाठक

छोरा-भीमराज पाठक
बुहारी-तुलसादेवी पाठक

## बाल्यकाल


स्व. विष्णुप्रसाद पाठक

तेह्रथुम जिल्लाको आठराई क्षेत्र स्थित तत्कालीन ईवा गाविस वडा नं-९ (हाल आठराई गाउँपालिका वडा नं-४) मा स्वर्गीय डिल्लीराम पाठक र स्वर्गीय सुभ्रदा पाठकका ३ छोरा मध्ये कान्छा सुपुत्रका रुपमा वि.सं. १९९७ साल बैशाख १० गते विष्णुप्रसाद पाठकको जन्म भएको थियो । मध्यम परिवारमा जन्मिएका विष्णुप्रसाद पाठक २ वर्षमै पिताको काख गुमाएर पिताविहीन हुनु भएको थियो । संयुक्त परिवारमा हुर्किएका पिताविहीन कठिनाई र संघर्ष गर्दै आमा सुभद्रा र दाजु देवीप्रसाद र प्रेमप्रसाद तथा ४ दिदीहरूका बीचमा बाल्यकाल विताउनु भएको थियो । तत्कालीन समयमा विद्यालय गएर पढ्ने अवसर नहुदाँ उहाँले गाउँमै सञ्चालन गरेको धुलौटे स्कुलमा स्वर्गीय गुरु भगीरथ उप्रेतीबाट अक्षर चिन्ने मौका पाउनु भएको थियो । केही समयपछि देशमा प्रजातन्त्र आएपछि विभिन्न ठाउँमा विद्यालयहरू खुल्न थाले । यसै क्रममा ईवा गा.वि.स. को सिम्ले गाउँमा वि.सं. २००८ सालमा स्वर्गीय जिमिदार देवीप्रसाद उप्रेतीले उपलब्ध गराएको जमिनमा प्रणामी विद्यालयको स्थापना भयो । यसै विद्यालयमा स्वर्गीय बुवाले कक्षा ३ सम्मको औपचारिक अध्ययन गर्नु भएको थियो । मेरा सहकर्मी कक्षाका साथीहरू पढेर धेरै माथि पुगे आफूले पढ्न सकिएन त्यसैले गाउँमा सीमित रहियो भनिरहनु हुन्थ्यो । त्यस बेलाको समय पढाइमा भन्दा ज्यादा घरपरिवार, व्यवहार, खेतीपाती तथा कृषि पेसामा समय दिनुपर्ने भएकाले उहाँले आफ्नो पढाइ अगाडि बढाउन सक्नु भएन । विद्यालयमा जाँदा झुम्राको गोल खेल्ने, डन्डिवियो खेल्ने, लुकीडुम, सातपत्रे खेल जस्ता खेल खेल्न रुचाउने स्वर्गीय विष्णुप्रसाद पाठकका अति नै मिलनसार साथीहरूमा श्री प्रसाद कन्दङ्वा (मितज्यू), नरप्रसाद उप्रेती, त्रिलोचन उप्रेती, रामप्रसाद भण्डारी, मौवाघारी काइलो, खड्गप्रसाद ईङ्नाम, कर्णबहादुर ईङ्नाम र चन्द्रप्रसाद उप्रेती

जस्ता दौतरीहरूसँग खेल्दै रमाउदै उहाँले बाल्यकाल बिताएको कुरा गरिरहनु हुन्थ्यो । गल्लीमुनी खड्गप्रसाद उप्रेती र गल्लीमुनी साईलीदिदी बुवाको आदरभाव गर्ने व्यक्ति थिए । दिनमा पटकपटक भेटघाट भईरहन्थ्यो । गल्लीमुनी साईली दिदीले पनि बुवालाई माया नै गर्थिन । यसरी बाल्यकाल नविती वि.सं. २००६ सालमा चुडाकर्म (ब्रतवन्ध) गरी तत्कालीन छातेढुङ्गा गा.वि.स.को टुडिखेल भन्ने गाउँमा ओलीको छोरीसँग (नाम थाहाँ नभएको) पहिलो पटक विवाह बन्धनमा बाँधिनु भएको थियो । यसरी सानै उमेरमा विहे गरेका कारण ठूलो परिवारमा पारिवारिक बिमेल भएपछि २०१५ साल तिर विवाह गरेकी पहिलो श्रीमती (ओली) की छोरीले छाडेर गएको कुरा बताउनु हुन्थ्यो र पछि उनीसँगको सम्बन्ध अगाडि नबढेपछि वि.सं. २०१९ सालमा तत्कालीन चुहानडाँडा गा.वि.स. फुङसिङ निवासी बुवा लयप्रसाद उप्रेती र आमा हरिमाया उप्रेतीकी जेठी सुपुत्री लक्षिमा उप्रेतीसँग २०१९ साल जेठमा दोस्रो पटक वैवाहिक सम्बन्धमा बाँधिनु भएको थियो ।

## छोराछोरीबाट सन्तुष्टि

२०२२ सालमा पहिलो सन्तानका रुपमा छोरी कमलादेवी पाठकको जन्म भएको थियो । लालनपालन गदै शिक्षा हासिल गदै २०४० सालमा सत्रान्ति गा.वि.स. सोदनका भीष्म उप्रेतीसँग वैवाहिक बन्धनमा बाधिँई उहाँका साथमा विनोद,सुरज २ छोरा,सुजता १ छोरीको जन्म भएको देख्दा बुवा धेरै सन्तुष्ट हुनुहुन्थ्यो । दोस्रो सन्तानका रुपमा छोरा चन्द्रप्रसाद पाठक र चन्द्राबाट विशाल,विवेक २ सन्तानको जन्म भएको थियो । तेस्रो सन्तानका रुपमा श्रीप्रसाद पाठक र गंगाबाट रचना १ छोरी र दीपक १ छोराको जन्म भएको थियो । चौथो सन्तानका रुपमा मदन र रेनुकाबाट मेमिशा र बेबिशा २ सन्तानको जन्म भएको थियो । पाचौ सन्तानका रुपमा सीता र महेन्द्र ओलीबाट आर्जु, आयुसा र आर्यनको जन्म भएको थियो । छैटौ सन्तानको रुपमा सिर्जना र भरत सिवाकोटीबाट समीप र सुशान २ छोराको जन्म भएको थियो । सातौ सन्तानको रुपमा भीमराज र तुलसाबाट युनिसा १ छोरी र युसम १ छोराको जन्म भएको थियो । आठौ सन्तानको रुपमा प्रमोद र अमृताबाट कुन्जन, काविया २ छोरीको जन्म भएको थियो । नवौ सन्तानका रुपमा मीना र राजेन्द्र सिटौलाबाट बिर्यनको जन्म भएको थियो । दशौ सन्तानका रुपमा वीना र टीका चापागाईबाट एक सन्तान बृटिशाको जन्म भएको थियो र उहाँ सम्पूर्ण सन्तति र नातीनातिनाले डाडाँकाडा ढाकेको देख्न पाउँदा धेरै सन्तुष्ट भएको कुरा व्यक्त गर्नुहुन्थ्यो ।

## जीविकाको माध्यम कृषि

किसान परिवारमा जन्मिएका बुवा विष्णुप्रसाद पाठक पहाडको दुर्गम ठाउँमा जन्मिएर कृषि पेसामा रमाउदै आफ्नो ठूलो परिवारलाई कृषि पेसाबाटै आम्दानीको मुख्यस्रोत बनाएर आफूले उत्पादन गरेका अन्नपात, खसीबाख्रा, गाई, भैसी, गोरु जस्ता वस्तुहरूको बेचविखनगरी ठूलो परिवारलाई पालनपोषण गर्न दुःख गर्नु हुन्थ्यो । आफूले खाएर बाँचेको रुपैया पैसालाई छोराछोरीको पढाइ, लुवाइ, खुवाइ र घर व्यवहारमा प्रयोग गदै जीवनबाट कहिल्यैपछि नहटी परिवारमै रमाउनु हुन्थ्यो । पहाडको ठाउँमा धान,मकै,कोदो,फापर प्रशस्त मात्रमा उत्पादन हुनाले उहाँ त्यसैमा सन्तुष्ट भएर बस्नु हुन्थ्यो । त्यसै गरी नगदे बालीमा सुन्तला,अलैची,अम्लिसो र कागती जस्ता मौसमी फलफुल उत्पादन गर्न उहाँलाई रमाइलो लाग्थ्यो । गोठमा गाई भैसी,गोरु,खसीबाख्रा नहुदाँ चिन्ता लिने र घरमा गोरस नहुँदा खोजेर, किनेर जतैबाट भए पनि दूधका लागि गाईभैंसी ल्याउन रुचाउनु हुन्थ्यो । उहाँले छोराछोरीलाई कहिल्यै पनि निस्तो सिता नखुवाई हुर्काउनु भयो । उहाँले दिने यो अर्ती उपदेशहरू साह्रै घत लाग्ने हुन्थे । परिश्रमको फल मीठो हुन्छ भन्नु हुन्थ्यो । बेलुका छिटो सुत्ने र विहान सबेरै उठ्ने बानी गर्नुपर्छ भन्नुहुन्थ्यो । कुनै काम गर्दा ध्यान पुऱ्याउने, रुख चढ्ने बेलामा होस् गर्ने, चतुर विद्या चाहिन्छ भनी रहनु हुन्थ्यो । “आगो र पानी, तरुनी र मूर्ख, राजा र साहुदेखी नमान्नु हर्क” जस्ता उखान उहाँका मुखमा झुण्डिरहेका हुन्थे । सन्तान जति ठूला भए पनि आफ्ना छोराछोरीलाई सधै सानै देख्नु हुन्थ्यो । साथीभाइ, घर गाउँले आएर गफगाफ साट्न पाउँदा अति रमाउनु हुन्थ्यो । मौसम हेरेर काम गर्ने बानीले उत्पादनमा बृद्धि हुन्छ भन्ने उहाँको सिद्धान्त थियो । आफूले जानेको ज्ञान अर्ती उपदेश अरुलाई बाँडन पाउँदा खुसी व्यक्त गर्नुहुन्थ्यो । गरिब दुःखीको सेवा गर्नु नै धर्म हो भनी रहनुहुन्थ्यो ।

## राजनैतिक जीवन

नेपालमा २००७ सालमा प्रजातन्त्रको उदयसँगै २००८ सालमा भएको पूर्वीय क्षेत्रको लिम्बू आन्दोलन, २०१५ सालको पंचायती व्यवस्था,२०३६ सालको बहुदलीय व्यवस्था,२०४८ सालको आमनिर्वाचनमा नेपाली कांग्रेस पार्टीको तर्फबाट वडा सदस्य उठ्नु भएको तर पराजय हुनु भएको थियो । पछि २०५२ सालको माओबादीको १० वर्षे जन युद्ध द्धन्द्धमा अनेक दबाबका बाबजुद नेकपा माओवादीमा झुकावसम्म राख्नु भएको थियो । नेपालको दोस्रो जनआन्दोलन २०६२/२०६३ ले देशलाई लोकतान्त्रिक गणतन्त्रात्मक देशमा रुपान्तरण गरेपछि सिङ्गो देश

गणतन्त्रात्मक संघीयतामा परिवर्तन हुँदा तथा दुर्गम गाउँ-गाउँसम्म विकास पुगेको देख्दा आफूलाई छिटै जन्मिएको कुरा व्यक्त गर्नु हुन्थ्यो । राजनीतिमा चासो भए पनि स्थानीय क्षेत्र भन्दा माथि गएर उहाँले राजनीतिक जीवन विताउनु भएन । तर पनि देश विदेशमा भएका राजनीतिक परिवर्तन आदिले ल्याएका विकासका परिवर्तन देखेर आफू निकै खुसी भएको व्यक्त गर्नु हुन्थ्यो ।

## व्यक्तिगत विशेषता

बाल्यकालमा गाउँमा हुने गरेका विहे व्रतबन्ध पूजाआजा बर्खान्त,जागृत आदिमा जान खुबै रुचाउनुहुन्थ्यो । उहाँलाई मन पर्ने चाडपर्व दसैँ तिहार थियो । तिहारमा घरबाट ५ दिन ५ रात देउसी खेलेर, बालुन नाच नाँचेर रमाउनु हुन्थ्यो । विहेमा जाँदा रातभर श्लोक भन्ने गर्नुहुन्थ्यो । ख्याल ठटटा,हाँसी मजाक गर्न पाउँदा साह्रै खुसी हुनुहुन्थ्यो । गोजी नै गोजी भएका कुर्ता सुरुवाल र इष्टकोट त्यो पनि पर्स अटने गोजी, सुर्ति, खोसेला अट्ने गोजी भएका सामान्य प्रकारका कपडाको शोख उहाँमा थियो । ढाका टोपी कहिल्यै नटुटाउने, जुत्ता, चप्पल लगाई रहने, हातमा घडी कहिल्यै नटुटाउने, छिन छिनमा खोसेलामा बेरेर कडा खालको सुर्ति (हाङपागे) तानी रहने उहाँको अम्मल थियो । पानी नपरेको ओभानो मौसममा गाई डोऱ्याएर घरबाट १ किलो मिटर (टाढा-टाढा) सम्म लैजाने गर्नुहुन्थ्यो भने गोरु चाहिँ रातै राता एक रङ्गका ठूलाठुला दिनै पिच्छे साट्न पाउँदा खुसी हुनुहुन्थ्यो । खेतबारी खाली हुँदा कसका गोरु बीर भनि जुधाउन खुसी हुनु हुन्थ्यो । धान मकै खाने (अन्नको ढिकुटी भरी) राख्न पाउँदा सन्तुष्ट हुनुहुन्थ्यो । घरमा कुनै आम्दानी गरेर पैसा साथमा भएको बेला चोर डाका लाग्छन भनेर धेरै डराउनु हुन्थ्यो । खानेकुरामा विहान बेलुका दूध र चियामा उहाँको धेरै रुचि थियो । खानेकुरामा उहाँको जिब्राको स्वाद भिन्नै थियो । दाल, भात, सब्जी अचार मीठो चखिलो पीरो र खसीको मासु प्रायजसो खाइरहनु हुन्थ्यो । खीर, रोटी, दही काक्रो, टमटरको, सिलामको अचार, केरा, घिउमा र फर्सीको वियाको धुले अचारमा उहाँको विशेष रुचि थियो । वल्लोपल्लो घरतिर कुराकानी गर्न पाउँदा खुसी हुनुहुन्थ्यो । विहान बेलुका फुर्सदको समयमा रामगीत, भजन कीर्तन, चण्डिपाठ, श्रीस्वस्थानी जस्ता किताव पढेर समय विताउनु हुन्थ्यो र साथमा रहेका नातिनी युनिसा र नाति युसमलाई पहिलाका गाउँखाने कथाहरू सुनाएर तिम्रो विद्यालयका गुरुले कति गृहकार्य दिएको छ छिटो लेखी सक अनि फेरि म एउटा श्लोक सुनाउँछु भनेर भनिरहनु हुन्थ्यो । तिहार आउन १ महिना अगाडि नै घरैमा प्लाष्टिकको डोरी

ल्याएर नातिनातिनीलाई पीङ खेल्न लगाई दिनु हुन्थ्यो र आफू पनि खेल्नुहुन्थ्यो । सुर्ति खानको लागि युनिसा, युसम (नातिनातिनी) लाई कसले आगो पहिला ल्याई पुऱ्याउछौ, त्यसैले चक्लेट खान पाउँछौ भनेर ल्याउन लगाउनु हुन्थ्यो । नाति र नातिनीमा प्रतियोगिता गरेझै चक्लेट खान हजुरबुवा फेरि पनि आगो ल्याउनु पर्छ ? भनेर सोधिरहन्थे । समयसमयमा समचार सुन्नका लागि एउटा रेडियो साथमै राखिराख्नु हुन्थ्यो । उहाँका अत्यन्तै मिलनसार परम मित्र पुरोहित मेघराज थपलियासँग दिनको एक, दुई पटक भेट गर्न चाहनु हुन्थ्यो र आफ्ना दुःख र सुखका कुरा गोप्य कुरा गर्ने रुचि थियो । त्यति मात्र नभएर मादीको सख्खर ढाकरमा बोकेर बजारमा व्यापार गर्न लैजाने र कसले धेरै सख्खर खान सक्ने भनेर बाजी राख्ने,ठटटा गर्ने स्वाभाव थियो । खाजा, चामल, लुगाफाटो, भाडाँवर्तन बोकेर धरानबाट हप्तौ दिन सम्म लगाएर ढाकरमा तक्मा टेकेर १२/१५ पाथीसम्म नुन ल्याएको कुरा सुनाईरहनु हुन्थ्यो । छोराछोरीका विवाह दानमा आफू समान खानदानी भएकासँग कुटुम्बरी नाता गाँस्न चाहनुहुन्थ्यो । छोराछोरीको विहेमा नौमति बाजा बजाएर विवाह गर्न चाहनुहुन्थ्यो । सम्धीसम्धिनी जोरै भएका घरमा विवाह गर्दा सम्धीसँग गफ गर्न पाइन्छ भन्नु हुन्थ्यो र नजिकैका सम्धी (मनहरि तिवारी) सँग गफ, श्लोक, ज्ञानगुनका कुरा, अर्ति उपदेश, पहिलाका दुःख सुखका कुरा गर्न फोनबाट बोलाएर १/१ महिनामा कुरा गरी रहनु हुन्थ्यो र सबैलाई अर्ति उपदेश दिन बढी चाहनु हुन्थ्यो ।

## बुवाका आखिरी दिनचर्या र इच्छा

आठराईको सुविधा सम्पन्न नभएको दुर्गम गाउँ पहाडी क्षेत्र ईवामा जन्मी, हुर्की आफ्नो सिङ्गो जीवन विताएका स्वर्गीय बुवा विष्णुप्रसाद पाठकले पहाड, तराई गर्ने मौका पनि पाउनु भएको थियो । आफ्ना दाजुहरू बेलैमा तराई झरेकाले जेठा दाजु स्वर्गीय देवीप्रसाद पाठकले केही जमिन अशंका रुपमा आफूलाई दिएकोले पनि मधेश जान पाउँदा उहाँ खुसी देखिनु हुन्थ्यो । पहिलेदेखि दुःख र सङ्घर्ष गर्न बानी परेका हुनाले धरानदेखी नुन, तेल बोक्नु पर्ने, लत्ताकपडा, भाडाँकुडा ल्याउनु पर्ने समस्या विस्तारै आठराईमा मोटर आइपुगेपछि हटदै गएको थियो । दियालो, धिपी बालेर उज्यालो पार्ने घरमा राष्ट्रिय योजनाका विकासका लहरले हरेकका घरमा बत्ती बल्न थाले पछि पहाडमा बसेर आनन्द लिनु उहाँका लागि सपना जस्तै विपनामा परिणत भएको थियो । सुःख दुःखका घटनाहरू हुदाँ डाँडामा गएर कराउने चलन तत्कालै मोवाइल फोनबाट हुन थालेको थियो । त्यतिमात्र

नभएर नेट, इन्टरनेटको सुविधाले छिन भरमै देश विदेशमा रहेका आफन्तहरूसँग अनुहार हेरेरै बोल्न पाउँदा उहाँलाई पहाडमै बसेर आफ्नो जीवन विताउने इच्छा थियो । त्यसै गरि घण्टौ टाढा देखि (ढुङ्गे, कैजले, ढोडेनी, टुडिखेल) बाट खर बोकेर घर ,मतान,गोदाम छाएर बस्नुको सटटा जस्ता पाताले टल्क्क टल्कने घरमा बस्नुको आनन्द उहाँमा छुटटै किसिमको थियो । जीवनको बृद्ध अवस्थामा आइपुग्दा आफ्ना दशै जना छोराछोरीको राम्रै ठाउँमा विहेदान गरीसक्नु, छोराछोरी, ज्वाई, बुहारी, नातिनातिनीबाट पूर्ण रुपमा खुसी हुनु सबै सन्ततिले आफ्ना खुटटामा उभिएर गरी खाएको देख्दा उहाँलाई आफ्नो जीवनमा सोचेका कुराहरू पूरा भएको जस्तै लाग्थ्यो । तराईको सुविधा सम्पन्न ठाउमा आफन्त र प्रशस्तै जग्गाजमिन हुदाँ पनि बुवालाई पहाडको चिसो हावापानीमा बसेर आफ्नै घरको वरिपरि डुलेर जीवन विताउने घर बगैचामा रमाउने इच्छा थियो । आफ्ना सन्ततीहरूको प्राण गएकै ठाउँमा र तमोर नदीको घाटमा आफ्नो जीवन बिसाउने अन्तिम इच्छा थियो तर त्यो पूरा हुन पाएन ।

## मृत्युवरणका आखिरी दिनहरू

वि.सं.२०७७ साल कार्तिक २६ गते आफ्ना सहोदर जेठा दाजु (बुवा समान) को देहान्तमा तथा औषधि उपचारका लागि म साथमा रहेको छोरा भीमराजले आफ्ना बुवा आमालाई झापासँगै लिएर गएको थिएँ । त्यहि अन्तिम बुवासँगको यात्रा बन्न पुगेछ । स्वास्थ्य स्थिति सामान्य रुपमा चलिरहेको थियो । अकस्मात फागुन महिनामा स्वास्थ्यमा केही असर देखिएपछि म पुनः बुवालाई भेट्न झापा गएर ४ दिन सम्म साथमा रहेर अन्तिम भेट हुन पुगेछ । झापा जिल्लाको विर्तामोडको वि.एण्ड.सी. हस्पिटलमा भर्ना गरी थप चेक जाँच गर्दा थप जटिलता देखिएपछि फागुन ३० गते विहान सामाजिक संजालमा भिडियो कलमा आफ्ना साथमा रहेका म छोरा र बुहारी तुलसा, नाति युसम र नातिनी युनिशा पाठकलाई म केही विरामी भएर काठमाण्डौ जादैछु, म चाडै फर्केर आउनेछु, तिमीहरू घरमा राम्रो पढेर बस्नु भन्नु भएको थियो । दुर्भाग्यबस ! त्यो नै बुवाको अन्तिम शब्द रहन गयो । फागुन महिनाको अन्तिममा डक्टरको सल्लाह अनुसार बुवालाई काठमाण्डौ लैजाने निर्णय भएको थियो । सोही क्रममा नेपाल क्यान्सर अस्पातल, पाठन र काठमाण्डौको ओम हस्पिटलमा केही दिन राखेर नियमित चेक जाँच गर्दै आफ्नो भतिजो नरेन्द्रप्रसाद पाठकका घरमा बुहारी नारायणी पाठकको रेखदेखमा रहनु भएको थियो । उहाँका साथमा २ छोराहरू जेठा चन्द्रप्रसाद पाठक र कान्छा प्रमोद पाठक रहनु भएको

थियो । यसरी नियमित रुपमा चेक जाँच गर्दागर्दै डक्टरले सामान्य औषधि उपचार लेखी दिई विरामीलाई आफ्नै घरमा लैजानु भन्ने सल्लाह अनुसार बुवाको अन्तिम इच्छा पहाडको घर छिट्टै पुऱ्याई दिनु भन्ने थियो तर विधिको विडम्बना असफल बन्न पुग्यो । विहानको खाना खाएर छोरा २ र भतिज नरेन्द्रप्रसाद पाठक, बुहारी नारायणी पाठक लगायत नातिनातिनी बुहारी र ज्वाईका साथमा विदावारी हुँदै एयरपोर्ट प्रस्थान गर्नुभएको थियो । प्लेनमा चढी प्लेन उड्ने क्रममा अक्सिजन कम भएको महसुस भएकाले पुन एम्बुलेन्समा ल्याउने सल्लाह छोराहरूको भएकाले प्लेनबाट ओर्लने क्रममा बुवा विष्णुप्रसाद पाठक पुन हस्पिटल लैजाने भए भन्ने डर र आफ्नो प्यारो पहाडको घरमा पुग्दिन कि भन्ने चिन्ताले त्यहीँ उच्च रक्तचाप भई मिति-२०७७ साल चैत्र ७ गते दिनको २ बजे यस धर्तीबाट आफ्नो इहलीला त्याग्नु भएको थियो । उसै दिन एम्बुलेन्सबाट झापाको कन्काई नगरपालिका सुरुङगाको उहाँको आफ्नै दोस्रो घर चप्रमारीमा पार्थीव शरीर ल्याई उहाँका सबै ५ भाइ छोरा बुहारी, ५ बहिनी छोरी ज्वाई र २० जना नातिनातिनी ३ जना पनातिपनातिना लगायत सम्पूर्ण आफन्त छर छिमेक र इष्टमित्रको प्रत्यक्ष उपस्थितिमा मिति-२०७७ चैत्र ८ गते माई घाटमा अन्तिम दाह संस्कार गरी उहाँलाई सदाका निम्ति विदा गरियो । उही बुवा स्वर्गीय विष्णुप्रसाद पाठकको बार्षिक पुण्य तिथिको अवसरमा मृत आत्माको चीर शान्तिको कामना गर्दै श्रद्धासुमन अर्पण गर्दछौँ ।

## कविता - १

### शीर्षक : हजुरबुवाको सम्झना

जन्म भयो तिम्रो लै, लै आठराइको ठाउँमा ।
विदा गरयौ हामी सबले विराट कन्काई धाममा ।।

दुइ वर्षमा बुवा गुमाई बस्यो आमा दाइको साथमा ।
मरण भयो तिम्रो कठै ! पशुपतिकै नाथमा ।।

यो छोटो जीवन सुख र दुःख सबै भोग्यौ ।
विभिन्न रोगले लै बुवा बुढेस कालमा रोगियौ ।।

छोरा र छोरी नातिनातिना सम्झदै बूढेस काल भयो ।
थाहै नपाई काठमाण्डौ कहिले ज्यान गयो ? ।।

दाजुभाइ, दिदीबहिनी सबलाई संमान गर्ने ।
धुव्र सत्य हो भन्थ्यौ जन्मे पछि हामी सबै मर्ने ।।

डाँडे, काँडे खलेगरो तिम्लाई सम्झी गुन्छन् ।
सबै जना तिम्रै फोटा हेरी हेरी रुन्छन् ।।

घर परि चौतारीमा तिमी बस्ने आली ।
घर, खाट शुन्य भए सबै सबै खाली ।।

कहाँ गयौ हामीलाई छोडी आउछौ भन्ने आश ।
लाग्छ हामी सबलाई तिम्रो स्वर्ग मै छ बास ।।

माया गरथ्यौ सा-साना नानीलाई पनि ।
हाँसी र ठटटा गरथ्यौ हँसाई-हँसाई भनि ।।

कति इच्छा थिए बुवा मन भित्र पनि ।
हजुरकै छोरी हुन पाँऊ अर्को जन्म पनि ।।

छोडी गयौ आज यो प्यारो घर्ती ।
कसले दिन्छ लै बा हामीलाई अब अर्ती ।।

तिम्ले देखाएको बाटो हेदै आर्शीवाद लिन्छौ ।
तिम्लाई सम्भि सबै मिली श्रद्धाञ्जलि दिन्छौ ।।

उही तपाइकी नातिनी
युनिसा पाठक
आ.गा.पा.-४ ईवा, तेह्रथुम

## कविता - २

## शीर्षक : हजुरबुवाको सम्झना

ईवामा जन्म भयो ।
काठमाण्डौमा सास गयो ।।
तिमीलाई सम्झी रुन्छु म ।
मेरा प्यारा हजुरबुवा ।।

बिडी चुरोट खानु भन्दा ।
सूर्ति नै रोज्थ्यौ ।।
जब साँझ परयो ।
सुत्ने बेलामा मलाई नै रोज्थ्यौ ।।

कहाँ छौ तिमी अहिले ?
तिम्रो आउँछ  धेरै याद ।।
तिमीलाई सम्झी रुन्छु म ।
मेरा प्यारा हजुरबुवा ।।

बरु तिमी भोकै हुन्थ्यौ ।
मैले खाना नखादाँ ।।
कस्तो भयो मलाई ।
तिमी स्वर्गीय बाटो जादाँ ।।

मलाई चक्लेट दिदैँ ।
मलाई खुसी बनाउथ्यौ ।।
तिमीलाई सम्झी रुन्छु म ।
मेरा प्यारा हजुरबुवा ।।

उही तपाइको नाति
युसम पाठक
आ.गा.पा.-४ ईवा, तेह्रथुम

# स्व. बुवा धनपति उप्रेतीका जीवनगाथा

**सीताराम उप्रेती**


स्व. धनपति उप्रेती

भारतको कुमाउ गढवाल हुंदै काभ्रेपलान्चोकबाट हाम्रा उप्रेतीहरुका पुर्खा पल्लो किरांत आठराईमा बसोबास गर्न पुगेका गोकुल उप्रेतीका छ भाइ छोराहरुमध्येका माइला छोरा काशीनाथ उप्रेतीका बाहुनी श्रीमती पटिका जेठा छोरा कृष्णलाल उप्रेतीका माइला छोरा लयप्रसाद उप्रेती र हरिमांया उप्रेती (प्रसाई)का कोखबाट जेठा छोराका रुपमा २००३ साल श्रावण २५ गतेका दिन कोशी अञ्चल तेह्रथुम जिल्लाको चुहान्डांडामा भएको थियो। त्यस बेलासम्म काशीनाथका सबै छोराहरु सगोलमै थिए । समयक्रममा जेठा छोरा कृष्णलालका लागि चुहान्डांडाको सिरानमा रहेको फुकान्दिन भन्ने गांउमा रु एक सय रुपैंयामा एक्काईस रोपनी पाखो बारी र घर किनेर भाग लगाएपछि कृष्णलालको परिवार र उनका छोराहरु त्यहीं बस्न थाले अरु छोराहरु कोही कोयाखोलापारि कोही असमतिर गए तर हालसम्म पनि कृष्णलालको चौथो पुस्ता लयप्रसादको सन्तति भने त्यही घरबारीमा बसोबास गरिरहेको छ । जुन हाल आठराई गाउंपालिकामा पर्दछ ।

कृष्णलाल उप्रेतीले आफना छोराहरुलाई फुकान्दिनमा बसाइं सारेपछि सानै उमेरमा मेरा पिताजी पनि हजुरबुवाहजुरआमा र बुवाआमाकासाथ लागेर फुकान्दिन पुग्नुभयो र त्यहींका भीरपाखामा बामे सर्दै हुर्कनुभयो । पूर्वी नेपालको आठराई क्षेत्रका बासिन्दामा शिक्षाको आवश्यकता महसुस भएका कारण स्कुलहरु खोल्ने काम राणा शासनकै समयदेखि भएको थियो । चुहान्डांडाको शारदा माध्यमिक विद्यालयमा मेरा पिताजीको पनि स्कुले जीवनको सुरुवात भयो । घरको कमजोर आर्थिक अवस्था र त्यसबेलाको समय अनुसार मेरा पिताजीले चार कक्षा भन्दामाथिको पढाइलाई निरन्तरता दिन सक्नु भएन । मेरा हजुरबुवा कहिले भारतको असमतिर पनि आउजाउ गर्ने भएकाले घरको जेठो छोरामा घरको दायित्व बढनु स्वभाविक नै थियो त्यही कारणले वहांको पढाइलेखाइमा विश्राम लागेको देखिन्छ । घरमा आमा र तीनवटी बहिनी र एकजना भाइको हेरविचार अनि घरबारीको जिम्मेवारी पनि सम्हाल्नु परेकाले हुनसक्छ ?

तत्कालीन समय र उमेरअनुसार २०२१ साल फाल्गुण ७ गते १८ बर्षको उमेरमा हिन्दु परम्परा अनुसार कोयाखोलापारि इशिबु भेटवाल गाउं निवासी खडगप्रसाद

भेटवाल र डिकादेवी भेटवालकी साइंली छोरी चन्द्रकुमारी भेटवालसंग भएको थियो । हाम्रो रीतिरिवाज अनुसार कतै न कतैबाट साइनो वा चिनजानविना मागी विवाह असम्भव हुने भएकाले भेटवाल परिवारमा  पहिले नै जेठी बुहारी भएर भित्रिएकी लयप्रसाद उप्रेतीका कान्छा काका महानन्द उप्रेतीकी माइली छोरीका माध्यमबाट उक्त सम्बन्ध जोडिएको देखिन्छ । विवाहपछि केही समय घरायशी कामकाजकासाथै धरानबाट किराना सामान ल्याएर प्रत्येक शनिबार र सक्रान्तिमा हाट लाग्ने त्यस क्षेत्रको चल्तीको बजार सक्रान्ति बजारमा ब्यापार समेत गर्नु भएको कुरा हामीलाई गर्नुहुन्थ्यो । तर त्यो काम लामो समयसम्म हुन सकेन । यसरी नै जीवनको रथ अघि बढिरहेको थियो २०२३ सालको हिउंदमा मेरी आमा माइतघर मधेश आउन मन गर्नुभएछ मामाहरुको पहिलेदेखि बसोबास भएको ठांउ झापाको धुलाबारीमा । अनि मामाहरुले अब यतै बस्नुपर्छ भनेर मेरा बुवालाई पनि मधेश नै आउनु भन्ने खबर पठाएपछि २०२३ सालको चैत्र महिनामा मेरा बुवा धनपति उप्रेती पहिलोपटक मधेश आएर यतै बस्ने निर्णय गर्नुभएछ ।

झापा जिल्लको पूर्वी सिमान्त गाउं तत्कालीन नकलबन्दा आदर्श गाउं पञ्चायत वार्ड नम्बर २ मा बसोबास गर्न थालेर खेतीपातीको काम थाल्नु भयो । खाली हात पहाडबाट आउनु भएकाले सुरुमा त्यस क्षेत्रका जमिन्दार थापाहरुको जमिन ठेक्कामा लिइ आफनो किसानी कर्म गर्न थाल्नुभयो जुन काम आफूले जानेको थियो । २०२४ साल जेठ महिनाको १७ गते जेठो सन्तानका रुपमा मेरो जन्म त्यही ठाउंमा भयो । यसरी दु:खजिलोका साथ आफनो जीवनको रथलाई मेरा बुवाआमाले चलाउंदै जानुभयो । २०२६ सालको मङसिरमा मेरो माइलो भाइ टङकप्रसादको जन्म भयो । हामीहरु पनि समयअनुसार हुर्कदै बढदै गयौं र विद्यालयसमेत जान थँल्यौं आफूले राम्ररी पढन नपाए पनि छोराछोरीहरुलाई सकेसम्म पढाउनुपर्छ भन्ने सोच मेरा बुवामा थियो । २०३२ साल आश्विन १२ गते आमाबुवाका तेश्रो सन्तानका रुपमा जुम्ल्याहा छोरा र छोरीको जन्म हुनपुग्यो ती बहिनी र भाइको नाम घनावती उप्रेती र घनश्याम उप्रेती रहन पुग्यो ।

हालको मेचीनगर नगरपालिका वार्ड नम्बर ७ र ८ को सेरोफेरो पालिया खोलो टोकलाको घनाजङगल पछि त्यसैलाई चिरेर बनेको नेपाल र नेपालीको भाग्य र भविष्यसंग जोडिएको महेन्द्र राजमार्ग त्यहींका आदिबासी समुदाय किसान,राजबंशी,मुण्डा, उराउ, करुवा अनि पहाडे समुदायसंग एकदमै घुलमिल भएर बस्नुभयो ।

मेरा बुवालाई खानपिनमा माछामासु र गोरस अति प्रिय थिए । नखाने र अभक्ष कुराहरु वहांका जीवनबाट सदैव टाढा रहे। तर धुम्रपान भने जीवनभर रह्यो केही

समय विरामी हुदां चटक्कै छाडे जस्तो गर्ने अनि ठीक भएपछि सुरु गरिहाल्ने । वहांको आयु अल्प हुनुको एउटा कारण त्यो पनि हो कि भन्ने अहिले मलाई लाग्छ ? सुरुमा धनावत कम्पनीले भद्रपुरमा बनाएको घडी बिंडी प्रति मुठा पैंसठी पैसाका दरले किनेर खानुहुन्थ्यो पछि चुरोट खाने गर्नुभयो। बुवाको जीवनकालभर ग्वालीमा लैना गाई टुटेनन र बाल्टी ओभानो कहिले पनि भएन । सामान्य पहिरन वहांका भेषभुषा थिए घरबाहिर निस्कनु परे कमिज सुरुवाल र इस्टकोट र सामान्य लुगाहरु सिजन अनुसारका पहिरन थिए । शिरमा ढाकाटोपी भने कहिले पनि छुटदैन्थयो । समाजमा रहेका र आफनो धर्म संस्कृति रीतिरिवाज चाडवाड पूजाआजा कुलपित्री सबै नै निष्ठापूर्वक गर्ने गर्नुहुन्थ्यो । पहाडमै रहंदा छोटो समय गरेको ब्यापार बाहेक मधेशमा आएपछि खेतीपाती र पशुपालनबाहेक अरु पेसा अगांल्न सक्नु भएन । गाईवस्तुलाई असाध्यै माया गर्ने गर्नुहुन्थ्यो ।कसैले पशुवस्तु कुटेको देख्नु भयो भने त्यसलाई त्यसो नगर सम्झाउनु हुन्थ्यो । आफूले हलो जोत्दा पनि हातमा बांसको लौरो भए पनि गोरुलाई हिर्काएको हामीले देखेनौं । बरु हामी छोराछोरीहरुलाई कडा स्वरले हप्काउने बानी बुवामा थियो। वहांले आफनो जीवनमा आर्थिक लगायत खासै उल्लेखनीय काम भने गर्न सक्नुभएन । मध्यमवर्गीय किसान भएर नै रहनुभयो ।

२०६२ सालको बैशाख महिनादेखि स्वास्थयमा केही समस्या देखिएपछि जेठ १२ गते बुद्ध जयन्तीका दिन जीवनमा पहिलोपटक भद्रपुरबाट बुद्ध एअरको जहाज चढेर उपचारका लागि काठमाण्डौ आउनुभयो । दुई बर्षदेखि हाम्रो प्रत्यक्ष भेट भएको थिएन । हुनत पहिलेदेखि नै बुवाको  शरीर पातलो नै थियो अझ दुब्लो जस्तो लाग्यो । उपचार गरेपछि ठीक होला भनेर तत्काल नै काठमाण्डै मोडेल अस्पतालमा डाक्टर आर.डी.जोशीसंग उपचार थालियो। उनले रगत पिशाब लगायतको जांच गरेर खासै समस्या नभएको तर रगतमा थोरै चिनीको मात्रा बढन थालेको कुरा बताए र केही समयको औषधि लेखिदिए । असार लागिसकेको थियो खेतीपातीको मौसम पनि सुरु हुनै लागेकाले बुवाले घरै जाने र पछि खेत रोपी सकेर बरु आउनुपर्ला भनेर हतार गर्न थाल्नुभयो । ठीक हुदै गएको छ तर खानमा रुचि भने छैन अब होला भनेर घर जाने कुरा गर्नु भएपछि असार १० गतेको जहाजबाट घर फिर्नुभयो । घर पुगेको राती नै बुवालाई साह्रो भएछ हत्तारहत्तार धरानको बी.पी. कोइराला अस्पतालमा पुरयाउने काम भयो । त्यसबेला भने बुवालाई निमोनियाले ग्रस्त पारेछ । चिकित्सकहरुको अथक प्रयास पनि मेरा बुवाका हकमा सफल हुन सकेनछ २०६२ साल असार १२ गतेको उज्यालो देख्न नपाईकन वहांको चोला उठयो मात्र ५९ बर्षको उमेरमा ।

# स्मृतिको पानामा स्व. बुवा लक्ष्मीप्रसाद ओडारी र आमा महेश्वरा ओडारी

दीपेन्द्र ओडारी/गंगा ओडारी



स्व. लक्ष्मीप्रसाद/महेश्वरा ओडारी

पाँचथर जिल्लाको भारपा सिरानमा रहेको अर्खौले गाउँ निबासी जिजुहजुरबुवा गोपीचन्द्रका नाति शिबलालका छोरा बुवा कृष्णप्रसाद ओडारी र आमा दिब्यस्वरा पाण्डे ओडारी का १० जना सन्तानहरूमा ४ छोरी र ६ छोराहरूमा साहिला सुपुत्र लक्ष्मीप्रसाद ओडारीको जन्म १९९६ साल मङ्सिर ९ गते शुक्रबारका दिन पाँचथर जिल्लाको अर्खोले हालको हिलिहाङ गाउँपालिका वडा नं ६ एसै धराधाममा पहिलो पाइला टेकी यहाँकै धुलो माटो र हावापानीसँग रमाउदै उहाँको प्रारम्भिक बाल्यकाल  बितेको थियो। त्यस बेलाको समयकाल अनुसार उहाँको  विवाह बिक्रम संवत् २००९ सालको माघ महिनामा तेह्रथुम जिल्लाको आठराई पोखरी गाउँको छाते ढुङ्गा नजिकैको गाउँ हाल आठ्राइ गाउँपालिका वडानं ४ को गोले गाउँ निबासी बुवा हरिप्रसाद उप्रेती र आमा बिष्णुमाया उप्रेतीकी माहिली छोरीका रूपमा बिक्रम संवत् १९९७ साल बैसाख ६ गते गुरु बारका दिन त्यो पुन्य भूमिमा पहिलो पाइला टेक्नु भएकी महेश्वरा उप्रेतीसँग भएको थियो। आफ्ना मातापिताको काख र यसै मातृभूमिको आगनमा खेल्दै, रमाउँदै १२ वर्ष पूरा गरी १३ वर्ष मात्र लागेकी महेश्वरा उप्रेतीका साथमा विवाह बन्धनमा बाधिनु भएका लक्ष्मीप्रसाद ओडारी आफ्ना बाबाआमा र हजुरआमा समेत सबै परिवारका साथमा बसाइँ सराईको क्रममा बिक्रम संवत् २०१० साल माघमा तेह्रथुम जिल्लाको ह्वाकु  गाउँको सिरान हालको आठ्राइ गाउँपालिका वडानं ३ नेभारे माथिको घलेगाउँमा डोको बिसाउन पुग्नु भएको थियो। त्यसै ठाउँमा रहँदै २०१४ साल चैत्र १४ गते आईतबारका दिन लक्ष्मीप्रसाद ओडारी र महेश्वरा ओडारीको पहिलो  सन्तानको रूपमा केदारनाथ ओडारीको जन्म भएको थियो। त्यस्को १ बर्षपछि बिक्रम सम्बत २०१५ सालतिर गाउँकै इश्वरीप्रसाद बिमलि लगायतका साथीहरूका  साथमा सिक्किम पुगेर बाटामा गिटी कुट्ने कुल्लीको काम

गर्दा निकै दु:ख पाएको कुरा गर्नुहुन्थ्यो । त्यसको १ बर्षपछि २०१६ सालमा झापा जिल्लाको खालबारी निवासी कालीप्रसाद सिटौलाको घरमा पुगेर भान्सेको रुपमा बसेको कुरा धरै बर्षपछि हाँमी सबै दाजुभाइ भेट भएको बेला उहाँले भन्नुभएको थियो । बिक्रम सम्बत २०१७ सालमा पहाड आठराई कालीपा पुगेर उहाँका काइँला भाइ कुलप्रसाद ओडारीसँगै तराई झरेपछी झापाको कन्काइ माई नदीको पश्चिमपटिको समथर फाट आँपटारी भन्ने ठाउँमा जङ्गल फाँडेर बस्नुभएको थियो । केही बर्षपछि त्यो पनि बेचेर साबिक शिवगञ्ज गाउँपञ्चायतकै चन्द्रडाँगी कृषिकेन्द्र नजिकै रहेको बैङडाडा भन्ने ठाउँमा केही जग्गा लिएर घरसमेत बनाइ बस्नुभएको थियो । सोही गाउँपञ्चायतको झिलझिले बजारको केही दक्षिणमा रहेको लालझोडा शुक्रबारे नजिकै बेल्डागी भन्ने ठाउँमा निक्कै जग्गा र सानो घर रहेको थियो । त्यो घरमा भने आमा दिबेश्वरा ओडारीसमेत उहाँका काइँला भाइ कुलप्रसाद ओडारी रहनु भएको थियो । त्यसै ब्याङडाडा गाउँबाटै राजनीति सुरुगर्नु भएका लक्ष्मीप्रसाद ओडारी साबिक शिबगञ्ज गाउँपञ्चायतका गाउँसभा सदस्य, वडासदस्य, शिबगञ्ज गाउँपञ्चायतका उपप्रधानपञ्च हुँदै झापा जिल्लाका सभा सदस्य र क्षेत्रीय सदस्य पछि झापा जिल्ला उपसभापतिमा पनि निर्बाचित भई कार्यकाल पुरागर्नु भएको थियो । त्यसपछिका दिनहरूमा झिलझिले बजार र दुधेबजारमा घर बनाएर बस्नु भै सामाजिक सेवामा काम गर्दागर्दै बिक्रम सम्बत २०३१ सालतिर ४ जना सबै दाजुभाइको सल्लाह अनुसार मेचीबस कम्पनीमा केही रूपिँया सेयर हालेर यातायात क्षेत्रमा पहिलो पाइला राख्नु भएका लक्ष्मीप्रसाद ओडारी बिक्रम सम्बत २०३५ सालमा आफ्नै बस किनेपछि आरती बुद्ध बससेवा प्रा.लि. नामको कम्पनी दर्तागरेर सन्चालन गर्नुभएको थियो ।

## छोराछोरीबाट सन्तुष्टि

५ भाइ छोरा र २ बैनी छोरीका पिता लक्ष्मीप्रसाद ओडारी बसाइसराइको क्रममा २०४० सालतिर झापा जिल्लाको साबिक चारपाने गाउँ पञ्चायत वडा नं १ मा स्थाइ बसोबास गर्नुभएको थियो । ५ भाइ छोरामध्ये जेठा छोरा केदार ओडारीका २ छोरा २ छोरीमध्ये जेठो छोरो राजन ओडारी हाल अमेरिका र कान्छो छोरो निषेश ओडारी हाल अस्ट्रेलियामा बसोबास गर्दै रहेको र उनका दुई नातिनातिना छन् । ठूली छोरी हाल क्यानडामा र सानी छोरी साइच्छा बुवाआमासँग विर्तामोडमा बसोबास गरी अध्ययनरत छिन् । माइलो छोरा भोला ओडारीले रुसबाट कम्प्युटर इन्जिनियर गरी केही वर्ष जागिर खाई पछि उनी ओशो दर्शनको अनुयायी बनी

श्रीमती रश्मीका साथ हाल तपोवनमा अरठश्वामीका नामले परिचित छन् । साइँलो छोरा दीपेन्द्र ओडारी र बुहारी चन्डीका ओली ओडारी हाल अस्ट्रेलियामा बसोबास गर्दै आएका उनीहरूको छोरा अङ्कित र छोरी इमि ओडारी अस्ट्रेलियामा नै अध्ययनरत छन् । काइँलो छोरा दीलिप र बुहारी सुजाता हाल बिर्तामोडमा बसोबास गरी बुवाले स्थापना गरेको पेट्रोल पम्प सञ्चालन गरिरहेका छन् । उनको पनि हेमराज नामको छोरा छन् । कान्छो छोरा टीका ओडारी र बुहारी कल्पना ओडारी, नाति आभाषका साथ विर्तामोडमा बस्दै आएका छन् । उनी होटल व्यवसायी हुन् । जेठी छोरी गोमा ओडारी रिजाल (रमा) विनश रिजालसँग विवाह भई एउटा नाति रवि रिजाल छन् । कान्छी छोरी निर्मला ओडारी कँडेल ज्वाई सरोज कँडेलसँग दमकमा बस्दै आएकी छन् । उनीहरूको आदित्य नाम गरेको छोरासमेत छन् । यसरी स्वर्गीय लक्ष्मीप्रसाद ओडारी र आमा महेश्वरा ओडारीबाट जन्मेका पाँच छोरा २ छोरी र १० नातिनातिना रहेका छन् ।

## खानपिन रहनसहन

स्वर्गीय लक्ष्मीप्रसाद आडारी स्वास्थ्यमा निकै सचेत हुनुहुन्थ्यो । दैनिक व्यायाम र हिँड्डुल गर्ने उहाँको नियमित जस्तै थियो । भर्सक सागसब्जी अर्गानिक नै खोज्नुहुन्थ्यो । मृत्युवरणका दिनसम्म पनि भान्सामा चाहिँने चीजबीज सबै आफै किनमेल गर्नुहुन्थ्यो । बूढाबूढी र केटाकेटीलाई निकै माया गर्नुहुन्थ्यो । सानासाना बच्चाबच्ची देखे सबैलाई भेला गरेर मिठाई बाँड्न रुचाउनुहुन्थ्यो । मेरी छोरी यमीले पनि अहिले पनि बुवाले दिएको मिश्री सम्झिरहन्छीन् । स्वर्गीय बुवा जहिले पनि पाटीपौवा चौतारो बनाउने र सोको संरक्षण गर्न अग्रसर हुनुहुन्थ्यो । आफूले खोलेको पेट्रोलपम्पमा पनि सार्वजनिक शौचालय एवम् फुटपाथसमेत राख्नुभएको थियो । दौरासुरुवाल, इस्टाकोट र टोपी उहाँका प्रिय पहिरन थिए ।

## मृत्युवरणको अन्तिम समय


२०७७ साल वैशाख २ गते बिहान उठेर आफ्नो नियमित दैनिकी पूरागरी खानपिन पश्चात दिउँसोको खाजासमेत खाई कोठाभित्र पस्नुभएकोमा एक्कासी हृदयघात भई उहाँको निधन भयो । स्वर्गीय आमा महेश्वरा उप्रेती ओडारीको २०६० साल बैसाख ५ गते परमधाम भएको झन्नै १८ वर्षपछि ८२ वर्षको उमेरमा बुवाको स्वर्गरोहण भएको थियो ।

कुशल यातायात व्यवसायी लक्ष्मीप्रसाद ओडारी पहिलेदेखि नै नेता सूर्यबहादुर थापाको अत्यन्तै नजिक रहेकोले २०४७ सालपछि दर्ताभएको राष्ट्रिय प्रजातन्त्र पार्टी रा.प्र.पा.को तर्फबाट २०५६ सालमा भएको प्रतिनिधि सभा सदस्यको निर्वाचनमा झापाको क्षेत्र नं ५ बाट उमेदबारी दर्ता गर्नुभएको थियो । उक्त निर्वाचनमा केही मतको फरकले पराजित हुनुभएको थियो । बिक्रम संवत् २०६० साल बैशाख महिनाको १७ गते बुधबार उहाँकी जीवन सङ्गिनी महेश्वरा ओडारीको निधन भएपछि एक्लो जीवन बिताउँदै गरेका ओडारी राष्ट्रिय प्रजातन्त्र पार्टीका केन्द्रीय सदस्यको भूमिकामा रहनुभएको थियो । अत्यन्तै मिलनसार मृदुभाषी लक्ष्मीप्रसाद ओडारीले आफ्नो निवासको नजिकै लक्ष्मी आयल पम्प सन्चालन गर्दै समाज सेवामा रहेर समय कटाउँदै गर्नुभएकोमा बिक्रम संवत् २०७७ साल बैसाख २ गते मङ्गलबार बेलुकाको ५ बजे ८२ बर्षको उमेरमा परिवारसहित  हाँमी सबैलाई छोडेर बैकुण्ठधाम गमन हुनुभयो । आदरणीय बुवा लक्ष्मीप्रसाद ओडारीलाई भावपूर्ण श्रद्धान्जलि ।

# स्वर्गीय हजुरआमा हिमादेवी र स्व. बुवा गोपीचन्द्र मैनालीका जीवनगाथा

**चन्द्र मैनाली (भतिज)**

## हजुरआमा हिमादेवी मैनालीको जीवनगाथा



स्व. हजुरआमा हिमादेवी



स्व. बुवा गोपीचन्द्र मैनाली

पल्लो किँरात अमिनी हाल तेह्रथुम जिल्ला आठराई गाउँपालिका वडा नं. ४ छाते ढुङ्गा मुनी (हाल श्रीप्रसाद ओलीको घर) तीलचनकी नातिनी धरणीदाश उप्रेतीकी छोरी थपलियाकी भान्जी तीन दाजुभाइ चार बहिनीकी दिदी हिमा देवी (उप्रेती) मैनालीको जन्म विक्रम सम्वत १९६२ साल जेठ महिनामा भएको थियो । यिनको बाल्यकाल सानै उमेरमा आमा नर्वदा (थपलिया) उप्रेती देह्वसान हुँदा भाइबहिनीको लालनपालनमा पनि महत्वपूर्ण जिम्मवारी निर्वाह गर्नुभएको थियो । उहाँको भनाई अनुसार विवाह १९६९ साल लाग्दै ६ वर्षको उमेरमा लक्ष्मीकान्तको नाति उध्योगी, जल्दाबल्दा श्रीलाल मैनालीका माईला छोरा वर्ष ५ का दुर्गादाशप्रसाद मैनालीकासाथ एउटै डोलीमा धुमधामकासाथ वैदिक विधिले आठराई इवा सिम्लेको गल्ली मुनी घरमा सुसम्पन भएको थियो । विक्रम संवत् १९८७ साल जेठ ६ गते सोमबार १ मात्र पुत्ररत्न हाम्रा बाबु गोपीचन्द्र (चन) लाई जन्म दिनुभयो । छोरा एक वर्ष ६ महिनाकोमात्र हुँदा पिता दुर्गादाशको परमधाम गमन भयो, यो नै सबैभन्दा दु:खको घडी थियो । यस्तो पीडा कसैलाई पनि नपरोस यो विलौना सुन्दा तपाई हाम्रो सवैका आँखा रसाउछन् । २६ वर्षको उमेरमा विधुवा भएर बाँच्नु पर्दाको जीवनचर्या कति कठिन थियो होला ? अहिले कल्पना गर्न पनि कठिन छ ।

दोस्रो घटना एक मात्र छोरा गोपीचन ३ वर्षको उमेरमा हाम्रो ठूलो उखुबारीमा (कुयल बारीमा) हराउनु भएछ काँही खोज्दा भेटिनु भएन छ । सातौ दिनमा हे दैब ! अब बाँच्नु धीक्कार छ आत्मा हत्या गर्छु भन्ने निर्णय लिएर पुकार गर्दा छोरा भेटियो । यो मेरो खु:सीको दिन थियो भनी हजुरआमाले भन्नुहुन्थयो । पछि

मलाई पनि छोरो भेटिएको ठाउँ देखाउनु भएको थियो । त्यो ठाउँ पहरे भिर माथिको हाम्रो बर्खे बारीको पुच्छार छाँगो खस्ने मास्तिर थियो । फुङ्गसिँङ्गको फुङ्गनाम, पानदस, पोखरीको पन्चकन्या देवीथान, छातेढुङ्गा, गोगुने धाराको पानी सालडाँडे, श्री कृष्ण प्रणामी मन्दिर, फुगुवा, सिम्ले, काँडे, गोपाले, बर्खे, ज्यामिरे, ढुङ्गे बगर पहरा खण्ड खर्क समेत, प्रणामी विद्यालय लगायतका ठाउँमा ९६ वर्षे जीवन कर्मथलोको रुपमा बित्यो । नित्य रातको चारै पहर उठी निजनाम, प्रेम पाठ, बडा अर्जी, गीता पाठ, श्री राजीको मेहर साथै प्रलाद भक्तिकथा मैले जान्दा वाँहाको दैनिकी थियो । दैनिक स्नान गर्नु, ध्यान गर्नु, अन्तिम अवस्थासम्म स्वयम पाक्य खानु साव्दिक भोजनमा खुसी र रुचिहुनु उहाँको बानी थियो । कुनै पनि विषयमा कडा निर्णय लिन सक्ने सुब्बा, मुखिया, कचहरीमा आफ्नो राय दिन सक्ने, साधु सन्त, गरिब असाय, निमुखाले पढाई र सुलभ न्याय पाउनुपर्छ भन्ने पवित्र विचारकी धनी हिमादेवी गुन्युचोलो, लामो पहेँलो पटुका, बाध्ने मजेत्रो अनिवार्य ओड्ने, सेतो फेटा निधारमा बाँध्ने, तीलक लगाउने, नित्य तातो पानीको सेवन गर्न सोही नियम हामी नातिनातिहरूमा पनि लगाउने सोख थियो । हातमा जोर वाई, पाउमा कल्ली चाँदीका छ लुङ्को माला सुनका कानढुङ्ग्री, टप साङ्ली सहित नाकमा सुनको वजन दार बुलाकी तुलसीको माला लगाई सजिएर हिडनु हुन्थ्यो । सबैले उद्योग गर्नुपर्छ भन्ने सिद्धान्त बोकेकी हिमादेवीको पशुपालन गर्नु दूध, दहीको उत्पादन गर्नु, गोवरबाट अन्न दोवर हुन्छ भन्नु, नयाँ प्रजाति लगाउनु, उखु, आँप वरवगानको उत्पति गर्नु, खेती गर्नु, कपास उत्पादन गरी कपडा बनाउनु मुख्य पेसा देखिन्छ । म भन्दा अग्रज काकाकाकीहरूले वाँहालाई माइलेमा, गोठकी आमै समेत भन्दथे । प्रिय छोरी साधुनी दिदी चन्द्रकला इङ्नाम हितैषि दुःख सुखकी साथी हुनुहुन्थ्यो साथै धर्ममाता मनमाया राईको गाथा गाउँनुहुन्थ्यो ।

आफूभन्दा अगाडि नै एकमात्र छोरा गोपीचनको परमधाम गमन भएपछि मलाई मेरो कर्म थलो पाहाड गल्लीमुनी नै लगिदे तलाई सदा कल्याण हुन्छ भन्दा मैले यति लामो बाटो छ म पनि पचास वर्षको भएँ तपाई ९० भन्दामाथी हुनुहुन्छ कसरी पहाड लाने भन्दा "नाथु दृढ अठोट लिनु नदीमा भए जल समाधी, जमिनमा भए स्थल समाधी, दाउरा भेटे अग्नि समाधी गरी जय भगवान भनी दिनु मनको दुःख कसैलाई नभन्नु धर्म कहिल्यै नछोडनु उल्लेखित वचन मेरो लागि अविष्मरणीय क्षण भएको छ, हालसम्म पालन गरेको छु ।"

अन्त्यमा २०५६ साल मंसिर तेस्रो हप्तामा पहाडबाट अलिक विरामी परेको खबर आयो । म पहाड गएर अब जाऔँ अन्त्य पनि हुन लाग्यो भन्दा जान्न भन्नु भयो ।

दवाइ गरेर ल्याई दिन्छौँ भन्दा उसो भए राजी म दवाई गरेर आउछु भनेर मधेश ल्याइएको थियो । माघ ३ गतेदेखि ओछ्यान पर्नु भयो । सोह्र दिन केही नखाई दिसा पिसाब नगरी २०५६ साल माघ १९ गते बुधबार राती पौने १ बजे कृष्ण पक्ष दुवादशी तिथिको दिन मेरो उपस्थीतिमा हाम्रो बुवाले बनाएको कन्काई नगरपालिका इलुवाबारी -४ को काठको घरमा ९५ वर्षको उमेरमा यो नासवान शरीर त्याग गरी ब्रह्मलिन परमधाम गमन हुनुभयो, अव सदाका लागि स्मरण मात्र छ । हामीले पाल्यौँ भने यही सोह्र दिन बाँकी उहाँले नै हामीलाई लालनपालन गर्नुभयो । उहाँको बैकुण्ठमा शान्ति मिलोस, हामी सबैलाई आर्शीवाद दिनुभएको छ । त्यसैले हामीसबैको दिनचर्या सुखमय भएको छ । जय माताजी ।

## पिता गोपी चन्द्र मैनालीको बाल्यकाल

तेह्रथुम जिल्ला आठ्राई इवा पल्लो किराँत सिमले भन्ने गाउँमा १९८७ साल जेठ ६ गते सोमबार गोपीचन्द्र मैनालीको जन्म भएको हो । बाजे श्रीलालको बन्डापत्र १९९७ सालका अनुसार काकाहरू भीमप्रसाद, कुलप्रसादहरूसँग संयुक्त परिवारमा रहेको पाइन्छ । १९९८ सालमा रघुनाथकी नातिनी डिल्लीराम पाठककी कान्छी छोरी हरिमायासँग एघार वर्षको उमेरमा वैधिक विधिले विवाह सु-सम्पन भएको पाइन्छ । २००७ सालको आन्दोलनमा भागेर झापा आई बाह्रदसीमा बसी २५ विघा जमिन खुर्पे ठ्याक गरेको, पछि आन्दोलन शान्त भै सपरिवार सिम्ले फिरेको, बीचमा एक सन्तान छोरीको देहवसानको पीडा भोगेको पूर्व इतिहासले बताउँछ । विवाहपछि काजीमान, विचारसिँग कन्दवाहरूसँग दार्जीलीङ पढन गएको, त्यहीबाट सही गर्न र जोड घटाउको हिसाब जानेको कुरा बुवाले भन्ने गर्नुहुन्थ्यो । विवाह पछि सखर उद्योग काका भीमप्रसादसँग खोली वर्खे, ज्यामिरेमा कुयल बारी (उखु) फारम खोलेको त्यही बर्खे बारीमा माईला भाइ त्रिलोचनको जन्म भएको थियो ।

बुवा प्रणामी विद्यालयको संस्थापक सदस्य, श्री पोखरी हाई स्कुलको संस्थापक सदस्य रहेको अभिलेखबाट देखिन्छ । प्रणामी धर्ममा निष्ठावान हुनुहुन्थ्यो । आफ्नै सवै सम्पति साहुमा भएपछि २०१३ सालमा मावलीको खायल (साल डाँडे) मा गएको र त्यही बसोबास गरेको, २०१५ सालमा आयआर्जन गर्ने सिलसिलामा भारत आसाम कल्लरी जेठा मामाको पाशमा गएको र त्यहाँबाट फिरेर मधेसको खेती प्रारम्भ गरेको पाइन्छ ।

२०१८ सालमा सालडाँडेको तुलसाको मठ मास्तिर भुइँचालोबाट बच्न कटेरो बनाएको र २०१९ सालमा तीनसल्ले संग्रौलाको बारी किनेको, तीनसल्लेमा सोही

बारीको ज्यामिरे पाटामा ठाडो कटेरो बनाइ आमा म दुर्पिन जेठो, काकी कान्छो बसेका थियौँ । बुवाले पुराना लगानी उठाई २५ वटा बाख्रा मादीबुङबाट हिलेका पराजुली साहुबाट ल्याएको काली भैँसी समेत सात माउँ ल्याउनु भएको थियो ।

२०२० सालमा साल डाँडे काईलो मुखिया मेदनीप्रसाद उप्रेती (मामाका छोरा) स -परिवारबाट पहाड गएपछि साल डाँडे छोडेर हामी सबै तीनसल्ले संग्रौला खायलमा गयौँ । तेतीबेला बुवा मधेशपहाड गर्नुहुन्थ्यो । २०२१ सालमा भूमिसुधार लागे पछि ७. नं. फारम मैले र काका चन्द्रप्रसादले भऱ्यौँ । जग्गा जमिन साहुका नै थिए । उल्लेखित कुरा ७ नं फाटबारीले देखाउँछ, सो सुरक्षित छ । २०२२ साल पछि मधेशको विवरण भाइ साईला भवानीले धेरै जाँन्दछन् । तेतिखेर म पहाडमै थिए ।

मेची अञ्चालाधीशको कार्यलय शाखा नं २ बाट २०२५/११ महिनामा लिएको नागरिक्तामा बुवाको नाम दुर्गाप्रसादको छोरा बर्ष ३८ को गोपीचन्द्र मैनाली लेखिएको प्रमाण मसँग छ । बुवाका ठाडो वही अनुसार उहाँका समकालीनमा भुजेल काका देउनारायण, काइलो सुब्बा शकर, मासबारी जेठा सुब्बा बाल सिं, मित बाबु जमान सिं तामाङ, लामा कान्छो गौरीप्रसाद शिवाकोटी र सेरबहादुर राई देखिन्छन अरु पनि धेरै होलान । जि. देवीप्रसाद उप्रेती, साइँला मामा भुवानीप्रसाद उप्रेती, सानीमाका छोरा श्रीप्रसाद ओली, जेठा साला देवीप्रसाद पाठक, काका कुलप्रसाद मैनाली, लक्ष्मुमण, रामप्रसाद, भीमप्रसाद चौहान, काका चन्द्रप्रसाद मैनाली (सिरानघर) जन्तरे बुवासँग भर अबर सरसहयोग आदान प्रदानका सहकार्य गरेको पुराना कागजहरूबाट पाईन्छन ।

अन्त्यमा, मानिस जन्मेपछि मर्छ “पूर्विय धर्मशास्त्रमा उल्लेख छ,” भाइहरूको सहयोगमा काठमान्डौको पाटन हस्पीटलमा १७ दिनको बसाइमा सोह्रौ दिन मेरा साइला काका लक्ष्मीप्रसाद मैनालीलाई बोलाई, मलाई तुरुन्त घर लैजानु तेरो घर पनि त काठमान्डौमा छ नि म अर्काको घरमा मर्दिन मेरा काकाको फोटो खोइ भन्दा साइला काकाले गोरे डाक्टरलाई अंग्रेजीबाट कुरा गरी हस्पिटल बाट निकालेको र फोटो तुरुन्तै उपलब्ध गराएको क्षण अविस्मरणीय छ । हाल सम्म सो फोटो मसँग प्रेमसाथ सुरक्षित छ । त्यसपछि हवाईजहाजबाट घर ल्याइयो । चार दिनपछि कृष्ण मैनाली काकाले दाह्री कपाल काटी न्वाई आँगनमा बसेर घाम ताप्नु भयो । सोही दिन त्यस पछि खाटमा सुतेर आमा छोरा बात मार्दै हुनुहुन्थ्यो । अचानक २०५३ साल बैसाख २७ गते जेठ कृष्ण सप्तमी तिथी ११ बजे ब्रम्हलिन भई परमधाम गमन भयो हामी सबै उपस्थित थियौ । हामी सबै छक्क पऱ्यौ । राज ! राज ! सोही दिन कन्काई माई पूर्वतटमा बैद्धिक बिधिले अन्त्येष्टी कार्य सम्पन्न भयो ।

# स्वर्गीय मनोरथ उप्रेती अब स्मरणमामात्र

तारा ओली उप्रेती

## जन्मस्थान र बाल्यकाल



स्व. मनोरथ उप्रेती

तेह्रथुम जिल्ला इवा गा.वि.स.मा रामचन्द्र उप्रेतीको नाति लक्ष्मीप्रसाद उप्रेती र गङ्गादेवी उप्रेतीको कान्छो छोराको रूपमा २०१२ साल चैत ११ गते शनिबारका दिन मनोरथ उप्रेतीको जन्म भएको थियो। उहाँ तीन दाजुहरू र एक दिदीको कान्छो भाइको रूपमा हुनुहुन्थ्यो। दाजुहरू पदमप्रसाद उप्रेती, हरिप्रसाद उप्रेती, भुपाल उप्रेती र दिदी हरिमाया उप्रेती पाठक हुनुहुन्थ्यो। त्यस मध्ये जेठो दाजु पदमप्रसाद उप्रेती र दिदी हरिमाया उप्रेती पाठक बितिसक्नु भयो। उहाँ सामान्य परिवारमा जन्मनु भएको थियो। उहाँ जन्मेको डेढ वर्ष नपुग्दै बुवा पनि बित्नु भएको थियो। बुवाको माया ममता पाउन भने सक्नु भएन।

## शिक्षा प्रारम्भ

बुवाको निधनले बाल्यकाल त्यसै सकश हुने भयो तर पनि आमा दाजुहरूको छत्रछायाँमा ममता पाएर हुर्कने बढ्नेक्रम जारी भयो। त्यसपछि स्कुल जाने बेला भयो। नजिकैको स्कुल पोखरी माध्यामिक विद्यालय पर्थ्यो र उहाँको घर इवाको गल्ली मुनिमा पर्थ्यो। सबैसँग मिलनसार, हसिलो खुसिलो स्वभावका कारण उहाँलाई सबैले गल्लीमुनी कान्छो नै भन्ने गर्दथे। उहाँले पोखरी माध्यामिक विद्यालयमा शिशुदेखि कक्षा १० सम्म पढ्नु भयो। उहाँ स्कुल पढ्दा सारै मिलनसार, मिहिनेती र गायनमा पनि रुचि राख्ने, गीत, कविता, लेख्ने एवं गाउने, स्कुलको कार्यक्रममा भाग लिने, देउसी भैलो रमाएर खेल्ने गर्नु हुन्थ्यो रे। साथीभाइहरूसँग सारै मिल्नु हुन्थ्यो। उहाँका बाल्यकालका बालसखाहरूलाई म पनि चिन्छु। उहाँहरूको कुरा सुन्दा पनि कस्तो राम्रो बालापन भन्छु। बाल्यकाल त्यसै पनि रमाईलो र त्यो बेला पहाडमा झुम्राको गोल बनाएर खेल्ने कुरा सुनाउँनु हुन्थ्यो। त्यति गर्दागर्दै उहाँले त्यही पोखरी माध्यमिक विद्यालयबाट एस.एल.सी. पास गरेर तराई झर्नु भयो। तराईको गोबिन्दपुरमा उहाँका दाइहरू हुनुहुन्थ्यो। केही महिना त्यहीँ बसेर साना केटाकेटीलाई ट्युसन पढाएर आफूलाई पढ्ने खर्च बनाएर उच्च शिक्षा (आई.एल.) पठनपाठन गर्न राजविराज आउनुभयो। त्यहाँ पहाडदेखिका धेरै साथीहरू पनि हुनुहुन्थ्यो। राजविराजको महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पसमा आई.एल. पास

गरेर उहाँ काठमाण्डौँ आउनुभयो । उहाँले नेपाल ल क्याम्पसमा (बि.एल.) पढ्न थाल्नुभयो । त्यस बेला उहाँको भेट र चिनजान हाडी गाँउका गङ्गाप्रसाद उप्रेतीसँग भयो । उहाँ चर्चित कानुन व्यवसायी हुनुहुन्थ्यो र उहाँकै ल फर्ममा काम गर्न थाल्नुभयो । छोटो समयमै कानुनका व्यवहारिक ज्ञान प्राप्त गर्न सक्नुभयो । समय बित्दै गयो । इवा, गोविन्दपुर, राजविराज हुदै काठमाडौँ आउन, पढ्न र आफूलाई सुखद जीवन यापन गर्न निकै सङ्घर्ष गर्नुपऱ्यो । मानिसको जीवनै सङ्घर्ष हो भन्ने उहाँले सानैदेखि बुझ्नु भएको थियो । जीवनका धेरै उकालीओराली, अभाव र रमाईला कुराहरू पनि हामीलाई सुनाउने गर्नुहुन्थ्यो ।

## वैवाहिक जीवनको सुरूवात

परिवारको सल्लाह अनुसार २०४२ साल बैशाख १७ गते हाम्रो विवाह भयो । बिवाह हुनुअगाडि कमल उप्रेती (मामा) र केशवमणि ओली (काका) उहाँहरू पोखरी माध्यामिक विद्यालयमासंगै पढ्दै राजविराज हुदै काठमाडौँमा पनि संगै हुनुहुन्थ्यो । त्यहीबाट चिनजान भएर हाम्रो विवाहको प्रसङ्ग चल्यो नभन्दै वैवाहिक जीवनमा बाँधिन पुग्यौँ ।

विवाह पश्चात् सुखी जीवनको लागी अर्को अध्याय सुरु भयो । हामी विवाह गरेर काठमाडौँ आयौँ र नक्साल नागपोखरी छेउमा राणाजीको घरमा डेरा गरेर बस्न थाल्यौँ । मलाई डेराको अनुभव पहिलो चोटी त्यहीबाट थाहा भयो । हाम्रो कर्मथलो नक्साल नागपोखरीदेखि सुरु भयो । म पहिलो चोटि काठमाडौँ आएकी त्यही पनि डेराको बसाई मन अलि भारी भए पनि सङ्घर्ष गर्नुपर्छ भन्ने आँट थियो । त्यही आँट र भरोसाका साथ हामी अगाडि बढ्यौँ । दिनहरू रमाईलो गर्दै बित्दै गयो । आमा बुवाको आर्शीवादले होला धेरै खुसीको क्षणहरू डेरामा बितायौँ । बाटोको छेउमा डेरा भएकाले हाम्रा धेरै जना साथीहरू र ईष्टमित्र आउनेजाने गर्नुहुन्थ्यो । उहाँको कानुन व्यवसायी अफिस बागबजारमा थियो । अफिसमा गंगाप्रसाद उप्रेती अनि केशवमणि ओली, खड्ग उप्रेतीसंगै काम गर्नुहुन्थ्यो । कामहरू राम्रो हुन्थ्यो र मानिसहरू धेरै आउनेजाने हुन्थ्यो । यसरी नै रमाईला दिनहरू बित्दै गए र हामीले पनि जीवनका उकालीओरालीमा जीउने कुराहरू सिक्दै गयौ, व्यवहारमा परिपक्व हुदै गयौँ । डेरालाई पनि आफ्नो घर सम्झिदै अगाडि बढ्दै गयौँ ।

समय बित्दै गयो । एक दिन नागपोखरीको हाम्रो डेरामा स्व. दिदी नारायणी र भिनाजु नरेन्द्रप्रसाद पाठक आउनु भयो । म साह्रै खुसी भएँ । आमाबाट म टाढा भएकी दिदी भिनाजु आउदा धेरै खुसी लाग्यो । भिनाजु र मेरो श्रीमान विवाह अगाडि काठमाडौँमा संगै बस्नु हुन्थ्यो । उहाँको बाल्यकाल देखिकै मिल्ने साथीहरू मध्ये भिनाजु एक हुनुहुन्थ्यो । पहाडमा स्कुल जाँदाआउँदा र घरमा बिहानबेलुका

घाँसपात गर्दा पनि हामीसँगै आउँथ्यौँ जान्थ्यौँ भन्ने गर्नुहुन्थ्यो । कहिलेकाही बेलुका भिनाजु नरेन्द्र पाठककोमा जाने, बस्ने गर्नुहुन्थ्यो । काठमाडौँमा हुँदा पनि बेलाबेला विशालनगर दिदीका घरमा नगई चित्तबुझाउनु हुन्न थियो । दिदी नारायणी पनि मनरथ मामा भनी खुबै सम्मान र माया गर्नुहुन्थ्यो । साँच्चै भन्नुपर्दा उहाँको मिजासले सबैलाई माया पलाउँथ्यो, सबैले मनरथ भनी सम्झन्थे । कोही घरमा आउँदा के खान दिउँ भनेर पहिल्यै चासो लिनुहुन्थ्यो । दिनेमा पनि त्यतिकै दानी हुनुहुन्थ्यो । खानपिनमा लोभ गर्नुहुँदैन पुगिहाल्छ नी ! भन्ने स्वभाव थियो । यसरी दिनहरू अगाडि बढ्दै गए र हाम्रो ठूलो छोरो युकेशको २०४३ साल असोज १० गते जन्म भयो । हामी एकदम खुसी थियौ किनभने हाम्रो पहिलो सन्तानको रुपमा हाम्रो जेठो छोरो भयो । हामी पनि बुवाआमा भयौ र आमाबुवाको अनुभव थाहा पाउने अवसर पायौ । अब छोरोको हेरचाह संगसंगै काम पनि अगाडि बढायौ । समयकति छिटो अगाडि बढदो रहेछ हामीलाई पतै नहुने रहेछ । त्यस पछि २०४५ साल कार्तिक १७ गते हाम्रो दोस्रो छोरो युदीपको पनि जन्म भयो र हाम्रा दुई छोराहरू हुर्किंदै गए । दिनदिनै परिवार व्यवहारले हामीलाई परिपक्व बनाउदै गयो । अब हामीले डेराबाट निजी घर बनाउने निर्णय गर्यौं र काठमान्डौको बालाजुमा घर बनायौ । छोराहरू स्कुल पठाउन थाल्यौ । जिन्दगीमा अब संघर्ष सुरुभयो । जीवनमा अगाडि बढ्नेक्रम रोकिएन र धेरै उकालीओराली पार गर्दै अगाडि बढ्यौ । जीवन एक यात्रा भने जस्तो हाम्रो यात्रा पनि अगाडि बढ्यो र हामीले घर बनाएर आफ्नो निजी निवासमा सर्‍यौँ ।

आफ्नो घरको बसाइ धेरै आन्नदमय भयो । छोराहरू पनि खुब रमाए । त्यसै बेला हाम्रो आमा गंगादेवी उप्रेतीको स्वर्गबास भयो । हामीलाई पहाडले थिचेको जस्तै भयो र अत्यन्त पीर र शोकमा पर्‍यौं । तर पनि हामी आफ्नो काम र कर्तब्यमा अगाडि बढिरहयौ । छोराहरूलाई निकै मायाममता दिएर अगाडि बढायौ । उहाको जन्मथलो इवा भए पनि कर्मथलो काठमाडौँ नै भयो । यात्राको क्रममा धेरै कठिन मोडहरू पनि आए हामि अगाडि बढी नै रहयौ । उहाँ कुनै पनि कुराको चिन्ता नलिने एकदम साधारण स्वाभावको हुनुहुन्थ्यो । मन भित्र धेरै पीर भए पनि पचाउने बानी उहाँको थियो । छोरालाई असाध्यै माया प्रेम गर्नु हुन्थ्यो । दाजुभाइ, भान्जाभान्जी, बन्धुबान्धव सबैलाई प्रेम गर्नु हुन्थ्यो । केही न केही सबैलाई दिन मन गर्नु हुन्थ्यो । कोहीसँग पनि नराम्रो व्यवहार गर्नुहुन्न थियो । सबैसँग मिल्न सक्ने बानी भएकाले सबैले मन पराउँदथे । छोराहरू पनि साथी जस्तै भएर खुब मिलेर कुराकानी गर्दथे । आमा बिते पछि व्यावहारमा धेरै परिवर्तन आए र त्यसलाई पनि आत्मसात गर्दै संघर्षको पथमा अगाडि बढिरहनु भयो । छोराहरू स्कुलबाट कलेज पढ्न थाले र हामी पनि काठमाडौँबाट भक्तपुर बसाइँ सर्‍यौँ । यसै बिचमा २०६४

साल मंसिर १३ गते मेरी आमाको स्वर्गवास भयो । जिन्दगीमा फेरि अर्को झटका थप्यो । यसलाई पनि स्वीकार गरि अगाडि बढ्यौ । मानिस जन्मेपछि ठूलो हुने, बूढो हुने, रोगी हुने र मृत्यु हुने जीवनचक्र सबैका लागि समान हुन्छ भन्ने सोच बनेको थियो । तर आफ्नो मान्छे गुमाउँदाको पीडा दर्दनाक हुँदोरहेछ । सबै पीडा खप्दै अगाडि बढ्नुको विकल्प थिएन । त्यसपछि कान्छो छोरो उच्च शिक्षाको लागि अमेरिका गयो र ठूलो छोरा घरमै बसेर पठनपाठन गर्न थाल्यो । सबै राम्रोसंग चल्दै थियो । वरपर दाजुभाइ इस्टमित्र सबैको राम्रो थियो । एक दिन यस्तो समय आयो त्यो कहिले बिर्सन नसक्ने दिन थियो । उहाँ अफिस हिड्नु भएका बेला एक्कासि टाउको दुखेर मोटरसाइकल चलाउन नसकेर एउटा औषधी पसलमा गई औषधी माग्दा पसले साहुले अस्पताल लगेछन् । हामीले ३-४ घण्टा पछि मात्र थाहा पायौँ र आमाछोरा अस्पताल गयौँ । एकछिन पछि घर ल्यायौं र अर्को दिन टिचिङ अस्पताल लग्यौँ । फेरि गार्हो भयो र पुनः अस्पताल भर्ना गर्नुपर्यो । उपचारकै क्रममा न्यूरो अस्पतालमा पनि लानु पऱ्यो र त्यहीँ अपरेसन गर्नुपऱ्यो । अपरेसन गर्न हाम्रो लागि धेरै पीडादायी थियो तर त्यो बाहेक कुनै विकल्प थिएन । अपरेसन त गरियो तर अपरेसन सफल भएन । उहाँको मिति २०६७ साउन ३० गते देहान्त भयो । उहाँको उमेर ५४ वर्ष थियो र देहावसन हुँदा सानो छोरा अमेरिकामै थियो । हामीलाई ठूलो बिपत्ती आइलाग्यो र पहाडले थिचेजस्तै भयो । मन र मस्तिस्क केहिले काम गरेको थिएन । सानो छोरा अमेरिकाबाट आयो र काजकिरिया गरियो । त्यस पछिको समय म कल्पना पनि गर्न सक्दिन । सबै समयले गरायो तर विडम्बना सबै खप्नु नै पर्ने रहेछ । हुन त हरेक मानिसलाई यस्ता घट्नाले थिचेको हुन्छ तर आफूलाई पर्दा असाध्यै गाह्रो हुने रहेछ । हामीलाई पनि त्यस्तै भयो तर बाँकी जीवन जिउनु नै पऱ्यो । छोराहरूले सम्झाए बुझाए, अगाडि बढ्नु पर्छ भनेर भावना जगाए ।

लाखौं मान्छेबीच माया गर्ने मान्छेको मृत्यु हुँदा दुःख अवश्य हुन्छ तर खप्नुको विकल्प थिएन । कान्छो छोरा अमेरिका फर्कियो, ठूलो र म घरमै बस्यौं । कमाएर खुवाउने मान्छे नै गुमाएपछि कति पीडा भयो होला ? तर भगवानको दृष्टि परेर होला ठुलो छोराको मेहेनत र बुवाको आशीर्वादले होला छोराले सशस्त्र प्रहरीको इन्स्पेक्टरमा नाम निकाल्दा हामी अति खुसी भयौँ । अब छोराको जागिर पक्का भयो । त्यसपछि कान्छो छोराले पनि अमेरिकाको आर्मीमा नाम निकाल्न सफल भयो । दुवैले दुःख गरेर तालिम पनि सके र आफ्नो भविष्य सुनिश्चित बनाए । अब छोराहरूले गरिखाने भए भनेर एकदम खुसी भएँ । दुवै छोराहरूको विवाह १० महिनाको फरकमा गरिदिएँ । ठूलो छोराको विराटनगरमा सँजिपा लुइँटेल संग विवाह भयो र कान्छो छोराको काबेली कि जीवनी बानियासँग भयो । अहिले दुवैको

एकएक जना छोरीहरू छन् । ठूली नातिनीको नाम शुभानी र कान्छी नातिनी को नाम जाएरा । ठुलो छोरा इन्स्पेक्टर र बुहारी त्रिभुवन विश्वविद्यालयबाट M.P.A गर्दैछिन । कान्छो छोरो अमेरिकामा Federal Highway Administration (Civil Engineer) र बुहारी Assistant मा Colorado State मा बस्छन् । सबै छोराबुहारी आ-आफ्नो काममा रमाएका छन् । समयले गर्दा होला, जेठो छोराको कर्मथलो आफ्नो देश, आफ्नो मातृभूमि भएको छ र यसैमा रमाउँछ । कर्म र भाग्यले गर्दा होला सानो छोराचाँहीं प्रवासी हुन पुग्यो ।


अहिले मलाई छोराबुहारी र नातिनी देखेर उनीहरूको बुवाको धेरै याद आउँछ । राजकुमार जस्तै हुर्काएका छोराहरू अहिले गरिखाने भएको उहाँको भौतिक शरीरले देखेन, आत्माले देख्छ भन्नेमा बिश्वस्त छु । यो कुराले साह्रै पीर लाग्छ । उहाको छोराहरूसंग खेल्ने, ठट्टा गर्ने बानी थियो । एकदिन यस्तै अनौठो घटना घट्यो । कान्छो छोरोले कम्प्युटर बिग्र्यो भन्यो र बनाउन नयाँ सडक लानु भयो । कम्प्युटर पसलमा छाडेर अफिस जानु भएछ । पछि कान्छो छोरोले फोन गर्दा 'म आइ हालें' मात्र भन्दै फोन राख्नु हुन्थ्यो । पछि कुरो बुझ्दा उहाँले डिल्लीबजार मालपोत कार्यालयबाट आफ्नो मोटरसाइकल ठानेर अर्काको मोटरसाइकल लानु भएछ र पछि बौद्ध पुगेर थाहा पाउनु भएछ । आफ्नो मोटरसाइकल हरायो भनेर देवी भान्जालाई बोलाउनु भयो र मोटरसाइकल चोरीको उजुरी प्रहरीकोमा दिनु भएछ । त्यही प्रहरी कार्यालयमा अर्को मोटरसाइकल पनि हराएको उजुरी आयो र दुवै एकै ठाउँबाट भन्ने कुरा खुल्यो र पछि कुरा गर्दा उहाँ आफैँले अर्काको मोटरसाइकल लानु भएको कुरा खुल्यो । त्यो दिनको घटना अहिले पनि छोराहरू कुरा गरेर हाँस्छन । यस्ता कयौं घटनाहरू छन् । हामीलाई झल्झली आँखामा नाच्ने, मनमा हास्ने स्मरण आइरहने, लेखेर पोखेर कहिले नसकिने छन् ।

मानिसको यात्रामा धेरै उकालीओराली हुन्छन । अन्तिममा कहाँ गएर के भएर यात्राका हामी यात्री छुटिन्छौ थाहा हुँदो रहेनछ । कहिले काही त लाग्छ यो कस्तो भुमरिमा हामी रूमलिएका छौ । यो जिन्दगी पनि कतै एउटा सपना मात्र त होइन र ? हामीले सोचेको केही पनि नहुँदो रहेछ । मानिस जब व्यहारमा पर्छ तब मात्र जीवनको महत्व बुझ्दै जान्छ । मेरा छोराहरूले पनि बुवाको अभाव बुझ्दै छन् ।

अवश्य पनि अबका दिनहरू पनि चुनौतिपूर्ण छन् तर समयले धेरै पाको बनाइसक्यो । चुनौति सामना गर्ने साहस अवश्य पनि छ र भगवानप्रति हार्दिक नमन गर्न चाहान्छु । उहाँको बैकुण्ठमा उच्च बासको पुकार गर्दछु । छोराहरु लगायत हामीलाई आर्शीवाद दिएको अनुभूति गर्दैछु ।

# स्वर्गीय बुवा नैनान्द उप्रेती र आमा टीकादेवी प्रति केही शब्दचित्र

तीलचन्द्द उप्रेती


स्व. नैनान्द/टीकादेवी उप्रेती

तेह्रथुम जिल्ला आठराई चुहानडाँडामा स्थायी बसोबास गर्ने पिता श्रीकान्त र माता रमादेवीको कोखबाट तीन छोरामध्ये जेठा पाण्डुलाल उप्रेतीको विष्णुमाया शिवाकोटीसँग र माइला छोरा भोलानाथ उप्रेतीको हरिमाया चिमरियासँग विवाह भएको थियो । कान्छो पुत्ररत्नको रुपमा श्री नैनान्द उप्रेतीको वि.सं. १९७० सालमा जन्म भएको थियो ।

मेरा पिताजी ५ वर्षको उमेर हुँदा हजुरबुवा श्रीकान्त उप्रेती परमधाम हुनुभएको थियो । पिताको मृत्यु पश्चात आमा रमादेवीको काँधमा ३ छोरा र ४ छोरीको लालनपालनको जिम्मेवारी आईपरेको थियो ।

पहाडको ठाँउ घाँस, दाउरा, मेलापात सवै काम गर्नुपर्ने भएकाले छोराछोरीको लालनपालन गर्न कठिन थियो । त्यस समयमा स्कुल कलेज पहाडमा थिएनन् । पति विछोडले दुखित भएकी रमादेवीले छोराछोरीहरू हुर्काउन निकै कष्ट गरेकी थिईन । समय वित्तै जाँदा छोराछोरीहरूको विवाह सकेर आ-आफ्नो अंशभाग दिई कान्छो छोरा नैनान्दसँग बस्ने अठोट गर्नुभयो ।

बुवा नैनान्द उप्रेती आठ्राई होडा निवासी श्री शिवलाल शिवाकोटी र नर्वदा शिवाकोटीकी साईली छोरी टीकादेवीसँग विवाह बन्धनमा वि.सं. १९७९ सालमा बाँधिनु भएको थियो । नैनान्द उप्रेतीको बाल्यकाल सामान्य रुपमा वितेको थियो । त्यस ठाउँमा स्कुल कलेज नभएको र घरको आर्थिक अवस्था सन्तोषजनक नरहेकाले घर व्यवहारमा नै जीवन व्यतित रहेको थियो ।

पहाड बसाईको क्रममा चुहानडाँडाबाट फाकचुवामा बसाई सराई भएछ । माथि उल्लेखीत ३ छोरा र ४ छोरी मध्ये फाकचुवामा १ छोरी र २ छोरा जन्मिएका

थिए । यसै क्रममा २००७ सालमा लिम्बुवानको क्रान्तिबाट मधेश झर्नु भएछ । झापा जिल्लाकै घैलाडुब्बाको मन्सापुर भन्ने ठाँउमा आफ्नो परिवार आमासहित बसाई सर्नु भयो । केही समयको अन्तराल पछि क्रान्ति साम्य भए पछि आमालाई माइला दाजु भोलानाथ उप्रेतीकहाँ राखी आफ्नो परिवार लिई पुनः चुहानडाँडाको फाकचुवामा नै बस्नु भएछ । १ बर्ष पछि झापाको मन्सापुरमानै रमादेवीले परमधाम गमन गर्नु भएछ । यो वि.सं. २००८ सालको कुरा हो । नैनान्द र टीकादेवी उप्रेतीका ३ छोरा र ४ छोरीहरू थिए क्रमश शंकरप्रसाद, तीलचन्द्र र विश्व नवीन उप्रेती हुन । छोरीहरू क्रमशः पवित्रा प्रसाई, हरिमाया सुवेदी, भीमादेवी विमली र पवित्रा सिटौला हुन् । बुहारीहरू क्रमश लक्षीमा प्रसाई उप्रेती, रजिया संग्रौला उप्रेती, सावित्री सुवेदी उप्रेती हुन् ।

पहाडबाट मात्र आफ्नो परिवारको व्ययभार नथेग्ने भएकाले वि.सं. २०२७ को अन्त्य तिर मधेश झर्ने निधो भयो । हाम्रा नातामा भन्जा पर्ने भन्जादाइ बुवाका समकालीन मिलनसार व्यक्ति श्री डिल्लीराम विमली झापा जिल्लाको सुरुङ्गा गाँउ पन्चायत वाडा नं ७ लालपानीमा बस्नु हुन्थ्यो । उहाँले हामीलाई बारम्बार मधेश आउनु भनेर भनिरहनु हुन्थ्यो । हामीले घर सल्लाहगरी नैनान्द, तीलचन्द्र र भिमादेवी ३ जना मधेश खेती गर्न भनी डिल्लीराम विमलीकै समीपमा आयौँ । केही समय त्यहाँ बसी सुरुङ्गाको टप्पु भन्ने स्थानमा जेठी दिदीको नजिक आएर बसियो । लालपानी र सुरुङ्गामा दुईतिर खेती गर्न थालियो । केही समयपछि पहाड र मधेश दुईतिर भएको परिवारलाई वि.सं. २०३० सालमा एकै ठाँउमा भेला गरियो ।

नैनान्द र टीकादेवी उप्रेतीको कर्मथलो वि.सं. २०३० सालबाट झापा जिल्लाको सुरुङ्गा वडा नं ५ मा नै सीमित रह्यो । “साधा जीवन उच्च विचार”का धनी उहाँहरूको साधारण खानपिन दूध, दही, घिऊ, मह मन पराउने थियो । आफ्नो हिन्दु धर्ममा अडिग रहने देवी देवताको पूजापाठ गर्ने, दौरा, सुरुवाल, कोट, टोपी र पटुकीमा सारै रुचि राख्ने नैनान्द हुन भने टीकादेवी गुन्यू, चोली, पटुकी, निधारमा सिन्दुरको टीका लगाउने, सधै विहान स्नान गर्ने, शिवपञ्चायनको सधै पूजा गर्ने धर्मकर्ममा ज्यादै रुचि राख्ने हुनुहुन्थ्यो । चार धामको यात्रा जोडीकै साथ गर्नु भयो । नैनान्द र टीकादेवी कोमल हृदय भएका दुःख लाई सहजताका साथ ग्रहण गर्न सक्ने हुनुहुन्थ्यो । आफन्तलाई ज्यादै माया गर्ने र छिमेकीसंग राम्रो व्यवहार गर्ने स्वभाव दुबैमा थियो ।

खेती मुख्य पेसाको रुपमा गरिरहेको हुनुहुन्थ्यो जो आजतक चलिरहेकै छ। टीकादेवी उप्रेती केही शरीर पोल्ने रोगबाट पीडित हुनुहुन्थ्यो। डाक्टरको सल्लाह बमोजिम उपचार गरी रहियो। कहिलेकाही धामीझाँक्रीले झारफुक गर्थे मनोवैज्ञानिक औषधि जस्तो दुईचार दिन निको जस्तो हुन्थ्यो। बुवाआमाको बसाई विश्वनवीनसँग थियो। विश्वनवीनकै घरबाट बुवाआमा २३ महिनाको अन्तरपछि धाम गमन गर्नुभयो।

## छोराछोरीबाट सन्तुष्टी

जेठा दाजु शंकरप्रसादका ४ भाइ छोराहरूमा जेठो ध्रुव बुहारी मुना, माइलो खगेन्द्र बुहारी बिमला दाहाल, साइँलो राजेन्द्र बुहारी सुजल सिटौला र कान्छो छोरा मात्रिका बुहारी सुमित्रा शिवाकोटी रहेका छन्, भने छोरीहरू सीता, कृष्ण, कमला र मुना रहेकोमा माइली छोरी कृष्णाको अविवाहित अवस्थामा स्वर्गवास हुनपुग्यो। जेठी सीता ज्वाइँ शेषराज भट्टराई, साइँली कमला ज्वाइँ सोहन मलहोत्रा, कान्छी मुना ज्वाइँ गोकुल नेपालसँग विवाह बन्धनमा बाँधिएर जीवन बिताइरहेका छन्। म माइलो छोरा तीलचन्द्र उप्रेतीको विवाह वि.सं. २०३२ सालमा रजिया देवीसँग भयो। हाम्रा ३ छोरीहरू क्रमशः नीलु, सुमन र कोपिला, ज्वाईहरू क्रमश किरण रिजाल, छवि दुलाल र सुरेश कँडेल र एक छोरा धर्मप्रसाद उप्रेती, बुहारी तारा उप्रेती हुन्। नातिनातिनाहरू रितेश उप्रेती र रीजा उप्रेती हुन्। भाइ कान्छो विश्वनवीन उप्रेतीका दुई छोरामध्ये जेठो घनश्याम उप्रेती र बुहारी प्रमिला खरेल, कान्छो ओमकृष्ण र बुहारी मनिका खरेल छन्। छोरी हेमन्तीका ज्वाँइ रवीन्द्र लमसालसँग विवाह बन्धनमा बाँधिएर जीवन सुखद् रूपमा बिताइरहेकी छन्। यसरी बुवाका तीनभाइ छोरा र नातिनातिना एवम् ज्वाईँहरू छोरीहरू सुखदपूर्वक जीवन यापन गरेकोमा हर्षित हुनुहुन्थ्यो।

अन्त्यमा टीकादेवी उप्रेती वि.सं. २०६० साल असर ६ गते आफ्नै घरमा बोल्दाबोल्दै सवै परिवारबाट सदैवका लागि विदा हुनुभयो। त्यसरि नै नैनान्द उप्रेती वि.सं. २०६२ साल जेष्ठ महिनाको २२ गते विहान ८:३० बजे खाटमा वसेकै ठाँउमा देव्रे आँखाबाट प्राण त्याग गर्नु भयो। यसरी नै एउटा पीढिको बैकुण्ठ धाम गमन भयो। परमात्माले उहाँहरूलाई जन्म मरणको खेलमा अव कहिल्यै जान नपरोस भन्ने अनुरोध गर्दै हाम्रा पितृ देवताहरूलाई हार्दिक श्रद्धासुमन अर्पण गर्दछौँ।

# स्व. बुवा गोविन्दप्रसाद र आमा शिवमाया शिवाकोटीको स्मृतिको पाना बाट

**जीवनाथ शिवाकोटी**



स्व. गोविन्द प्र./शिवमाया शिवाकोटी

शिवाकोटी वंशावलीका पहिलो पुस्ताका गणेश शिवाकोटीका सातौँ पुस्ताका मुरलीधर उनका छोरा कर्नाखर, उनका कान्छा छोरा प्रेमलाल, उनका जेठा छोरा पदमलालका जेठा छोराको रूपमा एघारौँ पुस्तामा बुवा स्व. गोविन्दप्रसाद शिवाकोटीको जन्म वि.सं १९८४ साल बैसाख १४ गते, आमा दिबमाया ओली शिवाकोटीका गर्भबाट जिल्ला ताप्लेजुङ्ग सिगैचा गाविस वार्ड न ५ फावाखोलामा एक निम्न मध्यम बर्गीय किसानको घरमा भएको थियो ।

पदमलाल र दिबमायाका कोखबाट जन्म भएका ५ भाइ छोरा, ३ बहिनी छोरी मध्ये बुवा गोविन्द जेठो छोरा हुनुहुन्थयो । अन्य भाइ बहिनी हरूमा जेठी बहिनी गंगादेवी खरेल परलोक भैसक्नु भएको, माइलो भाइ मनरथ शिवाकोटी परलोक हुनु भएको र उनका एक छोरा अमेरिका र अरु छोरा छोरी दमकमा बसोबास गरिरहेका, साइलो भाइ ईन्द्रप्रसाद परलोक हुनु भएको र उनका छोराहरू मध्ये माइलो जापानमा र अरु दमकमा बसोबास गरिरहेका, माईली बहिनी साबित्रा खरेलको स्वर्गबास भएको र उनका एक भाइ छोरा पहाडमा, एक भाइ बिर्तामोडमा र एक भाइ दमकमा बसोबास गरी रहेका, कान्छी बहिनी सरस्वती खरेल छोरासहित दमकमा नै बसोबास गरिरहेका, काइलो भाइ भानुभक्तको पनि परलोक भएको र उनका जेठा छोरा दमकमा र अरु सबै परिवार उर्लाबारीमा बसोबास गरिरहेका तथा कान्छो भाइ लक्ष्मीप्रसादका एक छोरा अमेरिकामा र अरु दमकमा बसोबास गरिरहेका छन् ।

यसरी ताप्लेजुङ्ग सिगौचा–५ फाबा खोलामा जन्म भई सोही ठाउमा दुखःसुख गरी आफ्नो बाल्यकाल बिताउदै आउनु भएको थियो । तत्कालीन अवस्थामा विद्यालयको पहुँच सहज नभएको र आर्थिक अवस्था कमजोर भएकाले बुवाले कुनै पनि औपचरिक शिक्षा आर्जन गर्न पाउनु भएन । घरको काम र खेती किसानी, घास दाउरा गरेर नै बाल्यकाल बिताउदै जानुभयो । यसैबीच आफू करिब ९ वर्षको

हुँदा त्यस बेलाको समय अनुसार बाल्यकालमै विवाह गर्ने चलन भएको र आफू घरको जेठो सन्तान भएकाले भाइबहिनीहरूको रेखदेख हेरचाह गर्नुपर्ने दायित्य समेत भएकाले विवाह गर्ने कुरा चल्न थाल्यो । ताप्लेजुङ्ग जिल्ला मामंखे निवासी लक्ष्मीकांन्त खरेल र राममाया खरेलकी जेठी छोरीको रूपमा बि.सं १९८२ सालमा जन्मनु भएकी शिवमाया खरेलसँग विवाह गर्ने कुरा पक्का भएपछि बुवाको करीब ९ बर्षको उमेरमा १९९४ सालमा परम्परा अनुसार विवाह संपन्न भयो ।

लक्ष्मीकान्त खरेल र रामकुमारीबाट भएका सन्तान मध्ये २ छोरा ३ छोरीहरूमा जेठा शिवलाल खरेलका छोरा खड्गप्रसाद झापा बलुबथानमा, त्यस पछिकी छोरी आमा शिवमाया, त्यसपछि माइली सानिमा गोमा उप्रेतीका सन्तान बिर्तामोड झापामा, कान्छी सानिमा पबित्रा देवी मैनालीका एक छोरा बिर्तामोडमा र अरु पाचथर आर्खलेमा, मामा कुश्माखर खरेलका सन्तान सुरुंगा ७ हाल कन्काई न.पा.५ मा बसोबास गरिआएका छन् । संयुक्त परिवारको रूपमा सोही ठाउँमा दुखःसुख गरी जीवन निर्बाह गरिरहेको अवस्थामा करिब २००३ सालतिर उहाँका बुवाआमा अरु परिवारसहित उहाँहरूलाई सोही ठाउँमा छोडी च्यांगथापू बसाई जानु भएपछि सो ठाउँमा बुवा एक्लै हुनुभयो र जो भएको चलअचल सम्पति पनि भाग लगाउँदा थोरै मात्र बाँकी रहेकाले गुजारा गर्न पनि कठिन अवस्था थियो ।

पछि २००४ सालमा बुवाआमाको जेठो छोरा बेनुप्रसादको जन्म भयो । अब त परिवार नै पाल्न कठिन भएकाले आमाका माइती पनि अँखोपतिर आएकाले सल्लेरी अन्खोपमा परिवार सहित जानुभयो । त्यसैबीच माइलो छोरा नारायणप्रसादको २००७ सालमा जन्म भयो । यसरी परिवार बढ्दै गयो, आम्दानीको श्रोत केही नभएकाले परिवारलाई सोही ठाउँमा छोडेर बुवा रोजगारीको सिलसिलामा भारतको सिक्किमतिर जानुभयो । यसरी सोही ठाउँमा रोजगारी गरिरहेको अवस्थामा भारतीय आर्मीसँग सम्पर्क भई आर्मी क्यम्पमा कामदारको रूपमा काम गर्न थाल्नुभयो । त्यो बेला विश्वयुद्ध भैरहेकाले भारतीय आर्मीहरू लडाईका लागि विभिन्न ठाउँमा जानुपर्ने हुँदा उनीहरूसँगै आफू पनि जाभा, सुमात्रा, फिलिपिन्स सम्म गएको भनी हामीलाई सुनाउनु हुन्थ्यो ।

यसरी बुवा रोजगारीको लागि बाहिर जानु भएको र कहिलेकहिँ केही दिनका लागि मात्र घर आउने भएकाले आमाले नै आफ्ना सन्तानहरू दुखःसुख गरी लालनपालन गरेर बस्नु भएको थियो । यसैबीच २०१३ सालमा साइलो पुत्रको रुपमा भोलानाथको जन्म भयो । यसरी बालक छोराहरूलाई आमाले एक्लै पालनपोषण स्याहारसुसार गर्न कठिन भएको र उता विश्वयुद्ध पनि सकिएको हुँदा बुवा २०१५ सालतिर

रोजगारी छाडेर घर फर्किनु भयो । यसै बीच २०१६ साल बैसाखमा काइँला छोराको रुपमा म जीवनाथको जन्म भयो । यसरी परिवार बढ्दै गएकाले सो ठाउँको कमाइले जीवन धान्न कठिन भएपछि २०१६ सालको मध्येतिर बुवाआमा परिवारसहित झापा बुधबारेमा बसाइँ सर्नुभयो । आफ्नो जग्गाजमीन नभएकाले अरुकै खेती गरीबसेको हुँदा करिब २ वर्षपछि बुधबारे बाट २०१८ सालतिर माइधार हालको बेनुबाजा बसाइँ सर्नुभयो । त्यहाँ पनि २ वर्षजति बसेपछि २०२० सालतिर दुधेमा बसाइँ सर्नुभयो । सोही ठाउँमा अन्तरे छोरा बिष्णुप्रसादको जन्म भयो र पछि २०२२ सालमा छोरी पबित्राको जन्म भयो । सो ठाउँमा करिब तीन वर्ष बसेपछि २०२३ साल तिर देवीचउन गौरादह बसाइँ सर्नुभयो । सो ठाउँमा २०२३ सालमा अर्की छोरी लीलादेवीको जन्म भयो । उक्त स्थानमा डेढ वर्षजति बसेपछि त्यहाँबाट २०२४ सालको अन्त्यतिर सुरुङ्ग ७ तुलसीबारी हालको कन्काई न.पा ५ मा जग्गाजमिन खरिद गरी बसाइँ सर्नुभयो । सोही ठाउँमा कान्छा छोरा जनार्दन को २०२६ सालमा जन्म भयो । सोही ठाउँलाई कर्म थलो बनाई मूलतः कृषि पेसा गरी जीवनपर्यन्त रहनु भयो ।

यसरी रहँदाबस्दा जेठो छोरा बेनुप्रसाद छुट्टी भिन्न भै सोही ठाउँमा घरबार गरी बसेको, नारायणप्रसाद व्यापार ब्यबसायको सिलसिलामा सुरुङ्ग बजार, इलाम, फिदिम हुँदै हाल बिर्तामोड बसोबास गरीरहेको, साहिलो छोरा पनि भिन्न भई सोही ठाउँमा घरबार गरी बसेको हुँदा साथमा रहेका छोराछोरी मध्ये कहिँलो छोरा म जीवनाथ पढाईको सिलसिलामा काठमाडौँ आई सोहीठाउँमा नोकरी गर्न थालेकाले त्यसपछिका भाइबहिनीहरू सबैलाई काठमाडौँ ल्याई पढाइ लेखाइ गरी बसेको थिएँ ।

काठमाडौँ बसाइँको सिलसिलामा म जीवनाथले काठमाडौँ मैतीदेवमा घर बनाई भाइबहिनीहरूसंगै बसी आएकोमा उता बुवाआमा एक्लै हुनु भएको र उमेर पनि ढल्किदै गएको र आमालाई ग्यास्ट्रिक बिग्री अल्सर र दमको रोगसमेत भएकाले उपचार पनि गराउनपर्ने भएको हुँदा २०४४/४५ सालतिर बुवाआमालाई काठमाडौँ ल्याई संगै राख्न थालियो । पछि मेरा छोरीहरू अध्ययनको लागि अमेरिका गएका भाइबहिनीहरू विवाह भई आ–आफ्नो व्यवहार गरी बसेका र बुवाआमासंगै बस्ने भनिएका कान्छो छोराबुहारी पनि रोजगारी गरी काठमाडौँमै बसेकाले बुवाआमा करिब १७ –१८ वर्ष मसंगै काठमाडौँ बस्नु भएको थियो । पछि २०६२ सालमा मेरो सरुवा विराटनगरमा भएकाले काठमाडौँ घरमा कोही पनि नहुने अवस्था भएपछि बुवाआमाले जेठो छोरा बेनुप्रसादसंग गएर बस्ने इच्छा ब्यक्त गर्नु भएको हुँदा त्यसपछि झापा सुरुङ्गा जेठा छोराको घरमा गई बसोबास गर्न थाल्नु भयो । यसरी

रहँदाबस्दा २०६६ साल मंसिरमा आमाको देहान्त भयो । संगै लामो समय जीवन बिताएकी पत्नीको देहान्त भएपछि बुवा सो ठाउँमा बस्न चाहनु भएन र अन्तरे छोरा बिष्णुप्रसादकोसाथ काठमाडौँमा आइ बस्न थाल्नु भयो । करिब २ वर्ष पछि २०६८ मंसिर ६ गते बुवाको पनि स्वर्गबास भयो । यसरी हामी सबै सन्तानले हाम्रा अभिभावक जन्म दाता बुवाआमालाई गुमाउनु पऱ्यो । स्वर्गीय बुवाआमाका छोराछोरी नातिनातिनाहरूको विवरण निम्नाअनुसार रहेको छ ।

जेठो छोरा बेनुप्रसाद शिवाकोटी, बुहारी मनमाया आचार्य शिवाकोटीका ५ जना छोराछोरी मध्ये देवीमाया सुबेदी, बुद्धिप्रसाद शिवाकोटी, नरमाया प्रसाई, तारादेवी प्रसाई र खेमप्रसाद शिवाकोटी रहेका छन् भने माहिलो छोरा नारायणप्रसाद शिवाकोटी बुहारी कृष्णकुमारी आचार्यका पनि ५ छोराछोरी रहेका छन् । जस मध्ये गंगा देवी उपाध्याय, फडिन्द्र शिवाकोटी, दिपेन्द्र शिवाकोटी, लक्ष्मीकुमारी र टिकेन्द्र शिवाकोटी रहेका छन् । यसैगरी साइलो छोरा - भोलानाथ शिवाकोटी बुहारी लीलादेवी मैनाली शिवाकोटीका ६ जना छोराछोरी मध्ये जेठी हिमा देवी प्रसाई, दीनानाथ शिवाकोटी, तुलसादेवी पौडेल, हरिमाया ढुंगेल, मुनादेवी शिवाकोटी र कमला पाठक झापा जिल्लामा नै बसोबास गरिरहेका छन् । काइलो छोरा- जीवनाथ शिवाकोटी बुहारी रीतादेवी पाठक शिवाकोटीका ४ जना छोराछोरी जिना शर्मा, जुना शर्मा अर्याल, जोना शर्मा रिजाल, सुशन शिवाकोटीसमेत चारै जना संयुक्त राज्य अमेरिका बसोबास गरेका छन् । अन्तरे छोरा बिष्णुप्रसाद शिवाकोटी, बुहारी राधाकुमारी न्यौपाने शिवाकोटीका १ छोरा बिरासन शिवाकोटी बिर्तामोड ६ बुट्टाबारीमा बसोबास गर्दै आएका छन् । २ ओटी छोरीहरुमध्ये जेठी छोरी पबित्रा अचार्य, ज्वाइँ पुष्प आचार्य क्यानाडामा छन् । उनीहरुका पवन आचार्य, पूजा आचार्य २ छोराछोरी छन् । कान्छी छोरी लीलादेवी कोइराला, ज्वाइँ शौरभ कोइराला बिराटनगरमा बसोबास गर्छन् । एक नाति सज्जल कोइराला छन् । कान्छो छोरा जनार्दन शिवाकोटी, बुहारी कोपिला प्रसाई शिवाकोटी काठमाडौँ, सुकेधारामा बसोबास गर्छन् । छोराछोरी सौजन र यमन संयुक्त राज्य अमेरिकामा बसोबास गर्छन् ।

यसरी सदासर्वदा छोराछोरीको सुखमा रमाउने, दुःखमा साथ दिने बुवाआमालाई प्रत्यक्ष रुपमा देख्न नपाए पनि उहाँहरुको स्मरण हामी सबैमा सदासर्वदा आईरहेकोले उहाँहरु अमर हुनुहुन्छ । उहाँहरुले बैकुण्ठमा बास गर्नुभएको छ । हामीलाई बैकुण्ठबाट सदा सर्वदा आशिष दिँदै हुनुहुन्छ । स्वर्गवासी बुवाआमाप्रति चीरशान्तिको श्रद्धासुमन ।

# स्मृतिका पानामा स्व. आमा नैनकुमारी भण्डारी

**मदनकुमार भण्डारी**

## जन्मस्थान



स्व. नैनकुमारी भण्डारी

सविक अंचल सगरमाथा हाल कोशी (अंचल) खोटाङ्ग जिल्ला अब्लुखा गा.पा.वडा नं. ८ वस्ने स्व. मानबहादुर विष्ट तथा स्व. विष्णुमाया विष्टको साईँली सुपुत्रीको जन्म १९९६ अषाढ ११ गते भएको थियो । उहाँ मुनि २ जना भाइ र २ जना बहिनी थिए ।

## बाल्यकाल र विवाह वन्धन

घाँस दाउरा गोठ खेतवारीमा १२ वर्षसम्म जन्मथलोमा आमाबुवाको काखमा रमाउदै सुखी जीवनको सपना बुन्नु हुन्थ्यो । छोरी बढेपछि विवाह गर्नुपर्ने र पराईको घरमा जानुपर्ने प्रकृतिक नियम नै हो सो नियमले आमालाई छोड्ने कुरै भएन । कोशी अंचल भोजपुर जिल्ला ओखे गा.पा. वडा नं. ८ मा स्थायी वसोवास गर्ने स्व. मानध्वज भण्डारी तथा स्व. पवित्रादेवी भण्डारीको जेष्ठ सुपुत्र श्री वलबहादुर भण्डारी संग २००९ सालमा १३ वर्षको विवाह गरी दाम्पत्य जीवनमा बाधिनु भएको थियो । दाम्पत्य जीवनमा बाधिएपछि एकअर्काको सुखदुःखमा साथदिदै जीवन सुखपुर्वक व्यतित गर्नुभएको थियो । विवाह भए पश्चात माईति आउँदा पुन घर जान नमानि बुवा एक्लै घर फर्किनु भएको र २ वर्ष पछि मात्र घर जाँनु भएको कुरा बुवा भन्नु हुन्छ । उहाँले धरान चताराबाट ढोकोमा नुन समेत बोक्नु भएको थियो ।

## छोराछोरी एवं पारिवारिक जीवन

४ जना छोरा २ छोरी, १६ जना नातिनातिना र पनाति र पनातिनीहरूका धनी माताको रुपमा आफूलाई पाउँदा सधै खुसीको अनुभूति गर्नुहुन्थ्यो । उहाँका मदनकुमार भण्डारी/सविता, गणेश भण्डारी/मञ्जु, टंकबहादुर भण्डारी/राधिका, कर्ण भण्डारी/कमला भण्डारीको सँगसाथामा समय बिताउनु हुन्थ्यो । जीवनको ठूलो समय बिताउनु भएको थियो । छोरी ज्वाईहरूः विष्णु कटुवाल/नरेन्द्र बहादुर कटुवाल, कल्पना खत्री/खगेन्द्र खत्री उहाँका सदैव मायाका खानी थिए ।

कर्मथलो भोजपुर जिल्ला ओखेबाट वि.स. २०२६ सालदेखि हालको मेची अंचल, भ्रापा जिल्ला, भ्रापा गा.पा.६ मा कर्मथलो बनाउनु हुने माताको खानपिन भेषभुषा रहनसहन सादा जीवन उच्च विचारको थियो । सधै शाकाहारी भोजनमा रमाउनु हुन्थ्यो, हसिलो अनुहार मिजासिलो स्वभाव सामाजिक व्यात्तित्वको धनी हुनुहुन्थ्यो ।

## कृषि नै मुख्य पेसा

उहाँको मुख्य पेसा खेतीपाती नै रहेको थियो । आफ्ना खेतबारीमा अन्नपात लगाउने, हुर्काउने उहाँको नियमित जीवनशैली नै थियो । खेतीमा राम्रो खुसी मान्दै खेत घुम्नु हुन्थ्यो । नयाँ नयाँ अन्नबाली लगाउन चाहानु हुन्थ्यो ।

## उल्लेखनीय सामाजिक कार्य

भ्रापा जिल्ला, भ्रापा गा.पा. मा रहेको श्री भृकुटी आधारभूत विद्यालयको प्रागाणमा श्री सरस्वती माताको मन्दिर स्थापना गरी भ्रापा, शरणमतीको शिद्धेश्वर मन्दिर तथा दुर्गा माताको मन्दिरमा आर्थिक सहयोग पुऱ्याउन भएको र श्री जनता मा.वि. शरणमतीलाई मा.वि. संचालनमा आर्थिक सहयोग उपलब्ध गराउनु भएको । वहाँ सामाजिक तथा धार्मिक व्यात्तित्व हुनुहुन्थ्यो ।

## अविस्मरणीय क्षण

वि.सं. २०३९ साल र २०४१ सालमा घर आगलागी भई खुल्ला आकाशमुनी आफ्नो वालवच्चा लिएर वस्नु पर्ने वाध्यता ।

## आखिरी मृत्युवरण

२०७४ साल फागुन १८/१९ गते काठमाडौंमा गई देवी देवताको पूजनसाथै तुलादान गरी वि.सं. २०७४ साल फागुण २२ गते घर आइपुग्नु भएको, त्यसको ठीक १ महिना वि.सं.२०७४ साल चैत २२ गते अचानक अस्वस्थ महसुस भई ७८ वर्षको उमेरमा असामयिक निधनले मर्महात तुल्यायो, माताप्रति हार्दिक श्रद्धासुमन व्यक्त गर्दछौ । स्वर्गीय आमाको स्मृतिमा नारायणी मेमोरियल फाउन्डेसनमार्फत अनाथ असक्त र असाहायहरूका लागि छात्रवृत्ति प्रदानगरी उनीहरूको शैक्षिक उन्नयनमा सहयोग पुऱ्याउने उद्देश्यले उक्त नारायणी मेमोरियल फाउन्डेसनमा Name Foundation मा स्व. नैनकुमारी भण्डारी स्मृति अक्षयकोष २०७८ स्थापनागर्न पाएकामा आफुलगायत सबै दाजुभाइ छोराबुहारी गौरवान्वित भएका छौँ । फाउन्डेसनमार्फत उहाँ सँधै अटल र अमर रहनुहुनेछ भन्ने अपेक्षा छ ।

# स्व. बुवा-आमा पुण्यप्रसाद र पुण्यकुमारी चुडालको पुण्य स्मृतिमा

**लीलाकुमारी चुडाल मैनाली**

## पृष्ठभूमि



स्व. पुण्यप्रसाद/पुण्यकुमारी चुडाल

गर्ग गोत्रीय चुडालहरूको वंशावली अनुसार भारतको उत्तराखण्डमा पर्ने हिमाञ्चल प्रदेशको कुमाऊँ गढ्वालबाट भट्ट, जोशी, आचार्यजस्ता पदावदीबाट विभूषित विद्वान उपाध्याय ब्राह्मणका सन्तान तत्कालीन नेपालको डोटी राज्य (हाल डोटी जिल्ला) अन्तर्गत चूडिग्राममा चूडिल्याई(अख्तियारी) प्राप्त गरी राज्यका माथिल्ला प्रशासनिक पदहरूमा आसिन रही कार्य गरी राज्यलाई सहयोग पुऱ्याएका र पदवी पाएका साथै स्थानका आधारमा पनि चुडाल थर कायम भएका दशरथ चुडाल नै चुडालहरूको आद्यपूर्खाका रुपमा रहेको पाइन्छ ।

समय, अवस्था र परिस्थिति अनुसार उनी त्यहाँबाट बसाइँ सराइ गरी नेपालकै दाङ, सल्यानमा आई धेरै वर्षसम्म बसोबास गरेको कुरा वंशावलीमा पाइन्छ । राजा पृथ्वीनारायण शाहले नेपाल एकीकरण गरेपश्चात उनी पूर्वी नेपालको लिम्बूवान क्षेत्र अन्तर्गत इलामको गोदक, तेह्रथुमको आठराई भित्रिया लगायतका ठाउँमा केही समय बसोबास गरी ताप्लेजुङ्ग जिल्लाको हाङ्पाङ् मिचिरिङ्मा स्थायी बसोबास गरी बसेको कुरा प्रमाणित हुन आउँछ ।

इमान्दार, न्यायप्रेमी, लगनशील, मेहनती र दृढनिश्चयी भएकै कारण लिम्बूवानका किपटिया सुब्बाहरू (लिम्बूहरू)ले प्रेमपूर्वक स्थान दिई बसोबास गराएकै कारण चुडालहरू त्यहाँका रैथाने बन्न सफल भए । त्यसो त राणाकालीन समयमा थरी मुखियाको पदवी सहित ठिङ्ग्रो-मूङ्ग्रो समेत हातमा लिएर गाउँसमाजमा न्यायप्रेमी भई बसेका थिए ।

आद्यपुर्खा दशरथ र कौशल्यावतीबाट दुई छोराहरू माधव र राधाकृष्णको जन्म भएको थियो । यिनीहरूबाट पनि आफ्ना पिताले झैं वंश धान्नुका साथै सामाजिक र धार्मिक कार्यमा लागेको कुरा इतिहासले देखाउँछ । दाजुभाइमध्येका कान्छा राधाकृष्णले विष्णुप्रिया नामकी कन्यासँग वैवाहिकसूत्रमा बाँधिएपछि त्यहिं मिचिरिङ्मा नै रहँदैबस्तै गर्दा छोरा-छोरीहरूको जन्म भयो, जसमध्येका गजाधर चुडाललाई उनै सुब्बाहरूले हाङ्पाङ्बाट नेसुममा लगेर व्यवस्थित तरिकाले सम्मान सहित स्थान दिएको पाइन्छ ।

उनै गजाधर चुडालका श्रीमतीहरू अन्नपूर्णा, जानुका, गंगा र ईश्वराका सन्तानहरू नै नेसुममात्र नभई गैरी, चाँगे र फट्याङ्ग्रेसम्म फैलिएर रहेकामा आज आएर त्यो वंशवृक्ष नेपालमा मात्र सीमित नभई संसारका विभिन्न देशहरूमा जस्तैः भारत, चीन, अमेरिका, क्यानडा, जर्मन, जापान, रुस, कोरिया, बेलायत, फ्रान्स, नेदरल्याण्ड, अष्ट्रेलिया, अष्ट्रिय, अफ्रिका आदि देशहरूमा रहेर विभिन्न पेसा व्यवासयमा आवद्व भई जीविकोपार्जन गरिरहेका छन् ।

गजाधर चुडालका सन्तानहरू मध्ये माइलो छोरा धनपति चुडाल बडो धार्मिक, सामाजिक, न्यायिक र शिक्षाप्रेमी भएको पाइन्छ । जस्तै विद्यालयको स्वीकृति दिएर पनि सञ्चालन गर्न कठिनाई भोगिरहेको तत्कालीन सरकारलाई सहयोग गर्ने क्रममा निजी तवरबाट विद्यालय सञ्चालनका लागि दार्जिलिङ्गबाट ४ जना शिक्षकहरू मगाएर आफ्नै घरमा बसोबासको, खानपान र वेतनको समेत व्यवस्था गरी आफ्नो गाउँसमाजमात्र नभई हाङ्पाङ्, खोकलिङ्, ताप्लेजुङ्गसम्मका विद्यार्थीहरू समेतको सबै व्यवस्था मिलाई शिक्षाको विकासमा महत्वपूर्ण भूमिका निभाउनु भएको पाइन्छ । आफ्ना सन्तानहरू (छोराछोरी)लाई पनि त्यो समयमा देश विदेश राखी शिक्षा दिलाउनुले वहाँको योगदानलाई कम आँक्न मिल्दैन ।

त्यसो त धार्मिक कुरामा पनि वहाँ अत्यन्तै अग्रसर हुनुहुन्थ्यो किनकि घरका पूजापुराणदेखि लिएर चारधामसम्मका यात्रा पनि आफ्नी अर्धाङ्गिनी सहित पूरा गर्नुभएको थियो । त्यसरी नै गाउँमा आइपर्ने सानातिना मुद्दामामिलादेखि तिरो उठाउने, सरकारलाई बुझाउने, बाटा-घाटाको निर्माणसम्मका कार्य पनि गर्नुहुन्थ्यो भन्नमा अत्युक्ति नहोला । वहाँका तीन जना श्रीमतीहरू (पद्मा, विष्णुमाया र कृष्णमाया थपलिया) हुनुहुन्थ्यो । जसमध्ये कृष्णमायाका पुत्र पुण्यप्रसाद चुडाल जो हामी ८ जना सन्तानका पिता-वहाँको जन्म वि.सं. १९८६ साल जेठ ६ गते भएको थियो ।

## जीवनगाथा

हजुरआमाबाट जानकारी भए अनुसार जन्मपश्चात् वहाँको बाल्यकाल अत्यन्तै सुखद रह्यो । वैवाहिक सम्बन्ध पाँचथर, च्याङ्थापु निवासी देवीप्रसाद/विष्णुमाया खरेलकी माइली छोरी पुण्यकुमारी (पद्मा)सँग वि.सं. १९९६ सालमा १० वर्षको उमेरमा आफूभन्दा २१ महिना कान्छी कन्यासँग भएको थियो । त्यसो त आमाको जन्म वि.सं. १९८७ साल फागून २३ मा भएको थियो । आमाको विवाह गर्दा उमेर मात्र ९ वर्षको थियो रे तर पनि यसको उमेर छिप्पियो, बूढी भई अब बिक्तिन भन्थे रे । ९ वर्षको उमेरमा विवाह भएपछि लगभग २ वर्ष जति जन्मघरमा समय बिताउनु भएकी हाम्री आमाले प्रायः सबै शिशिर–वसन्त (हिउँद–वर्खा) नै बुवाकै घरलाई अनि परिवारलाई आफ्नो बनाएर सबैकी प्यारी बनेर रहनु भएको थियो । हिउँदे छाप्रे पाठशालामा केवल २–४ महिना मात्र पढ्न पाउनु भएकी आमा संस्कृत भाषामा र नेपाली भाषामा लेखिएका पुस्तकहरू अब्बल तरिकाले पाठ गरी अर्थसमेत लगाउन सक्नुहुन्थ्यो । गीता पाठ नगरी खाना खानुहुन्नथ्यो । गणित पनि आमालाई मुखैको भाषामा राम्ररी आउँथ्यो किनकि हामीलाई अंकगणितका क्रयविक्रय सम्बन्धी हिसाब मुखैको भरले सिकाइदिनु हुन्थ्यो । तर आमालाई लेख्न चाहिं आउँदैन थियो, खाली आफ्नो नाम मात्र लेख्न सक्नु हुन्थ्यो । सासू–ससुराको सेवा, बच्चाहरूको रेखदेख र परिवारजनको मायाममता गर्नुको साथै धार्मिक र सामाजिक कार्यमा पनि त्यत्तिकै कर्तव्यनिष्ठ आमाबाट हामी छोराछोरीलाई कहिल्यै केही कुराको पनि अभाव भएन, यो नै हाम्रो अहोभाग्य मान्नुपर्छ । त्यसैगरी बुवा पनि सामाजिक, धार्मिक र शैक्षिक कुरामा दृढतासहित लाग्नुभएको थियो । हुन त एउटा पुरुषलाई सफल बनाउन उनकै अर्धाङ्गिनीको महत्वपूर्ण हात रहन्छ भन्छन् । बुवा आमाको पनि हामीले सोही तरिका देख्यौं ।

हजुरबुवाले बुवालाई पढाउने कुरामा केही कसर बाँकी राख्नुभएको त होइन तर सोचे जति चैं पढ्न सक्नु भएन । ज्योतिष विज्ञानदेखि अन्य कुराहरू पनि सिकाउन प्रयास गर्नुभएको थियो रे तर बुवाले सबै कुरा अलिअलि मात्रै गर्दै छोड्नु भएको थियो । त्यसो त बुवा वि.सं. २०११/१२ सालतिर श्री ५ को सरकारको जागिरे (भन्सारको मुखिया) भएर ओलङ्चुङ्गगोला पनि बस्नु भएको थियो रे । त्यसपछि त्यो सेवा छोडेर कहिले भारतको आसामतिर कहिले नेपालको मधेस गर्दै रहनुभएको तर हजुरबुवाको देहान्तपछि भने चाँगे–५ नेसुममा नै रहेर विभिन्न कार्यहरू गर्नुभएको थियो :

**(क) शैक्षिक कार्य**

- श्री राष्ट्रिय प्रा.वि. चाँगे-५ नेसुममा लामो अवधिसम्म सञ्चालक/व्यवस्थापन समितिको अध्यक्ष रही सहयोग पुऱ्याउनु भएको ।
- श्री चाँगे नि.मा.वि. (हाल मा.वि.) को सञ्चालक/व्यवस्थापन समितिको सदस्य रही सहयोग पुऱ्याउनु भएको ।
- विभिन्न विद्यालयहरू (नेसुम, छाते, गोर्जा)लाई आर्थिक सहयोग प्रदान गर्नुभएको ।
- नेसुम र चाँगे विद्यालयहरूको भवन निर्माण कार्यमा समेत सहयोग गर्नुभएको ।
- श्री चाँगे मा.वि.को खेल मैदानका लागि ५ रोपनी जग्गा दान गर्नुभएको ।
- श्री चाँगे मा.वि.मा कक्षा ८-१० सम्म सञ्चालनका लागि रु. १०,००० ।- (दश हजार रुपैयाँ) आर्थिक सहयोग गर्नु भएको र आर्थिक सहयोग संकलन गर्ने कार्यमा पनि सहयोग पुऱ्याउनुभएको ।

**(ख) सामाजिक कार्य**

- दमक न.पा. अन्तर्गत अनाथ आश्रमको भवन निर्माणका लागि रु. ११,००० ।- (एघार हजार रुपैयाँ) सहयोग गर्नुभएको ।
- माङ्मायाँ कुलो निर्माण समितिको अध्यक्ष समेत भई भौतिक र आर्थिक रुपमा सहयोग गर्नुभएको ।
- बाटाघाटा निर्माण कार्यमा समेत सहयोग पुऱ्याउनु भएको ।


**(ग) धार्मिक कार्य**

- घरका पूजा-पुराण लगायत देश-विदेश(नेपाल भारत) का तीर्थस्थलहरू र चारधामको दर्शन गरी पर्यटन क्षेत्रलाई समेत सहयोग पुऱ्याउनु भएको ।
- सरकारबाट प्राप्त सामाजिक सुरक्षा भत्ता समेत मठ, मन्दिर र दिनदुःखीहरूलाई प्रदान गर्नुभएको ।

यसरी आठ सन्तानका माता-पिता दान-दातव्य गर्दा गर्दै क्रमशः वि.सं. २०७१ र वि.सं. २०७५ मा चार वर्षको अन्तरालमा यस दुनियाँबाट समाधीस्थ हुनु भयो तर वहाँहरूले गरेका कार्य सदा स्मरणयोग्य र जीवित रहिरहनेछन् ।

## वंशवृक्ष

स्व.पिता पुण्यप्रसाद र माता पुण्यकुमारी चुडालको आठ सन्ताहरूको वंशवृत्त यस प्रकार रहेको छ :




हजुरबुवा-आमा,बुवा-आमाको गुण भनौं या परम्परा वंशाणुगतरुपमा नै सरेको संस्कार/संस्कृतिले होला हामी सन्तानहरू (छोरा/छोरीहरू)मा पनि दान दक्षिणा, सहयोग, चन्दा आदि जस्ता कार्यमा अग्रसर भई कार्य गर्न मन (इच्छा) लाग्ने हुनाले नै उक्त कार्यमा सफल पनि बनाएको छ ।

जेठी दिदी/भिनाजु (गोमा/स्व.गंगाप्रसाद विमली) पनि दान-दातव्यमा एकदमै अग्रसर हुनुहुन्छ । दीनदुःखी, अनाथ र असहायलाई सहयोग गर्ने बानी वहाँहरूमा पाइन्छ । जेठा दाजु/भाउजू (चेतनाथ(भरत)/आशा चुडाल) को जीवन कहानी लामै रहेको छ । पढाइ, लेखाइका साथसाथै, आर्थिक, राजनैतिक, सामाजिक, शैक्षिक, साहित्यिक तथा साँस्कृतिक अनि खेलकुदको क्षेत्रमा पनि अब्बल नै हुनुहुन्थ्यो । नेपाल प्रहरीको रुपमा (वरिष्ठ उपरिक्षक) लामो अवधिसम्म नेपाल आमाको सेवा गरी यु.एन.मिसनमा पनि करिब १२/१४ वर्ष काम गर्नुभयो । त्यसो त प्रहरी सेवामा कार्य गर्नु अगाडि नै शिक्षण सेवामा पनि श्री पोखरी मा.वि. र श्री सरस्वती मा.वि. हाङ्पाङ्मा आवद्व भई केही समय काम गर्नु भएको थियो । शुरुमा त श्री चाँगे नि.मा.वि.मा पनि छोटो समय काम गर्नुभएको थियो । वहाँको शैक्षिक क्षेत्रमा ठूलो योगदान रहेको कुरालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- बुद्ध प्रा.वि.गोर्जा, आठराई त्रिवेणी-४ लाई भवनको तला थप्न रु ५०,००० ।- (पचास हजार रुपैयाँ) दिएको ।

- श्री राष्ट्रिय प्रा.वि. आठराईत्रिवेणी-४,नेसुमको खेलमैदान घेराबाराको लागि रु. ४०,००० ।- (चालिस हजार रुपैयाँ) बराबरको तार दिएको ।
- श्री चाँगे मा.वि. आठराई त्रिवेणी-५ को विज्ञान प्रयोगशाला र पुस्तकालय भवन निर्माणका लागि रु. ३,००,००० ।- (तीन लाख रुपैयाँ) दिनुभएको ।
- आमा पुण्यकुमारी चुडालको स्मृतिमा रु.१,००,००० ।- (एकलाख रुपैयाँ) अक्षयकोष स्थापना गर्नु भएको ।

यसरी विभिन्न क्षेत्रमा अब्बल रहनुभएको आदरणीय दाजुको वि.सं. २०७० सालमा नै स्वर्गारोहण भएपनि वहाँ हामी सबै र समाजको मनमुटुमा रहिरहनु हुनेछ ।

माहिली दिदी/भिनाजु (सुमित्रा/कोमलप्रसाद प्रसाईं): भिनाजु लामो अवधिसम्म शिक्षण पेसामा आवद्व भई सेवा निवृत्त जीवन बिताइरहनुभएको छ । सेवामा प्रतिबद्व वहाँ सामाजिक र सांगठानिक कार्यमा पनि निपुर्ण हुनुहुन्थ्यो र हाल पनि सक्रिय हुनुहुन्छ । त्यसै गरी दिदी सुमित्रा प्रसाईं पनि राजनैतिक, सामाजिक र धार्मिक क्रियाकलापमा अत्यन्तै सक्रिय हुनुहुन्छ किन कि वन समिति र खानेपानी समितिको सदस्य, अनाथ बच्चाहरूको संस्थाको अध्यक्षमा कार्य गरी रहनुभएको छ । त्यसो त दमक न.पा.वडा.नं. १ को वडाध्यक्ष भई कार्य सम्पादन गरिरहनुभएको छ । त्यसै गरी शैक्षिक क्षेत्रमा पनि विभिन्न विद्यालयहरूको सञ्चालक/व्यवस्थापन समितिको सदस्य/अध्यक्ष भई काम गरिसक्नु भएको छ । महिलाहरूको उत्थानको लागि महिला न्यायिक मञ्चको केन्द्रीय अध्यक्ष साथै राष्ट्रिय मानव अधिकार प्रतिष्ठानको केन्द्रीय सदस्य समेत भई कार्य गरिरहनु भएको छ । कन्काई न.पा. अन्तर्गत कोटीहोमको सल्लाहकार सदस्यमा रहनु भएको उहाँ दान-दातव्यमा पनि त्यतिकै अग्रसर हुनुहुन्छ ।

कान्छो दाजु/भाउजूहरू (खगेन्द्रप्रसाद/सुशीला, देवीमाया चुडाल) दाजु देशविदेश गरी हाल काठमाण्डौं जिल्ला टोखा न.पा. वडा नं. ६, धापासी हाइटमा स्थायी बसोबास गरी रहनुभएको छ । लामो अवधिसम्म विरामी पर्नुभएको आमाको कुशल सेवक बन्नुका साथै (केही समय बुवाको पनि सेवा) दुबै जनाको रेखदेख हेरविचारमा तल्लीन रहनुभयो । उहाँ पनि धार्मिक र सामाजिक कार्यमा अब्बल नै हुनुहुन्छ । आठराई त्रिवेणी-४,नेसुम स्थित स्वास्थ्य चौकीलाई भवन निर्माणका लागि ३ (तीन) रोपनी जग्गा, रेडक्रस भवनकालागि नौ आना जग्गा बुवा-आमाको स्मृतिमा दिइसक्नु भएको छ भने वडा नं. ४ मै कोल्ड स्टोर (चिस्यान केन्द्र) बनाउन (राख्न)का लागि

३ रोपनी जग्गा दिने प्रतिबद्वता जनाइसक्नु भएको छ। त्यसै गरी श्री चाँगे मा.वि. र श्री बुद्ध प्रा.वि., गोर्जालाई भवन निर्माणार्थ रु. १,००,००० |(एक लाख रुपैयाँ) भन्दा माथिको काठ उपलब्ध गराई दान-दातव्यमा अग्रसर रहनु भएको छ।

साहिंली दिदी/भिनाजु(दुर्गा/छिरिङ ठेण्डुप शेर्पा) दुर्गा/छिरिङ ठेण्डुप शेर्पा भारतको दार्जिलिङ्गमा रहनु भएको छ। वहाँहरू पनि धार्मिक कार्यका लागि मठमन्दिर र गुम्बामा दान गरी सेवा कार्यमा समेत लाग्नु भएको छ।

काहिंली स्वयम् लेखिका (लीला/लक्ष्मीप्रसाद मैनाली) स्थाई बसोबास जिल्ला झापा भद्रपुर न.पा. वडा नं. ०८, अस्पतालमार्ग भएपनि जागिरको सिलसिलमा हाल का.म.न.पा.वडा नं. ४, टुँडालदेवी मन्दिरचोक, बालुवाटारमा रहेका छौं। हामीहरूपनि आफ्नो परम्परालाई धान्दै सामजिक, शैक्षिक र धार्मिक कार्यमा अग्रसर भएका छौं। हामीबाट गरिएका कार्यहरू निम्नानुसार बुँदागत रुपमा प्रस्तुत गरिएको छ :

**(क) सामाजिक कार्य**

- दुवै जना रेडक्रसको आजीवन सदस्य रही विभिन्न कार्य (रक्तदान, प्राकृतिक विपद्मा परेकालाई चन्दा दान, वस्त्र दान आदि) मा संलग्न भएको।
- सहारा नेपाल(साकोस)द्वारा सञ्चालित समर्पण राष्ट्रिय अभियान अन्तर्गत कन्काई नगरपालिका स्थित कन्काई माईमा कर्मयोग भवनका लागि नगद रु. ५,१०० |- (पाँच हजार एक सय रुपैयाँ) सहयोग गरेको।
- मैनाली बन्धुहरूको वंशावली प्रकाशनका लागि नगद रु.२०,५६० |- (बीस हजार पाँच सय साठी रुपैयाँ) सहयोग गरेको।
- कीर्तिपुर भत्केपाटीमा मिति २०७८ साल असोज महिनामा असहाय बच्चाहरूलाई रु. ११,००० |- (एघार हजार रुपैयाँ) भन्दा माथिको खाद्यसामग्री दिई सहयोग गरेको।

**(ख) शैक्षिक कार्य**

- श्री दुर्गा मा.वि. गरामनीमा स्व. बुवा-आमा रविलाल-विष्णुमाया मैनालीको स्मृतिमा नगद रु. १,००,००० |- (एक लाख रुपैयाँ) अक्षयकोष राखिदिएको, जसको व्याजबाट अनुशासित, गरीब र जेहेन्दार २ जना विद्यार्थी (छात्रा-१, छात्र-१) लाई दिने गरेको।

- नारायणी मेमोरियल फाउण्डेसन (नेम फाउण्डेसन) मार्फत् श्री पोखरी मा.वि., पोखरीमा स्व.बुवा-आमा, रविलाल-विष्णुमाया मैनालीको स्मृतिमा रु. १,५०,००० ।- (एक लाख पचास हजार रुपैयाँ) अक्षयकोष राखिदिएको जसको व्याजले गरिब, अपाङ्ग, असहाय र मेधावी विद्यार्थीले कक्षा ७-१२ सम्म पढ्न पाउने वा पढाइको लागि खर्च पाउने उद्देश्य अनुरुप राखीदिएको ।
- वेद विद्या आश्रम (संस्कृत पाठशाला), भद्रपुर-६ को आजीवन सदस्य (लीला चुडाल, मैनाली) बनेर आर्थिक सहयोग पुऱ्याएको ।
- भद्रपुर नगरपालिका चन्द्रगढीमा रहेको लेखनाथ पुस्ताकलय तथा वाचनालयमा विभिन्न विधाका चौबिसौ चार थान पुस्तक एवं उक्त पुस्तक राख्न काठका दराज श्रीमान प्रा.डा. लक्ष्मीप्रसाद मैनाली र म समेत भई प्रदान गरेको ।

**(ग) धार्मिक कार्य**

- सुनसरी जिल्ला इटहरि न.पा. अन्तर्गत रहेको मायाघरमा अनाथ, अपाङ्ग र वृद्धवृद्धाहरूका लागि नगद रु. ५,००० ।- (पाँच हजार रुपैयाँ) आर्थिक स्वरुप दिएको, जहाँ राधिका दासी माता लगायत अन्य माताजीहरूले पुराण वाचन गरेर र अन्य दान-दातव्यबाट १०० भन्दा बढीको पालपोषण गर्नुभएको छ ।
- झापा जिल्लाको बिर्तामोड न.पा. अन्तर्गत रहेको दुर्गा मा.वि. गरामनी (लेखिका कार्यरत रहेको विद्यालय) को सार्वजनिक पुराणमा स्व. आमा पुण्यकुमारी चुडालको स्मृतिमा नगद रु. १५,११५ ।-(पन्ध्रहजार एक सय पन्ध्र रुपैयाँ) आर्थिक सहयोग दिएको ।

यसरी श्रीमान्/श्रीमती दुवै जना नै विभिन्न संघ-संस्थाहरूमा आवद्व भई आ-आफ्नो क्षेत्र अन्तर्गत गर्न सक्ने र हुन सक्ने कार्यहरू गर्दै आइरहेका र गर्दै जाने छौं भन्ने कुराको प्रतिवद्वता पनि जनाउन चाहन्छौं ।

अन्तरी बहिनी/ज्वाईं (पवित्रा/अशोक राउत) झापा जिल्लाको भद्रपुर न.पा.वडा नं. ०८, अस्पताल मार्गमा स्थाई घर बसोबास गरी बस्नु भएका बहिनी/ज्वाईं पनि आफ्नो कर्तव्यमा निपुर्ण हुनुहुन्छ । वहाँहरूले पनि सामाजिक र धार्मिक कार्यमा दान-दातव्य गरी आफ्नो जीवन धन्य बनाउनु भएको छ ।

**(क) सामाजिक कार्य**

- सहारा नेपाल (साकोस)द्वारा सञ्चालित समर्पण राष्ट्रिय अभियान अन्तर्गत कन्काई न.पा. स्थित कन्काईमाईमा कर्मयोग भवनको लागि नगद रु.५,१०० ।- (पाँच हजार एक सय रुपैयाँ) दिई सहयोग गरेको ।
- रेडक्रसको आजीवन सदस्य (बहिनी पवित्रा) भई विभिन्न प्राकृतिक विपत्तिमा सहयोग पुऱ्याउँदै आएको ।
- मेची अस्पताल नजिक घर भएको र औषधि-उपचार गर्न आर्थिक कठिनाई झेलिरहेका मानिसहरूका लागि आफूले पनि सहयोग गर्ने साथै टोलभरी चन्दा संकलन गरिदिएर पनि सहयोग पुऱ्याएको ।

**(ख) धार्मिक कार्य**

- त्यसै गरी धार्मिक कार्यमा पनि आफ्नै क्षेत्र अन्तर्गत पर्ने काली मन्दिरको भवन निर्माणमा रु.१०,००० ।- (दश हजार रुपैयाँ) सहयोग गरेको ।
- झापा जिल्लाको भद्रपुर न.पा., चन्द्रगढी स्थित दुर्गा मन्दिरमा रु. ५,१०० ।- (पाँच हजार एक सय रुपैयाँ) आर्थिक सहयोग दिएको ।
- ताप्लेजुङ्ग जिल्लामा अवस्थित पाथीभरा मन्दिरमा रु. ५,१०० ।- (पाँच हजार एक सय रुपैयाँ)आर्थिक सहयोग गरेको ।
- झापा जिल्ला भद्रपुर न.पा., चन्द्रगढी स्थित अद्वैत (धार्मिक) संस्थामा बुवा-आमा स्व. भीमबहादुर-लक्ष्मीमायाको स्मृतिमा रु. ५०,००० ।- (पचास हजार रुपैयाँ) दिएको ।

कान्छी बहिनी/ज्वाईं(खीमा/जीवन (जीवनाथ)प्रसाईं) काठमाण्डौ जिल्ला, कीर्तिपुर न.पा. वडा नं. १ ट्याङ्लाफाँटमा स्थाई बसोबास गरी बस्नु भएका बहिनी/ज्वाईंले पनि आफ्नो परम्परा र कर्तव्य पथमा रही विभिन्न सामाजिक र धार्मिक कार्यमा अग्रसर भई दान-दातव्य गरी आफ्नो जीवनलाई प्रशंसनीय बनाउनु भएको छ ।

**(क) सामाजिक कार्य**

- कीर्तिपुर, ट्याङ्लाफाँटमा नै अवस्थित रुद्राञ्जु नामक संस्थाको आजीवन सदस्य(दुवै जना) भई मन्दिरको भवन निर्माणका लागि नगद रु. ४०,२०० ।-(चालीस हजार दुई सय रुपैयाँ) सहयोग गरेको ।
- वर्षमा एक पटक (सोह्रश्रद्धाको बेला) स्व. बुवा-आमाको पुण्यतिथिमा काठमाण्डौ वरिपरिका आमाघरका आमाहरू, वृद्धआश्रमका वृद्धवृद्धाहरू र

अनाथलयका बच्चाहरूलाई रु.५-७ हजारका खाद्य सामग्रीहरूको सहयोग गर्ने गरेको ।

- विश्व महामारीको अवस्थामा (कोरोना काल) कोरोना पीडित परिवार हरूलाई रु. ४०,००० |- (चालीस हजार रुपैयाँ) सहयोग गरेको ।
- सामुदायिक सेवा भवन (कीर्तिपुर) निर्माणका लागि नगद रु. ५,००० |- (पाँच हजार रुपैयाँ) सहयोग गरेको र आजीवन सदस्य समेत भएको ।
- प्रसाईं बन्धुको वंशावली प्रकाशनका लागि नगद रु. १०,००० |-(दशहजार रुपैयाँ) दिई सहयोग पुऱ्याएको ।
- भूकम्प गएको समयमा भूकम्प प्रतिकार्य आयोजनामा विदेशी संस्थाहरू र जापनिज रेडक्रससँग मिली सिन्धुपाल्चोक जिल्लामा काम गरी सहयोग पुऱ्याएको ।

**(ख) धार्मिक कार्य**

- प्रसाईं बन्धुको कुल मन्दिरको भवन निर्माणमा रु. ५,००० |- (पाँच हजार) सहयोग गरेको ।
- वर्मामा रहँदा त्यहींको वौद्व गुम्बालाई नगद रु. २०,००० |- (बीस हजार रुपैयाँ) सहयोग गरेको ।

यसरी परिवारका सबै सदस्यहरू नै आ-आफ्नो किसिमबाट एउटै उद्देश्य र उस्तै कार्यमा समावेश हुनुमा पक्कै पनि बुवा-आमाकै आर्शीवाद हुनुपर्छ । सुख-दुःख कुनै पनि कार्यमा एकजुट हुनु पनि हाम्रो पारिवारिक विशेषता नै हो भन्न सकिन्छ ।

## निष्कर्ष

सामाजिक संस्थाका रुपमा रहेर कानूनी अस्तित्व प्राप्त गरी जनहितकारी वा परोपकारी अभीष्टकासाथ स्थापित नारायणी मेमोरियल फाउण्डेसन (नेम फाउण्डेसन) का मूल उद्देश्यहरू मध्ये अक्षयकोष स्थापना गरी प्रत्येक वर्ष उक्त अक्षयकोषको व्याजबाट सामुदायिक विद्यालयमा कक्षा ७-१२ सम्म अध्ययनरत अनाथ, अशक्त, असहाय र मेधावी विद्यार्थीहरूलाई वार्षिक छात्रवृत्ति प्रदान गर्ने महत्वपूर्ण उद्देश्य रहेको हुनाले यस फाउण्डेसनको संस्थापक सदस्यता ग्रहण गरी स्वर्गीय बुवा-आमा पुण्यप्रसाद-पुण्यकुमारी चुडालको सम्मान र स्मृतिमा वहाँहरूको नाममा ताप्लेजुङ्ग जिल्लाको आठराई त्रिवेणी गाउँपालिका-५ स्थित श्री चाँगे

मा.वि. का एकजना अनाथ, अशक्त (फरक क्षमता) असहाय र मेधावी विद्यार्थीलाई वार्षिक छात्रवृत्ति प्रदान गर्न संस्थाको छात्रवृत्ति अक्षयकोषमा रु. १,५०,००० ।- (अक्षेरुपी एकलाख पचास हजार) शैक्षिक र सामाजिक सद्भावका साथ प्रदान गरेका छौं ।

यस फाण्डेशनले आफ्नो प्रथम वार्षिकीको अवसरमा संस्थापक दाताको प्रियजनको जीवनगाथा झल्कने गरी स्मृतिमाला प्रकाशन गर्ने कार्यक्रम समेत राखेको हुँदा सोको लागि स्वर्गीय बुवा-आमाको जीवनगाथा झल्कन सकोस् भन्ने उद्देश्यले यो संस्मरणात्मक लेख लेखिएको छ । संस्थाको अनुरोधमा स्व. बुवा-आमाको मुखाकृति स्पष्ट देखिने ८ × १२ इन्च साइजको Wooden Laminate फ्रेम भएको फोटा समेत पठाइएको छ ।

लेखिका लीला लगायत बहिनीहरू पवित्रा, खीमा हामी सबैले कक्षा ६ र ७ सम्मको अध्ययन उक्त विद्यालयबाट नै पूरा गरी आज यस ठाउँमा पुग्न सफल भएका छौं र हाम्रो बाल्यकाल पनि त्यसै क्षेत्र आसपासमा हुर्के बढेको हुँदा हामीलाई अत्यन्तै माया र सद्भाव छ । तसर्थ उक्त विद्यालय नै छानेका छौं । यसका लागि नारायणी मेमोरियल फाउण्डेसन (नेम फाउण्डेसन)प्रति विशेष आभार व्यक्त गर्दछौं ।

## ***स्रोत:***


- *चुडाल वंशावली प्रकाशन समितिद्वारा सम्पादित/प्रकाशित चुडाल वंशावली (वि.सं. २०७२ वैशाख) ।*
- *श्री चाँगे माध्यामिक विद्यालय आठराई त्रिवेणी-५, ताप्लेजुङ्गद्वारा हीरक जयन्ति, २००३-२०७८ को उपलक्ष्यमा प्रकाशित स्मारिका पुस्तिका (वि.सं. २०७८) ।*
- *परिवारका सस्दयहरूसँग भएको छलफलबाट प्राप्त जानकारी ।*

# स्व. बुवा शुकदेव पाण्डेको जीवनगाथा

**नरेशकुमार पाण्डे**



स्व. शुकदेव पाण्डे

वि.सं. १९७८ सालमा बुवा महेश्वर पाण्डे र माता जालपाको कोखबाट साईला छोराको रूपमा बुवा शुकदेव पाण्डेको तेह्रथुम जिल्लाको फूलबारी छिन्ताङको हर्कटेमा जन्म भएको थियो । बुवाका चार भाइ दाजुभाइ थिए र आफ्नो आमाको मृत्यु पछि अर्की सानिमा विवाह भयो । दुई आमाबाट जम्मा ६ भाई दाजुभाइहरू थिए । क्रमशः भानु पाण्डे, छविलाल पाण्डे, बिष्णुलाल पाण्डे, शुकदेव पाण्डे, कृष्णप्रसाद पाण्डे र होम पाण्डे रहेका थिए । यसै गरी दिदीबहिनीहरू ८ जना हुनुहुन्थ्यो । बुवाको बाल्यकाल हर्कटेमै बिते पनि पछि तेह्रथुमकै हाङपाङ् गा.वि.स. ९ मा सर्नु भयो र त्यहीँ बस्दै जाँदा श्रीमती मैनादेवी पाण्डेबाट एक छोरा देवि पाण्डे एक छोरी प्यारीको जन्मदिए पछि मैनादेविको मृत्यु भयो । यसरी ठूलीआमाको स्वर्गारोहण भएको केही वर्ष पछि आफ्नै वडामा बसोबास गर्ने धनपति चुडाल र रुकमणी चुडालकि माहिली छोरी नन्दमायासँग २०११ सालमा विवाह गर्नुभयो । कान्छी श्रीमती नन्दमाया चुडाल पाण्डेबाट २०१२ सालमा जेठा छोराको रूपमा भीष्म पाण्डे जन्म हुन पुग्यो । २ वर्षको अन्तरालमा अर्का छोरा नरेश पाण्डे हुँदै ६ भाइ छोरा नरेन्द्र पाण्डे, योगन्द्र, सुरेन्द्र, रविन्द्र र छोरी राधिका, शान्ता र गीता गरी ३ बहिनी छोरीको जन्म भयो । हाल जेठा छोरा देवि पाण्डे झापा गरामुनिमा कृषि पेसामा आवद्ध रही रहनु भएको छ । उहाँको ३ भाइ छोरा राजु, नवीन, योगेश र छोरी मैँया, भरोसा छन् । माइलो छोरा भीष्म पाण्डेका २ छोराहरु मध्ये जेठो विशाल कम्प्युटर इन्जीनियर भई हाल क्यानडा र कान्छो विवेक डाक्टर भई हाल काठमान्डौँमै अर्न्तराष्ट्रिय आप्रवासी संगठनमा कार्यरत छन् ।

साइलो छोरो नरेश पाण्डेबाट पनि २ छोरा जेठो अनमोल र कान्छो सुभाष पाण्डेलाई शिक्षादीक्षा काठमाडौँमै गराई हाल अस्ट्रेलियाको सिड्नी र मेलवर्नमा बसोबास गर्छन् । काइलो छोरा नरेन्द्र २०३९ सालमा S.L.C. दिई सकेर स्वर्गारोहण भयो ।

छोरा योगेन्द्र झापाकै कृषि पेसा सम्हाल्दै २ छोरा र एक छोरीका साथ छन् । छोरी अस्ट्रेलियामा र २ छोरा यहीँ अध्ययन गर्दैछन् । छोरा सुरेन्द्रको १ छोरी कोसिस छिन् । छोरा कान्छा रविको पनि एक छोरा विश्वदिप छन् ।

बुवाले आफ्ना छोराछोरीलाई राम्रो शिक्षादीक्षा दिई एक असल अविभावकत्व निर्वाह गर्नु भयो । बुवाको अहिले सम्म १५ जना नाति १० जना नातिनी र ११ जना पनाति पनातिनी रहेका छन् । बुवा नित्य पञ्चाङ्गम देवताको पुजा आरधना गर्ने आध्यात्मिक र हिन्दू सनातन धर्मको उपासक हुनुहुन्थ्यो । वहाँ झारफुक धामीझाँक्रीको कार्य पनि गर्नु हुन्थ्यो । गाउँ टोलमा कोही बिरामी पर्दा आफूले जानी आएको कार्य गरिदिन जुनसुकै समय पुग्नुहुन्थ्यो । बच्चाहरूका लागि त भगवान् सरह हुनुहुन्थ्यो । वहाँ शारीरिक रूपमा दुब्लो पातलो देखिए तापनि असाध्यै बलियो वलवान सूरो हुनुहुथ्यो । गाउँमा अविभावककै रूपमा सबैले मान्दथे । वहाँ सबैलाई न्याय निसाप गर्ने स्वच्छ व्यक्ति हुनुहुन्थ्यो । वहाँ ३० वर्षभन्दा बढी समय सर्बसम्मत ९ नम्बर वडाको वडा सदस्यमा रही काम गर्नु भएको थियो ।

बुवाको मनपर्ने खाने कुरा, दूध, घिउ, दही, केरा, खसीको मासु, परेवाको मासु, भात साह्रै यी सबै कुरा घरैमा उत्पादन हुन्थ्यो । घिउ र मह सरावरी चाहिन्थ्यो । आफ्नो घरमा ३ पाथीभन्दा कम दूध कहिल्यै हुँदैनथ्यो । २ दिनमा ६ पाथि ठेकीमा २ जनाले मोही पार्ने चलन थियो । हरेक २ दिनमा एक बिसौलीभन्दा बढी नौनी घिउ हुने गर्दथ्यो । मोही घरमा खाइँदैनथ्यो । मोही पार्ने पालो गाउँमा थाहा हुन्थ्यो । मोही गाउँमा बाँडिन्थ्यो । गाउँमा धेरै लिम्बू गाउँ नेवार गाउँ थियो । मोही लिन आउँदा एक एक मुठा घास लिएर आउने गर्दथे । खसी बोका ४० केजीसम्मका घरमै पालेको हुन्थ्यो । खसी बोका विक्री गरिँदैन थियो । घरमा सँधै २ जना काम गर्ने मानिस राखेको हुन्थ्यो ।

बुवा हामीले थाहा पाएसम्म कहिल्यै बिरामी हुनुभएन । ८० वर्षको हुँदासम्म कुनै किसिमको औषधि खानु भएको थिएन । यस्तै समय बित्दै जाँदा गाउँमा १२ भैया लिम्बू थिए । बाह्र भैयाको माङ घोरे भन्नेसँग माहिला बुवाको विवाद भयो । सो क्रममा लिम्बूले सक्रान्ति थानामा उजुर गरेछ । थानाबाट छत्रे भन्ने पुलिस खटीई आयो । छत्रे पुलिस बलियो थियो र ननिको पनि । कुरा गर्ने क्रममै छत्रेले माइला बुवालाई नराम्रोसँग कुटेछ, बुवाले दाजुलाई कुटेको केही समय हेरेपछि ए छत्रे अति

भयो अब हात हालिस भने ठिक हुँदैन भन्नुभयो तब छत्रे बुवासँग जाइलाग्यो । छत्रे जाई लागेपछि बुवाले छत्रेलाई सारै नराम्रोसँग राम धुलाई गर्नुभयो । लिम्बूहरूले छुट्याए पछि पुलिस कुटेको आरोपमा थानाबाट ३ जना पुलिस आए । पुलिस आएको थाहा पाई बुवा भागेर आफैँ थानामा हाजिर हुनुभयो । त्यो बेला बैदार बुवा देवीभक्त सीटौलाको जल्दोबल्दो समय थियो । वहाँहरूले भनेको थानेदारले कुरा काट्दैन थियो र पुलिस छत्रे, लिम्बू माङघोरे र माईँला बुवालाई हाजिर गराई अबदेखि यसो नगर्ने भनी मिलापत्र भयो । त्यो समयबाट छत्रे पुलिस हाङपाङ आउने छाडे । सबै लिम्बूहरू पनि बुवादेखि सँधै झुक्ने डराउने गरेका थिए ।

यस्तै समय बित्दै जाँदा २०३४ सालमा म काठमाडौँ आएको थिए र २०३८ सालमा झापा गई जेठो दाजु आफ्नो अंश भाग लिई छुटीभिन्न हुनुभयो र बुवाआमा र सबै दाजुभाइको भाग मैले सम्हाल्दै अनि आफ्नै घर निर्माण गरे । २०३९ सालमा भाइ नरेन्द्रलाई मुटुको समस्या देखियो । भाइ नरेन्द्रलाई रात्रीबसमा लिई काठमाडौँ आई वीर हस्पिटलमा २२ दिनसम्म औषधि उपचार गरियो । डाक्टरले मुटुमा प्वाल परेको छ यहाँ अप्रेसन हुँदैन भेलोर लान सल्लाह दिए । खर्चको जोहोका लागि झापा आइ नपुग्दै भाइको मृत्युको खबर पाएँ । भाइको निधनले आमा शोकमा डुब्दै डिप्रेशनमा जानुभयो । अब मैले झापा गई १ वर्ष खेती आफै गरी सबै व्यवस्था गरिसकेको थिएँ र आमाको त्यो स्थिति केही सुधार हुन्छ भनी पहाडबाट २०४२ सालमा बसाइँसराई झापामा आएपछि सबै व्यवहार बुवालाई जिम्मा लगाई आफ्नो कामको लागि काठमाडौँ आएँ ।

बुवा बिहान सबेरै उठी आफ्नो पूजापाठ गर्नुहुन्थ्यो । एकदिन पुजापाठ गरी सकेर गाउँतिर सधैँझै हल्लाखल्ला गर्दै गाउँमा गई फर्केर १० बजेको समयमा घरको आँगन आइपुग्दा एउटा खुट्टा केही लुलो जस्तो भएछ र घरको पेटी आधा फीट अग्लो मात्र थियो । एउटा खुट्टा पेटीमा राखेर अर्को खुट्टा बिस्तारै सार्ने हुँदा खुट्टानै खत्रुक्कै भइ त्यही पेटीमा थचक्क बस्दा मेरुदण्डको तल पट्टीको हड्डी भाँचिएको खबर पायौँ । तुरुन्त काठमाडौँ ल्याई पाटन अस्पतालमा राख्यौँ । केही औषधि गरी अलिक सुधार र दुखाई कम भयो । पछि बुवा घरै जाने जिद्दी गर्नुभयो र झापा घर लगियो । केही दिनपछि भाँचिएको ठाउँमा स्टील राख्ने डाक्टरको सल्लाहअनुसार बिराटनगर नोबेल अस्पताल लगियो । त्यहीँ सबै स्टील राखियो ।

बिराटनगरमा १६ दिन राखेपछि बुवालाई डिस्चार्ज गर्ने कुरा थियो । दाइ भीष्म र म काठमाडौँ आई सकेका थियौँ । यसक्रममा बुवालाई जाउलो खुवाउनेक्रममा सर्किएछ । त्यसपछि त्यो सर्कोले फोक्सोमा गई त्यसको असरले घ्यारघ्यार हुन पुग्यो । पछि बुवा सारै हुनुभयो भन्ने खबर आयो । खबर पाएको २ घण्टामा हामी सबै छोरा बुहारी काठमाडौँबाट बिराटनगर पुग्यौँ । बुवाले आँखा हेरिरहनु भयो । हामीले बुवा हामी आयौँ अब केही हुँदैन भन्यौँ । बुवाको आँखाबाट आँसु खसे । अब त्यो फोक्सो घ्यारघ्यारको लागि मेसिन हुँदोरहेनछ त्यो मेसिन दिनको २५ हजार त्यो पनि बिराटनगरमा एउटामात्र रहेछ । अर्को एउटा धरान घोपामा छ भन्ने थाहा पाइयो । अनि त्यहाँबाट एम्बुलेन्समा राखी धरान लगियो । धरानको घोपामा इमरजेन्सीमा राखियो । राखीएको १० मिनेटमा बुवाले संसारबाट हामीलाई छाडी बिदा हुनुभयो । भोलिपल्ट त्यहाँबाट कन्काइमाई लगी बुवाको अन्तिम बिदाई ८७ वर्षको उमेरमा गरियो । बुवाको आत्मामा चीरशान्ति र बैकुण्ठवासको कामना गर्दै दिलको गहिराईबाट भावपूर्ण श्रद्धाञ्जलि व्यक्त गर्दछौँ ।

# पिताजी लक्ष्मीप्रसाद पाठक र आमा कृष्ण कुमारी तथा रमादेवी पाठक- सम्झनामा

यशोदा उप्रेती

## जन्म



स्व. लक्ष्मीप्रसाद/रमादेवी पाठक

काशीनाथ पाठकको पनाति मुक्तिनाथ पाठकको नाति बुवा चन्द्रलाल पाठक र आमा मायादेवी पाठकको ज्येष्ठ सुपुत्रको रुपमा स्व. लक्ष्मीप्रसाद पाठक बि.सं. १९८८ साल पौष महिनामा तेह्रथुम जिल्ला तत्कालीन इवा गा.वि.स.वडा नं. ९ हाल आठराई गाउँपालिका वडा नं. ४ मा जन्मनु भएको हो । परिवारमा ८ जना भाइहरु र ४ जना बहिनीहरु भए पनि एक भाइ र एक बहिनीको मृत्यु पछि ७ जना भाइ र ३ जना बहिनीको जेठो दाजुको रुपमा परिवारमा हुर्कन पुग्नु भयो । जेठो मेरो पिताजी लक्ष्मीप्रसाद पाठक भाइहरु क्रमशः माइलो बिष्णुप्रसाद पाठक, साइलो धर्मराज पाठक, काइलो मनोहरी पाठक, अन्तरे सिद्धिकर्ण पाठक, जन्तरे लेखनाथ पाठक र कान्छो रोहित पाठक हुनुहुन्छ ।

## जन्मथलो

बि.सं.१९८८ साल पौष महिनामा आठराई इवामा पिता चन्द्रलाल र आमा मायादेवीको जेठो छोराको रुपमा जन्मनु भयो । आफ्नो बाल्यकाल पहाडको उकालीओराली गरेर बिते पनि सुमधुर पारिवारिक मिलन हुन नसकेको कारण त्यहाँ बस्न नसकेर आफ्नो जग्गा जमिन भए भरको जायजेथा सबै छोडेर आफ्ना ३ छोरा र छोरी लिएर हजुरबुवा आसाम जानुभएको कुरा बुवाले भन्नुहुन्थ्यो । हामी नाति नातिनीलाई पहाडको वारेमा त्यति धैरै जानकारी छैन । हामी जन्मिएको ठाउँ इवाटार अति राम्रो थियो भनेर पिताजी हजुरबुवाहरु कुरा गरिरहनु हुन्थ्यो । आसामको मजौ भन्ने ठाँउमा (हाल धिराईमाजुली) गएर वसोवास शुरु गर्नु भएछ । त्यहाँ गएपछि नै ४ जना काका र एक फुपु जन्मनु भएको रहेछ ।

## बाल्यकाल

पिताजीको बाल्यकाल तेह्रथुमको इवामा पहाडको उकालीओरालीमै बितेर त्यतिखेर विद्यालयको अभावले गर्दा दिन भरी घर खेतको काम सकेर राती एक जना भट्टराई गुरुको घरमा पढ्न जानु हुन्थ्यो । त्यसकारण दसैँको नवरात्रको पाठ सधै आफै गरेर गुरुबाट साङगे गराउनु हुन्थ्यो । अति नै सोझो र सरल स्वभावको हुनुहुन्थ्यो पिताजी । कसैले केही मागे भने आफूलाई पनि नराखी दिने बानी थियो ।

## विवाह

पहिलेको चलन अनुसार सानै उमेरमा विवाह गर्ने भएकाले पिताजीको पनि २००२ सालमा १४ वर्षको उमेरमा धर्मानन्द उप्रेती र कौशल्यादेवीकी जेठी सुपुत्री कृष्णादेवीसँग विहेको लगनगाठो कसियो रे । विवाह भएको ५ वर्ष पछि हजुरबुवा हजुरआमा लगायत सपरिवार २००७ सालमा आसाम जानुभएछ । आसाम गएको ३ वर्ष पछि २०१० साल माघ महिनामा दिदी जन्मनुभएछ । दैवको लीला भनौ या भाग्यको खेल २०१२ सालमा टायफायड भएर आमा वित्नु भएछ । त्यसको ३ वर्ष पछि २०१५ सालमा पुन टंकप्रसाद सिवाकोटी र वसुन्धरा सिवाकोटीकी छोरी रमादेवीसंग विवाह गर्नु भएको रहेछ ।

## सन्तान

हाल बुवाआमाका दिदी र हामी गरेर ४ छोरा ४ छोरी छौं । हामी सवै अहिले विवाहवारी भई सकेका छौं । दिदी भक्तादेवीको महेश्वर प्रसाईसँग  विवाह भएको हो । दिदीका ३ भाइ छोराहरु र एक छोरी छन । २०७८ साल माघ ६ गते जेठो छोरा तारा प्रसाईको असामयिक निधनले दिदी पुत्रशोकको गहन पीडामा हुनुहुन्छ । दाजु सुभाष पाठकले मैनालीकी छोरीसँग विवाह गरेर २ छोरा १ छोरी र दुई नातिहरु छन् । म माहिली छोरी यशोदा पाठक उप्रेती सुरुङगा (कन्काई ३) स्थाई वासोवास हुने बुवा प्रतिमान उप्रेती र  आमा गंगादेवी उप्रेतीका काइला छोरा हरिप्रसाद उप्रेतीसँग विवाह भई दुई छोरा छन् । जेठो छोरा आलोक र बुहारी सदीक्षा दुवै डाक्टर छन । कान्छो छोरा उज्जवल ईन्जिनियर छन भने बुहारी डाक्टर छिन । माइलो छोरो नरेन्द्रका दुई छोरी छन् । साहिली छोरी हिमादेवीको कैलाली टिकापुर निवासी पं. श्री धनन्जय तिमिल्सिनासँग विवाह बन्धनमा वाधिएर खुसीसाथ वसेकी छन । साहिलो भाइ खेम पाठक मिना थपलियासँग विवाह गरेर १ छोरा र १ छोरीका साथ बिर्तावजारमा वस्छन । कान्छी वहिनी  हरिमाया पाठक (अनु) अछाम घर भएका मिन प्र. पाण्डेसँग विवाह गरेर एक छोराका साथ

काठमाण्डौमै वस्छन । त्यस्तै कान्छो छोरा खडानन्द पाठकको कल्पना पोखरेलसँग विवाह भई बुवाआमा बसेको घर घडेरी राजगढमै बस्छन ।

## कर्मथलो

तेह्रथुम इवामा १७ वर्षको हुँदा सम्म दु:ख सु:ख वसेर २००७ सालमा परिवारै पिताजी आसाम जानुभयो । जीवनको अधिकांश उर्वर समय आसामको धिराइभाजुलीमा नै विते र आसाममा पनि पिताजीले धेरै नै दु:ख गर्नु भयो । ८ छोरा छोरी हुर्काउने बढाउने पढाउने काम सवै उतै आसामतिर नै भयो । उर्वर जग्गा जमिन भएकाले अन्नपात प्रशस्त हुन्थ्यो । परिश्रम गर्नु परे पनि खान लाउन कहिल्यै दु:ख भएन ।

पिताजी ज्यादै परिश्रमी हुनुहुन्थ्यो । दु:ख गरे अनुसार फसल पनि राम्रो भएकाले हामीले त्यहाँ बचत गरेको पैसाले झापा राजगढमा ल्याएर जग्गा किन्न सुरू गर्यौं किनभने सन् १९८१ मा आसामेली नेपाली नेपाल जा (विदेशी भगाउ) भनेर सुरू गरेको आन्दोलनले उग्र रूप लियो । सम्पत्ति लुटने, घरमा आगो लगाउने, छोरीबुहारीको इज्जत लुटने जस्ता कार्यले सबै नेपालीहरू त्रसित भए । त्यसै बेलादेखि पिताजीले आसाम नबस्ने अठोट लिएर २०४४ साल जेठ महिनामा हामी झापा बसाईं सर्‍यौं । १६ वर्षको मान्छे आसाम गएर आफ्नो जिन्दगीको उर्वर समय त्यहीँ विताएर ५६ वर्षको उमेरमा फेरी झापा आएर पनि धेरै मेहनत गर्नुभयो । आसामबाट नरिवल सुपारीका विरुवा ल्याएर झापामा रोप्नुभयो । फलफुल, विरूवापात लगाउन पिताजीलाई एकदमै मन लाग्थ्यो । बुवाको त्यही गुण ममा सरेको होला जस्तो लाग्छ किनभने फूल विरूवा मलाई पनि असाध्यै मन पर्छ । विहानै उठेर एकचोटी फलफुलका विरूवापात नहेरी चित्तै नबुझ्ने बानी थियो ।

## खानपिन, भेषभुषा र सहनसहन

पिताजीलाई विहानै उठेर तातोपानी खाएपछि बाक्लो दूधको चिया खाने बानी थियो । माछामासु ज्यादै मन पराउनु हुन्थ्यो । माछा आमा र पिताजीलाई खुब मन पर्थ्यो । दही, मोही दूध घिउ पनि असाध्यै मन पराउनु हुन्थ्यो । घरमा आउने मान्छेलाई नखुवाई नपठाउने बानी थियो । योगी, गुरु, साधुहरूलाई खुवाउन र दान दिन खुबै मन पर्ने । एकचोटी आफ्नो गुरुले दसैँमा चिउरा खाने धान छैन भन्नु भएछ त्यसपछि दसैँमा चिउरा खान राखेका मालभोगी धान आफूलाई नराखी गुरुलाई दिनु भएछ, आमा र म खुब रिसायौं त्यसबेला । पिताजीको भेषभुषा पनि साधारण थियो । सधैं कमिज सुरूवाल लगाउनु हुन्थ्यो । गाउँ घरमा कोही विरामी

भयो भने आफूसँग भएका औषधिमुलो गरेर निको पारी छाड्नु हुन्थ्यो । आमा त अति सरल स्वभावको हुनुहुन्थ्यो ।

## मुख्य पेसा व्यवसाय

मुख्य व्यवसाय त कृषि नै हो । आसाममा तोरी धान सुपारी धेरै फल्ने हुँदा ती सबै स्टोर गरेर राख्ने र पछि महंगीमा बेचेर त्यो पैसाले हामी झापामा जग्गा किन्थ्यौं । वर्षेनी एक विगाह गरेर किन्दै १४ विगाह पुऱ्याउनु भएको थियो । लोकल दुधालु गाई पालेका थिए त्यही भएर घरमा टन्न गोरस हुन्थ्यो । खानको दुःख कहिल्यै भएन । उखुबारी थियो सख्खर पनि घरमै हुन्थ्यो, पछि नेपाल आएर पनि मूल पेसा व्यवसाय कृषि नै हुन पुग्यो ।

## सामाजिक कार्य

उल्लेख्य रूपमा यो हो भनेर देखिने कार्य केही नभए पनि पिताजी र आमाले धार्मिक रूपमा विभिन्न मठमन्दिरमा दानदक्षिणा गर्नु भएको छ । साधुसन्तलाई दिन र खुवाउनमा माहिर हुनुहुन्थ्यो । बद्रीनाथ, केदारनाथ, परशुराम कुण्ड, कामाख्या आदि ठाउँमा तीर्थाटन गर्दाखेरी पनि आफूसँग भएको पैसा योगी सन्तलाई बाँडेर सक्नुहुन्थ्यो । हरिद्वारका एकजना बिक्रम भन्ने सन्तलाई वर्षमा एक महिना घरमा नै पाल्नु हुन्थ्यो । जे जे माग्छन सबै दिनु हुन्थ्यो ।

## अविस्मरणीय क्षण

आमा पिताजीले मलाई एकदमै माया र विश्वास गर्नुहुन्थ्यो । स्कूल पढ्दादेखि नै मैले पिताजीको आर्थिक कारोबार सम्हालेकी थिएँ । एकचोटी मैले एस.एल.सी. दिएपछि पिताजी र म नेपाल आउने भयौं– बैना गरेको जग्गाको पैसा चुक्ता गर्नलाई । त्यसबेला ठूला नोट नभएकोले १००/५० का नोट लुगा बोक्ने ब्यागभरी हालेर रंगियाबाट रेल चढ्ने भयौं । पैसाको ब्याग मैले बोकेकी थिएँ, पिताजी डराइरहनु भएको थियो । तर सजिलै हामी सिलिगुढी आइपुग्यौं र पैसा दिएर जग्गा पास गऱ्यौं । यो घटना चाहिँ म सधैं सम्झिरहन्छु । पिताजीलाई सधैं दिउँसो १२ बजे र ३ बजे चिखा खाने बानी थियो । पिताजीलाई चिया बनाइदिँदा आफू पनि अलिकति खाने गरेकाले अहिलेसम्म पनि त्यो बानी मेरो छँदैछ । यसले पनि पिताजीको सम्झना गराइरहन्छ । पिताजी मलाई यो छोरो भएको भए हुन्थ्यो भन्नुहुन्थ्यो । यो छोरोलाई विवाह गरेर पठाएँ भने दुःख पाउँछु होला भन्नु हुन्थ्यो । नभन्दै झण्डै त्यस्तै भयो । हामीले केही कोसेली लगिदियौं भने खुसी भएर सबै जनालाई बाँड्ने बानी थियो । स्मरणमा त धेरै कुरा आउँछन् तर सबै व्यक्त गर्न पनि सकिँदैन ।

## आखिरी दिन र मृत्युवरण

वि.सं. २०५९ साल असोज महिना दसैँको फूलपातीका दिन आसाममा हजुरआमाको निधन भएको खबर आयो। हामी दसैँ मनाउन झापा पुगेका थियौं। पिताजी, आमा, काका, काकी सबै हजुरआमाको काजकिरियाका लागि आसाम जानका लागि सबै विर्तामोडमा भेला हुने हुँदा हामी पनि दुवैजना भेटन पुग्यौं। त्यसपछि हामी सबै गाडी चढेर काँकडभिट्टासम्म गएर आमा पिताजीलाई रिक्सा चढाएर मेची पुलतिर लागेपछि हामी सुरूङ्गा फर्कियौं। त्यसपछि आमा पिताजी आसामबाट फर्किएपछि भेटन जाने भनेको व्यवहारिक कठिनाइले जान सकिएन। माघ महिनामा आमालाई चिलाउने एलर्जीले निकै सताएछ। त्यसपछि जीवन (दिदीको छोरो)ले काठमाडौं लिएर आयो। आमाको उपचारपछि अलिक सन्चो भएर घर फर्कने बेलामा छोरी तँ पनि हिँड् न पिताजीले साह्रै भेटन खोज्नु भएको छ भन्नु भयो। तर छोराहरूको बैशाखमा ब्रतबन्ध गर्ने टुङ्गो भएकाले श्रीमानले अव हामी सबै बैशाखमा सँगै जाऔं त्यही बेला भेट भइहाल्छ नि भनेपछि आमा भारी मनले झापा फर्कनु भयो। अनि त्यही बेला इटहरिमा लोकनाथ काकाकी काकी परलोक हुनु भएकोले ब्रतबन्ध रोकिन गयो। हामी झापा जान रोकियो। एक्कासी वैशाख २९ गते विहान ६ बजे शिव भाइले फोन गरेर दिदी बडीबुवा स्वर्गीय हुनुभयो भनेर भन्यो। मलाई पत्याउन पनि गाह्रो भयो, आकाश नै झरेर थिचेजस्तो भयो। मेरो प्यारो पिताजी हुनुहुन्न भनेर कसरी पत्याउनु ? हे निष्ठुरी दैव मेरो पितालाई किन चुँडेर लगिस्, एकपल्ट भेट गर्न पनि दिइनस् भन्दै आँसुको भल बगाउनु बाहेक केही विकल्प थिएन। हामी दुवै जना १० बजेको प्लेनमा विराटनगर गएर घाट (माइखोला) पुगेका १५ मिनेटमा पिताजीलाई ल्याइपुऱ्याए। पिताजीलाई अँगालो हालेर कति रोएँ, कति बोलाएँ, तर पिता किन बोल्नु हुन्थ्यो र ? सबैको माया मोहबाट अलग्गिएर कहिल्यै नफर्कने गरी महाप्रस्थान गर्नु भयो।

वैशाख २९ गते दिउँसोको खाजा चिया खाएर औषधि लिएर आउँछु भनेर चकचकी बजार जानु भएछ। प्रेसरको औषधी सकिएको रहेछ। अनि बेलुका सदाझै खाना खाएर गर्मी भयो भनेर छिमेकी धनपति फुयल काकासँग १० बजेसम्म गफ गरेर सुत्नु भएछ। विहान आमा उठेर तातो पानी तताएर खान बोलाउँदा पिताजी नबोलेपछि सुतेको ठाउँमा गएर उठाउँदा त पिताजी त आफ्नो श्रीमती छोराछोरी सबैलाई छोडेर सदासदाका लागि बैकुण्ठधाम गमन गर्नु भएछ। आमा कराउँदै रूनु भएछ। सबै हल्ला भयो। आसामतिर खबर पुग्यो। पिताजीको अन्तिम क्षणमा

भेट नभएको, एक वचन बोल्न नपाएको, दुख सुखका कुरा साटासाट गर्न नपाएको कुराले अझैसम्म मन पिरोल्छ । पिताजीको बारेमा लेख्दा २० वर्ष पछि पनि आँसु थाम्न गाह्रो पर्दो रहेछ । पिता हजुरको स्वर्गमा बास होस् ।

पिताको यो महाप्रस्थानको पीडाले आमा सारै छटपटिनु भयो । त्यही चिन्ताले आमालाई पनि ब्रेन स्ट्रोक भएर २ वर्ष ओछ्यान पर्नु भयो । अति सरल स्वभावको हुनुहुन्थ्यो आमा । २०६४ साल कात्तिकमा भाइटीकाको पर्सिपल्ट आमाले पनि हामीलाई छोडेर जानुभयो । मेरा प्यारा माता पिताको स्वर्गमा भेट भएर संगै बस्नुहोला । हजुरहरूसँगको विछोडले हाम्रो मन सधैं रुन्छ । अझै पनि त्यो मृत्युको चोट बिर्सन सकेकी छुइन । हजुरहरू स्वर्गको प्यारो भएर बस्नु ।

अब्राहम लिंकनले भनेजस्तो- 'जुन मानिसको ममतामयी आमा हुन्छिन ऊ कहिल्यै गरिब हुन सक्दैन ।' हो आज म सबै सुख सुविधा, सम्पन्नता भए पनि मातापिता बेगर गरिब छु जस्तो लाग्छ । मेरी आमा कति मायालु हुनुहुन्थ्यो । कसैसामु पनि आफ्नो दुःख देखाउनु हुन्नथ्यो । माइतमा पनि आफ्नै हजुरआमाबाट बुहार्तन खेप्नु परेकी मेरी आमालाई भावीले कति धेरै दुःख कष्ट ब्यहोर्नु भनेर लेखिदिएछन् । स्ट्रोक भएर प्रेसरले हानेर लडाएपछि २ वर्षसम्म ओछ्यानमा जिउँदो लास भएर बस्नु परेको पीडालाई सम्झदा मुटु चिरिन्छ, भक्कानो फुटेर आउँछ । माता हजुरको स्वर्गमा बास होस् । अलविदा मातापिता ।

मानिसको जिन्दगी कुन विन्दुमा कहाँ कसरी अन्त्य हुन्छ केही थाहा नहुने रहेछ । २०७७ सालको कोरोना कहरले हामीलाई पनि ठूलै सकस दियो तर हाम्रोभन्दा ठूलो प्रहार खेप्नु पर्‍यो मेरो प्यारो दाजु नरेन्द्रप्रसाद पाठकले । जसमा आफ्नो आधा अङ्ग, आफ्नो अर्धाङ्गीनी भाउजु नारायणी पाठकलाई गुमाउनु पर्यो । दैवको सो प्रहारले दाजु धेरै भावविह्वल हुनुभयो । परिवार विक्षिप्त बन्न पुगे । यो पीडा भुल्नका लागि दाजुले नारायणी मेमोरियल फाउण्डेसन स्थापना गरी दाजुभाउजूले बूढेसकालमा बस्न रमाउन बनाएको सुरूङ्गाको घरमा नै सो फाउण्डेसनको कार्यालय स्थापना गरी सो फाउण्डेसन मार्फत अशक्त असहाय विद्यार्थीलाई शिक्षा दिएर सामाजिक कार्यमा अघि बढ्नु भएको छ ।

यसै फाउण्डेसन मार्फत आज मैले पनि मेरा स्वर्गीय मातापिताका नाममा कृष्ण-रमा-लक्ष्मी छात्रवृत्ति मार्फत अशक्त असहायको सेवा गर्ने मौका पाएकी छु । दाजुप्रति हार्दिक आभार- भाउजूप्रति भावपूर्ण श्रद्धासुमन ।

# स्मृतिका पानामा हजुरबुवा प्रभाखर/बुवा टिकाराम र आमा विष्णुमाया सेडाई

**यमनाथ सेडाई/निलकृष्ण सेडाई**

हजुरबुवा प्रभाखर सेडाई श्रीमती अन्जनादेवी सेडाईको १९९१ सालमा स्वर्गारोहण भएपश्चात जीवनका अनेकौँ उकालीओराली, अनेकौ अप्ठ्यारा अवस्थाहरुमा सङ्घर्ष गर्दै आउनुभयो। हजुरआमा अन्जनादेवी सेडाईको वि.सं. १९९१ सालमा यस धर्तिबाट विदा लिई परमधाममा बास लिन पुग्नुभयो। पत्नी वियोगको दुःखद अवस्थालाई आत्मसात गर्दै हजुरबुवाले एकमात्र सन्तानलाई आफ्नो साथमा राखी दुःखसुखकासाथ दिनहरु विताउन थाल्नुभयो। हजुरबुवा एकदमै बलियो, साहसी, हँसिलो स्वभावको हुनुहुन्थ्यो। हजुरबुवाले आफ्नो हातको मुडकीले ओखर फुटाउनु हुन्थ्यो। वहाँले एकपल्ट घाँसको भारी घरमा ल्याउँदा एकहल राँगा टन्न अघाउथे। वहाँ यति सहजसँग घाँस काट्नु हुन्थ्यो कि लज्जावती काँडा घासलाई पनि कुनै पर्वाह नगरी मज्जासँग मिलाएर घास काटुन हुन्थ्यो। वहाँलाई चिया साह्रै मन पर्दथ्यो। माछामासु खानु हुदैनथ्यो। सेलराटी, दूधमा पकाएको खीर साह्रै मन पराउनुहुन्थ्यो। सबै परिवारलाई एकैठाउँ बसेर खान पाए हुन्थ्यो जस्तो गर्नुहुन्थ्यो। अति भद्र, निरोगी, मेहनति, सरल स्वभावको धनी हुनुहुन्थ्यो।



स्व. हजुरबुवा प्रभाखर



स्व. बुवा टीकाराम/विष्णुमाया सेडाई

कोशी अञ्चल तेह्रथुम जिल्ला थोक्लुङ्ग गा.वि.स. वडा नं. २ खनाल गाऊँमा पिता प्रभाखर सेडाई र माता अन्जनादेवी सेडाईको कोखबाट जेष्ठ पुत्रको रुपमा वि.सं.

१९७६ साल असोज १२ गतेका दिन यस धर्तिमा जन्मनु भएका टीकाराम सेडाईको बाल्यकाल सुखदसँग बित्यो । पढाइलाई भन्दा पनि घाँस, दाउरा, गाईबस्तु, गोठालो हुँदाहुँदै पढाइमा त्यति ध्यान गएन । बाल्य अवस्थामै तेह्रथुम जिल्ला ईवा गा.वि.स. मा स्थायी रुपले बसोबास गर्दै आउुन भएका बुवा टीकाराम पाठक तथा माता इन्द्रकला पाठकको गर्भबाट वि. स. १९७८ साल साउन ४ गते जन्मनु भएकी माईली सुपुत्री विष्णुमाया सँग १९९० सालमा वैवाहिक जीवनमा बाँधिनु भयो । पहाडको बसाई अनेकौ अप्ठारा परिस्थितिको पनि सामना गर्दै आउनुभयो । हामी सबैजना पहाडमै थियौँ । जेठा छोरा मनोरथको २०१५ सालमा आठराई थोक्लुङ्ग निवासी बुवा श्रीनारायण भेट्वाल र माता नरमाया भेटवालका जेष्ठ सुपुत्री चनमाया सँग विवाह भयो । विवाह भएको केही समय पछाडि ठूल्दाजु मनोरथ आसामतिर जानुभयो । यसैबीच २०१८ सालमा दिदी पवित्रादेवीको आठराई सत्रान्ति मूलपानी निवासी बालकृष्ण सिटौलाका कान्छा छोरा नारायण सिटौलासँग विवाह भयो । दाजु मनोरथ आफ्ना मान्छेहरुसँग भेटघाट भएपछि केही समय आसामतिर बसेपछि वहाँ झापा आउनुभयो । आसाममा बसेको बेला त्रिलोचन प्रसाईसँग भेट भयो । वहाँसँग भेट भएको केही समय पछि झापा आउँदा वहाँसँग फेरि भेटभयो । त्यस पछि वहाँका घरमा बेलुका खानपिन गरेपछि बेलुका गफ गर्दै जाँदा त्यहीँ नजिकै मामा देवीप्रसाद पाठकको घर रहेछ । भोलिपल्ट विहान मामासँग भेटपछि मामाले भाञ्जा तिमी अब पहाड नजानु केही समय यहीँ मसँग बसेर काम गर भनेपछि ठूलदाजु केही समय मामासँग बसेर खेतीपाती गर्नुभयो ।

२०२२ सालमा पहाडबाट सम्पूर्ण परिवार लिएर झापा जिल्लाको सुरुङ्गा गा.वि.स. वार्ड नं. ६ चप्रामारी मामा देवीप्रसाद पाठकको घर छेउमा स्थायी रुपले बसोबास गर्न थाल्यौँ । झापा आएर खेतीलाई आफ्नो मुख्य पेसा बनाएर खेतीपाती गर्न थाल्यौँ । यसैबीच माइला दाजु हरिचन्द्र सेडाईको २०२४ साल फागुन १८ गते शिवगञ्ज निवासी बुवा ठाकुरनाथ र आमा ढालकुमारी पाठककी माइली छोरी निर्मलादेवीसँग विवाह भयो । मालदाजुको विवाह भएको केही समयपछि हामीले चारपाने भन्ने ठाउमा केही जग्गा किनेका थियौँ । त्यो जग्गालाई रेखदेख गर्नका लागि माल्दाजु भाउजू चारपानेमा गएर बस्न थाल्नुभयो । यसरी दिनहरु बित्दै गए । २०२६ साल भदौ महिनामा ठूली भाउजूलाई डेलिवरी हुने समय आएको थियो, त्यसवेला यातायातको समस्या थियो । राँगा गाडीमा भाउजूलाई राखी

शनिश्चरेमा डा. शंकर उप्रेतीकोमा लिएर जाने सल्लाह गरी मामा देवीप्रसाद, मामा कृष्णप्रसाद रिजाल र ठूल्दाइ भाउजूलाई लिएर अस्पताल जानुभयो । त्यहाँ उपचार नहुने भएपछि त्यहाँबाट सिलिगुडी लिएर जानुभयो । दैवको लीला मृत्युको मुखमा पुगेपछि कसको के लाग्छ र । भाउजूको सिलगुढीमा स्वर्गारोहण भयो । वहाँको दुई छोरा नीलकृष्ण र मोहन बाल्य अवस्थामा मातृ वियोगमा पुगे भने दाजु पत्नी वियोगमा पर्नुभयो । घरको समस्या र बच्चाहरुको रेखदेख पालनपोषण गर्नका लागि दाजु दोश्रो विवाह गर्न वाध्य हुनुभयो । त्यसपछि २०२९ सालमा बुवा लक्ष्मीप्रसाद भेट्वाल र माता सतीदेवी भेटवालकी कान्छी छोरीसँग विवाह गर्नुभयो । यसरी दिनहरु वित्दै गए । हामी तीनै जना दाजुभाइ एकै ठाउँमा रहदै आएका थियौ । हामीले चारपानेको खेती बेची शरणामती गाउँ विकास समिति वार्ड नं. ६ बालुबथानमा जग्गा किन्यौँ र माइला दाजु चारपानेबाट बालुबथान आउनुभयो । कान्छा छोरा यामनाथ सेढाईको तेह्रथुम जिल्ला इवा गा.वि.स. भदौरेका बुवा कृष्णप्रसाद र आमा पवित्रादेवी प्रसाईकी कान्छी छोरी तुलसादेवीसँग २०३२ साल फाल्गुण ३२ गते विवाह भयो । विवाह भएको केही समय मूलघर चप्रामारीमा बस्दै आएतापनि केही समय पछाडि हामी तीनजा दाजुभाइ साह्रै राम्रो मेलमिलाप एक आपसमा ठूलो सहयोगको भावना हुँदाहुँदै पनि परिवारमा सधैँ एकै ठाउ बस्न अप्ठ्यारो नभए तापनि कहिलेकाही त्यस्तो अवस्थाको सृजना हुदो रहेछ । हामी तीनै जना दाजुभाइले अलगअलग घर बनाए तापनि एकै ठाउँमा थियौँ । बुवाआमा, हजुरबुवा नातिहरु निलकृष्ण र मोहनसँग बस्नुहुन्थ्यो । हामी बाहिर बसे तापनि दिनहुँजसो आमाबुवालाई भेट्न गइरहन्थ्यौँ । पारिवारिक सुखदुःख एक आपसमा साटासाट गर्दथ्यौँ । साह्रै राम्रो परिवार थियो र आजसम्म पनि त्यसरी नै दिनहरु बित्दै आएका छन् ।

यसरी दिनहरु वित्दै गए । हाम्रा हजुरबुवा एकदम निरोगी भएका कारण कुनै रोग नलागीकन हामी सबै दाजुभाइ गफ गरी रहेको अवस्थामा २०५१ सालमा हजुरबुवा प्रभाखर सेडाईको १०० वर्षको लामो उमेरमा यस लोकलाई छोडेर परलोक गमन गर्नुभयो । बुवाले आफ्नो पेसा कृषि र पशुपालनमा विताउनुभयो । गाईवस्तु भनेपछि एकदम राम्ररी हेरचाह गर्नुहुन्थ्यो । वहाँले आमालाई कहिल्यै पनि नराम्रो शब्द प्रयोग गर्नुभएन । वहाँ अत्यन्तै मेहिनती, समाजसेवी असल अभिभावक हुनुहुन्थ्यो । समाजमा बसेर कसैसँग अन्याय, अत्यचार कहिल्यै नगर्ने सरल र

मिजासीलो स्वभावको धनी हुनुहुन्थ्यो । वहाँ पनि हजुरबुवा जस्तै निरोगी हुनुहुन्थ्यो भने आमा अत्यन्तै धर्मनुरागी, सरल हृदय, कोमल मन, ममताको खानी हुनुहुन्थ्यो । आफ्ना जतिसुकै अप्ठयाराहरु भए पनि कसैलाई केही भन्नुहुन्नथ्यो । आफ्ना भाइ देवीप्रसाद पाठकलाई यति माया गर्नुहुन्थ्यो कि भनेर साध्यै छैन । घरमा केही नयाँ खानेकुरा पाक्यो भने जा गएर मावलका बुवालाई बेलाएर आइज भन्नुहुन्थ्यो भने भाइ देवीप्रसादले पनि दिदीलाई बहुतै माया गर्नुहुन्थ्यो । दिदी भाइको स्नेह, प्यार देखेर हामी सम्पूर्ण परिवार पनि बहुतै खुसी थियौँ । हजुरबाको मृत्यु भएपछि २०५२ सालमा बुवाआमा जेठो नातिसँगै रहेको अवस्थामा म कान्छा छोराले बुवा आमालाई अव सुरुङ्गा जाऔँ, वही गएर बसौँ । ठूला छोराका छोराछोरी पनि अव ठूला भईसके । अहिले मैले बुवाआमाको रेखदेख हेरविचार गर्नुपर्छ भनेर सुरुङ्गा आफ्नो निवासमा ल्याएँ । आमालाई पहिल्यैदेखि डाइवेटिज रोग थियो । वहाँलाई विभिन्न ठाउँहरुमा लगी उपचार गरिरहेको अवस्थामा वहाँलाई रोगले ग्रसित बनायो । उमेरको वृद्ध अवस्थाको कारणले रोगलाई जित्न असफल हुनुभयो र सोही रोगका कारण ८९ वर्षको उमेरमा २०६७ साल असोज १४ गते यस लोकलाई छोडी परलोकमा वास लिन पुग्नुभयो । आमाको मृत्युपश्चात हाम्रो परिवारमा फेरी अर्को बज्रपात हुन पुग्यो । जेठी भाउजुलाई पहिला देखी नै प्यारालाइसीसको विरामी हुनुहुन्थ्यो । वाहाँको २०६८ सालमा मृत्यु भयो ।

हजुरबुवा प्रभाखर सेडाईका एकमात्र छोरा टीकाराम सेडाई भए तापनी वहाँका छोराछोरी नातिनातिनाहरु आज चारैतिर फैलिएका छन् । सबै परिवारमा खुसी छ । जेठा छोरा मनोरथ सेडाई र चनमाया सेडाई/उमादेवीका तीन छोरा मध्ये जेठा छोरा नीलकृष्ण/सुशीला मैनालीका छोराबुहारीहरु सरोज/चेतना हुमागाई, संजय/दीक्षा बास्तोला, नातीनातिना सहयोग र श्रृष्टि छन् भने छोरी शर्मिला/प्रियस खरेल रहेका छन् । माइलो मोहन/मीना ओलीका छोरा दिपेश सेडाई र छोरी दीक्षा र ज्वाई विशाल भट्टराई रहेका छन् । साइलो छोरा युवराज/रेणुकाका सोनिका सेडाई र सौरभ सेडाई गरी २ छोराछोरी छन् । काइलो छोरो शंकर सेडाई/निस्ता उप्रेतीका विजु र नेहा २ छोराछोरी छन् । कान्छो छोरा केदार सेडाई/तारा चुडालका समीक्षा र सनित २ छोराछोरी छन् । छोरी मेनुका ज्वाई शेखर उप्रेतीसँग विवाह गरी आफ्नै घरमा छिन् ।

बुवा टीकाराम सेडाईका माइला छोरा हरिचन्द्र सेडाई/निर्मला सेडाईका जेठो गोपाल/सीता खरेलको रुरु/रहर नाम गरेका नातिनातिनी छन् । माइलो छोरो जय सेडाईको सन्दीप र सन्ध्या २ नातिनातिनी रहेका छन् । कान्छो ओमकुमारका सिद्धार्थ र सम्राट गरी २ छोराछोरी छन् । छोरी मुना र कल्पना आ–आफ्ना घरमा छन् ।


कान्छा छोरा यामनाथ सेडाई/तुलसा प्रसाई (सेडाई) का ३ भाइ छोरा र १ बहिनी छोरी छन् । जेठो प्रकाश/ममता सुवेदीका एक छोरो सुमन छन् । माइलो नेत्र /सीता सापकोटाका नसिव र नृदेश २ छोरा छन् । कान्छो उद्धिम/सगीता आचार्यका सक्षम/सदीक्षा/समीक्षा गरी ३ जना छन् । छोरी निर्मलाको हरिश्चन्द्र खरेलसँग विवाह भएको छ । बुवा टीकारामका एउटी छोरी पवित्रालाई नारायणकान्त सिटौलासँग विवाह गरी छोराछोरी कमल/टीका/सागर/मुनादेवी/चण्डिका र गीता भण्डारी सिटौला रहेका छन् ।

दैवको लीला जन्म भएपछि मृत्यु भन्ने शाश्वत भनाई अनुसार हिडडुल गर्दागर्दै यसरी धेरै सन्तानका बुवा आफ्नो लामो उमेरसम्म कुनै रोग नलागीकन आफू सुतेको ओछ्यानमा २०७२/९/१९ गतेका दिन ९६ वर्षको उमेरमा ३ जना छोरा, ४ बुहारी एक छोरी ज्वाई साथै १४ जना नाति नातिनी बुहारी, ४ जना नातिनी नातिनी ज्वाई १४ जना पनाति ९ जना पनातिनी र २ जना जनाति जनातिनीका बुवा हजुरबुवाले हामी सबैलाई चटक्कै छोडी परमधाममा वास लिन पुग्नुभयो ।

# अनन्त स्मृतिमा स्वर्गीय बुवा हरिप्रसाद बस्याल

**डा. सम्राट बस्याल**

## बाल्यकाल


स्व. हरिप्रसाद बस्याल

समय निरन्तरतामा अधिक छ तर पनि तीता मीठा सम्झनाहरुलाई छालजस्तै बगाउन नसकिने रहेछ । बुवाको चोरऔँला समातेर म बायाँतिर र मेरी दिदी बबिता दायाँतिर नेपालगन्जको सब्जिमन्डी गएको हिजोजस्तै लाग्छ । साँझपख धम्बोजी चोकको सब्जिमन्डी अनि बुवाको औलाको न्यानोपनले अझै पनि जिन्दगीका पलहरुलाई न्यानो र अबिस्मरणीय तुल्याउँछ । कैयौपटक एउटै प्रश्न गर्थ्यौ बुवा किराहरु किन बत्तीमा झुमेका ? उत्तर त खासै याद त भएन तर हामी पनि बुवाको वरिपरि नै झुमिनै रहन्थ्यौं । आज पनि त्यसरी नै झुम्मिन मन लाग्छ तर कहाँ पाउनु सम्झनाको मनमामात्र अब झुम्मिन सम्भव छ ।

बुवाको जन्म १९९३ साल फागुन ३ गते आइतबारका दिन मध्यान्हको समयमा काठमाडौँको मूलघर लैनचौरमा स्वर्गीय हजुरबुवा ताराप्रसाद बस्याल र हजुरआमा कुबिजादेवी बस्यालको कोखबाट भएको थियो । बुवाको जन्म बसन्त ऋतुको पूर्व आवगमनमा भएको हुँदा खुशियालीको माहोल अधिक थियो । बगैचामा नानाथरीका फूलका पालुवाहरु फक्रन लागेका थिए । जाडोलाई काठमाडौँले बिदागर्दै थियो । बसन्त ऋतुले बुवाको स्वागत गर्दै थियो । त्यसमा पनि परिवारको दोस्रो छोरा त्यो पनि ६,७ बर्षपछिको सन्तानको आवगमनमा । बुवाको मुखार बिन्दुबाट उहाँको बाल्यकालका धेरै कथाहरु सुनेको छु । बाल सखाहरुसँगको सरारतहरु कहिले खेतको परालमा आगो लगाइ भागेको, कहिले बारीबाट काउली चोरेको त कहिले आफ्नो बुवाआमासँग पैसा ठगेर लगी साथीभाइसँग रमाइलो गरेको आदि ।

## शिक्षा

बुवाको प्रारम्भिक शिक्षा दरबार हाइस्कुलबाट प्रारम्भभै सोही स्कुलबाट २०१३ सालमा एस.एल.सी. पास गर्नु भएको थियो । तत्पश्चात त्रिचन्द्र कलेजबाट २०१७ सालमा बि.एससी. पास गर्नुभयो । तत्पश्चात नेपाल सरकारको छात्रबृत्तिमा भारतको

देहरादुनस्थित फरेस्ट रिसर्च ईन्स्टिच्युटबाट २०२० सालमा वन विज्ञानमा स्नातक गरी नेपाल फर्किनु भयो । तत्पश्चात बेलायत र नेदरल्याण्डबाट वन विज्ञानमा बिशेष तालिम समेत प्राप्त गर्नु भएको थियो ।

## विवाह

स्वर्गीय हरिप्रसाद बस्यालको विवाह गोर्खा जिल्ला स्यार्तन भञ्ज्याङ निवासी अम्बिकाप्रसाद धिताल तथा नन्दकुमारी धितालकी माहिली छोरी शुभद्रा धितालसँग २०११ साल जेष्ठ ८ गते भएको थियो । विवाहको प्रसंग पनि रोचक छ । हजुरबुवा ताराप्रसाद बस्यालको मेरी आमाको कान्छो बुवा माधवप्रसाद धितालसँग राम्रै परिचय रहेछ । दुबै जनाको चिना बनाउँने गुरु पनि एउटै रहेछन् । एक दिन हजुरबुवाको मेरी आमा ५/६ बर्षको हुँदा भेट भएछ । आमालाई राम्री लागेर हजुबुवा ज्योतिषीकहाँ बुवाको र आमाको चिना हेर्न जानु भएछ । बुवा र आमाको चिना एकदमै मिलेछ । अझ बुवालाई आमाको चिनाअनुसार सफल र सुखमय जीवन हुने देखिएछ । तत्पश्चात हजुरबुवाले तत्कालै आमाको कान्छो बुवालाई आफ्ना छोरासँग विवाहको लागि बचन लिनु भएछ । यसरी केटीको कुरा छिनेको करीब ९ बर्ष पछि भब्यरुपमा विवाह सम्पन्न भएछ । बुवा हात्ती चढेर दौरा सरुवाल र कोटमा सजिएर जन्ती बाजागाजासहित विवाह भएको कुरा आमाले बराबर बताउने गर्नु हुन्छ । आमाको हजुरबुवा मीरसुब्बा हुनुहुन्थ्यो रे, त्यसैले विवाह भब्य रुपमा भएको थियो, १० वटा त खसी काटिएका थिए रे । जन्तीको भब्य स्वागत गरी आमालाई बिदाई गरिएको थियो रे ।

## छोराछोरी

स्वर्गीय हरिप्रसाद बस्यालका तीन छोरा र चार छोरी थिए । जेठा छोरा पवन बस्यालको डेढ बर्षको अल्पायु उमेरमा नै निधन हुन गई एउटा दुखद घटना घट्न पुग्यो । छोरा मध्ये जेठा छोरा बिराट बस्याल र बुहारी राजश्री बिष्ट बस्याल र एक छोरी ऋचिता बस्याल हाल अमेरिकामा बसोबास गर्नु हुन्छ । कान्छो छोरा म सम्राट बस्याल र रीना पाठक बस्याल हाल काठमाडौंमा आमासँग बसोबास गरेका छौ । म पेसाले चिकित्सक छु भने रीना पाठक बस्याल युएन.ओडिसीमा कार्यरत छिन । हाम्रा सुभश्री बस्याल र ब्रम्ह बस्याल गरी एक छोरा र एक छोरी छन् । छोरीहरु तर्फ जेठी छोरी सरिता बस्यालको विवाह झापा निवासी सन्तोष प्रसाईसँग भएको थियो । उहाका एक छोरा सन्दिप प्रसाई र बुहारी बन्दना भुषाल

प्रसाई हाल अमेरिकामा बसोबास गर्छन। उहाका दुई नाति सबन प्रसाई र सुजल प्रसाई छन्। ज्वाई सन्तोष प्रसाईको असामयिक निधनले बुवालाई निकै ठूलो चोट परेको थियो। छोरी इरीना प्रसाईको झापा (हालबिशालनगर, काठमाडौ) निवासी प्रदीप पाठकसँग विवाह भई एक नातिनी आरुशी पाठक र एक नाति आव्हान पाठक छन। माहिली छोरी कबिताको पोखरा निवासी कृष्ण सापकोटासँग विवाह भई उहाँहरुका तीन छोरी सल्या, झरना र स्मृति तथा एक छोरा सर्वेश हाल अमेरिकामा छन्। साहिली छोरी सबिताको विवाह बुटवल निवासी रमेश भण्डारीसँग भई दुई छोरा राजन र सास्वत छन्। कान्छी छोरी बबिता हाल अमेरिकामा रहेकी र उनकी एक छोरी आसियाना सापकोटा साथमा छिन्। यसरी स्वर्गीय हरिप्रसाद बस्याल दुई छोरा, चार छोरी वाह्र जना नातिनातिनी, चारजना पनाति र एक जना पनातिनीसहित सबैको सुख र सन्तुष्टिमा रमाउनु भएको थियो। कोही छोराछोरी, ज्वाई नातीनातीना घरमा आउँदा अब के खुवाउँने, कसरी उनिहरुलाई रमाइलो गराउने भन्नेमा नै उहाको ध्यान केन्द्रित हुन्थ्यो। घरमा आएका परपाहुनालाई आदर भाब दिदै खुसी हुने उहाँको स्वभाब थियो। दाजुभाइहरु पनि स्वर्गीय हरिप्रसाद बस्याललाई पाउँदा निकै खुसी हुन्थे किनकि सबै दाजुभाइको उहाँ एउटा केन्द्रबिन्दु नै हुनुहुन्थ्यो।

## जागिरे जीवन

स्वर्गीय हरिप्रसाद बस्यालको भारतको देहरादुनको वन विज्ञान कलेजमा वन विज्ञान बिषयमा स्नाताक गरी नेपाल फर्किएपछि २०२२ सालामा सहायक वन अधिकृतको रुपमा जागिरे जीबन प्राराम्भ भयो। जागिरको सिलसिलामा उहाँले ईलाम, सुर्खेत्, नेपालगञ्ज, बर्दिया, धनकुटा, काठमाडौं जस्ता जिल्लामा डिएफओको जागिर खानुभयो। यसरी बिभिन्न जिल्लाहरुमा जागिर खाँदै क्षेत्रीय निर्देशकको पदबाट २०४५ सालमा अवकाश लिनुभयो। अवकाश पश्चात पनि युएसएडद्वारा सञ्चालित आयोजनामा करीब १० बर्ष काम गरेपछि बाँकी जीवन पुनः घर परिवारमा बिताउनु भयो। उहाँ लगनशील र अध्ययनसील हुनुहुन्थ्यो। जागिरका क्रममा उहाँ सबैसँग मिलनसार हुनुहुन्थ्यो। जिल्लामा रहँदा उहाँको क्वार्टरमा आउने र रमाइलो गर्ने एउटा परम्परा जस्तै बनेको थियो। उहाँ जुन जिल्लामा सरुवा हुनुभयो त्यहाँ कार्यालयमा कार्यरत अन्य कर्मचारीहरु बस्याल सर आउने भने पश्चात खुसी हुन्थे अरे। किनकि उहाँ सबैको भलो र उन्नतिमा सहयोगी हुनुहुन्थ्यो।

## साथीसंगी

उहाँ कलेजमा पढ्दादेखि जागिर खाएसम्म धेरै मित्रहरु हुनुहुन्थ्यो । त्यस मध्येमा पनि बरिष्ठ अधिवक्ता सिन्धुनाथ प्याकुरेल्, सुशील भट्टराई, हेमराज ज्ञवाली लगायत थुप्रै साथीहरु हुनुहुन्थ्यो । एकपटक उहाँसँग सम्पर्क भएपछि पुनः उहाँलाई साथी बनाउन पाए हुन्थ्यो भन्ने सबैको चाहना हुन्थ्यो किनकि उहाँ सहयोगी, मिलनसार र सबैको भलो चिताउने गुणका धनी हुनुहुन्थ्यो ।

## भेषभुषा र खानपिन

उहाँ आफूले लगाउने कपडाहरु आफै आइरन गर्नु हुन्थ्यो । काहीँ कतै जानुपर्दा चिटिक्क परेर हिंड्नु हुन्थ्यो । खानेकुरलाई प्राथमिकता दिनुपर्छ भन्ने उहाँको सिद्धान्त थियो । भान्सामा आफै पसेर तिहुन तरकारी केलाउँने, लसुन, प्याज छोडाइ तयार पारेर राख्नुहुन्थ्यो । कहिलेकाहि आफै खान बनाउन पनि अघि सर्नु हुन्थ्यो । अनि त्यही खानालाई कस्तो भयो बेटा भनेर सोध्ने पनि गर्नु हुन्थ्यो । खसीका ह्यकुला, चम्सुरको साग्, निगुरोको साग्, चिया, आदि खान निकै रुचाउनु हुन्थ्यो । उहा धर्मकर्ममा पनि बिश्वास गर्नुहुन्थ्यो । गरिब दुखिलाई सहयोग गर्ने उहाँको बानी थियो । बिभिन्न मठमन्दिरमा दान गर्ने गर्नुहुन्थ्यो । हर्कपुरस्थित शिव मन्दिर निर्माणमा पनि उहाँको ठूलो योगदान थियो । उक्त शिव मन्दिर सञ्चालनको लागि अक्षयकोषको समेत ब्यवस्थापन गर्नुभएको थियो । बुवासँगका अबिस्मरणीय क्षणहरुमध्ये बुवाको हातको औँला समतेर हिँडेको, बुवाको थालबाट खाना खान कुरेको, दसैँमा कपडा किन्न सँगै हिडेको क्षणहरु सिनेमाको रिलजस्तै अहिले पनि घुमी रहन्छन । बुवाका स्वभाबहरु सम्झँदा उहाँ सानाठूला, गरिब धनी सबैलाई समान ब्यवहार गर्नुहुन्थ्यो । जहाँ गए पनि बनभोज, पार्टी, यात्रामा उहाँसँग जाँदा हामीलाई आनन्दको अनुभुति हुन्थ्यो ।

## बुवाको अन्तिम परमधामयात्रा

२०७५ साल फागुन २६ गते बेलुका आफै पसल गएर मासु ल्याई रीनालाई पकाउन लगाई मलाई दुईवटा ह्याकुलो मात्र राख, अरु केटाकेटीलाई खुवाओ भन्दै आफुलेसमेत मासु भात खानुभएको थियो । सोही दिन बेलुका आफ्नो नित्यकर्म एवम भोजन गरी अमेरिकामा रहेका छोराबुहारी, छोरीज्वाईँसँग कुराकानी गरी सुत्नुभयो । रातको १२ बजेतिर उठ्नु भयो, एक्कासी स्या स्या भयो, पसिना पनि आयो, हामी अतालिएर रीना र मैले सिभिल अस्पताल पुऱ्यायौँ, इमर्जेन्सी

कक्षमा उपचार सुरु गरियो । बुवाको अवस्था देखेर आँत्तिएर मेरो साथी डा. रोशन पियालाई समेत बोलाएँ, उहाँ तुरुन्त आउनु भयो । सिभिल अस्पतालका स्वास्थ्यकर्मी लगायत हाम्रो अथक प्रयास सफल हुन सकेन । २०७५ साल फाल्गुन २७ गते ब्रम्हमुहुर्तमा हामी सबैलाई छाडेर परमधाम जानुभयो । यसरी सबैलाई माया गर्ने कोमल हृदयका सरल, सबल र स्वाबलम्बी ब्यक्तित्वका धनी बुवाको क्षणभरमा नै ८३ बर्षको उमेरमा अवसान भयो । उहालाई ८४ पुजा गर्नुपर्छ भन्दा म ८४ पूजा गर्दिन्, ९४ मा गर्ने हो भन्नु हुन्थ्यो । त्यसैले उहाँले यति छिटै परमधाम जानुपर्छ भन्ने सोच्नु भएको थिएन । यसरी भौतिक रुपमा बुवालाई नपाए पनि उहाँको स्मृति र सम्मानमा सामाजिक कार्यमार्फत उहाँलाई सम्झन हामी सबैले नारायणी मेमोरियल फाउन्डेसनमार्फत केही अक्षयकोष स्थापना गरी बुवाको स्मृतिमा अनाथ, अशक्त, असहाय र जेहेन्दार बिद्यार्थीलाई छात्रबृत्ती जस्तो पुण्य कार्यको थालनी गरेका छौँ । अरु पनि यस्तो सामाजिक कार्यमा सहभागी हुन ईश्वरको सधै साथको कामना सहित बुवाको सम्झनाका शब्दहरु पोख्ने अवसर दिनु भएकोमा नारायणी मेमोरियल फाउन्डेसनलाई धन्यवाद दिन चाहन्छु ।

# स्मृतिमा स्व. बुवा हरिप्रसाद र स्व. आमा विष्णुमाया उप्रेती

**कमल उप्रेती**

## बाल्यकाल


स्व. विष्णु माया उप्रेती

स्वः बुवा हरिप्रसाद उप्रेती तेह्रथुम जिल्ला आठराई ईवा खरिबोटे भन्ने आफ्नै घरमा १९७० सालमा जन्मनु भएको हो भने स्वः आमा विष्णुमाया उप्रेती सोही जिल्लाको आठराई सक्रान्ति मूलपानी मा १९७२ सालमा जन्मनु भएको हो। आठराई सक्रान्ति मूलपानी निवासी स्वः राम प्रसाद सिटौलाकी नातिनी (राईटर) विष्णुलाल सिटौलाकी अन्तरी छोरी दाजुहरू महेश्वर सिटौला, कालीप्रसाद सिटौला, लक्ष्मीप्रसाद सिटौला कि अन्तरी बहिनी विष्णुमायाको उमेर आठ वर्ष र हरिप्रसादको उमेर दश वर्ष हुदा १९८० सालमा विवाह बन्धनमा बाँधिनु भएको हो। खरिबोटेको घर खायल पछि सोही जिल्लाको ईवा गोले गाउँ बसाई सरेर जानु भयो। गोले गाउँ कै घरमा एक छोरा र सात छोरीहरुको जायजन्म भयो।

## छोराछोरी

बुवा तीन छोरा र नौ छोरीहरुको धनी हुनुहुन्थ्यो। जस मध्ये जेठो छोरा १९९० साल फाल्गुण महिनामा जन्म भै १९९२ साल जेष्ठ महिना एक वर्ष तीन महिना को अल्पायुमै आफ्नै कालगतिले स्वर्गारोहण हुनुभयो। त्यसपछि छोरी मध्येकी जेठी दिव्यश्वरा उप्रेतीको १९९३ सालमा जन्म भई आठवर्षको उमेरमा हाल आठराई गाऊपालिका ईवा निवासी डिल्लीराम पाठक को जेठो छोरा देवीप्रसाद पाठकसंग २००१ साल असार महिनामा विवाह वन्धनमा बाधिन पुगी दुई छोरा जेठो लक्ष्मीप्रसाद पाठक दुई वर्ष र नरेन्द्रप्रसाद पाठक ११ दिनको उमेर हुदा २०13 साल फाल्गुन २२ गते उहाँको अचानक स्वर्गारोहण हुन पुग्यो। देवीप्रसाद पाठकको भने २०७७ सालमा स्वर्गारोहण भयो।

माहिली छोरी महेश्वरा उप्रेती १९९७ वैशाखमा जन्म भै पाँचथर जिल्ला अरवौंले निवासी कृष्णप्रसाद ओडारीका साईला छोरा लक्ष्मीप्रसाद ओडारी संग १३ वर्षको

उमेरमा २००९ सालमा विवाह हुन पुग्यो । महेश्वरा ओडारी ०६० साल वैशाख ६ गतेका दिन स्वर्गवासी हुनु भयो भने लक्ष्मीप्रसाद ओडारी २०७७ साल वैशाख २ गतेका दिन स्वर्गवासी हुनु भयो । साईली छोरी टीकादेवी उप्रेती १९९९ सालमा जन्म भै १४ वर्षको उमेरमा हालको आठराई गाउँपालिका निभारे निवासी बलराम शिवाकोटी का माईला छोरा श्रीप्रसाद शिवाकोटीसँग २०१३ सालमा विवाह बन्धनमा बाधिनु भयो । श्रीप्रसाद शिवाकोटी झापा जिल्लाको बिर्तामोड नगरपालिका वार्ड न १ स्थित आफ्नै निवास मा आफ्नै कालगति ले २०७१ साल अषाढ १२ गते स्वर्गारोहण हुनुभयो ।

काहिली छोरी कौशिलादेवीको २००२ साल माघ २९ गते जन्म भै १३ वर्षको उमेरमा तेह्रथुम जिल्लाको आठराई भदौरे निवासी जयनारायण संग्रौला को जेठो छोरा मेदनीप्रसाद संग्रौलासंग २०१५ साल वैशाख महिनामा विवाह सम्पन्न भयो । मेदनीप्रसाद संग्रौलाको मोरङ्ग जिल्ला कानेपोखरी भौसावारी केरौन-१ स्थित आफ्नै निवासमा २०७४ सालमा स्वर्गारोहण भयो । अन्तरी छोरी नरमायाको २००५ साल फाल्गुण महिनामा जन्म भैं १४ वर्षको उमेरमा आठराई गाउपालिका वार्ड नं. ५ जगजपा निवासी प्रतिमान प्रसाईको जेठा छोरा प्रेमप्रसाद प्रसाईसंग २०१९ माघ महिनामा विवाह भयो । प्रेमप्रसाद प्रसाई झापा जिल्ला विर्तामोड न.पा. १ स्थित आफ्नै निवासमा २०६७ साल फाल्गुणमा परलोक हुनुभयो ।

अन्तरी छोरी महेश्वरा उप्रेती को २००८ सालमा जन्म मै १६ वर्षको उमेरमा तेह्रथुम जिल्ला हालको आठराई गाउपालिका वार्ड नं. ५ पोखरी निवासी अविचन्द्र शिवाकोटी का जेठा छोरा कृष्णराज शिवाकोटीसँग २०२४ साल आषाढ महिनामा विवाह सम्पन्न भयो । अर्को छोरी रिता उप्रेती (अम्बिका) को २०१२ सालमा जन्म भै १७ वर्षको उमेरमा आठराई ईवा भदौरे निवासी बलभद्र प्रसाईको माईला छोरा विष्णुप्रसाद प्रसाईसंग २०२९ सालमा विवाह भयो । अर्को छोरी सेती सोह्र वर्षको उमेरमा बेपत्ता भएकीले हालसम्म उनीको काजकृया भएको छैन । कान्छी छोरी लीलाको झापा जिल्ला मेचीनगर नगरपालिका धुलावारी निवासी लक्ष्मी चापागाईसँग विवाह भयो । लक्ष्मी चापागाई को २०७७ सालमा स्वर्गारोहण भयो ।

स्वः हरिप्रसाद उप्रेतीको बुवा टंकनाथ उप्रेतीको जेठो छोरा हुनुहुन्थ्यो भने माइला पदमप्रसाद, साईलो भाइ घनपति, काइलो भाइ रामप्रसाद र कान्छो भाइ भोटु उप्रेती हुन । स्व. हजुरबुवा टंकनाथ उप्रेतीका तीन श्रीमती हुन जस मध्ये जेठी

विमलीकी छोरी, माइली शिवाकोटीकी छोरी हुन भने कान्छी वली कि छोरी हुन। हरि प्रसाद विमलीकी छोरी तर्फका र माईलो साईलो, काईलो शिवाकोटीकी छोरी तर्फका हुन भने कन्छो भोटु वली की छोरी तर्फका। हरिप्रसाद उप्रेतीका दुई वटी श्रीमती हुन। जेठी सिटौला की छोरी हुन भने कान्छी मैनालीकी।

## बुवाका केही स्मरणीय घटना क्रम

बुवा आमा का केही दुखद् र सुखद क्षणका बाल्यकालमा मलाई सुनाउनु भएको केही बाक्यंश स्मरण गर्ने अनुमति चाहन्छु। जेठो दाजु वितेपश्चात सातौ गर्भमा पनि छोरीको नै जन्मभएपछि र छोरा नभए बुवा आमाको किरिया नहुने र वैतरणी तर्न नसकिने भन्ने त्यो जमनाको कालखण्डमा छोराको खोजीमा बुवा केही राम्रा ज्योतिर्षीहरुकोमा जानु भएछ। केहीले हरिबशं पुराण लगाएपछि छोरा जन्मिन्छ भनेछन् त केहीले पाथिभरादेवीको दर्शन गरेर छोरा मागे छोरा जन्मिन्छ भनेछन त केहीले सौतिनी ग्रह छ आमालाई सौता ल्याएपछि छोरा जन्मिन्छ त बुवालाई दुई वटी श्रीमती ल्याएपछि छोरा जन्मिन्छ। यस्तै ज्योतिषीको कुरा सुनेर घर फर्कनु भएछ। ज्योतिषीको कुरा त ठिकै हो भन्ने ठानी हरिबंश पुराण लगाउनु भएछ। पाथिभारा ताप्लेजुङ जिल्लामा पर्दछ। पोखरीबाट १ दिनको बाटो पैदल हिडेर पाथिभारा दर्शन गरी फर्कनु भएछ बुवा आमा दुवै जना। ज्योतिषीले भनेको त गरियो अब एउटै बाकी सौतिनी ग्रह र दुईटी श्रीमती। समय वित्तै गयो आमाले यसबारे कुरा चलाउनु भएछ। बुवाले तेती कान ठाडा पार्नु भएनछ। एक दिन बुवाको बैनी मेरो फुपू आठराई होडा कोलमुनी (शिवाकोटी) दाजु भाउजु भेटघाटका लागि जगदप्पा आउनु भएछ। आमाले नानी हरिबंश पुराण पनि लगाईयो पाथिभरा पनि गईयो खै ? छोराको मुख हेर्न पाईएको छैन कोही ज्योतिषीले सौतिनी ग्रह छ पनि भन्छन खै ? भन्दै यस्तै नन्दभाउजूले दुखेसो गथन गर्नु भएछ। यत्तिकैमा फुपूले ज्योतीषी ले नै भनेको हो भने त भाउजु पुग्न पनि सक्छ। एक जना मेरी छिमेकी मैनालीकी छोरी लोग्ने मरेर विधवा भै माईत बसेकी छन्। दाजुसँग पनि सल्लाह गर्नुपर्छ म कुरा चलाई हाल्छु नि भन्दै यस्तै दुखेसो गफ सकेर फुपु आफ्नो घर होडा तर्फ लाग्नु भएछ। समय वित्तै गयो। वेला वेलामा छोरा कै कुरा निस्कन्छ। यत्तिकैमा एकदिन आमाले होडाकी नन्द आउनु भएको थियो भनी माथि फुपूले भन्नु भएकै कुरा बुवालाई सुनाउनु भई जाने होकी भनी सोध्नु भएछ। एकदुई दिनपछि जाउँ न त, बैनीको घरमा जान के भो र भन्दै जानु भएछ दुवैजना। फुपूले माथिकै कुरा बताए पछि बुवाआमा र फुपू मैनालीको घरतर्फ लाग्नु

भएछ । मैनालीको घरमा पुगेर फुपूले कुरा कोट्याउनु भएछ । वाँहा मेरो जेठो दाजु हुनुहुन्छ, भाउजू पनि सँगै आउनु भएको छ, दाजुभाउजूको छोरा भएनन् ज्योतिषले भाउजूलाई सौतिनी ग्रह छन्, दाजुलाई दुईटी श्रीमती भए छोरा जन्मिन्छ भनेका छन् अरे भनी सविस्तार भनेपछि छोरी दिन र विवाह गर्ने तिथि मिति तय भै २०११ सालमा दोश्रो विवाह गर्नु भएछ । हरिवंश पुराणले होस या पाथिभरादेवीको दर्शनले होस या सौतेनी ग्रहले होस हालको आठराई गाउँपालिका वार्ड नं. ५ अर्चले जगजपामा भन्ने घर खायल मा २०१५ साल माघ १६ गते मेरो जन्म भएछ । म पाँच वर्षको उमेरमा हिड्दै गर्दा साविक ईवा गा. प. वार्ड न. ९ गौरीकुञ्जको घरवारीसंग सिमाना जोडिएको हाम्रै जिजु हजुरबुवाहरुले चर्चेको घरवारी किनी बसाई सर्ने काम भयो । बसाई सर्दाको क्रममा गाईवस्तु र बाख्राहरुको पछिपछि हिँडेको झल्को अहिले पनि मेरो मानसपटलमा छ ।

## थरीको पगरी

तत्कालीन समयमा थरी मुखिया सुब्बाको कानुन प्रचलनमा रहेकोले उप्रेतीको थराई मुखिया जेठो छोराले पाउने कानुनी व्यवस्था भएकोले र मेरो बुवा जेठो भएकोले थरी मुखियाको मानपदवी बुवाले नै पाउनुभै समाजमा पनि थरी मुखिया भनी सम्मानीत हुनुहुन्थ्यो । आफ्नो थराई भित्रका जग्गाजमिनहरु तिरो, उठाई सुब्बाकाँहा पुऱ्याउने दायित्व समेत मुखियाको हुन्थ्यो । यसरी उठाएको तिरो ह्वाकुमा रहेका सुब्बालाई बुझाउन जानु भएको र आएको मेरो सम्झनामा छ ।

यसरी आफ्नो थराई भित्रको जग्गा पोखरी हाईस्कुल छाते ढुङ्गालाई स्कुल र खेलकुद मैदान निर्माण गर्न जग्गादान पनि गर्नु भएको थियो । सो कुरा २०६७।१२।०२ गते सम्पन्न भएको पचासौं रजतजयन्तीमा विद्यालयको चौतर्फी विकासका लागि मन वचन र कर्मले अहोरात्र खट्दै भूमिदान समेत गर्ने, ईवा-९ तेह्रथुम निवासी श्री हरिप्रसाद उप्रेती (थरी) भन्ने व्यहोराबाट प्राप्त गरेको मरणोपरान्त सम्मान पत्रले पनि पुष्टि हुन्छ । स्व. हरिप्रसाद उप्रेती समाजसेवी, शिक्षाप्रेमी, सोझो, ईमान्दार, सात्विक, धर्मप्रेमी पनि उत्तिकै हुनुहुन्थ्यो । शंख घण्ट नपूजी र गीता पाठ नगरी कछाड (धरो) नफेरी खाना नखाने वाहाँको धार्मिक गुण नै थियो ।

ताप्लेजुङ्ग जिल्लाको हालको सदरमुकाम फुङलिङलाई त्यस ताका ताप्लेजुङ, अमिनी भनिन्थ्यो । त्यहाँ भाषा पाठशाला खोलिएको थियो । बुवाले त्यहिँ भागेर गएर केही महिना बसी क.ख. अ.आ. अंक आदि पढेर आएको भनी मलाई सुनाउनु

हुन्थ्यो । आफैँले बाँसको कलम बनाएर सिमीको पत्ताको झोल र कुपी बालेको गाजलबाट मसी बनाई नेपाली पहाडे कागजमा टाईप अक्षरझै  लाग्ने वाक्यांशका हरफहरु लेख्ने गरेको मैले पाउँथे । केही गीताका श्लोकहरु लेखेर मलाई पनि पढ्न दिनुहुन्थ्यो ।

## छोरो पढाउने इच्छा

२०२१ सालतिरको कुरा हो । हाम्रो घर माथितिरको बाटोबाट करिब नौ बजेको समयमा एक जना होचो मान्छे घरमा आएर, "दाजै छोरालाई स्कुल पढाउनुपर्छ घरमा राखेर हुँदैन" भनेको र झट्टै बुवाले "लिएर जानुनित भाइ" भनेको वाक्य मेरो सम्झनामा छ । त्यो बेला स्कूल ड्रेस पनि चाहिँदैनथ्यो । उनै मान्छेले मलाई हातको औँला समाउदै डोऱ्याएर पोखरी स्कुलको एक कक्षा कोठामा हालिदिनु भयो । उनी मेरो आदरणीय गुरु शेरबाहदुर ईङनाम हुनुहुदो रहेछ जसले केही वर्ष पोखरी स्कुल पढाउनु भयो ।

पछिल्लो कालमा वाहाँ राष्ट्रिय पंचायत सदस्य पनि बन्नुभयो । उनै मेरा आदरणीय शेरबाहादुर ईङनाम सरले स्कुलको पहिलो पाईला टेकाउनु भएको हो । केही समयपछि भानिज नरेन्द्रप्रसाद पाठक, जसलाई तत्कालीन वाल्यकालमा दाजु भनेर बोलाउँथे, लाई कक्षा दुईमा बसेर पढेको पाएर म पनि त्यहि कक्षामा बस्न खोजेँ तर सरहरूले दिनु भएन । यसरी पोखरी हाईस्कुलबाटै कक्षा १ वाट मैले पढाई सुरु गरेँ । त्यो वेला क. ख. अ. आ. १ देखी १०० सम्मका अंकहरू लेख्न र पढ्न धुलौटे स्कुलबाट नै मुखाग्र गरी सकिएको हुन्थ्यो । जो मैले काका आदरणीय गुरु भगीरथ उप्रेतीको धुलौटे स्कुलबाट पाई सकेको थिएँ । केही समय वाहाँले पोखरी स्कुलमा पढाउनु भएको मेरो सम्झनामा छ । यसरी कक्षा १ हुँदै सोही स्कुलबाट २०३२ सालमा एस.एल.सी. परीक्षा उत्तीर्ण भै माध्यमिक शिक्षा पूरा गरेँ ।

## झापामा खेती

२०२४ सालतिर बुवा परदेश जाने भनी सानीआमा र बहिनी सेतीलाई साथमा लिई झापाको जलथल हल्दीबारी तीन वर्ष र दुर्गापुर मन्सापुर दुई बर्ष गरी ५ वर्ष तराईको झापामा खेतीपाती गरी बिताउनु भयो । झापा बसाईकै क्रममा भाई लोक प्रसादको २०२४ सालमा जन्म भएको हो र बहिनी लीलाको २०३१ साल साबिक पोखरी गा.पा. वडा नं. ४ अग्राखेमा जन्म भएको हो भने बहिनी सेतीको पनि सोही स्थानमा भएको हो । ५ वर्षको झापाको बसाई अन्त्यगरी पुन बुवा

२०२९ सालतिर पहाडको साविक आफ्नै घर गौरीकुञ्ज फर्कनुभयो । गौरीकुञ्ज छाते ढुङ्गाबाट तल तमोर नदीमाथि दक्षिणतर्फ अग्राखे हाम्रो घर खायल बारी सानीआमा भाइ लोकप्रसाद, बहिनी सेतीलाई थन्काई कहिलेकाही तलको रेखदेख र घेरै समय माथि गौरीकुञ्जको रेखदेख घर व्यावहार चलाउँदै आउनुभयो । एक दिनको कुरा हो । म कक्षा आठमा पढ्थेँ । छोरा कमल अब म बूढो हुँदै गएँ, खनजोत, रूख चढ्न, डाले घास काट्न पनि गाह्रो हुँदै गयो । अब त पढ्न छोडेर बुवालाई सघाउनुपर्छ भन्नुभयो । मलाई पनि बुवाले भन्नु भएको ठिकै लाग्यो र मैले आमालाई सुनाएँ । "बुवाले के भन्नु भएको अहिलेको जमानामा पनि छोरालाई नपढाएर हुन्छ ? उ पढछ, छोरीलाई पनि पढाउन पाईएन, सरहरुलाई मैले खाना पकाएर ख्वाएकै छु, भाडा माझेकै छु, केही पैसा सरहरुले दिन्छन, त्यही पैसाले छोराले पढ्छ छोरालाई स्कुलबाट निकाल्ने कुरै नगर्नु," आमाले भन्नु भयो । त्यस पछि मैले स्कुल नछोडने निधो गरेँ । त्यसबेला चुहानडाडा बेतिनी घर भएका सूर्य कन्दङवा हेड माष्टर हुनुहुन्थ्यो । गौरीकुञ्जमा डेरा बसी हाम्रैमा खाना खानुहुन्थ्यो । वाहाँ ०४६ साल पछि सांसद पनि हुनुभयो । सूर्य सर राजनीतिक काण्डमा बेखबर भएपछि चुहानडाडाकै शिव सिटौला, प्र. अ. भै आउनु भयो र हाम्रै घरमा खाना खान थाल्नु भयो र आमा बुवालाई मलाई पढाउनमा टेवा पुग्यो । आमा मृदुभाषी असल स्वभाव भएकी हुनूहुन्थ्यो । सबैले बहाँलाई यसै भन्थे । खाना पकाउन सिपालु हुनूभएकाले स्वादिष्ट खाना खुवाउनु हुन्थ्यो । प्रधानाध्यापक शिव सिटौला वाँहाको माइती भएकोले फुपूले पकाएको खाना सारै मीठो भनी प्रंशसा गर्नु हुन्थ्यो । ०३३ सालतिरको कुरा हो । म एस. एल. सी. उतिर्ण गरी पढाईतर्फ लाग्ने या केही कामको खोजीमा जाने भनी दोसाँधमा छटपटाई रहेको थिएँ । घरको आर्थिक अवस्था कमजोर भएको र बुवाआमा पनि वृध्द हुँदै जानु भएकाले पढाइ भन्दा जागिर खानुपर्ने केही आर्थिक उपार्जन गर्नुपर्ने बाध्यात्मक स्थिति रहेकाले जागिर खाने निधो गरी छिमेकी जिल्ला ताप्लेजुङ्गमा प्रा.वि. शिक्षक र गा. वि. स. सचिवको विज्ञापन खुलेको थाहा पाई शिक्षक र सचिव दुवै पदको परिक्षा दिई ताप्लेजुङ्गकै एक पुस्तक पसल व्यापारीलाई परीक्षाको नतिजाको सूचना दिन भनी घर फर्किएँ । पछि दुवै पदमा नाम प्रकाशित भएको सूचना पाई ताप्लेजुङ्ग गई जिल्ला पँचायतमा बुझ्दा सचिवको लागि झापा चन्द्रगढी कलवलगुडीमा ६ महिनाको तालिम लिनुपर्ने र तालिम भत्ता मात्र पाइने भएकोले मैले सो पदलाई छोडी शिक्षक मै जाने निधो गरे । जिल्ला शिक्षा कार्यालय गई सरस्वती प्राथमिक विद्यालय कुन्जारी फावाखोलाको लागि मासिक तलब रु २०१

र ५० र प्रधानाध्यापक भत्ता रु २५ खाने गरी प्रधानाध्यापकको नियुक्ति लिई सोही स्थानमा गई अध्यापन गर्न थालेँ । एक वर्ष पश्चात घर विदा लिई घर आएँ । घरमा आइपुगेपछि आमाले स्कुलको बारेमा, खानपिन र बसाई बारेमा सोध्नु भयो । मैले ठिकै छ भनेँ । भिनाजुले पढाउने भनेको चिठ्ठी भनी दिनुभयो । चिठ्ठी खोली हेर्दा झापामा रहनु भएका भिनाजु लक्ष्मी ओडारीले पठाउनु भएको रहेछ । चिठ्ठीमा भनिएको थियो, "तिमी ताप्लेजुङ्ग गई पढाउदै गरेको थाहा पाएँ । यदि बाहिर गई बस्न मिल्छ भने यही हाम्रो घर नजिकैको स्कुलमा एक शिक्षक पद खाली छ त्यहाँ राजिनामा गरी तु झापा आउनु ।" आमाबुवासँग सल्लाह गरी ताप्लेजुङ्ग गई राजिनामा दिई घर आई झापातर्फ लागेँ । भिनाजुले भन्नुभएकै झापाको लालझोडा नि. मा. वि. मा अध्यापन गर्न थालेँ ।


## आमालाई अबुर्द रोगको पहिचान

अध्यापनकै समयमा एक वर्षपछि पहाडमा आमा बिरामी भएको खबर पाएँ । त्यो समयमा मेरो जन्तरी दिदी महेश्वरा आमा बुवाको स्याहार सुसार घर व्यवहार गरी माइतीमा नै बस्नु भएकाले आमालाई घर छिमेकीको सहारामा झापा पठाउन र आउन भनेँ । आमा आउनु भयो । उपचारका लागि सिलीगुडी भारत लगियो । उपचार सुरु गरियो । खुट्टामा घाउ थियो । डाक्टरले क्यान्सर भएको हुन सक्ने संकेत गरे । उपचार जारी राखियो ।

## बुवाआमाको अन्तिम मरणका घटनाक्रम

आमाको स्वास्थ्यमा सुधार हुने नदेखेपछि पहाडको जग्गा बिक्री गरी बुवा दिदी समेतलाई झापामै ल्याई एकै ठाउँमा बस्न उचित ठानी सो कुरा बुवा दिदीलाई बताई घर बारी बिक्री गर्ने निधो गरियो । घरबारी बिक्रीसमेत भई बसाईसराई पूर्वका सबै काम सकी ०३८ साल चैत्र २८ गते पहाडबाट झापातिर लाग्ने तिथिमिति तय गरियो । यही क्रममा म झापा भएकै अवस्थामा बुवा बितेको खबर आयो । म छाँगाबाट खसेझैं भएँ । दुई दिनमा पहाड पुगियो । काका धनपति काममा बस्नु भएको रहेछ । म समेत भई संस्कार अनुसार काजकृया गर्ने काम भयो । काजकृया सकी बुवाको मृत्यु बारे बुझ्दा अन्य कुनै बिराम नभएको र बुवा झापाबाट पहाड फिर्ता भई नदी तर्दाको बखतमा फेरी मैले माई नदी तरी झापा आउनु नपरोस है माईभगवती भनी प्रार्थना गरी आउनु भएको रहेछ । बुवा धार्मिक प्रवृतिको मान्छे फेरि माई नदी तरी जानु पर्ने भयो भन्ने एकातिर, अर्कातिर आमा

बिरामी उपचार गराई रहनु परेको । यस्तै चिन्तन र सोचाईले मुटुमा फड्का पर्न गई हृदयघातबाट निधन भयो । बुहारीको मुख हेर्न साह्रै ठुलो इच्छा थियो, त्यो पूरा हुन सकेन । आखिर आठराईकै आफ्नै घरमा परमधाम जानु भयो भने आमा विष्णुमायाको २०३८ साल चैत्र १३ गते झापाको दुधे माँहिली छोरी, जन्तरी छोरी र छोरा कमलको काखमा र सानी आमा दुर्गादेवीको ०७५ साल पौष १२ गते सुनसरी जिल्ला धरानमा देहावासान भयो । उनै स्वर्गवासी बुवाआमाको सम्झनामा झापा जिल्ला कन्काई नगरपालिका वार्ड नं. ४ स्थित भान्जी बुहारी नारायणी पाठकको असामयिक निधन भएकाले उहाँको स्मृतिमा नारायणी मेमोरियल पाउन्डेसनको स्थापना भई उक्त फाउण्डेसनको सकृयतामा अक्षयकोष खडा गरी केही जेहेन्दार, गरिब, असहाय मेधावी विद्यार्थीहरुलाई प्रोत्साहन र सहयोग मिलोस भन्ने उद्देश्यले छात्रवृति दिईदै आएको यसै स्मृतिका पानाहरुबाट अवगत गराँउछु । वहाँहरुको दुई छोरा कमल उप्रेती, लोकनाथ उप्रेती तथा नातिहरु अमित, विनीत, सोबित र नातिनी अपेक्षा, अमिक्षा उप्रेती एक नाति अनिरुद्ध र एक पनातिनी आराध्या उप्रेती छन् । अन्तमा, मेरो स्मृतिका  पानाहरु लिपिबद्ध गरी दिने नेम फाउण्डेसन झापालाई आभार प्रकट गर्दै पुजनीय सबै स्वर्गवासी पूर्वजहरुमा हार्दिक श्रद्धासुमन टक्र्याउँछु ।



# स्मृतिमा स्व. हजुरआमा अवछरा चुडाल

**महेन्द्र चुडाल**



स्व. अवछरा चुडाल

मानवजातिको स्वभाव अनुसार परापूर्व कालदेखि नै एकै ठाउँमा स्थायीरुपमा नबसीकन निरन्तर रुपमा धर्तीका विभिन्न स्थानहरुमा विचरण गर्दै, आफ्नो बासस्थान बनाउँदै समुदाय, समाज तथा जातजाति विशेषको पहिचान बनाउँदै आएका छन्। यसै गरी हालसम्मको खोज तथा अनुसन्धानबाट प्राप्त तथ्यहरु अनुसार गर्गगोत्रीय चुडालबंशका पुर्खाहरु भारतको अल्मोडामा रहेका भट्ट तथा जोशीहरुबाट छुट्टिएर नेपाल आएको पाइएको छ । भारतबाट नेपालका विभिन्न स्थानहरु जस्तै डोटी, सल्यान, दाङ्ग हुँदै पूर्वमा ईलामको गोदक, ताप्लेजुङ्गको हाङ्गपाङ्ग, मिचिरिङ्ग, चोकपुर, पैरे, चाँगे, नेसम, फट्याँग्रेमा बसोबास गरेको पाइएको छ। तत्पश्चात खेतीपाती, शिक्षा तथा रोजगारीको क्रममा ताप्लेजुङ्गबाट बसाईसराई भई सुनसरी, मोरङ्ग, झापा जिल्लाका विभिन्न स्थानहरु हुँदै भारतको सिक्किम तथा आसामसम्म पुगेर बसोबास गरेको पाइएको छ।

चुडाल बंशको बंश वृक्ष अनुसार हालसम्म प्राप्त विवरण अनुसार दशरथ चुडाल पहिलो पुस्तामा रहनुभएको छ। उहाँभन्दा अघिका पुर्खाहरुको यकिन विवरण तथा जानकारी हालसम्म प्राप्त हुनसकेको छैन। ताप्लेजुङ्गको मिचिरिङ्गमा बसोवास गर्दै आएका दशरथ चुडालका दोश्रो पुस्ताको रुपमा दुई सन्तान माधव र राधाकृष्ण चुडालको जन्म भयो। माधवतर्फबाट तेश्रो पुस्ताको रुपमा चार सन्तान भए। तेश्रो पुस्ताका पहिलो सन्तान इच्छारामका चार सन्तान भएका थिए। चौथो पुस्ताका माहिला बनारसी चुडाल थिए र उनकातर्फबाट पाँचौ पुस्ताको रुपमा दुई छोरा काशीनाथ र पशुपति चुडाल भए। जेठा काशीनाथ चुडालका तर्फबाट छैटौ पुस्ताको रुपमा पाँच छोराहरु लक्ष्मीकान्त, नरपति, मुक्तीप्रसाद, कृष्णप्रसाद र लीलानाथ चुडालको जन्म भयो।

## जन्म तथा वाल्यकाल

तेह्रथुम जिल्लाको ह्वाकुमा वि. सं. १९९० कात्तिक १८ गतेका दिन टीकाराम भट्टराईकी माहिली सन्तानको रुपमा अवछरा भट्टराईको जन्म भयो। उहाँका नौजना दिदीबहिनी तथा चारजना दाजुभाइ थिए । त्यस समयमा छोरीहरुलाई पढाउँने चलन नभएको हुनाले उहाँले विद्यालय जाने अवसर पाउँनु भएन । तत्कालीन परम्परा तथा सामाजिक संस्कारअनुसार बाल्यकालको उत्तरार्धमा नै ताप्लेजुङ्ग जिल्लाको मिचिरिङ्गमा बसोबास गर्ने छैटौ पुस्ताका कृष्णप्रसाद चुडाल (काशीनाथ तथा विष्णुमाया चुडालतर्फका माहिला छोरा) संग विवाह भयो। विवाहपछि उहाँले बाल्यकालदेखि नै आफूलाई घरव्यवहारमा समर्पित गर्नुभयो।

## पारिवारिक जीवन

विवाहपश्चात मिचिरिङ्गमा नै रहँदाबस्दा उहाँकी जेठी छोरी नरमायाको जन्म भयो भने त्यसपछि क्रमशः विष्णुमाया, पार्बती, खगेन्द्र, देवेन्द्र, गोमा, अबिन्द्र, देवी, गौरा र भीम समेत गरी दशजना छोराछरीहरुको जन्म भयो। दुई छोरी विष्णुमाया र पार्बतीको बाल्यकालमानै देहान्त भएको थियो । समयक्रमसंगै छोराछोरीहरु हुर्कनबढ्न थाले । ममतामयी माता अवछरा चुडालको सम्पूर्ण जीवन आफ्ना श्रीमान कृष्णप्रसाद चुडालको सामिप्यतामा खेतीपाती, सन्तानहरुको लालनपालन तथा शिक्षदीक्षामा बित्यो । उहाँको जीवनकालमा उहाँको बंशवृक्षको रुपमा पाँच छोरा, पाँच बुहारी, पाँच छोरी, तीन ज्वाई, नाति तथा नातिनी बुहारी, नातिनी तथा नातिनी ज्वाईहरु एकतीस जना र पनाति तथा पनातिनीहरु दशजना गरी जम्मा उनान्साठी जना सन्तानहरुकी धनी हुनुभयो । दुई छोरी बाहेक उहाँका सवै सन्तानहरु सकुशल भए पनि असामयिक दुर्घटनावश उहाँका कान्छा छोरा भीमप्रसाद चुडालको उहाँको स्वर्गारोहणको तीनबर्षपछि मिति २०७७ साल असार ६ गतेका दिन निधन भएको थियो। पुरानो समय र पुरानै संस्कारमा हुर्कनु भएको भए पनि हजुरबुवा कृष्णप्रसाद चुडालको हजुरआमाप्रतिको अगाध माया, प्रेम र सम्मानको अनुभूति हामीले पनि गर्न पाएका थियौँ, देखेका थियौँ। आमालाई के कस्तो छ, दुख विरामदेखि लिएर उहाँका इच्छाहरु सहर्ष बुझी ती पूरा गर्नका निमित्त हरदम तत्पर रहनुहुन्थ्यो । छोराछरी तथा नातिनातिनाका तर्फबाट पनि उहाँलाई सन्तुष्टी नै मिलेको थियो । उहाँ आफ्ना सन्ताहरुको माझमा सबैकी मायाकी प्रतिमूर्ति तथा प्रेरणाकी श्रोत हुनुहुन्थ्यो ।

## बसोबास

विवाहपछि हजुरआमा लामो समयसम्म ताप्लेजुङ्गस्थित हाङ्गपाङ्गको मिचिरिङ्गमा नै बसोबास गर्नु भएको थियो । उहाँका सबै सन्तानहरु मिचिरिङ्गमा नै जन्मिएका थिए । त्यसपछि करिब २०३३ सालतिर परिवारका सवै सदस्यहरुसहित तराईको मोरङ्ग जिल्लाको तत्कालीन दर्बेशा गाउँ पञ्चायत वडा नं. ८ दोमहना बजारमा बसाई सर्नुभयो । दोमहना बजार झरेपछि हजुरबुवा तथा हजुरआमा खेतीपाती तथा आफ्ना सन्तानहरुको शिक्षादीक्षामा व्यस्त हुनुभयो । दोमहनाबजारमा करिब ३० बर्षभन्दा बढि समय बिताएपछि कान्छा छोराबुहारीका साथमा सुनसरी जिल्लाको ईटहरी उपमहानगरपालिका वडा नं.४ मा बसोबास गर्न थाल्नुभयो । हजुरआमा आफ्नो जीवनको अन्तिम क्षणसम्म ईटहरिमा नै बस्नुभयो ।

## सामाजिक सेवा

हजुरआमा मनभित्रदेखि नै सामाजिक सेवाप्रति समर्पित हुनुहुन्थ्यो । आफ्नो जीवनकाल तथा जीवनपश्चात पनि समाजले आफूलाई सम्झने केही कार्य गर्नपाइयोस भन्ने उहाँको चाहना थियो । हाङ्गपाङ्गको मिचिरिङ्गमा बस्दा होस वा मोरङ्गको दोमहना बजारमा बस्दा होस वा ईटहरीमा बस्दा होस उहाँले आफ्नो जीवनकालमा धेरै नै सामाजिक सेवासंग सम्बन्धित कार्यहरु गर्नु भएको थियो । हाङ्गपाङ्गको मिचिरिङ्गमा विद्यालय स्थापना, पाटीपौवा तथा चौतारो निर्माण, ईटहरीमा मन्दिर तथा जेष्ठ नागरिक मञ्चको भवन निर्माण, आफ्नो जन्मदिनमा स्थानीय असहाय तथा जेष्ठ नागरिकहरुलाई खाना खुवाउँने तथा कपडा वितरण आदि कार्यहरुमा संलग्न हुनुभएको थियो । यी हरेक सामाजिक कार्यहरुमा हजुरबुवाले अग्रसरता लिएर सहयोग गर्नुभएको थियो ।

## भ्रमण

हजुरआमाले आफ्नो जीवनकालमा नेपाल तथा भारतका विभिन्न स्थानहरुको भ्रमण गर्नुभएको थियो । विभिन्न समयमा स्वदेशको काठमाडौ, देवघाट, पोखरा, लुम्बिनी, मनकामना, बराहक्षेत्र लगायत विभिन्न स्थानहरुको भ्रमण गर्नुभएको थियो । उहाँ धार्मिक आस्थावान व्यक्ति भएको हुनाले कुनै पनि स्थानको भ्रमण गर्दाखेरी त्याहाँका धार्मिक स्थलहरुको अवलोकन गर्नमा विशेष चासो राख्नुहुन्थ्यो । विभिन्न समयमा काठमाडौ आउँदा यहाँका अधिकाँश धार्मिक स्थलहरुको भ्रमण गरिसक्नुभएको थियो । भारत भ्रमणको क्रममा गया, बनारस, हरिद्वार, ऋषिकेश, बद्रीनाथ, केदारनाथ लगायतका विभिन्न धार्मिक स्थलहरुको समेत भ्रमण गर्नुभएको थियो ।


## स्वर्गारोहण

हजुरआमा विगत लामो समय करिब २० बर्षदेखि मधुमेह तथा उच्च रक्तचापको विरामी हुनुहुन्थ्यो । दीर्घरोगी भएको कारणले नियमित रुपमा अस्पतालमा स्वास्थ्य परीक्षण तथा औषधि सेवन गर्नुहुन्थ्यो । एकपटक सम्भवत बि.सं. २०७१ सालमा निकै लामो समय विरामी परेर ईटहरी तथा विराटनगरमा समेत उपचार हुननसकी काठमाडौमा ल्याएर करिब छ महिना राखेर उपचार गरेपछि उहाँ ईटहरी नै फर्कनुभएको थियो । तत्पश्चात उहाँमा खासै अन्य कुनै स्वास्थ्य समस्या देखिएको थिएन । मिति २०७४ साल बैसाख ७ गतेका दिन नियमित झैं अस्पताल गएर स्वास्थ्य परीक्षण गराएर घरमा आएर आराम गरेर बस्नुभएको थियो । त्यहि समयमा अचानक उहाँ बेहोस भएर बसेकै स्थानमा ढल्नुभयो । हजुरआमाको स्वास्थ्य अवस्थाको गाम्भीर्यता बुझेर तुरुन्तै एम्बुलेन्सको व्यवस्थापन गरी धरानस्थित विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान (घोपा क्याम्प) लैजाँदै गर्दा दैवको लीला अस्पताल पुग्न नपाई वीच बाटोमा नै उहाँको देहवसान भयो । ८४ बर्षको उमेरमा यस धर्तीबाट मानवजीवनको चोलाबाट विदा लिनुभयो । काठमाडौ, झापा तथा विराटनगरलगायतका विभिन्न स्थानमा रहेका छोराछोरीहरु, अन्य आफन्त तथा सुभेच्छुकहरुलाई खवर सम्पर्क गरी सवैजना उपस्थित भएपश्चात मिति २०७४ बैसाख ८ गतेका दिन विहान ईटहरीको बूढीगंगा घाटमा हजुरआमाको पार्थीव शरीरको दाहसंस्कार गरी उहाँलाई अन्तिम विदाई गरियो ।

दयाकी मूर्ति, माया तथा प्रेमकी सागर हाम्री प्यारी हजुरआमा (मुमा) लाई यस धर्तीबाट विदाई गर्नुपर्‍यो । विधिको बिडम्बना कसले पो टार्न सक्दछ र, जन्म भएपछि मृत्यु त अवश्यंभावी छ । तर पनि हजुरको माया, प्रेम र आशीर्वादलाई जीवनभरी सजाएर राख्ने नै छौँ । हजुरको वैकुण्ठमा बास होस मुमा । हजुरलाई हार्दिक श्रद्धाञ्जलि छ । अन्त्यमा यस नारायणी मेमोरियल फाउण्डेसनमा आवद्ध हुन गई परोपकारी कार्यहरुलाई निरन्तरता दिई आफ्ना पितृहरुको नाम अनन्तकालसम्म स्मरण गर्ने अवशर प्राप्त भएकोमा हार्दिक आभार प्रकट गर्दछौँ ।

# स्मृतिमा स्व. बुवा देविप्रसाद संग्रौला

**डा. हिमाल संग्रौला**


स्व. देविप्रसाद संग्रौला

मेरो बुवा श्री देवीप्रसाद संग्रौलाको जन्म बृहस्पतिको पनाति, काजीमानको नाति, लक्ष्मीप्रसाद र बिष्णुमायाका पाँचौ सन्तानका रूपमा वि. सं. १९९५ साल भदौको ८ गते तेह्रथुम जिल्लाको इवा, अर्चलेमा भएको थियो । बुवाका ७ दाजुभाइ (बुवा समेत ८), हुनुहुन्थ्यो । वहांको दाजु जीवनाथ, भाइहरु बेणुप्रसाद, कुलप्रसाद, कृष्णप्रसाद, महेन्द्रप्रसाद (घरको नाम मोहन) चन्द्रप्रसाद र श्रीप्रसाद मध्ये ४ जनाको पनि स्वर्गारोहण भैसकेको छ। वहाँका ८ जना दिदीबहिनी हुनुहुन्थ्यो। वहाँहरु मध्ये हाल ३ जनाको स्वर्गारोहण भैसकेको छ।

वहाँले प्रारम्भिक शिक्षा घर नजिकै सिम्ले भन्ने ठाउँमा स्थापित प्रणामी विद्यालयमा गुरु रामप्रसाद प्रसाईंबाट प्राप्त गर्नुभयो। वहाँलाई अंग्रेजी पढ्न र सिक्न खुब मन लाग्थ्यो, त्यसै क्रममा १२-१४ वर्षको उमेरमा मेदनीप्रसाद उप्रेती (डा. शंकर उप्रेतीका पिताजी) को घरमा अंग्रेजीको किताब छ भन्ने थाहा पाएर बुवा र वहाँको साथी उप्रेतीको घर गएर किताब लिएर आउनुभयो, तर शिक्षक प्रसाईलाई यो अर्काको घरबाट किताब लिएर आएको कुरा मन परेन र तुरुन्तै पुस्तक जस्ताको तेस्तै फर्काउन लगाउनु भयो र फेरि करिब १० किलोमिटर जति हिडेर पुस्तक पुर्‍याउनु भएछ।

वहाँले २०१८ साल माघमा इलामबाट एस. एल. सी. परीक्षा दिनुभयो र त्यसै वर्षको फागुनमा जयपुर बुधबारे निवासी जयनारायण ओलीकी जेठी छोरी लीलादेवी ओलीसँग वहाँ विवाह बन्धनमा बाँधिनु भयो। वहाँहरुको छ सन्तान भए तापनि हाल २ जना (मेरी दिदी तारा संग्रौला उप्रेती र म हिमाल संग्रौला) जीवित छौँ। ४- ४ जना छोराछोरीको अल्पायुमा देहावसन भएको पीडा बुवालाई जहिले पनि आइरहन्थ्यो। तर पनि उहाँ कहिल्यै आफ्नो कर्ममा विचलित् हुनु भएन। दिदीको विवाह भारत मतिगढाका भवानी उप्रेतीसँग भयो र वहाँहरुका दुइ सन्तान छन् (आनन्द उप्रेती र अनीता उप्रेती ओझा) भने ३ जना नाति छन् (अंश ओझा, रिदान ओझा र आरन उप्रेती)। मेरो बिवाह बिराटनगर निवासी अनीता आचार्यसँग भयो र हाम्रा दुई छोरीहरु छन् (रियासा संग्रौला र रिलिना संग्रौला)।

२०१९-२० सालतिर हुनुपर्छ, बुवाले बुधबारेमा शिक्षकको रूपमा जागिर शुरु गर्नुभयो । वहाँलाई ७ केन्द्रको प्रधानाध्यापकको जिम्मेवारीप्राप्त थियो । शायद २०२१-२२ सालतिरको कुरा हो, नेपालमा भूमि सुधार कार्यक्रम शुरु भएको थियो, भूमि सुधारमा पहिलो कार्यक्रम बुधवारेबाटै लागू भएको थियो । राजा महेन्द्र उक्त कार्यक्रममा प्रमाण-पत्र वितरण गर्न सवारी भई बक्सियो, त्यो बेला मेरो बुवा राजा महेन्द्र सँगै (प्रधानाध्यापकको रूपमा) उभिएको फोटो सङ्ग्राहलयमा मैले पनि देखेको थिएँ । स्कुलको शिक्षक भएको हुनाले वहाँ देवि सरको नामले चिनिनु भयो । ८ दाजुभाइ र ८ दिदीबहिनीको ठूलो परिवारमा रहेर पनि उहाँ सबैको देवि सरकै रुपमा रहन सफल हुनु भएको थियो । दाजु जीवनाथ संग्रौलाको संरक्षण र स्नेह सधैँ सम्झनु हुन्थ्यो । अन्य दाजुभाइहरु पनि केही समस्या परे त्यसको समाधानको खोजी देवि सरबाट हुने विश्वासमा रहन्थे ।

बुवा २०३५ सालमा काठमाडौं जानु भएको थियो । पहिलो पटक वहाँको टाउको दुख्यो । त्यति खेर के भएको भन्ने थाहा भएन । पछि टाउको दुख्नेक्रम बढ्दै गयो । सहन नसक्ने हुदाँ ठूलो भाँडामा पानी राखेर टाउको डुबाउनु पर्थ्यो । सिलिगुडी, काठमाडौं, पटना हुदै अन्त्यमा भारतको भेलोर गएर एक महिना जाँच गरे पछि उच्चरक्तचाप रहेछ भन्ने थाहा भयो र त्यसको औषधि शुरु भयो र रक्त चाप कम हुदै गरे पछि टाउको दुख्ने पनि कम हुन थाल्यो । त्यहि भेलोरकै जँचाइको क्रममा २०३९-२०४० सालमा मृगौलामा केही असर गरिसकेको थाहा भयो । पछि यो समस्या बढ्दै गयो । मृगौला फेल भै साढे २ वर्षसम्म डायलसिसबाट उपचार हुँदै गर्दा २०७० भदौमा बुवाको मृत्यु भयो । हामीले हाम्रो अभिभावक गुमायौँ । म पेसाले चिकित्सक भएकाले धरान स्थित विपी कोईराला मेडिकल कलेजमा कार्यरत रहेको हुँदा अन्तिम अवस्थासम्म बुवालाई आफैसँग राखी उपचार गराउन पाएँ ।

मेरो बुवामा इमान्दारिता र उच्च नैतिकता थियो । उहाँ झुठ बोल्नु हुन्न थियो । कसैले देवि सरले पनि यस्तो असत्य कुरा गर्नुभएको भनेर भनेमा, मरे समान हुन्छु भन्ने मान्यता थियो । उहाँको इमान्दारिता र उच्च नैतिकताको कारणले नै बुवा आफ्नो गाउँको अवैतनिक न्यायाधीश (Arbitrator) जस्तै हुनुहुन्थ्यो । कुनै २ पक्ष बीचमा केही कुरामा झगडा (Conflict, dispute) पर्‍यो भने ल न त देवि सरकहाँ जाउँ, उहाँले जे भन्नु हुन्छ त्यो स्वीकार्य छ भनेर दुवै पक्ष आउनु हुन्थ्यो । वहाँ कसैलाई अन्याय गर्नु हुँदैन र अन्याय सहनु पनि हुन्न भन्ने विचार राख्नु हुन्थ्यो । बुवा मेरो लागि पनि एक आदर्श पुरुष हुनुहुन्थ्यो । वहाँ अब हाम्रो बीचमा नरहे पनि, वहाँकै पदचापलाई पछ्याउँदै मैले पनि मानिस मानिसमा हुने व्यवहारमा उस्तै मानक कायम गरेको छु ।


# स्व. आमा धनमाया पाठकको सम्झनामा

ओमप्रसाद पाठक


स्व. धनमाया पाठक

नेपालको सुदुर पूर्वमा रहेको तेह्रथुम जिल्ला आफैमा एउटा छुट्टै पहिचान भएको जिल्ला हो । तेह्रथुम जिल्लाको सुदुर पूर्वपट्टि रहेको सक्रान्ति बजार, ईवा गाउँपञ्चायत हालको आठराई गाउँपालिका वार्ड नं. ४, सिम्लेमा स्व. बुवा भीमप्रसाद मैनाली र स्व. माता विष्णुमाया मैनालीको कोखबाट वि.सं. १९९९ सालमा जेठी छोरीको रुपमा जन्मनु भएको थियो स्व. धनमाया मैनाली । आफ्ना मातापिता तथा ३ दिदीबहिनी र २ दाजुभाइकासाथ आफ्नो बाल्यकाल ईवा-२, सिम्लेमा बितेको थियो । त्यस समयमा अध्ययनका लागि नजिकै विद्यालय नभएकाले आफ्ना बुवाबाट साक्षरसम्म हुने मौका प्राप्त भयो । तेह्रथुम जिल्ला साविक इवा गाउँ पाञ्चायत वार्ड नं. ९ मा बुवा डिल्लीराम पाठक र आमा सुभद्रा देवी पाठकको माइलो छोरा प्रेमप्रसाद पाठक सँग २०११ सालमा वैवाहिक जीवनमा बाँधिनु भएको थियो । आफ्ना ससुराको विवाह अगाडि नै स्वर्गारोहण भईसकेको हुँदा सासु सुभद्रादेवी पाठकको साथमा रही पारिवारिक जीवन ब्यतित गर्दै आउनु भयो ।

पहाडको ठाउँ त्यसताका शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार सबैको नै असुविधा थियो । सोही समयमा हाम्रा जेठा बुवा स्व. देवीप्रसाद पाठक तराईमा झरी केही जग्गा जमिनको व्यवस्था मिलाई खेती गर्न सुरु गर्नुभयो । हामी आमा बुवा र ३ भाइ दाजुभाइ र ४ बहिनी छोरीलाई हाम्री आमाले जन्म दिनु भयो । पहाडको बसाई छोराछोरीको साथमा खेतबारीमा काम गर्दा छोराछोरीलाई ढाडमै बोकी काम गर्दा पनि कति पनि थकान तथा कमजोरीपनको महसुस गर्नुहुन्न थियो । छोराछोरीहरु हुर्कंदै जाँदा छोराछोरीलाई शिक्षादीक्षा, पालनपोषण गर्नमा नै आमाको जीवन समर्पित भयो । हाल आमाका हामी निम्न सन्तानहरु रहेका छौँ ।




हरेक दुःख कष्टलाई झेल्दै आफ्ना इष्टमित्र, साथीसंगी सबैसँग मिलनसार तथा हसिलो मुहारकी माताजीको बोलीमा मीठास, हाँसी रहने अनुहार, सबैसँग मित्रताको भाव, एक असल गृहणीमा हुनुपर्ने गुण उहाँमा थियो। माताजीमा भएको गुण न त हामीले थप्न नै सक्थ्यौ न त झिक्न नै सक्थ्यौँ। २०४० सालतिर बुवाले पहाड र मधेस नगरी एकै तिर बसौँ भन्ने इच्छा जाहेर गरेपछि कान्छा काका बिष्णुप्रसाद पाठकलाई पहाडको जग्गा रेखदेख गर्ने जिम्मा दिई आमाकासाथ हामी स-परिवार तत्कालीन सुरुङ्गा गाउँ पञ्चायत हाल कनकाई नगरपालिका वार्ड नं. ५ चप्रामारीमा बसाई सरी आफ्नो परिवारको पालनपोषणमा लाग्नु भयो। आफ्ना छोराछोरीहरुको धर्म, संस्कृति र संस्कार अनुसार सबैको विवाह गरी

आफ्ना पतिको सेवा, स्याहार तथा चाकर गरी रहनुभयो । आफ्नो परिवारप्रति अगाध स्नेह राख्ने, छरछिमेकीसँग घुलमिल गर्ने, एक्लै कहिल्यै नखाने, अरुको समस्या मेरो पनि हो भनेर बुझ्ने, सामाजिक काममा सधैँ अगाडि सर्ने, नेपाली संस्कृति अनुसारका चार्डपर्वहरु सबै मिलेर मनाउनुपर्छ भन्ने भावनाकी हुनुहुन्थ्यो मेरी आमा । जन्मजात नै प्रणामी समुदायमा जन्मनु भएकी आमा हत्या, हिंसा नगरौँ भन्ने समाजमा चेतनाको अभ्यास गराउनु हुन्थ्यो । सेल रोटी साह्रै मन पराउने र आफैँ बनाउने, सबैलाई बाँडेर खाने गर्नुहुन्थ्यो । खीर, मनभोग, बाबररोटी उहाँलाई झनै मन पर्थ्यो । फलफुलमा कहटहर, आँप, सुन्तला बढी मन पराउनु हुन्थ्यो । संगीनी, लोकगीत, सिलोकमा बढी रुची राख्नु हुन्थ्यो । जीवन जिउँदै जाँदा उहाँलाई चिनी रोग देखा पऱ्यो । तर पनि उहाँले रोगीपन देखाउनु भएन । केही समय पछाडि दाजु नरेन्द्रप्रसाद पाठक र भाउजू नारायणी पाठकले काठमाडौँ लगी एक महिना उपचार गरी घर फर्कनु भएको थियो । पछाडि थप समस्या भएपछि दाजु लक्ष्मीप्रसाद पाठकले धरान लगी उपचार गराउनु भयो । ५८ वर्षको उमेरमा २०५७ साल फागुन २१ गते जन्म दिन कै दिन आफ्ना जीवनसंगी बुवा प्रेमप्रसाद पाठक, हामी ७ जना छोराछोरी, १७ जना नातिनातिना, पाठक परिवार तथा गाउँघर, इष्टमित्र सबैलाई छाडी हामी सबैको मुटुको ढुकढुकी आमा धनमाया पाठकको जीवनलीला समाप्त भयो । हामी छोराछोरीबाट आमा शब्द छुट्यो । बुवाले आफ्नो जीवनसंगी गुमाउनु पऱ्यो । विधिको विधान, प्रकृतिको नियम, रुखका पात झर्दछ, फूल ओइलाउँदछ, हिमाल पग्लन्छ, फल पाकेपछि झर्दछ, प्रकृतिको नियम नै यही रहेछ तर आमाको मायाको कारण पूर्व स्मृतिको जीवन चलाई, भोगाइ, बसाइ, सारोगारो पर्दा, दुःख पर्दा अत्याधिक याद आउने शब्द नै आमा रहेछ । अन्त्यमा, आमाप्रति श्रद्धासुमन अर्पण गर्दछु ।

# स्मृतिमा बुवा अम्बिकाप्रसाद धिताल र आमा नन्दकुमारी घिताल

शुभद्रा वश्याल



स्व. अम्बिका प्र./नन्दकुमारी धिताल

स्व. बुवा अम्बिकाप्रसाद धितालको जन्म स्व. हजुरबुवा इश्वरीप्रसाद धिताल र स्व. हजुरआमा लीलावती घितालको कोखबाट वि.स. १९६२ सालमा भएको थियो । बुवाको जन्म हजुरबुवा जागिरको क्रममा भैरहवा रहँदा सोही भैरहवामा भएको भनी आमाले भन्नु भएबाट जानकारी हुन आएको हो । आमाको जन्म लमजुङमा स्व. पिता प्रयागदत्त गौतम र आमा पदमादेवी गौतमको कोखबाट भएको हो । हाम्रा बुवाको पुख्यौँली घर गोर्खा जिल्ला स्याङतान भन्ज्याङ गाउँ नास्पातीबारीमा रहेको हो । उक्त ठाउँ पूर्व ढाडे पाताल, पश्चिम चारथरको विशाल पहाड, उत्तर हिमाली श्रृखला भित्र दूध पोखरीको काखमा अवस्थित रहेको छ । हाम्रो गोरखामा रहेको घरको वारदलीमा बसेर रमणीय दृष्य अवलोकन गर्दा कति हृदय जुरमुराउथ्यो । वर्षा याममा जताततै मूल फुटेर पानीको झर्नाहरु कलकल बगेका देखिन्थ्यो । तरकारी फलफुलका लागि खेतियोग्य जमिन प्रशस्त थियो । हाम्रो मूल घर रहेको नास्पातीबारीमा पनि पछि स्कुल खुलेको थियो जुन स्कुलमा हामीले पढेका थियौँ । हाम्रो घर मुनि टारमा पनि पछि माध्यमिक विद्यालय खुलेको थियो । यसरी हिमालको दृष्य देखिने, कलकल पानीको झर्नाको आवाज सुनिने, सानासाना विद्यालय पनि भएको राजधानीबाट नजिकै रहेको एउटा रमणीय गाउँ हामी जन्मेको र हुर्केको गाउँ थियो । जुन अहिले सम्झँदा पनि जाउँजाउँ लाग्छ ।

मेरा हजुरबुवा इश्वरीप्रसाद धिताल सुब्बा हुनुहुन्थ्यो । धेरै समय भैरहवा बस्नु भएको थियो । हजुरआमा लीलावतीदेवी पनि बुवासँगै भैरहवामानै रहनु भएको थियो । हजुरबुवाका ४ सन्तानहरु मध्ये कुमारी, मोहिनी, अम्बिका र माधव मध्ये हामी अम्बिकाप्रसाद धितालका छोरीछोरी हौ । ४ भाइको एउटी कान्छी बहिनी थिइन् । बुवा अम्बिकाप्रसाद धितालको विवाह आमा नन्दकुमारी गौतमसँग

भएको थियो । हाम्रा मावलमा हजुरबुवा प्रयागदत्त गौतम र पदमादेवी गौतमकी कान्छी छोरी हाम्री आमा हुनुहुन्थ्यो । हाम्रो मावलमा हजुरबुवाले हिमाल उत्खनन गरेर हीरा पत्ता लगाउनु भएको थियो । हजुरबुवा प्रयाग दत्त गौतम कवि लेखनाथ पौडयालका मित्र हुनुहुन्थ्यो । मावलीमा हजुरबुवाको ५६ मुरी धान हुन्थ्यो रे ।

## विवाह बन्धनमा बाँधिएको प्रसङ्ग

मेरा मावलका हजुरबुवा प्रयागदत्त मेरा बुवा अम्बिका घितालालाई देखेर लोभीनु भएछ । यस केटालाई मेरी छोरी विवाह गर्न पाए हन्थ्यो भन्ने लागेछ । "तिमी मर्द रहेछौ भने मेरी कान्छी छोरी बिहे गर्छौं, होइन भने तिमी नामर्द ठहरिने छौँ", भने पश्चात बुवालाई पनि झोक चली आफ्नो भान्छे बाहुनलाई लिएर जानु भएछ । अनि केटी राम्रो देखेपछि विवाह गर्नु भएको रहेछ । विवाह गर्दा बुवा १८ वर्षको, आमा ९ वर्षको हुनुहुन्थ्यो । त्यति खेरको समय ९ वर्षकी बच्चीलाई ८ हातको धोती, टाउकामा श्रीफूल, गोडामा चाँदीका कल्ली लगाइदिन्थे । एउटा बच्चाले कसरी लगाउन सक्थे, उनीहरुलाई त्यस्ता कपडा लगाउनै कठिन थियो । विवाह पश्चात आमालाई माइतैमा छाडी ५ वर्ष पछि १४ वर्षको भए पश्चात काठमाण्डौ आउनु भएको र त्यस समयमा बुवाले साइकल चलाएको देख्दा निकै नौलो लागेको प्रसङ्ग आमाले सुनाउनु हुन्थ्यो । मेरी हजुरआमा लीलावती घिताल धेरै सुशील हुनुहुन्थ्यो । आमाले पछि सम्म सासुको बयान गरिरहनु हुन्थ्यो । बुवा पनि आमालाई असाध्यै माया गर्नु हुन्थ्यो । बुवाले आमालाई देखाएको प्रेमभावबाट म कृत्य कृत्य हुन्थेँ । बुवाप्रति अझ बढी श्रद्धा बढ्थ्यो । बुवा बाँचुन्जेल आमाले निकै खुसी र सुखपूर्वक जीवन बिताउनु भएको थियो । बुवा त्यसबेला म्यूनीसीपीलेटी- हालको नगरपालिकामा जागीर खानुहुन्थ्यो । अफिसमा हुँदा खानेकुरा सबै मान्छे लगाएर पठाउनु हन्थ्यो ।

जागिरे बाबुकी माईली छोरीको हैसियतमा मैले सुखसुविधा सहित आफ्नो जीवन बिताउन पाएकी थिएँ । बुवा अम्बिकाप्रसाद घितालले त्रिपुरेश्वरमा घर बनाउँदा बनाउँदै २०२२ भाद्र महिनामा ब्रेन हेमरेज भएर परमधाम रोज्न बाध्य हुन पर्‍यो । त्यस समयमा आमा अमरज्योति हाई स्कुलमा छोराछोरीलाई पढाउन गोर्खामा नै बस्नु भएको थियो । बुवा एक्लै भीम भन्ने सहयोगीकासाथ घर बनाउन बस्नु भएको थियो । साथमा कोही थिएन । ६० वर्षको उमेरमा बुवाको देहान्त भए पश्चात हामी छोराछोरी अनाथ बन्न बाध्य भयौँ । बुवा परलोक हुँदा आमा साना केटाकेटी लिएर

पहाड गोर्खाको लुइटेल भन्ज्याङमा, म वीरगंज तत्कालीन डि.एफ.ओ अफिस हालको वन कार्यालय (श्रीमान जागिर भएकाले) विरगन्जमा नै थिएँ । ठूली दिदी मामाघरमा हुनुहुन्थ्यो । म वीरगंजमा हुँदा छोरी कविता ४ महिनाकी थिई । उसलाई एउटी बूढीआमैलाई छाडेर म तुरुन्त काठमाण्डौ आएँ । बुवाको देहान्तले आमालाई साह्रै ठूलो चोट पर्‍यो । एउटा कल्पवृक्ष नै ढलेपछि के नै पो बाँकी रहने भयो र ? बुवाको स्वर्गारोहण हुँदा दिदी र मेरोमात्र विवाह भएको थियो । हामी बुवाका ५ सन्तान मध्ये दिदी प्रतिभा, म शुभद्रा बैनी मुना भाइ शरद र वैनी मीरा थियौँ । बुवाको स्वर्गारोहण हुँदा ३ जनाको विवाह भएकै थिएन ।

काठमाण्डौको घर लथालिङ्ग भत्केको अवस्थामा थियो । सामान्य मर्मत गरी भाइबहिनीहरुलाई काठमाण्डौमै झिकाइ पठनपाठन गरियो । भाइबहिनीको व्यवस्थापनमा म निकै दिन खटिनु पर्‍यो । मेरा श्रीमान् लैनचौरबाट दिनहुँ त्रिपुरेश्वर आउनु हुन्थ्यो । उहाँ निकै शान्त र धैर्य हुनुहुन्थ्यो । अब माइतीको पहाड मधेश र काठमाण्डौको व्यवहार पनि भाइबहिनी साना भएकाले मैले नै हेरिदिनु परेको थियो । ठूली दिदीको विवाह ब्रम्हदत्त तिवारीका छोरा प्रयागदत्त तिवारीसँग भएको थियो । प्रयागदत्तले उच्च शिक्षा लिदै पुनः अर्कै केटी ल्याउने कुरा भै दिदीसँग स्विकृती माग्नु भएछ । दिदीले विवाहको स्वीकृत दिए पश्चात दिदी हर्कपुर नवलपरासी आई बस्नु भएछ । बुवाको खेती पनि त्यहीँ थियो । माइला बुवाका छोरा भारत धिताल पनि त्यही नै भएकाले दिदीलाई पनि ठूलो आडभरोसा थियो । ठूली दिदीलाई भाइ कृष्ण धितालको पनि ठूलो आडभरोसा थियो । दिदी प्रतिभा धिताल तिवारीले कृष्ण मन्दिर, राधाकृष्णको मूर्ति, यज्ञसाला र आफ्ना रेख देख गर्नेलाई जग्गा जमिन दिनुभयो । शेषपछि केही बाँकी रह्‍यो भने मेरा सहोदर भाइबहिनीलाई दिनु भनी शेषपछिको कागज गरिदिनु भएको छ । दिदी प्रतिभा तिवारी हाल भाइसँग स्याहारसम्हार गर्ने मान्छे राखेर बस्नु भएको छ । दिदी नब्बे वर्षकी हुनुभयो । साइली बहिनी मुनाले ज्वाई शंकर अर्यालसँग विवाह गरेकी छन् । उनी कवयित्री छन् । महाँकाव्य “आत्मसलील” का साथै अरु धेरै कविता किताव लेखेकी छन् । उनका एक छोरा संयोग, एक छोरी अनुपमा, दुई नाति छन् । अनुको छोरा श्रेयन र संयोगको छोरा ओसन रहेका छन् ।

कान्छी बहिनी मीरा एम. एस. सी पास गरी विभिन्न ठाउँ जागिर खाइ हाल ज्वाईँ डिल्ली भट्राईसँग काठमाण्डौमा नै छन् । आमाले चालीस वर्षमा पाउनु भएको भाइ हामीलाई खुब रहर थियो । उनको विवाह १९ वर्षको उमेरमा तिमिल्सीनाकी छोरी

नीरा तिमिल्सीनासँग भएको थियो । तर इश्वरको खटन नीराले एउटा वर्षको छोरो आशीष र प्राण भन्दा प्यारो पतिलाई एक्लै छाडी परमधाम भइन । भाइ शरदले अमेरिकाको कर्नेल विश्वविद्यालयमा P.H.D गरी थेसिस बुझाउन बाँकी हुँदा आमाको स्वर्ग भएकाले काठमाण्डौ आए । यसरी आफ्नी श्रीमती २०३७ सालमा र आमा २०४५ सालमा गुमाउनु पर्दा भाइ ठूलो तनावमा परे । आमा, आफ्नी प्रिय श्रीमतीसमेत हराएपछि उत्साह पनि हराउँदो रहेछ । पछि भाइको आफ्नै साली अनीता तिमिल्सीनासँग विवाह भयो र अर्को छोरा आर्जन जन्मियो । सहनशील असल दुलही पाएर भाइ आनन्दसँग बसेको छ । जेठो छोरा आशिषको एक छोरा एक छोरी छन् । भाइबुहारी कुलीन, सुशील कर्तव्य परायण पाएर हामी सबै कृत कृत्य छौँ ।

म शुभद्रा माइलीको स्व. हरिप्रसाद वश्यालसँग विवाह भई चार छोरी क्रमश सरिता, कविता, सविता, बविता र दुई छोरा बुहारी विराट/राजश्री, सम्राट/रीना छन् । मेरो विवाह भैरहवामा भएको थियो । मेरो माइला बुवा मेदीनी र कान्छा बुवा माधव पनि मणिग्राममा नै भएकाले त्यहीँ विवाह हुनपुग्यो । मेरा हजुरबुवाका ४ जना दाजुभाइ हुनुहुन्थ्यो । इश्वरी, भैरव, भिमेश्वर र जगदीश्वर सबैसँग उत्तिकै प्रेमभाव थियो ।

## सामाजिक कार्य

डिल्लीबजार, चारखालबाट जागिर सुरुगरी वैतडीबाट राजीनामा दिनुभएको बुवाले जगिरका क्रममा निकै नाम कमाउनु भयो । पालुङ्टार–लुईटेलमा अमरज्योति स्कुल ठूलो आमाका छोरा कृष्णा धिताल र बुवा मिली स्थापना गर्नुभएको हो । स्कुलको बगलमा एउटा घर बनाई स्कुललाई नै होस्टलको लागि दिनुभएको थियो । उपेन्द्र देवकोटा, बाबुराम भट्टराई, मेरो भाइ शरदसमेत धेरै धिताल तथा अरू परिवारले त्यस स्कुलमा शिक्षा पाई उच्च ओहोदामा पुगेका छन् । छोराछोरी पढाउन बुवा लुईटेल पालुङ्टार गर्नु भएको र त्यही बसोबासको व्यवस्था भएको थियो । महेश काका र बुवाले तामाखानी पत्ता लगाई सो कुरा सरकारमा समेत जाहेर गर्नु भएको थियो । बुवाका बुवा इश्वरी धिताल धेरै प्रतापि हुनुहँदो रहेछ । पाल्पामा धेरै नाम कमाउनु भएको, पाल्पाको राप्तीघारको दरवार हजुरबुवा इश्वरीकै रेखदेखमा बनेको भनि बुवाले भन्नु हुन्थ्यो । मानिसको जीवनको प्रथम पाठशाला त जन्मघर नै रहेछ र आफ्नो सत् व्यवहार अजरअमर हुँदो रहेछ । राम्रो कामको राम्रै नतिजा भोगियो नै, व्यक्ति पुस्तापछि पनि हिंग नभए पनि हिंग बाँधेको टालो त रहँदो रहेछ नि । पुस्तौँपुस्ता बाँचिरहने बस्तु त सतकर्म नै रहेछ । जुन मेरा हजुरबुवाले कायम

राख्नुभयो । साथै त्यसैको असर मेरा बाबामा पनि थियो र वहाँलाई सबैले शान्त सरल सहयोगी गौप्राणी अम्बिका भन्थे । मेरी आमा धर्मयोगी सफल सक्षम मितव्ययी मृदुभाषी सर्वगुणसम्पन्न हुनुहुन्थ्यो जुन कुरा हामीमा छैन । उहाँ शान्त धार बनाई बहने काली गंगा हुनुहुन्थ्यो । प्रेमको भाषा सामाजिक सद्भाव भनेको के हो भन्ने कुरा हाम्रै धिताल परिवारबाट मैले सिकेको हो ।

काँचो माटोलाई वस्तुको आकार दिने खुबी उहाँहरुमा रहेछ । आमालाई बुवाले पढाउनु भएको, आमामा लेख पढी कागजपत्र पढ्ने व्यवहारिक ज्ञान, पत्राचार गर्ने, रामायण महाँभारत पाठगर्न सक्ने र आफ्नो व्यवहार कुशलताकासाथ चलाउन सक्ने बनाएर छोड्नु भएकाले नै बाँकी सन्तानका सम्पूर्ण कार्यभार मेरी आमाले इज्जतकासाथ निभाउनु भयो ।

अन्त्यमा, जति सुकै जे भने पनि हजुरबुवा इश्वरी, हजुरआमा लिलावती, मामाघरको हजुरबुवा प्रयाग गौतम र हजुरआमा पद्यमावतीका साथै मेरा बाबा अम्बिका, आमा नन्दकुमारी, कान्छा बाबा माधव धितालप्रति श्रद्धासुमन अर्पण गर्दछु । मायाको लहरो नटुङगिने रहेछ सदा सर्वदा सबैप्रति माया आइरहदो रहेछ ।


"फेरि माया उर्लेर आयो
सम्झनाले सललै बगायो
म बग्न खोज्छु बुवासँग
भेट्न खोज्छु बुवालाई
तर बुवाको कहाँ दर्शन पाउँछु
म हजार बार पनि
बुवाकै छोरी भएर जन्मन पाउँ
यति चाँहि म प्रार्थना गर्न सक्छु"

"कति बग्छन् यी आसु तै पनि
बाँध बाध्ने छैन ल्याकत
मायाले नै लान्छ क्यारे
प्रेमिल मनका पूर्ण तागत्"

"गर्नुपर्ने कति काम छन्
के आंसुले गरिदिन्छ र
बुझेर नि बुझदैन मन्
आंसु झर्छ निर्रन्तर ।"

# सबैलाई सन्तोष दिने सन्तोषराज प्रसाईँ

सन्दीपराज प्रसाई
इरिना प्रसाईँ


स्व. सन्तोषराज प्रसाईँ

स्वर्गीय सन्तोषराज प्रसाईंको दुःखद दुर्घटना हुँदा उहाँका छोरा-छोरी हामी दाजूबहिनी छ वर्ष र पाँच वर्षका थियौँ। हाम्रो बाल मस्तिष्कमा उहाँको सम्भना भल्याकभुलुक आउने गर्छ। थाहा छैन, ती सम्भनाहरु पनि उहाँसँगको छोटो भौतिक सामीप्यताका उपज हुन् वा उहाँको बारेमा सुनेका कुरा हाम्रो परिपक्व भइनसकेको मनमस्तिष्कमा गहिरो गरी गढेर अमिट छाप बनाएका कुराहरुका प्रतिबिम्व हुन्। उहाँ त्रिशुली नदीमा बेपत्ता भएको र शव नभेटिएको कुराले गहिरो प्रभाव पारेको हाम्रो दिमागमा पछिसम्म पनि आफूले हेरेको कुनै सिनेमामा खोलामा डुबेको नायक अन्तिममा फर्केर आएजस्तै उहाँ फर्केर आउनु हुन्छ र अपूर्ण परिवार फेरि पूर्ण हुन्छ भन्ने लालसाले घरजम गरेको थियो। तर सिनेमा, सिनेमा नै हुँदोरहेछ। जीवनको यथार्थता अर्कै कुरा रहेछ। उहाँसँग जोडिएका धेरै कुराहरु भौतिकरुपमा प्रत्यक्ष र परोक्ष आत्मसाथ गरेर, तिनलाई छिमलेर यस आलेखमा सम्भनारुपी भाव पस्कने सौभाग्य त हामीले पाउन सकेनौँ तर उहाँको मित्रता, चालचलन, आहारविहार र कर्मलाई नजिकबाट नियालेकाहरुले हामी दाजुबहिनीलाई देख्दा र भेट्दा व्यक्त गर्ने भाव र वर्षाउने गरेका अश्रुधाराले उहाँमा केही खास विशेषता थियो भन्ने कुराले गौरवान्वित गराउँछ। यस आलेखलाई यस रूपमा प्रस्तुत गर्न उहाँसँग सम्बन्धित जानकारी र सम्भनाहरु ताजा तुल्याइदिने हाम्री आमा श्री सरिता प्रसाईँ, ठूलोबुवा श्री बेनुपराज प्रसाईं, काका श्री चतुरराज प्रसाईँ, फुपूहरु श्री सन्तनु ढकाल, श्री मञ्जु फुयाल र श्री संगीता थपलियालाई विशेष रुपमा सम्भन चाहन्छौँ। उहाँको दुःखद निधनपछि उहाँको बारेमा लेखिएको 'परिणती' शोक काव्यको प्रति उपलब्ध गराई उहाँका बारेमा थप जानकारी प्राप्त गर्न सहयोग पुऱ्याउनु भएकोमा उक्त काव्यका लेखक पूर्व न्यायाधीश मामा श्री कृष्णप्रसाद बस्याललाई नमन गर्न चाहन्छौँ।

## जन्म

प्रकृतिको अनुपम सुन्दरता बोकेको नेपालको पूर्वी भागमा पर्ने ताप्लेजुङको मध्य हिमाली गाउँ निघुरादिनमा डिठ्ठा श्री विष्णुलाल प्रसाई र आमा श्री लक्षिमादेवी प्रसाईंका छोरा श्री गंगाप्रसाद प्रसाईको बसोबास रहेको रमणीय गाउँ थियो। गंगाप्रसाद प्रसाईं गाउँको मुखिया हुनुहुन्थ्यो। सबैले उहाँलाई जन्तरे मुखिया भनेर सम्बोधन गर्दथे। जिजुहजुरबुवा बिष्णुलाल प्रसाई धेरै वर्षसम्म राणा शासनकालमा डिठ्ठा अर्थात त्यसबेलाको न्यायाधीश भएकाले हाम्रो घर भएको निघुरादिनको डाँडोलाई डिठ्ठा डाँडो भनिन्थ्यो। त्यही डिठ्ठा डाँडोमा हजुरबुवा श्री गंगाप्रसाद प्रसाईंको केही युवावस्था बितेको पाइन्छ। उहाँका दुई श्रीमतीहरु मध्ये जेठी श्रीमती छायाँदेवी ओलीका कोखबाट तीन छोराहरु प्रा.डा. श्री भीष्मराज प्रसाई, श्री केशवराज प्रसाईं, श्री लुवराज प्रसाईं र पाँच छोरीहरु श्री कौशल्या विमली, श्री गंगादेवी सिटौला, श्री मीरा ढकाल, श्री नीला थपलिया र श्री सीला थपलिया र कान्छी श्रीमती श्री इन्दिरादेवी सिवाकोटीका कोखबाट पनि तीन छोराहरु श्री बेनुपराज प्रसाईं, श्री सन्तोषराज प्रसाईं र श्री चतुरराज प्रसाईं र छोरीहरु श्री सन्तनु ढकाल, श्री मञ्जु फुयाँल र श्री संगीता थपलियाको जन्म भएको थियो। स्वर्गीय सन्तोषराज प्रसाईंको जन्म इलाम जिल्लाको इलाम नगरपालिकाको फूलगाछीमा आमा इन्दिरादेवीको दोस्रो सन्तानको रुपमा २०११ साल कार्तिक २२ गते भएको थियो।

## बाल्यकाल

उहाँको बाल्यकाल इलाममा नै बित्यो। बच्चामा सुन्दर छोरीजस्तै देखिने भएकोले दिदीहरु नीला, शीला, मीरा र शान्ताले  छोरी बनाएर गाजल, टीका, लिपिष्टिक, पाउडर लगाएर दुई चुल्ठी कपाल कोरीबाटी गरी झोलुङ्गोमा राख्ने उहाँ दिदीहरूको खेलौना हुनुहुन्थ्यो। उहाँको अधिकाँश बाल्यकाल तिनै दिदीहरुसँग बित्ने गर्थ्यो। सानैदेखि रोजेको र खोजेको वस्तु प्राप्त गर्ने दृढता बोकेको निर्भीक व्यक्तित्व हुनुहुन्थ्यो।

## युवावस्था

शान्त, सरल, मिलनसार, झगडा नगर्ने, केही जिद्दी तर हक्की स्वभावको कर्मठ, व्यवहारिक व्यक्तित्व उहाँ अथक परिश्रम गर्नुहुन्थ्यो। ६ फुट अग्लो कदको जिउडाल, बलियो देह, हलक्क लर्केको शरीर, दाह्री पाल्ने सौख राख्ने, स्वस्थ

र सुसंगठित शारीरिक बनोट भएको राम्रो, सुन्दर उहाँको अलग्गै व्यक्तित्व झल्कन्थ्यो । वहाँ निडर हुनुहुन्थ्यो । त्यस बखत रातको समयमा असामाजिक क्रियाकलापमा सक्रिय हुने यूवाहरु समेत वहाँ कहाँ हुनुहुन्छ विचार गरेर मात्र जम्काभेट नहुने गरी रातीको कृयाकलाप गर्थे भनिन्छ । पढ्नमा तेज उहाँले २० वर्षको उमेरमा स्नातक अध्ययन सम्पन्न गर्नुभएको थियो । आफ्ना बुवासँग धार्मिक जिज्ञासाहरु राख्ने जिज्ञासु स्वभाव थियो । बुवासँगको घनिष्ठ उठबसले हुनुपर्छ, उहाँ आध्यात्मिक झुकाव, सेवाभाव, आदर्शवान सामाजिक जीवनलाई आफ्नो अभीष्ट बनाउन चिन्तनशील हुनुभएको थियो ।

## वैवाहिक जीवन

इलाम बहुमुखी क्याम्पसमा अध्ययनकाक्रममा जिल्ला वन अधिकृत रहेका आफ्ना बुवाको इलाम सरुवाहुँदा सँगसँगै इलाम गएकी श्री ताराप्रसाद बस्यालकी नातिनी, श्री हरिप्रसाद बस्याल र श्री सुभद्रादेवी धितालकी जेठी छोरी श्री सरिता बस्यालसँग उहाँको भेट हुन्छ । क्याम्पस पढ्दाखेरीको यो चिनजान, देखभेट नजानिदो गरी प्रेममा परिणत हुन्छ । आफ्ना बुवाको सुर्खेत सरुवासँगै उहाँ पनि इलाम छोडेर सुर्खेत जानुहुन्छ । आफ्ना आँखाले खोजिरहने चिज ओझेलमा परेको बुवा सन्तोषले छिपाउन सक्नुहुन्न । सायद खोजेको कुरा प्राप्त गर्ने दृढता भएको स्वभाव भएर होला, सरिता खोजिरहने उहाँको नयनले उहाँलाई भेट्ने लालसाले सुर्खेतसम्म पछ्याउँछन् र आफ्ना काका कृष्णप्रसाद प्रसाईलाई लिएर सुदुरपूर्वको इलामबाट सुदूरपश्चिमको छेउ सुर्खेतसम्म पुग्नुहुन्छ । पाल्पा जिल्लाको बराङ्दीमा जन्मेर काठमाडौंमा हुर्के बढेकी छोरीलाई झापाको कृषक परिवारमा दिन बुवा हरिप्रसाद बस्याल तयार हुनुभएनछ । तर पनि उहाँले पछ्याउन छोड्नु भएन । आँखिरमा उहाँको प्रेमभाव, लगाव र समर्पण देखेर आमा सुभद्रादेवी बस्यालले बुवालाई सम्झाएपछि बल्ल तेस्रो चोटि माग्न जादा मात्र बुवा हरिप्रसाद बस्यालले छोरी दिन मञ्जुर गर्नुभई २०३४ साल फागुन २६ गते सुर्खेतस्थित देउती बज्यैको मन्दिरमा विवाह सम्पन्न भएको थियो । उहाँहरुको दाम्पत्य जीवन पनि असाध्यै राम्रो, सुखमय र उदाहरणीय थियो ।

## छोराछोरीको जन्म

श्री सन्तोषराज प्रसाईं र श्री सरिता प्रसाईंको एक छोरा एक छोरी हुनुहुन्छ । जेठो सन्तानको रुपमा छोरा सन्दिपराज प्रसाई र कान्छी सन्तानको रुपमा छोरी इरिना प्रसाईं हुनुहुन्छ । छोरा सन्दिपराज प्रसाईंको विवाह साविक पर्वत जिल्ला हाल

काठमाडौँ निवासी श्री जगतप्रसाद भुषाल र श्री विष्णु भट्टराईकी माहिली सुपुत्री श्री बन्दना भुषालकासाथ सम्पन्न भई उहाँहरुका तर्फबाट दुई छोरा सबन प्रसाईं र सुजल प्रसाईंको को जन्म भएको छ । यसैगरी छोरी इरिना प्रसाईंको विवाह साविक झापा जिल्ला, सुरुङ्गा घर भई हाल काठमाडौँ निवासी श्री नरेन्द्रप्रसाद पाठक र श्री नारायणी ओलीका सुपुत्र श्री प्रदीप पाठकसँग सम्पन्न भई निजहरुको तर्फबाट छोरी आरुषी पाठक र छोरा आह्वान पाठकको जन्म भएको छ ।

## पेसा व्यवसाय

झापा जिल्लाको गरामनीलाई कर्मथलो बनाउनुभएका उहाँको मुख्य पेसा जागिर र खेती व्यवसाय माछापालन थियो । उहाँले काठमाडौँमा शाही नेपाल वायु सेवा निगममा सहायक अधिकृत भएर केही वर्ष सेवा गर्नुभएको थियो । त्यसपछि राष्ट्रिय जनसंख्या आयोग अन्तर्गत झापा परियोजनामा परियोजना संयोजक भएर केही समय नेतृत्व गर्नुभएको थियो । उहाँ उद्यमशील  हुनुहुन्थ्यो । खेती व्यवसायमा निपुर्ण उहाँले गोबर ग्याँस प्लान्ट, माछापोखरी, धान मिल स्थापना र सञ्चालन गरी व्यवसायलाई आधुनिकीकरण गर्ने सोच भित्र्याउनु भएको थियो ।

## खानपिन रहनसहन

खाना राजसी व्यवहार सादगी, सबैसित मेलमिलाप राख्ने उहाँ भेषभूषामा प्रायः सेतो सर्ट पेन्ट लगाएर सफा चटक्क पर्नुपर्ने सरल स्वभाव, मध्यम रहनसहन मन पराउनुहुन्थ्यो । वहाँ स्थानीय सन्थाल (सतार) समुदायसँग समय समयमा नीचाझोडा जंगलमा जलविहार तथा सिकारको लागि जाने गर्नु हुन्थ्यो । तर गुँडबाट खसेका चराका बचेरा हुर्काई उडाउने रुची पनि थियो । जनावरप्रतिको अगाध प्रेम, कुकुर, गाई, मृगपालन गर्ने प्रकृतीप्रेमी उहाँ जनावरको हाउभाउ, भाषा बुझ्न सक्नुहुन्थ्यो । त्यही भएर पनि होला, गाउँमा कसैको भैंसी फुक्यो, बाँध्न सकिएन भने उहाँलाई सम्झन्थे । उहाँको प्रस्तुति यति जनावरप्रेमी हुन्थ्यो की उहाँले भैँसीलाई स्पर्श, अङ्कमाल गर्ने बित्तिकै उग्र भैँसी आफैँ शान्त भई सजिलैसँग डोरी बाँध्न दिन्थ्यो ।

उहाँका बहिनीहरुको सम्झनामा उहाँको अचम्मको स्वभाव थियो । केही कुरा उहाँसँग गर्नुपर्दा सिधा आँखामा हेरेर भन्नुपर्थ्यो ताकि झुट नहोस् । उहाँ आफू प्रष्ट वक्ता, सत्य वाचक, नीडर, साहसी ब्यक्ति भएकाले उहाँसँग कुनै कुराको समाधानको अभाव थिएन । आमाबुवा, आफूले मान्नुपर्ने व्यक्ति, सानोठूलो, सबैसँगको

व्यवहार जस्तोमा त्यस्तै थियो । आमाबुवासँग असल हिम्मती पुत्र, ठूलासँग सानो हुने, सानासँग बराबर भई बालक बनिदिने स्वभावको हुनुहुन्थ्यो । सबैलाई माया गर्दा देखाएर नगर्ने तर अदृश्य अगाध माया गर्ने उहाँ देखावटी र तडकभडक भने मन पराउनु हुन्नथ्यो ।

## समाजसेवी भावना

कसैको दुःख देख्न नसक्ने, गरिब, अपाङ्ग, बेसाहाराहरुको सारथी बन्ने विचार लिनुहुने सत्यवादी, न्यायप्रेमी उहाँ गाउँमा, परिवारमा कसैलाई साह्रो-गाह्रो तथा अन्याय परेमा सम्झिने नाम बन्नुभएको थियो । रिक्सावाला, किसान र पढ्न नसक्ने विद्यार्थीहरूको लागि दुःखमा होस् वा सुखमा आवश्यक परेको बेला स्वयं खटेर सहयोग गर्नुहुन्थ्यो ।

वहाँ धार्मिक भावनाको हुनुहुन्थ्यो । गरामनी स्थित शिवमन्दिरको निर्माण वहाँको नेतृत्वमा बनेको समितिले छोटो अवधिमा सम्पन्न गरेको थियो । त्यस बखत वहाँ केवल २७-२८ वर्षको यूवा हुनुहुन्थ्यो । त्यस समितिले प्रत्येक घरमा बेलुकाको भोजनपछि साँझ ७ बजे सामुहिक भजन किर्तनको थालनी गरेको थियो, जुन आजपर्यन्त जारी छ भनिन्छ । मृत्यु हुनु भन्दा करिव १० महिना अघि आफ्ना माता पितालाई भारतमा तिर्थयात्रा गराउनु भएको थियो ।

उहाँको हृदय दया, ममता र वात्सल्यले भरपुर थियो । दुखमा परेकालाई अंगालो हाल्ने, दीनदुःखी र गरिबहरूको गर्जो टार्न सहयोग गर्ने विशाल छाती थियो । गाउँका चेलिबेटी र छोरीचेलीका विवाहमा खाना नखाई अहोरात्र खटिने, उनीहरुलाई अन्माउँदा शिर राखेर रुने संवेदनायुक्त करुणाशिल हृदय, सुत्केरी हुन लागेका आमालाई अस्पताल पुऱ्याउन सदा तत्पर रहने जागरुक हात, विपन्नता र जनअभावले शव उठाउन पनि नसकेका गरिब दीनदुःखीको सहयोगको लागि तम्तयार बलियो आड र काँध हुनुहुन्थ्यो ।

'दाने दाने पर लिखा है खाने वाले का नाम', भन्नुहुन्थ्यो । खान पस्किएपछि मलामी जानु पऱ्यो भने 'आँ' गरेको खाना छोडेर मलामी जानु हुन्थ्यो ।

विवाह, व्रतबन्ध, धार्मिक रीतिरिवाज, मरीमराउमा कसलाई के सहयोग गर्नुपर्छ त्यसमा उहाँको बढी लगाव रहन्थ्यो । यसो गरौँ, उसो गरौँ भन्दै सामाजिक कार्यमा संलग्न हुन सधैँ उत्सुक हुने उहाँलाई घरमा भेट्न मुस्किल हुन्थ्यो ।

इनारमा खसेको एक गाईको उद्धार गरेको विषय अहिले सम्म गाँउमा चर्चा गरिन्छ । घरको मिलको छेउमा एउटा इनार थियो । त्यो इनारमा कसैको सानो गाई खसेको थियो । डोरीको सहायताले उहाँले अत्यन्त साहसी ढंगले खाल्डोमा परेको गाईलाई बचाउन आफैँ इनारमा पसेर त्यस गाईको खुर आफ्नो ढाडमा टेकाई  बाहिर निकाल्नु भएको थियो ।

## समाज सुधारक पहिचान

धनी-गरिब, उच-निच केही नभनी विना भेदभाव सम्पूर्णमा सम-व्यवहार गर्ने, न्यायिक मन भएको निष्पक्ष व्यक्तित्व उहाँलाई सबैले दुख सुखको आफन्त ठान्दथे ।

एकपटक चमक राजवंशी (स्थानिय चिया दोकाने) को निधन भयो । उहाँलाई कोर रोग पनि भनिने कुष्टरोग ९भिउचयकथ० थियो । त्यसबेला सो रोगलाई समाजमा राम्रो दृष्टिले हेरिँदैन थियो। उहाँको निधन पछि पनि उहाँको छेउ पर्न कोही मानेनन्। समाजले वहाँको मृत शरिर छुन डराउँदा सदगत गर्न कठीन भैरहेको थियो। घरमा वहाँको एक छोरी मात्र हुनु हुन्थ्यो । उहाँको शव पनि नउठ्ने अवस्था भयो । त्यस बीचमा स्व. सन्तोष स्वयंले रितपूर्वक शव सजाई उठाउने देखि लिएर घाटसम्म लिएर जानुभयो, मलामी पछि लागे सम्मानजनक सदगत भयो ।

वहाँ स्थानिय तृणमूल जनतासँग ज्यादै घुलमील गर्नु हुन्थ्यो । वहाँको दशौ विघा खेतको रोपाइँ तथा बालि थन्क्याउने कार्य एउटा ठूलो पर्व जस्तो हुन्थ्यो । श्रम गर्न सक्ने मानिसहरु सो दिन अन्यत्र काममा जाँदैन थिए, ठूलो भोजको पनि आयो जना गरिएको हुन्थ्यो ।

## नेतृत्व क्षमता

उहाँ न्याय विचारको मालिक हुनुहुन्थ्यो । इन्साफ गर्दा दुवै पक्षलाई चोट नपुर्‍याई इन्साफ गर्नुहुन्थ्यो । झापाको सदरमुकाम चन्द्रगढीलाई जोड्ने पक्की सडक छेउको घरमा अनेक खाले समस्याहरु आइरहन्थे । कहिले यात्री र बस कर्मचारीबीच झगडा भई राजमार्ग बन्द हुने अवस्थासम्म पुग्थ्यो । तर उहाँले दुवै पक्षलाई सहमतिमा ल्याउने मध्यमार्गी उपाय निकालेर सम्झौता गराई छाड्नु हुन्थ्यो । जहाँ विवाद झै-झगडा हुन्थ्यो, मानिसहरू उहाँलाई बोलाउन आउँथे । उहाँको हस्तक्षेपपछि लडाई झगडा शान्त भई मेलमिलाप  मिलजुल कायम हुन्थ्यो । त्यो सर्वस्वीकार्यता नेतृत्वको गुँण उहाँमा विद्यमान थियो ।

चाहे ठाउँठाउँमा  हुने खेलकुद प्रतियोगिता होस्, चाहे सामाजिक जीवनमा घट्ने द्वन्द्व विवाद होस् । उहाँमा दुबै पक्षका विचार सुन्ने, वास्तविकता खुट्याउने, गुण र दोष पहिल्याउने उत्कृष्ट क्षमता थियो । त्यही भएर मानिसहरूले उहाँलाई रेफ्री, अम्पायर र मध्यस्थकर्ताको भूमिकामा देख्न चाहन्थे । बाहिर ठूल-ठूला कुरा गर्नेहरु पनि उहाँका तर्कका सामुन्ने नतमस्तक हुन पुग्दथे र उहाँको प्रस्तावमा नाइनास्ती गर्न सक्दैनथे । एक दिनको कुरा हो । दुई जना झगडा गर्दै थिए कुटपिटका साथ ।  ती दुवैजनालाई च्याप्प एक-एक तिरको काखीमा च्यापेर त्यहीँको त्यहीँ उनीहरु दुवै जनालाई एकअर्कामा मिलाप गराई दिनु भएको थियो । कुनै पञ्चायत बहसको आवश्यकता नै पर्दैनथ्यो ।

## मृत्युवरण

२०४३ साल जेठ ३० गतेको भयावह रात काठमाडौंबाट रात्रि बस चढेर झापा जाने क्रममा मोरङ पशुपति एक्सप्रेसको १९३८ नं. को बस मुग्लिङको केही पूर्वतिर रातको पौने बाह्र बजे दुर्घटनाग्रस्त हुन्छ र त्रिशुली नदीमा खस्न पुग्छ । त्यसैमा सवार उहाँ त्रिशुलीको अथाह जलराशिमा डुब्न पुग्नुहुन्छ र बेपत्ता पर्नुहुन्छ । भनिन्छ- गरामनीको शिवालय निर्माणको नेतृत्व गर्नुभएका शिवभक्त उहाँले मन्दिरको लागि केहि सामाग्री पनि साथमा लानु भएको थियो । जीवित यात्रीहरूको भनाइमा “शिवोपासना” नाम गरेको पुस्तक उहाँ बसेको तेस्रो लहरको सिटमा भेटिएको थियो । उहाँको हातमा ठूलो त्रिशूलको रेखा स्पष्ट थियो रे । यसरी हातमा त्रिशूलको रेखा हुने ब्यक्ति निस्वार्थ कर्तव्यपरायणका क्रममा ३१ वर्षको युवा उमेरमै त्रिशूली नदीमैँ डुबेर बेपत्ता हुन पुग्नुभयो । हजुरबुवाकी भाञ्जी एकजना बूढीबजु हुनुहुन्थ्यो । उहाँले ध्यानमा बसेको बेला उहाँलाई अल्पायुको छ भन्नुभएको रहेछ । म सबैको मलामी जान्छु तर मेरो मलामी कोही जानुपर्दैन भन्नुहुन्थ्यो । आखिर त्यस्तै भयो । विधिको विडम्बना, अरुको शव उठाउने, रितपूर्वक सजाई कन्धा दिएर घाटसम्म लिएर जाने वहाँकै पार्थिव शरिर भने कसैले छुन त के देख्न समेत पाएन, त्रीशुली, नारायणी हुदै गंगामा समाधिस्थ भयो ।

## आखिरमा एउटी बहिनीको सम्झनामा

सन्तोष दाजुसँगको बिर्सन नसकिने अमर अमूल्य पलहरु यतिबेला अतीत बन्न पुगेका छन् । उहाँ हामीबीच दृश्यवान नभएपनि हरेक पल अदृश्य रूपमा सहयोगी बनेर हामीबीचमा रहीरहेको महसुस गर्दछौं ।

(उहाँकी बहिनी मञ्जु प्रसाईं फुयालको स्मृतिका पानाबाट)

## अन्त्यमा 'परिणति' शोक काव्यबाट

बगैँचाको रुपरेखा मात्र तयार भएको थियो । मल, जल, माटो मिलाएको सुन्दर फूलबारीका सानासाना बिरुवाहरूमा भर्खर कलिला पात र मुनाहरुका छेउमा कोपिलाहरु फुट्न खोज्दै थिए । पूर्ण घडाझैँ टलपल भरिएको अदम्य उत्साहका साथ कुशल मालीलेझैँ नयाँ विरुवाको हेरचाह सन्तोष गर्दथे ।

यहाँ अनेक थरीका राम्रा फूल फुलाई भमरा नाचून, यहाँका फूलहरु गाउँलेहरुले कानमा सिउरिउन् भन्ने कामना गर्दथे उनी । गाउँका सानाठूला सबैसँग उनको मित्रता थियो । परिवारका सबैले र उनका धेरै मित्रहरुले उनमा ठूलो आशा र भरोसा राखेका थिए । आफ्नो बुद्धि र पाखुरा आफ्नो परिवारको निमित्त मात्र होइन सामूहिक हितमा खर्च गर्न सधै अघि सर्थे । हँसमुख, फूर्तिला सन्तोष हामी सबैलाई सन्तोष दिन्थे ।

(उहाँका दाजुहरु डा. भीष्मराज प्रसाई, श्री बेनुपराज प्रसाईँको भनाइ, परिणती (खण्डकाव्य), पृष्ठ 'ज')

'हुने बिरुवाको चिल्लो पात' भनेझैँ ३१ वर्षको उमेरमा पनि सन्तोषले आफ्नो समाजमा धेरै पद-चिन्ह छोडेर गएका छन् । मैले सन्तोषलाई जीवनकालमा देख्ने, भेट्ने अनुकुल पाइन । म जस्ता धेरैले उनलाई नदेखेका होलान् तर उनको घर, गाउँ, समाजमा उनी साह्रै लोकप्रिय थिए । यो कुरा जोकोहीले पनि बुझ्न सक्दछ ।

(लेखक श्री कृष्ण प्रसाद बस्याल, परिणति (खण्डकाव्य), पृष्ठ 'ट')

# स्मृतिमा स्व. बुवा अग्निप्रसाद पाठक र स्व. आमा डिल्लीमाया पाठक

**मेदनीप्रसाद पाठक**
**शारदा पाठक**


स्व. अग्नी प्रसाद पाठक

हरिलालको नाति विष्णुप्रसाद र गंगादेवीको कान्छो पुत्र रत्नका रुपमा वि.सं. १९९३ साल जेठ २५ गते आठराई, फुलबारीमा जन्मनु भएका स्व. अग्निप्रसाद पाठकको विवाह चुहानडाँडा (आठराई) स्थित हरिसिद्धि भन्ने ठाउँमा विष्णुलाल मैनाली र नरमाया मैनालीको जेठी छोरी डिल्लीमाया मैनालीसँग २०१७ सालमा सम्पन्न भएको थियो । बुवाआमाको विवाह हुँदाको बखत आठराईको फुङसिङ भन्ने ठाउँमा स्थायी बसोबास गरिरहनु भएको थियो । बुवाआमाबाट ५ छोरी र १ छोराको जन्म भयो । छोरीहरुमा पुष्पवती जेठी, सीता माईली, तुलसा साईली र गंगा तथा जमुना (जुम्ल्याहा) हुन् भने मेदनीप्रसाद छोरा हुन् । विधिको विधान भनौ वा दैवी प्रकोप, आमा २०२८ साल श्रावणमा २ वटी जुम्ल्यहा छोरीहरु जन्मेको १२ दिनका दिन यस धराधामबाट सदाका लागि हामीलाई छोडेर जानुभयो । त्यस बखतमा हामी साना थियौँ । हाम्रो हेरचाहा गर्न तथा पालन पोषण गर्नका लागि मैनाली परिवारकै छोरीसँग मेरो बुवाको विवाह २०२९ सालमा सम्पन्न भएको थियो । सानीआमाबाट २ छोरी र ३ छोराहरुले जन्म लिएका छन् ।

पहाड फुङसिङ जाहाँ धान नफल्ने ठाउँ, लेक जस्तो भू-भागमा अन्नबालीको उत्पादन समेत न्यून हुने ठाउँ भएकाले २०३० सालतिर हजुरबुवा, हजुरआमालाई पहाडै छोडी बुवा र सानीआमा केही छोराछोरी लिएर झापा जिल्ला कोहवरा गाउँ पञ्चायतमा बसाई सर्नुभयो । केही समयपछाडि पहाडमा हजुरबुवाको समेत निधन भएपछि हामी सबै परिवार तराईतिर बसाँइ सऱ्यौँ । सानीमा तिरका २ छोरीहरुमा डिल्लीमाया तथा तारादेवी र छोराहरुमा जीवनाथ, दुर्गाप्रसाद र मदन पाठक हुन् । उनिहरू तराईमा झरेपछि जन्मिएका हुन् ।

ठूलो परिवार, आफ्नो जग्गाजमिन पनि नभएको कारण बुवाआमालाई परिवार धान्न धौ धौ थियो । अर्काको खेती अधिया गर्नुपर्ने, मेलापात जानुपर्ने वाध्यता थियो । केही समयको कडा मेहनत पछाडि १$\frac{१}{२}$ विघा जग्गा तत्कालीन महारानिझोडा गा.वि.स. को डोरामारी भन्ने ठाउँमा किनी सबै परिवार त्यही बसाँई सरियो । २०३४ सालदेखि २०५० सालसम्म करिब १६ वर्ष सोही ठाउँमा बसोबास गर्नुभयो । सबै छोराछोरीहरुको शिक्षादिक्षा दिने काम सोही ठाउँमा प्रारम्भ भएको थियो ।


सादा जीवन र उच्च विचारका धनी बुवाआमाको व्यवहारले हामी सबै छोराछोरीहरुमा गहिरो प्रभाव परेको पाइन्छ । सामान्य चलन व्यवहारका लुगाफाटा लगाउने, सामान्य खानपिन गर्ने र सबैसँग समान व्यवहार गर्ने वहाँहरुको बानी थियो । मुख्य पेसा तथा व्यवसाय सुरुमा संक्रान्ती बजारमा कपडाको व्यापार गर्नु हुन्थ्यो भने तराई झरेपछि खेतीपाती नै थियो ।

समाजमा सबैसँग सदभाव राख्ने बुवा एक सामाजिक कार्यकर्ताको रुपमा हुनुहुन्थ्यो । बाटो, बाँध, पैनी बनाउने होस् वा विद्यालय, कलेज, संघसंस्थामा बुवा एक सकृय रुपमा अग्रणी भूमिका निर्वाह गरी आफ्नो जिम्वेवारी बहन गर्नुहुन्थ्यो । हामी सानै हुँदा त्यस बेलाको फुङसिङ प्राथमिक विद्यालयमा आमाले करिब १५ दिन विद्यालय बनाउनका लागि ढुङ्गा बोकेको कुरा बुवाले र हजुरआमा बताउनु हुन्थ्यो । किनकि पछि मेरा छोराछोरी पनि त्यहीँ पढ्छन् भन्ने सोच थियो ।

२०५० सालतिर बसाई सरी दमक न. पा. को पशुहाट भन्ने ठाउँमा बसोबास गर्ने काम भयो । जीवनको उत्तरार्द्धमा बुवा दम र प्रोस्टेटको समस्याले केही समय थलिएर २०७४ साल फागुन ५ गतेका दिन हामी सबैलाई छाडी यस संसारबाट सदाका लागि विदावारी हुनुभयो । बुवाआमाको वैकुण्ठको उच्च आसनमा बास होस् । हाम्रा स्वर्गीय बुवाआमाप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्न चाहान्छौँ ।

# स्मृतिका पानामा स्व. बुवा लक्ष्मीप्रसाद र आमा विष्णुमाया/देवमाया पाण्डे

**कमलादेवी पाण्डे सिवाकोटी**



स्व. आमा विष्णुमाया/लक्ष्मीप्रसाद/देवमाया पाण्डे

जीवनदेखि मृत्युसम्मको यात्रा तय गर्दा ९१ वर्ष बितेछ । यही यात्राका दौरानमा बुवा लक्ष्मीप्रसाद पाण्डेको जन्म स्व. कृष्णलाल र काशीरूपाका दोस्रो सन्तानका रूपमा मिति १९८७ साल चैत्र ८ गते तेह्रथुम जिल्लाको सङ्क्रान्ति-६ मा भएको हो । उहाँ ३ जना दाजुभाइ र ३ दिदीबहिनीमध्ये पाण्डे परिवारको माइला छोरा हुनुहुन्थ्यो । उहाँको बाल्यकाल सङ्क्रान्तिमै बितेको थियो । बाल्यकालदेखि नै हक्की स्वभावका बुवाले जीवनकालमा धेरै आरोहअवरोह बेहोर्नुभएको छ । सानैमा पिता गुमाउनुको पीडा र पहाडको अत्यन्त कष्टकर बसाइका कारण  वि.सं. २०१८ सालमा पहाडबाट मधेश बसाइँ सरी आउनुभएको थियो । पहाडमा भएका जे जति भएको सम्पत्ति जेठी आमालाई छोडी कान्छी आमालाई साथमा लिई मुग्लान लाग्नुभएको बुवाआमा झापाको दुवागढी बसोबास गर्नुभएको थियो । नीडर र आत्मबलको धनी बुवा बाघको डमरु जस्तो फूर्ति र उच्च मनोकाङ्क्षी भएकाले केही वर्षको बसाइपश्चात हालको रङपुरमा बसोबास गर्न आइपुग्नुभएको थियो । त्यहीँ ५० औँ वर्षको भोगाधिकार भएको स्थान जुन स्थानले उहाँलाई अन्यत्र जान दिएन, सोही स्थानमा वि.सं. २०७७ साल जेठ २९ गते बैकुण्ठ प्रस्थान गर्नुभयो ।

दुई आमाहरू बिष्णुमाया मैनाली र देवमाया चुडाँलसँग वैवाहिक जीवनमा बाँधिनु भई ठूली आमातर्फका छोरा प्रेमप्रसाद लगायतलाई पहाड जन्मस्थानमा नै छाडी कान्छी आमासहित झापाका दुवागढी हुँदै वि.सं. २०१८ सालदेखि झापा जिल्ला

साबिक लखनपुर गाविसको हाल कमल गाउँपालिका वडा नं ७ मा बसोबास गरी आउने क्रममा अन्य पाँच दाजुहरू र चार दिदीबहिनीहरूको जायजन्म मधेशमा नै भएको हो । बुवाआमा कान्छा दाजुभाउजूसँग करिब ४० वर्षअघि बनाएको मिनि दरबारमा नै आमाबुवाले दिनचर्या बिताउनु भएको थियो । छोराछोरीहरूमध्ये १ जना अमेरिकामा र अरु तीन छोरा र मसहित दुई छोरीहरूको काठमाडौँ बसाइ भएकाले उहाँ पटक-पटक आमालाई साथमा लिएर काठमाडौँ आउनेजाने गर्नुहुन्थ्यो ।

उहाँले पटकपटक मृत्युलाई जित्नुभएको थियो । वि.सं. २०६२ सालतिर मुटुको भल्भमा देखिएको समस्याले उहाँको जीवनको मोड नै बदलिदियो । तर पनि मृत्युबाट डराउनु भएन । औषधिमुलोलाई नै जीवनको अभिन्न अङ्ग बनाएका मेरा बुवाआमा कहिले काठमाडौँ कहिले झापामा रमाउनु हुन्थ्यो । उहाँको बृहत्कोशमा आफ्नै शब्दभण्डार थिए । कहिले ज्वाईंलाई तिमीको संबोधन गर्ने अनि नाति नातिनालाई तपाईं भनी सम्बोधन गर्दाको क्षण अद्भूत हुन्थ्यो । बूढेसकालमा बुवाआमाहरु सबैका प्रिय मातापिता, हजुरआमा हजुरबुवा सासूससुरा बन्नु भयो । उहाँले जीवनको पूर्वार्द्धमा आमाहरूप्रति कडा स्वभाव देखाए पनि र त्यसलाई त्याग गरेर उत्तरार्धमा प्रेमभाव दर्शाउनु भएको थियो । पछिल्लो करिब २० वर्षमा उहाँहरूको जोडी हाम्रो परिवारमा मात्र नभई सारा टोलमा नै उदाहरणीय जोडी बन्न सफल हुनुभयो ।

उहाँका ६ भाइ छोरा र ४ बहिनी छोरीहरूको घरबार बसाउँदै सबै दाजुहरुलाई परम्पराअनुसार अंशबण्डा गरे पनि घरायसी व्यवहारमा उहाँको सक्रियता कायमै रहेको थियो । विद्यालय भवन, मन्दिर निर्माणमा उहाँले पुऱ्याउनु भएको योगदानका कारण पाण्डे परिवार गौरान्वित महसुस गर्दछ । सामाजिक कार्यमा पनि उहाँको रुचि र सद्भावले नै परिवारजनमा पारिवारिक बिरासत सरेको छ ।

उच्च मनोवल र सङ्घर्षशील व्यक्तित्व स्वर्गीय बुवा लक्ष्मीप्रसाद पाण्डे र आमाहरू विष्णमाया मैनाली र देवमाया चुडालका ६ जना छोराबुहारीहरू क्रमशः प्रेमप्रसाद, तुलसा, पदमप्रसाद-कृष्णमाया, टीकाराम, रामप्रसाद, निर्मला, वेदप्रसाद, मातृका र गंगाप्रसाद-सुनीता र  चार छोरीज्वाईंहरू क्रमशः तुलसादेवी र मोहन रिजाल, धनमाया-ननु यादव, शर्मिला-कृष्णप्रसाद सिवाकोटी र कमलादेवी-चन्द्रप्रसाद सिवाकोटी रहेका छन् । पाण्डे परिवारमा छोराछोरी तर्फबाट ४५ जना नातिनातिनी, नातिनीबुहारी, पनाति-पनातिनीका धनी हुनुहुन्थ्यो बुवाआमा ।

वि.सं. २०१८ सालमा तराईमा बसाइँ आउनुभएको बुवाको जीवन सङ्घर्ष र चुनौतिले भरिएको थियो। मिलेको शरीर र सुकिलो पहिरन उहाँको विशेषता थियो। उहाँको व्यक्तित्व अद्‌भूत नै थियो। जो कोही पनि उहाँको मिजासिलो व्यवहार र बोलीबाट नतमस्तक हुने गर्दथे। उहाँ औँलामा गन्न सकिने केही मानिसहरूको हक्कीपनबाट प्रभावित हुनुहुन्थ्यो। जसमा डबल सुब्बा, सरदार उप्रेती र सन्त लिम्बूको पटक पटक दृष्टान्त दिनुहुन्थ्यो। घरमा उहाँको स्वभाव अत्यन्त कडा भएकै कारण दाजुहरू जीवनको सुखद खोजीमा परदेशी भए। फलत उक्त व्यवहारकै कारण परदेशिएका छोराहरूले जीवनलाई नयाँ गोरेटोमा हिँडाउन सफल भए। उहाँले खेतीपातीलाई नै जीवनको प्रमुख आयको स्रोत बनाउनु भएको थियो। झापाको रङपुर, हाल कमल गाउँपालिकामा नै जीवनका उर्वर समय व्यतित गर्नुभएको बुवाले परिवारका लागि आर्थिक अभाव हुन दिनुभएन। शैक्षिक र सामाजिक कार्य अपेक्षित नै रहन गयो। त्यस बेलाका समयअनुसार नै छोराले शिक्षा आर्जनमा सफल भएता पनि छोरीहरू ओझेलमा परेको कुरा स्वयं बुवाआमाबाट सुन्ने गरिन्थ्यो ।

आध्यात्मिक भवना एवं धर्मकर्ममा उहाँका लगाव थियो। उहाँले आफ्नो नब्बे वर्षको जीवनकालमा सात पटकभन्दा बढी पुराण आफ्नै निवासमा लगाउनु भएको थियो। आमाहरु पनि सनातन र धार्मिक कार्यमा सक्रियतापूर्वक समय दिनुहुन्थ्यो। घरको मास्तिर तर्फ बडेमानको सिमलको रुखमा दुर्गामाताको शिला स्थापना गरिएको छ। प्रत्येक बिहान त्यहाँ आमा नित्यपूजामा लाग्नुहुन्थ्यो। उहाँद्वारा गरिने पाँचऔँले शङ्खध्वनिको तेजको प्रभावले सिङ्गो समाजलाई नै मन्त्रमुग्ध गर्दथ्यो। उहाँले घरलाई सुशोभित बनाउनु भएको थियो। जुनसुकै कार्य गर्दा पनि ज्योतिषको सल्लाह र सुझाव लिने गर्नु हुन्थ्यो। हाम्री ममतामयी आमाको वि.सं. २०७६ आषाढ २१ गते असामायिक निधनपश्चात एक धरोहरका रूपमा रहनुभएका हाम्रा बुवामा परेको गहिरो शोक र मानसिक तनावका बाबजुद पनि आफूलाई बलियो आत्माविश्वाससाथ आमाको पुण्यवार्षिकीको सम्मुखमा हाम्रा पिताले ९ दशकको मानव चोला त्याग्नु भएको थियो। हाम्रा बुवाआमा बैकुण्ठवास महाप्रस्थान गर्नुभएकोमा उहाँहरूको आत्माको चीरशान्तिको कामना गर्दछौँ। बुवाको अन्तिम इच्छा आमाको वार्षिकी कार्यक्रमलाई आफ्नै हातले समापन गर्ने चाहना अधुरै रहन गयो। आमा बितेको करिब एकवर्ष र बुवा बित्नुभएको करिब ६ महिनामा जेठीआमाले पनि हामीलाई छोडी बैकुण्ठबासको लागि महाप्रस्थान गर्नु भएकोमा

हाम्रा पितृहरूप्रति हार्दिक श्रद्धासुमन चढाउँछौ ।

यस दुःखद क्षणमा हामीलाई आशाको दियोसरह अभिभावकत्व दिनुहुने हाम्रा पुजनीय कान्छा काका तेजप्रसाद पाण्डे र काकी शिवमाया जो झापाको गरामुनीमा बसोबास गरिआउनु भएको छ, उहाँहरू नै हाम्रो परिवारका धरोहर हुनुहुन्छ । दुःखको घडीमा हामीहरूका जेठा दाजु प्रेमप्रसाद पाण्डे विदेशमा रहनु परेकोले दाजुप्रति गहिरो प्रेमभाव प्रकट गर्दछौँ । हाम्रा स्वर्गीय पिता र स्वर्गीय माताद्वयको अन्तिम संस्कारमा सहभागी भई प्रत्यक्ष वा अप्रत्यक्षरूपमा बुवाआमालाई श्रद्धाञ्जलि प्रकट गर्नुभई हामी शोकाकुल परिवारजनमा गहिरो समवेदना प्रकट गर्नुहुने हाम्रा आफन्त, इष्टमित्र, शुभचिन्तकमा पाण्डे परिवारका तर्फबाट हार्दिक धन्यवाद दिन चाहन्छौँ । उहाँहरूको आत्मामा चीरशान्ति मिलोस्, कहीँकतै अन्जानवस बाटो बिराएको भए पनि सो फुकाउन एवं पितृहरुलाई स्मरण गरी परमधाममा उच्च स्थानमा पुऱ्याउन गत आषाढ ५ गते, २०७९ मा महापुराणको आयोजना पनि सम्पन्न भएको छ । महापुराणवाचक पण्डित मुकुन्द नेपाल, उपवाचक इन्द्र सुवेदी र गुरु भोला लामिछानेप्रति कृतज्ञ छौँ ।

अन्त्यमा, हाम्रा समआदरणीय व्यक्तित्व, समाजसेवी वरिष्ठ अधिवक्ता श्री नरेन्द्रप्रसाद पाठकको संयोजनमा स्थापित नेम फाउण्डेसनमा सदस्य भई बुवाआमाहरुको स्मृतिमा यस पुण्यकार्यमा सहभागी हुने अवसर प्रदान गर्नुभएकामा फाउण्डेसनका अध्यक्षलगायत सम्पूर्णमा अनुग्रहीत छौँ । बुवाआमाहरुको उच्च स्थानमा बास होस्, हामीलाई सदैव आर्शीवाद दिइरहनुहोस्, यही सद्घासुमन अर्पण गर्दछु ।

# स्मृतिमा स्व. बुवा हिमबहादुर सुवेदी आमा रत्नमाया सुवेदी

**नन्द बहादुर सुवेदी**


स्व. हिमबहादुर/रत्नमाया सुवेदी

## मूल पूर्ख्यौली थलो र पूर्खा

हालको तेह्रथुम जिल्लाको सदरमुकाम म्याङलुङ बजार निकटको केउरानी गाउँ हाम्रा मूल पुर्खाको थलो हो । चूडामणि नाम गरेका सुवेदी ब्राह्मणको र निजकी क्षेत्रिय पत्नीबाट जन्मिएको छोरो जय खत्री (कसैले जगै खत्री पनि भन्ने गरेका) हाम्रा मूल पुर्खा हुन् । म ती मूल पुर्खाको आठौं पिढीको सन्तान हुँ । पुर्ख्यौली अनुसार जय/जगै खत्रीका अरु दुई जना भाइहरु पनि थिए । गजै र दलै नाम थियो । उनीहरु अन्यत्र कहीं गएर बसोबास गरेका हुनसक्छन् । मूल पुर्खा जगैले केवरा नामको झाडीले ढाकेको जग्गा ढालफाँड गरी बस्न सुरु गरेको हुनाले केउरानी वा केउरेनी नाम रहन गएको भनिन्छ ।

२००७ साल अघि पुर्खाहरूको नाम पछि खत्री थर लेख्ने प्रचलन थियो । पुराना कागजपत्र, सरकारी अड्डाका जग्गाजमिनको कागजात आदिमा खत्री लेख्ने प्रचलन थियो । तर २००७ सालपछि बिस्तारै खत्री लेख्ने चलन हराउँदै गयो र सुवेदीमा लेख्न सुरु गरियो । मैले गाउँको स्कुल पाठशालामा पढ्दा कहिले खत्री क्षेत्री, कहिले सुबेदी खत्री लेखिन्थ्यो तर हाइस्कुलमा नाम लेखाउँदा र सो पछि सुवेदी मात्र लेख्ने प्रचलन भयो । म तिनै मूल पुर्खा जय/जगैको सातौं पिढीको सन्तान हुँ ।

हजुरबुवा मानध्वज सुवेदीका छोरा मेरा पिता हिमबहादुर सुवेदीको जन्म वि.सं. १९७४/०४/०४ मा, विवाह वि.सं. १९८३ सालमा स्वर्गारोहण २०६९/०९/१३ मा भएको हो । पिता ध्यानवीर भण्डारीकी छोरी आमा रत्नमाया सुवेदीको जन्म वि.सं. १९७२ भाद्र महिनामा भएको थियो । उहाँको स्वर्गारोहण २०६० साल माघ २ गते भएको थियो । हामी ७ छोरा मध्ये क्रमशः बौधबहादुर, नृपबहादुर, नन्दबहादुर,

दिलिपराज, चन्द्रबहादुर, कृष्णकुमार, सुवर्णमान र छोरीहरू स्व. जानुका बुढाथोकी, उमादेवी कटुवाल गरी जम्मा ९ सन्तानको जन्म भएको थियो। सबैभन्दा जेठो दाजु बौधबहादुर हाल ८५ वर्षको हुनुहुन्छ भने कान्छी बहिनी पनि ६६ वर्षकी छिन्। कान्छो भाइ ६८ वर्षका छन्।

हाम्रो जन्मथलो तेह्रथुम जिल्लाको सदरमुकाम म्याङलुङ बजारबाट नजिकै भएतापनि सरकारी सेवामा जाने वा व्यापार गर्ने प्रचलन मेरो गाउँका कसैको पनि थिएन। झण्डै ७०/७५ वर्ष अघिदेखि नै भारतको आसाम राज्यमा भैँसीगोठ पालेर बस्ने हाम्रो पूर्ख्यौली पेसा थियो। तर अधिकांश परिवार केउरानी गाउँमै खेति, पशुपालन पनि गर्दथे। २०१५/२०१६ साल अघि गाउँका १/२ जना व्यक्ति सरकारी सेवामा सिपाही सम्म भएका रहेछन्। हाम्रो सुवेदी वंशमा भने गाउँको थरी, मुखिया हुने बाहेक कुनै सरकारी सेवामा प्रवेश गरेका थिएनन्।

## शिक्षा

तत्कालिन समयमा शिक्षा प्राप्तगर्ने अवसर नभएका कारण मेरो पिताको शिक्षा गाउँको घुलौटे पाठशालामा ३/४ महिना अर्को गाउँबाट ल्याइएका (लिम्बुजातका) गुरुसँग १० पाथी कोदो दिएर भएको भनी पिताले भन्नु हुन्थ्यो। नेपाली लेख्न, पढ्न र अड्डा अदालतमा लेखिएका कागजपत्र पढ्न सक्नु हुन्थ्यो। साथै भानुभक्त रचित रामायण र महाभारतका पुस्तकहरु घरमा राखेर फुर्सदमा भाका हालेर पढ्नु हुन्थ्यो। आफुले औपचारिक शिक्षा प्राप्त नगरेको भएतापनि २००९/१० सालतिर गाउँमा सरकारी शिक्षक ल्याउने, स्कुल स्थापना गर्ने र शिक्षादिने गाउँका ४/५ जना शिक्षा प्रेमीमध्ये उहाँपनि एक हुनु हुन्थ्यो। मेरी आमा र हजुरआमा निरक्षर हुनुहुन्थ्यो।

## पूर्खाको पेसा र बसाई सराई

त्यसताका खेतिपाति र पशुपालन नै मुख्य पेसा रही आएको थियो। मेरो हजुरबा कम उमेरको हुँदै भारतको आसाम राज्यमा गएर भैँसी पालेर बस्नु हुन्थ्यो। गाउँका अन्य दाजुभाइ र नातागोताका मानिस पनि भैँसीपालन पेसामा झण्डै १०० वर्ष अघि देखि आसाममा बस्ने गर्दथे। आसाममा भैँसीपालन गरे पनि नेपाल आउने र खेतिपाति गर्ने क्रम पनि चलीरहन्थ्यो। अझै पनि केही परिवार आसाममा गोठ, खेति गरी बस्दै आएका छन्।

आसामको भैँसीगोठ मेरो हजुरबाले शुरु गर्नु भएको हो तापनि त्यसलाई बढाई आसामकै नौ गाउँ तथा अन्य ठाउँहरुमा समेत भैँसीपालन गरी सोबाट भएको

आम्दानीबाट पहिले तेह्थुम केउरानीकै आसपास र पछि झापातर्फ जग्गाजमिन किन्ने काम मेरो पिताजीकै प्रयासबाट भएको हो । सो काममा मेरा दुई जना दाजुहरु बौधबहादुर र नृपबहादुरको पनि योगदान रहेको छ ।

पिताजीको आसाम र केउरानी आउजाउ गरीरहनुपर्ने अवस्था थियो । तापनि आमाले कहिल्यै आसाम जानपनि इच्छा गर्नु भएन । गाउँमा भएका जग्गाजमिनमा नै खेतिपाती गर्ने, पशुपालन गर्ने र ठूलो परिवारलाई व्यवस्थित गरी चलाउनमा जीवनपर्यन्त आमाले अत्यन्त परिश्रम गर्नुभयो । आफू बृद्ध अवस्थामा हुँदा पनि घर खेति र परिवारको उन्नतिमा लागीरहने आमाको योगदान अविस्मरणीय छ ।

तराईमा औलो उन्मूलन भएपछि भने अधिकांश सुवेदी परिवार पूर्वी नेपालको झापा, मोरङ जिल्लातर्फ खेतिपाति गरी बस्ने गरेको भए तापनि पूर्ख्यौली थलो केउरानी गाउँमा अझै पनि ४०/५० घर परिवार रहेका छन् । अधिकांश सुवेदी परिवार जस्तै हाम्रो परिवार पनि तराई तर्फ झापा जिल्लाको गौरादह, स्कूलचौनमा जग्गा किनी वा आवाद गरी बस्न लागेको ६०/६२ वर्ष भैसक्यो । तेह्रथुमबाट सम्पूर्ण परिवार झापामै स्थायी रुपमा बस्न लागेको पनि ४०/५० वर्ष बितिसकेको छ । हाल मेरा तीन जना दाजुभाइ दमक, झापामा, तीन जना मोरङ विराटनगरमा र म काठमाडौंमा स्थायी रुपमा सपरिवार बसेको छु ।

साविक जन्म थलोमा रहेकै समयमा पिताज्यूले झापाको गौरादह, स्कुलचौनमा २०२३ सालमा जग्गा किन्नु भएपछि र तत्पश्चात आसामको भैँसीगोठ बिक्री गरेपछि क्रमशः झापातर्फ बसाई सर्नेक्रम शुरु भयो तर सम्पूर्ण परिवार भने २०३० सालमा मात्र झापाको दमक र स्कूलचौनमा र मेरो परिवार भने २०२६ साल देखी नै झापाको दमकमा स्थायी रुपले बसोबास गर्दै आएकोमा म सरकारी सेवामा काम गर्न लागे पछि २०४५ सालतिर दमकबाट सपरिवार काठमाण्डौ महानगरको बानेश्वरमा बस्दै आएका छौँ । मेरो छोराहरुको स्कूल तथा कलेजको पढाई यहीँ काठमाण्डौमा भएको हो ।

## केही उल्लेखनीय दु:खद घटनाहरू

जिजु हजुरबा सनमान खत्रीका एक छोरा र एक छोरी गरी २ सन्तान थिए । २२ वर्षको उमेरमा तमोर नदीमा बाढी आएको बेला पौडी खेली नदी पार गर्न लाग्दा डुबेर मृत्यु भयो । मेरो हजुरबा मानध्वज सुवेदीका पनि २ सन्तान, मेरो पिताज्यू र फूपु हुनुहुथ्यो । उहाँको पनि ५६ वर्षको उमेरमा ब्रम्हपुत्र नदी तर्न लाग्दा

डुङ्गा पल्टन गई आसाममा अकालमा मृत्यु भयो । दुबै जना पौडीन निपूर्ण हुनुहुन्थ्यो तर आफ्नो क्षमतामा बढीनै भर परेका कारण खोला तर्दा नै देहावसन हुनपुग्यो ।


आफ्ना पिता र हजुरबुवाको पौडीकै क्रममा अकाल मृत्यु भएकोले मेरा पिताजीले हामी सन्तान कसैलाई पनि नदीमा पौडी खेल्न दिनु भएन । मेरा पिताज्यूको ९५ वर्ष र ६ महिनाको उमेरमा देहवसान भयो । सुवेदी परिवारमा यति लामो उमेर सम्म अरु बाँचेको मेरो जानकारीमा छैन । जिजु हजुरआमा सुभद्रा ७५ वर्ष र हजुरआमा धनमाया ८९ वर्ष सम्म बाँच्नु भयो । मेरी आमा रत्नमायाको २०६० साल पुस महिनामा ९१ वर्षमा देहान्त भयो ।

मेरो जन्म २००२/१०/१५ मा भएको हो । गाउँकै प्राथमिक स्कुलमा कक्षा ५ सम्म पढी म्याङलुङ बजार स्थीत सिंहबाहिनी हाईस्कुलबाट एस.एल.सी., महेन्द्र कलेज, धरानबाट २०२० सालमा आइ.ए. र स्वअध्ययनबाट २०२४ सालमा बी.ए. पास गरेको छु । त्यस्तै स्वअध्ययनबाट नै क्रमशः बी.एल र राजनीतिशास्त्रमा एम.ए. उत्तिर्ण गरको हुँ । मैले हिमालय विद्याभवन, दमक झापामा २०२१ साल देखी २०२९ को कार्तिक सम्म शिक्षकभई काम गरेकोमा तत्पश्चात शिक्षण पेसा छोडेर अमेरिकन पिस कर्पस् भोलन्टियर्सलाई नेपालीभाषा र नेपालको संस्कृतिको तालिम दिन निजी संस्थामा काम गरी २०३५ सालमा न्याय सेवाको शाखा अधिकृतबाट सरकारी सेवामा प्रवेश गरेको र नेपाल सरकारको विशिष्ट श्रेणीको नायव महान्यायधिवक्तासम्मको पद ग्रहण गरी सेवानिवृत्त हुनपुगेँ ।

छोराहरू मध्ये ठूलो छोरो दिनेशका एक छोरा र एक छोरी हाल स्कूलमा पढ्दै छन् । उनको विवाह कोमल ज्ञवालीसँग भएको छ । माइलो छोरो राजेशको काठमाण्डौं बानेश्वर निवासी श्री जनार्दन खड्का र प्रभा खड्काकी छोरी प्रितिजा खड्कासँग विवाह बन्धनमा बाधिइ निजका दुई छोरा छन् । उनीहरु अमेरिकामा बस्छन् । कान्छो छोरो रमेशको विवाह अमेरिकामै मार्गरिटसँग भएको छ र उनीहरुका तर्फ एक छोरी र दुई छोरा रहेका छन् । उनीहरु पनि अमेरिकामा बस्छन् ।

यसरी बुवा आमाको आशीर्वादले नै सबै छोराछोरीहरु र नातिनातिनाहरुले सुखपूर्वक जीवन निर्वाह गर्न सफल भएका छन् । अन्य दाजुभाइका छोराछोरीहरु पनि आ-आफ्नो क्षेत्रमा सक्षम नै छन् । यो सबै उनै बुवा आमाको आशीर्वाद र प्रेरणाको स्रोत हो । उहाँको बैकुण्ठ बास होस् । उहाँहरुप्रति हार्दिक श्रद्धासुमन !

## स्मृतिका पानामा स्व. बुवा देवीप्रसाद पाठक




**नोटः** स्वर्गीय देवीप्रसाद पाठकको जीवनगाथा बारे "स्मृतिको पानामा स्व. बुवा देवीप्रसाद पाठक" नामक छुट्टै स्मृति अङ्क प्रकाशित भईसकेको हुनाले यहाँ छुट्टै जीवनगाथा उल्लेख गरिएको छैन ।

---

## अनन्त स्मृतिमा नारायणी




**नोटः** स्वर्गीय नारायणी पाठकको जीवनगाथाबारे उनको प्रथम वार्षिक दिवसका दिनमा "अनन्त स्मृतिमा नारायणी" नामक छुट्टै पुस्तक प्रकाशित भईसकेको हुनाले यहाँ छुट्टै जीवनगाथा उल्लेख गरिएको छैन ।

---

# नारायणी मेमोरियल फाउण्डेसन (NAME Foundation) को शैक्षिक एवम् सामाजिक गतिविधी

## छलफल एवं परामर्श कार्यक्रमको आयोजना

नारायणी मेमोरियल फाउण्डेसनले संस्थालाई कसरी प्रभावकारी बनाउन सकिन्छ भन्ने सम्बन्धमा आवश्यक परामर्श लिन काठमाडौंमा उपलब्ध भएका कार्यसमितिका सदस्य एवं अन्य दाताहरुसँग छलफल कार्यक्रम आयोजना गरी फाउण्डेसनको गतिविधिबारे जानकारी गराउदै सुझाव सङ्कलन गर्ने कार्य गरिएको थियो । यसरी छलफल कार्यक्रमबाट प्राप्त सुझावले संस्थाको भावी कार्ययोजना तयार गर्न सहयोग पुगेको थियो ।

## स्मृतिको पानामा स्व. देवीप्रसाद पाठक स्मारिका प्रकाशन



स्व. देवीप्रसाद पाठकको बार्षिक पुण्य तिथिको अवसरमा मिति २०७८/०७/०९ मा Name Foundation को पहिलो प्रकाशनको रुपमा "स्मृतिको पानामा स्व. देवीप्रसाद पाठक" नामक स्मारिका फाउण्डेसनका प्रमुख संरक्षक श्री पदमादेवी पाठकद्धारा लोकार्पण गरियो ।

## पुकार अपाङ्ग संस्था, कोटीहोमलाई सहयोग



नारायणी मेमोरियल फाउण्डेसन स्थापना भएको छोटो अवधिमा नै दाताहरूको शैक्षिक एवं सामाजिक सेवाभाव बढ्दै गएको पाइन्छ । स्थापनाको केही समयमै झापा सुरुङ्गा स्थित पुकार अपाङ्ग असक्त समाज झापा, कोटीहोमका बालबच्चाहरूको लागि आवश्यक खाद्यान्न सामग्री वितरण गरिएको थियो ।

## अनन्त स्मृतिमा नारायणी नामक स्मारिका प्रकाशन




स्व. नारायणी पाठकको वार्षिक पुण्यतिथिको अवसरमा मिति २०७९/२/१ गतेका दिन Name Foundation को दोस्रो प्रकाशनको रुपमा "अनन्त स्मृतिमा नारायणी" नामक स्मारिका फाउण्डेसनका प्रमुख संरक्षक श्री पदमादेवी पाठकद्धारा लोकार्पण गरियो ।

## एच.आई.भी. बाट पीडित बालबालिकाहरुको लागि खाद्यान्न सामग्री वितरण

नारायणी मेमोरियल फाउण्डेसनको संयोजनमा २०७९ श्रावण १ गते कीर्तिपुरस्थित एच.आई.भी. बाट पीडित बालबालिकाहरुको लागि स्थापित बेबी लाइफ होमलाई खाद्यान्न सामग्री उपलब्ध गराई थोरै भए पनि सहयोगी हात अघि बढाएको छ ।

## जन्मोत्सव लगायतका कार्यक्रममा भावनात्मक सहयोग

नारायणी मेमोरियल फाउण्डेसनको फेसबुक ग्रुपमा संगठित भएका समूह सदस्यहरुले आ–आफ्नो जन्मोत्सव, वैवाहिक महोत्सव एवं पूर्वजरूको स्मृति र सम्मानमा उनीहरूको वार्षिक श्राद्ध, तिथि लगायतका कार्यक्रममा यस फाउण्डेसनलाई सांकेतिक सहयोगस्वरूप रु. ५००/– देखि रु. १०००/–सम्म प्रदान गर्ने योजनाअनुरुप आफ्नो जन्मोत्सव लगायतका कार्यक्रममा निम्न महानुभावहरुबाट केही रकम प्राप्त भएको छ । यसरी आफ्नो जन्मदिनको खुशियालीमा जन्मोत्सव कार्यक्रमका लागि छुट्ट्याएको रकममा कटौती गरी सामाजिक सेवा कोषमा रु. ५००/– देखि माथि प्रदान गर्ने कार्यले समाज सेवा प्रतिको संस्कार एवं संस्कृतिको विकासमा सहयोग पुग्ने अपेक्षा फाउण्डेसनले गरेको छ । उक्त जन्मदिन एवं पितृकार्यका अवसरमा रकम प्रदान गर्ने महानुभावहरु निम्न अनुसार रहनु भएको छ ।

१. स्वर्गीय काका लक्ष्मण बस्यालको स्मृतिमा डा. सम्राट बस्याल
२. स्वर्गीय आमाको स्मृतिमा श्री अर्जुन संग्रौला

जन्मदिनको उपलक्ष्यमा

३. श्री महेन्द्रप्रसाद चुडाल
४. श्री हर्षित चुडाल
५. श्री बीना पाठक
६. श्री टीकाप्रसाद पाठक
७. श्री लक्ष्मीप्रसाद पाठक
८. श्री प्रवीण पाठक
९. श्री महेश्वरा पाठक

## झोला एवं कलम सहयोगस्वरुप प्रदान

नारायणी मेमोरियल फाउण्डेसनले गत वर्ष छात्रवृत्ति प्रदान गरेका विद्यार्थीहरुलाई वितरण गर्न फाउण्डेसनका सदस्य श्री प्रदीप पाठक, श्री वीना पाठक, श्री रीना पाठकले स्वर्गीय आमा नारायणी पाठकको आमाको मुख हेर्ने औँसीको दिन स्व. आमाको स्मरण एवं सम्झनामा २५ थान झोला प्रदान गर्नुभएको थियो । यस्तै श्रीमती लक्ष्मीदेवी पाठकले स्व. विष्णुप्रसाद पाठकको वार्षिक पुण्यतिथीको अवसरमा ५ थान कुर्सी र लीला पाठक ढकालले स्व. आमा धनमाया पाठकको स्मृतिमा १२ थान कुर्सी नारायणी मेमोरीयल फाउण्डेसनलाई प्रदान गर्नु भएको थियो ।

# छात्रवृत्ति वितरण

## झापा जिल्लास्थित सामुदायिक विद्यालयका विद्यार्थीहरुलाई छात्रवृत्ति वितरण कार्यक्रम

नारायणी मेमोरियल फाउण्डेसन (NAME Foundation) को कार्यालयमा मिति २०७९/२/१ का दिन स्व. नारायणी पाठकको प्रथम वार्षिक पुण्यतिथीको अवसरमा "पुस्तक विमोचन तथा छात्रवृत्ति वितरण कार्यक्रम" सुसम्पन्न भयो । फाउण्डेसनका अध्यक्ष वरिष्ठ अधिवक्ता श्री नरेन्द्रप्रसाद पाठकको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा झापा जिल्लाका १३ वटा सामुदायिक बिद्यालयका १५ जना अनाथ, असहाय र मेधावी विद्यार्थीहरुलाई छात्रवृत्ति बापतको प्रथम किस्ता नगद रकम विभिन्न दाताहरु एवम् फाउण्डेसनका अध्यक्ष श्री नरेन्द्रप्रसाद पाठकबाट प्रदान गरियो ।



झापा जिल्ला स्थित सामुदायिक विद्यालयमा अध्ययनरत छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरु

कार्यक्रममा फाउण्डेसनका सचिव श्री प्रदीप पाठकले फाउण्डेसनका उद्देश्य, गतिविधि र भावी कार्यक्रमका बारेमा प्रकाश पार्नुभएको थियो। उक्त अवसरमा संस्थाको सल्लाहकार समितिका संयोजक श्री तीलचन्द उप्रेती, छात्रवृत्ति प्राप्त गर्ने विद्यालयका तर्फबाट कनकाई मा. वि. का प्रधानाध्यापक श्री कर्णबहादुर डाँगी, दाताहरूको तर्फबाट श्री गणेश ओली, कनकाई मा. वि. विद्यालय व्यवस्थापन समितीका अध्यक्ष शिक्षाप्रेमी श्री जनार्दन उप्रेती र पूर्व स्रोत ब्यक्ति श्री मेदनीप्रसाद पाठकले समेत शुभकामना मन्तव्य दिनुभएको थियो ।

कार्यक्रममा छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुलाई झोला, पुस्तक र कलम समेत बितरण गरिएको थियो। समापन मन्तव्यको क्रममा अध्यक्ष श्री नरेन्द्रप्रसाद पाठकले छात्रवृत्ति संख्या वृद्धि गर्दै प्रति बर्ष कक्षा ७ देखि १२ सम्मका कम्तीमा ७५ जना विद्यार्थीहरुले उक्त छात्रवृत्ति प्राप्त गर्न सक्ने जानकारी दिनुभएको थियो ।

# तेह्रथुम जिल्ला स्थित सामुदायिक विद्यालयका विद्यार्थीहरुलाई छात्रवृत्ति वितरण कार्यक्रम

नारायणी मेमोरियल फाउण्डेसन (NAME Foundation) ले मिति २०७९/२/४ गतेका दिन श्री पोखरी मा. वि. छातेढुङ्गामा एक कार्यक्रम आयोजना गरी तेह्रथुम जिल्लाका ६ वटा विद्यालयका १० जना अनाथ, असहाय र मेधावी विद्यार्थीहरुलाई विभिन्न दाताहरु एवम् फाउण्डेसनका अध्यक्ष श्री नरेन्द्रप्रसाद पाठकबाट प्रथम किस्ता बापतको रकम प्रदान गर्ने कार्य सुसम्पन्न भयो । सो अवसरमा "अनन्त स्मृतिमा नारायणी" नामक पुस्तक समेत वितरण गरिएको थियो । फाउण्डेसनका अध्यक्ष वरिष्ठ अधिवक्ता श्री नरेन्द्रप्रसाद पाठकको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा अध्यक्ष नरेन्द्र प्रसाद पाठकले फाउण्डेसनका उद्देश्य, गतिविधि र भावी कार्यक्रमका बारेमा प्रकाश पार्नुभएको थियो । उक्त अवसरमा संस्थाको छात्रवृति समितिका सचिव श्री रामकुमार पाठकले स्वागत मन्तव्य राख्नु भएको थियो ।



तेह्थुम जिल्ला स्थित सामुदायिक विद्यालयमा छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरु

पोखरी मा. वि. का प्रधानाध्यापक श्री देवीप्रसाद संग्रौलाको संयोजनमा सञ्चालित उक्त छात्रवृत्ति वितरण कार्यक्रममा छात्रवृत्ति प्राप्त गर्ने विद्यालयका तर्फबाट पोखरी मा. वि. का प्रधानाध्यापक श्री देवीप्रसाद संग्रौला, प्रणामी मा.वि. का सहायक प्र.अ. मनाहाङ ईङनाम, जनता आ. वि. का रत्न कालिकोटे, रन्दल आ.वि. का मदन भण्डारी, सरस्वती आ.वि.का प्रधानाध्यापक ममिता कन्दङ्वा, भानु आ. वि. का शिक्षक प्रतिनिधि मेनुका ओली सिटौला समेतले फाउण्डेसनको सफलताको कामना व्यक्त गर्नुभएको थियो । आठराई गाउँपालिका वडा नं. ५ का वडाध्यक्ष श्री बिष्णुप्रसाद ओली समेतले शुभकामना मन्त्यब्य राख्नु भएको उक्त कार्यक्रमको सञ्चालन छात्रवृति बितरण उप-समितिका संयोजक श्री नवराज ओलीले गर्नुभएको थियो । कार्यक्रममा आठराई गाउँपालिका वडा नं. ४ का वडाध्यक्ष श्री श्याम भट्टराईको समेत उपस्थिति थियो । छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुलाई झोला, पुस्तक र कलमसमेत बितरण गरिएको थियो । समापन मन्तव्यको क्रममा अध्यक्ष श्री नरेन्द्रप्रसाद पाठकले छात्रवृत्ति संख्या वृद्धि गर्दै प्रति वर्ष कक्षा ७ देखि १२ सम्मका कम्तीमा ७५ जना विद्यार्थीहरुले उक्त छात्रवृत्ति प्राप्त गर्न सक्ने जानकारी दिनुभएको थियो ।

**नारायणी मेमोरीयल फाउण्डेसनले (NAME Foundation) अनाथ, असक्त, असहाय र मेधावी विद्यार्थीहरूलाई वार्षिक छात्रवृत्ति प्रदान गर्न एक छात्रवृत्ति वापत रु १५0000 को अक्षयकोष राख्ने व्यवस्था गरेको छ । उक्त छात्रवृत्तिका लागि हालसम्म यस फाउण्डेसनसँग आवद्ध भई स्वर्गीय बुवा आमा एवम् प्रियजनको सम्मान र स्मृतिमा शैक्षिक छात्रवृत्ति एवम् सामाजिक सेवा अक्षयकोषमा योगदान गर्ने दाताहरूको नामावली निम्न अनुसार रहेको छ**

| सि.नं. | अक्षयकोष दाता | स्मृति र सम्मान | छात्रवृत्ति संख्या | दाताको प्राथमीक छनौटमा परेको विद्यालय |
|---|---|---|---|---|
| १. | नरेन्द्रप्रसाद पाठक | स्व. नारायणी पाठक | १६ | फाउण्डेसनले छनौट गरे बमोजिमका विद्यालय |
| २. | पदमादेवी /लक्ष्मीप्रसाद/नरेन्द्रप्रसाद/टीकाप्रसाद /टंकप्रसाद /कमल (प्रकाश) प्रसाद पाठक | स्व. देवी प्रसाद दिव्यश्वरा पाठक | २ | श्री कनकाई मा.वि., सुरुङ्गा, झापा श्री भगवती आ.वि. कनकाई न.पा.-५, झापा |
| ३. | कमला पाठक प्रसाईं, बालकुमारी पाठक मैनाली, टीका पाठक संग्रौला, शान्ता पाठक कडरिया, लक्ष्मी पाठक खरेल, मीरा पाठक कडरिया | स्व. बुवा देवी प्रसाद पाठक | १ | फाउण्डेसनले छनौट गरे बमोजिमका शैक्षिक क्रियाकलाप |
| ४. | प्रदीप पाठक इरिना प्रसाईं पाठक | स्व. नारायणी पाठक | ३ | फाउण्डेसनले छनौट गरे बमोजिमका विद्यालय |
| ५. | विना पाठक महेन्द्रप्रसाद चुडाल | स्व. नारायणी पाठक | २ | फाउण्डेसनले छनौट गरे बमोजिमका विद्यालय |

| | | | | |
|---|---|---|---|---|
| ६. | रीना पाठक<br>डा. सम्राट वश्याल | स्व.नारायणी पाठक | २ | फाउण्डेसनले छनौट गरे बमोजिमका विद्यालय |
| ७. | अनमोल पाण्डे<br>सुवास पाण्डे | स्व. नारायणी पाठक | | फाउण्डेसनले छनौट गरे बमोजिमका विद्यालय |
| ८. | लक्ष्मीप्रसाद पाठक<br>नरेन्द्रप्रसाद पाठक | स्व. डिल्लीराम पाठक<br>स्व. सुभद्रा पाठक | १ | भानु आधारभूत विद्यालय, इवा, भदौरे |
| ९. | प्रेमप्रसाद पाठक, ओमप्रसाद, कृष्णप्रसाद, रामकुमार, नरेन्द्रप्रसाद पाठक | स्व. धनमाया पाठक | १ | श्री कन्काई मा.वि., सुरुङ्गा, झापा |
| १०. | लक्ष्मीमादेवी पाठक, चन्द्रप्रसाद, श्रीप्रसाद, मदनप्रसाद, भीमप्रसाद, प्रमोदप्रसाद, नरेन्द्रप्रसाद पाठक | स्व. विष्णुप्रसाद पाठक | १ | रन्दल आ.वि., आठराई-४, तेह्रथुम |
| ११. | कुलपति श्री गंगाप्रसाद उप्रेती<br>डिल्लीमाया उप्रेती | स्व. विष्णुप्रसाद उप्रेती<br>स्व. सरस्वता उप्रेती<br>स्व. छोरी शुभेच्छा उप्रेती | २ | श्री पोखरी मा.वि. आठराई - ५ तेह्रथुम,<br>श्री पञ्चरत्न मा.वि., चैतुबारी, चारपाने, झापा |
| १२. | नरेन्द्रकुमार शिवाकोटी<br>सरीता शिवाकोटी | स्व. विष्णुप्रसाद शिवाकोटी<br>स्व. हरिमाया शिवाकोटी | २ | श्री भृकुटी मा.वि., कन्काई न.पा.-७, दुर्गापुर, झापा<br>श्री प्रणामी मा.वि., आठराई-४, ईवा |
| १३. | विनोद ओली<br>अनीता उप्रेती ओली | स्व. गंगा प्रसाद ओली | २ | सरस्वती मा.वि., कन्काई न.पा.-२, जमुनावारी<br>श्री भृकुटी मा.वि., कन्काई न.पा.-७, दुर्गापुर, झापा |

| | | | | |
|---|---|---|---|---|
| १४. | गणेश ओली, सज्जन (रविन) ओली | स्व. चेतना देवी ओली | १ | महेन्द्ररत्न मा.वि. अनारमुनी, झापा |
| १५. | कमलप्रसाद उप्रेती/सन्ध्या उप्रेती नरेन्द्रप्रसाद पाठक | स्व. हरिप्रसाद उप्रेती विष्णुमाया उप्रेती | १ | पोखरी मा.वि. आठ्राइ-५, तेह्रथुम |
| १६. | नरेश पाण्डे/नर्वदा पाण्डे | स्व. सुकदेव पाण्डे | १ | दुर्गा मा.वि. गरामुनी, झापा |
| १७. | सरिता प्रसाईं, सन्दिप, राज प्रसाईं/वन्दना भुषाल प्रसाईं/इरिना प्रसाई | स्व. सन्तोषराज प्रसाई | १ | फाउण्डेसनले छनौट गरे बमोजिमका विद्यालय |
| १८. | तारा ओली उप्रेती, युकेश उप्रेती, युदीप उप्रेती | स्व. मनोरथ उप्रेती | १ | श्री पोखरी मा.वि. आठराई - ५ |
| १९. | रामप्रसाद उप्रेती रेखा ओली उप्रेती | स्व. विष्णुप्रसाद उप्रेती स्व. सरस्वता उप्रेती | १ | श्री जनता आधारभूत विद्यालय, आठराइ बरबोटे, तेह्रथुम |
| २०. | हरिप्रसाद उप्रेती/जसोदा (यशोदा) पाठक उप्रेती | स्व. प्रतिमान उप्रेती | १ | श्री भृकुटी आ.वि., झापा गा.पा.-६ |
| २१. | जसोदा (यशोदा) पाठक उप्रेती | स्व. लक्ष्मीप्रसाद पाठक स्व. रमादेवी पाठक | १ | रामनगर आ.वि., बाह्रदशी-३, राजगढ, झापा |
| २२. | कमला, सीता, सृजना, मीना र बीना पाठक | स्व. विष्णुप्रसाद पाठक | | ज्येष्ठ नागरिक सम्मान एवम् सामाजिक सेवा |
| २३. | चन्द्र मैनाली (भतिज) भवानीप्रसाद मैनाली | स्व. हीमादेवी मैनाली स्व. गोपीचन्द मैनाली | १ | श्री प्रणामी मा.वि., आठराई-४, ईवा, तेह्रथुम |
| २४. | दीपेन्द्र ओडारी/चण्डिका ओली ओडारी | स्व. लक्ष्मीप्रसाद ओडारी स्व. महेश्वरा ओडारी | १ | श्री राष्ट्रिय रमणीय आदर्श मा.वि., शिवसताक्षी न.पा.-९, दुधे, झापा |

| | | | | |
|---|---|---|---|---|
| २५. | ध्रुवप्रसाद ओली<br>दुर्गा प्रसाईं ओली | स्व. पद्मानन्द–अम्बिका–<br>अविकेशर ओली | १ | श्री महेन्द्रज्योति मा.वि.,<br>सैनिक बजार, झापा |
| २६. | लीलादेवी संग्रौला/डा. हिमाल संग्रौला<br>अनीता आचार्य (संग्रौला) | स्व. देवीप्रसाद<br>संग्रौला | १ | श्री हिमालय मा.वि., बुधबारे झापा |
| २७. | खगेन्द्र चुडाल/प्रेमकुमारी चुडाल/महेन्द्रप्रसाद<br>चुडाल/बिना पाठक चुडाल | स्व. अवच्छरा चुडाल | १ | शान्ति आधारभूत विद्यालय,<br>मिचिरिङ, ताप्लेजुङ |
| २८. | सुभद्रा वश्याल/विराट वश्याल<br>राजश्री विष्ट वस्याल/डा. सम्राट वश्याल<br>रीना पाठक वस्याल | स्व. हरिप्रसाद वश्याल | १ | फाउण्डेसनले छनौट गरे<br>बमोजिमका विद्यालय |
| २९. | यमनाथ सेढाईं<br>तुलसादेवी प्रसाईं सेढाई | स्व. हजुरबुवा प्रभाकार सेढाईं,<br>स्व. बुवा टीकाराम सेढाईं,<br>स्व. आमा बिष्णुमाया सेढाईं | १ | फाउण्डेसनले छनौट गरे<br>बमोजिमका विद्यालय |
| ३०. | चन्द्रकुमारी उप्रेतीज्यू<br>सीताराम उप्रेतीज्यू/टंक उप्रेती<br>घनश्याम उप्रेती | व. बुवा धनपति उप्रेती | १ | आदर्श मा.वि.<br>मेचीनगर, झापा |
| ३१. | मदनकुमार उप्रेती<br>सावित्रा देवी मैनाली उप्रेती | स्व. बुवा विष्णुप्रसाद उप्रेती र<br>स्व. आमा सरस्वता उप्रेती | १ | पोखरी मा.वि.<br>आठराई–५, तेह्रथुम |
| ३२. | तीलचन्द उप्रेती/रजीयादेवी उप्रेती<br>धर्म उप्रेती/तारा देवी उप्रेती | स्व. नैनन्द उप्रेती<br>श्री टीका देवी उप्रेती | १ | श्री कन्काई मा.वि., सुरुङ्गा, झापा |
| ३३. | अधिवक्ता चन्द्रप्रसाद सिवाकोटी<br>कमलादेवी पाण्डे सिवाकोटी | स्व. बुवा लक्ष्मीप्रसाद पाण्डे र<br>स्व. आमा देवमाया पाण्डे | १ | सरस्वती मा.वि., ठुलोबाह्रघरे<br>कमल गाउँपालिका –४, झापा |

| | | | | |
|---|---|---|---|---|
| ३४. | बलबहादुर भण्डारी<br>मदनकुमार भण्डारी<br>गणेश भण्डारी/टंकबहादुर भण्डारी<br>कर्णबहादुर भण्डारी | स्व. श्री नैनकुमारी भण्डारी | १ | दाताको परमर्शमा फाउण्डेसनले छनौट गरे बमोजिमको विद्यालय |
| ३५. | मेदनीप्रसाद पाठक<br>शारदा प्रसाईँ (पाठक) | स्व. बुवा अग्निप्रसाद पाठक<br>स्व. आमा डिल्लीमाया पाठक | १ | भगवती आधारभूत विद्यालय, फुङसिङमा अध्ययन गरेका विद्यार्थी |
| ३६. | प्रा.डा. लक्ष्मीप्रसाद मैनाली<br>लीलाकुमारी चुडाल मैनाली | स्व. बुवा रविलाल मैनाली<br>स्व. आमा विष्णुमाया मैनाली | १ | पोखरी मा.वि. आठराइ-५, तेह्रथुम |
| ३७. | नन्दबहादुर सुवेदी<br>कमला देवी सुवेदी | स्व. बुवा हिमबहादुर सुवेदी<br>स्व. आमा रत्नमाया सुवेदी | १ | फाउण्डेसनले छनौट गरे बमोजिमको विद्यालय |
| ३८. | जीवनाथ सिवाकोटी<br>रीतादेवी पाठक सिवाकोटी | स्व. बुवा गोविन्दप्रसाद सिवाकोटी<br>स्व. आमा शिवमाया सिवाकोटी | १ | देवकोटा आधारभूत विद्यालय, तुलसीवारीमा अध्ययन गरेका विद्यार्थी |
| ३९. | कुलप्रसाद दाहाल<br>कृष्णा दाहाल | स्व. बुवा विष्णुलाल दाहाल<br>स्व. आमा भगीरथा दाहाल | १ | भानु आधारभूत विद्यालय, इवा, भदौरे, तेह्रथुम |
| ४०. | तुलसीप्रसाद उप्रेती<br>पुनम उप्रेती | स्व. बुवा धर्मनन्द उप्रेती<br>स्व. आमा कौशिल्यादेवी उप्रेती | १ | चम्फापुर मा.वि.,<br>कन्काई -६ चम्फापुर, झापा |
| ४१. | लीला चुडाल मैनाली<br>पबित्रा चुडाल राउत<br>खीमा चुडाल प्रसाईं | स्व. बुवा पुण्यप्रसाद चुडाल<br>स्व. आमा पुण्यकुमारी चुडाल | १ | नेसम मा.वि., ताप्लेजुङ |
| ४२. | सुभद्रा वस्याल | स्व. अम्बिकाप्रसाद धिताल<br>स्व. नन्दकुमारी धिताल | १ | फाउण्डेसनले छनौट गरे बमोजिमका विद्यालय |

# नारायणी मेमोरियल फाउण्डेसन
## (NAME Foundation)

**कनकाई न.पा.-४ इलुवावारी, सुरुङ्गा, झापा**

**शैक्षिक सत्र २०७९ का लागि छात्रवृत्ति प्रदान गरिएका विद्यालय एवम् विद्यार्थीहरू र दाताहरूको विवरण**

**झापा जिल्ला**

| सि.नं. | विद्यार्थीको नाम | कक्षा | विद्यालयको नाम | छात्रवृत्ति दिनु पर्ने कारण | स्मृति तथा सम्मान | छात्रवृत्तिदाताको नाम | विद्यालयको सम्पर्क | अभिभावकको सम्पर्क |
|---|---|---|---|---|---|---|---|---|
| १. | भुपिन्ता थापा मगर | ७ | भृकुटी आ.वि., झापा गा.पा.-६, भृकुटीचौक | बुवा परलोक, आमा वेपत्ता, जेहेन्दार, काका-काकीको संरक्षण, कमजोर आर्थिक अवस्था | स्व. नारायणी पाठक | श्री नरेन्द्रप्रसाद पाठक ९८४१२१५०४१ | प्र.अ. श्री मदनकुमार भण्डारी (९८०४९२२५४३) | ठूलो वडिआमा श्री रिमशोभा थापा मगर (९८१५९७२६९३) |
| २. | विशाल मैनाली | ७ | जनचेतना आधारभूत वि., कनकाई न.पा.-४ | आमा परलोक, बुवा बेपत्ता भएको, अरुको आश्रयमा रहेको | स्व. नारायणी पाठक | श्री प्रदीप पाठक (९८५१०९६३४३)/ श्री इरिना प्रसाई पाठक (९८४१५३८४४१) | प्र.अ. श्री सुष्मा कुमाल (९८४२६२४९०७) | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३. | रसना विष्ट | ७ | श्री सिंहदेवी आ.वि., टेक्रा, झापा | आमा वाबुवाट परित्याक्त, असहाय, सानी आमाले लालनपालन गर्दै आउनुभएको | स्व. नारायणी पाठक | श्री बीना पाठक (९८४१३८५७९८) श्री महेन्द्रप्रसाद चुडाल | प्र.अ. श्री डम्बरप्रसाद फुयाल (९८४२६३३२७३) | सानीआमा- श्री सुनिता थापा (९८२५९८१५७१) |
| ४. | अर्पण पाण्डे | ७ | जानकी आ.वि. कनकाई-२, सुकेडाँगी | कमजोर आर्थिक अवस्था, जेहेन्दार | स्व. नारायणी पाठक | श्री रीना पाठक (९८४१४११२४७)/ डा. सम्राट वश्याल | प्र.अ. श्री अम्विका सुवेदी (खतिवडा) (९८४२७१९१८९) | आमा- श्री विनाकुमारी घिमिरे पाण्डे |
| ५. | भावना कडरिया | ८ | श्री भगवती आ.वि. कनकाई न.पा.-५, झापा | बुवा सम्पर्कविहिन, आमाले दोस्रो विवाह गरी गएको, मावलकी हजुर आमाले पालेको | स्व. देवी प्रसाद पाठक/ स्व. दिव्यश्वरा पाठक | श्री पदमादेवी पाठक श्री लक्ष्मीप्रसाद पाठक श्री नरेन्द्रप्रसाद पाठक, श्री टीकाप्रसाद पाठक (९८४२६२३३६७), श्री टंकप्रसाद पाठक श्री कमल (प्रकाश) प्रसाद पाठक | ०२३-४२२०२८ प्र.अ. श्री खड्गप्रसाद विमली (९८४२६७४३५३) | मामा- श्री दुर्गाप्रसाद चिमरिया ९८१८०६८४९८ |
| ६. | पूर्णिमा भुर्तेल | ७ | श्री कनकाई मा.वि., सुरुङ्गा, झापा | बुवा परलोक, असहाय, जेहेन्दार, घरको आर्थिक अवस्था कमजोर | स्व. देवीप्रसाद पाठक/ स्व. दिव्यश्वरा पाठक | श्री पदमादेवी पाठक श्री लक्ष्मीप्रसाद पाठक श्री नरेन्द्रप्रसाद पाठक, श्री टीकाप्रसाद पाठक श्री टंकप्रसाद पाठक श्री कमल (प्रकाश) प्रसाद पाठक | प्र.अ. श्री कर्णबहादुर डाँगी (९८४२६७२६२६) | दिदी- श्री सोनाली भुर्तेल (९८१४००३२७१) |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७. | सलिना पाठक | ५ | श्री कनकाई मा.वि., सुरुङ्गा, झापा | आमा परलोक, असहाय, जेहेन्दार | स्व. धनमाया पाठक | श्री प्रेमप्रसाद पाठक, श्री ओमप्रसाद पाठक (९८४२७१०८१२), श्री कृष्णप्रसाद पाठक श्री रामकुमार पाठक श्री नरेन्द्रप्रसाद पाठक | प्र.अ. श्री कर्णबहादुर डाँगी (९८४२६७२६२६) | बुवा- श्री तारा पाठक (९८१५०५२४३६) |
| ८. | शीला हेमरम | ७ | श्री लालपानी मा.वि. शिवसताक्षी -७ | बुवा मानसिक असन्तुलन भई घरबास छोडेको, आमाले कृषि ज्यालादारी गरी आफन्तको सहाराबाट बसोबास गरेको | स्व. सन्तोषराज प्रसाईं | श्री सरिता प्रसाईं (९८४१५५२९९१) श्री सन्दिपराज प्रसाईं/श्री वन्दना भुषाल प्रसाईं, श्री इरिना प्रसाईं | प्र.अ. श्री बालकृष्ण प्रसाई (९८४२६५५६८५, ९८०७९९४५७८) | आमा- श्री फुलमुनी हेमरम (९८२५९०७५८८) |
| ९. | समीर किस्कु | ११ | महेन्द्र रत्न मा.वि. अनारमुनी, झापा | असहाय, अनाथ, कमजोर आर्थिक अवस्था | स्व. चेतना देवी ओली | श्री गणेश ओली (९८४२६६४३३०), श्री रविन (सज्जन) ओली (९८५११५६४४६) | प्र.अ. श्री खड्गप्रसाद खरेल (९८४२६५५५३०) ०२३५४०१७३ babukeshabraja@gmail.com | दाजु- श्री विसन किस्कु (९८१७०४८९७०) |
| १०. | कृष्ण पौडेल | ९ | दुर्गा मा.वि. गरामुनी झापा | बुवा नभएको, आमा मानसिक रोगी, जग्गाजमीन केहि नभएको, मावलीमा बसेको | स्व. सुकदेव पाण्डे | श्री नरेशकुमार पाण्डे (९८४१४४४६८५)/ श्री नर्वदा पाण्डे (९८६९६००३६८) | प्र.अ. श्री कृष्ण पाठक (९८५२६७८७९०) ०२३४१७०५० durgamavi12.dm@gmail.com | आमा- विष्णुमाया पौडेल |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ११. | इन्दिरा अधिकारी | ७ | सरस्वती मा.वि. कन्काई न.पा.-२, जमुनावारी | आमाबाबुवाट परित्याक्त, जेहेन्दार, कमजोर आर्थिक अवस्था | स्व. गंगा प्रसाद ओली | श्री विनोद ओली (९८५१०२६२७५)/श्री अनीता उप्रेती ओली | प्र.अ. श्री नारायणप्रसाद अधिकारी (९८४१४२७१६४) | फुपू- श्री गोमा लामा (अधिकारी) ९८२५९३५६४४ |
| १२. | अनवेश श्रेष्ठ | ७ | श्री भृकुटी मा.वि. दुर्गापुर, झापा | आमा परलोक, बुवा सम्पर्क विहिन, मावलमा बसेको, जेहेन्दार | स्व. विष्णुप्रसाद सिवाकोटी स्व. हरिमाया सिवाकोटी | श्री नरेन्द्रकुमार शिवाकोटी (९८४१३३३७०१)/ श्री सरिता शिवाकोटी | प्र.अ. श्री चण्डिका प्र. उपाध्याय (९८६२६१३९७१) स.प्र.अ. नन्दकिशोर झा (९८४२६५५३०६) | हजुरआमा- श्री दुर्गा चुडाल (९८१५९७९२०५) |
| १३. | विश्वेश्वर राजवंशी | ८ | रामनगर आ.वि. बाह्रदशी-३, राजगढ, झापा | बाबु परलोक, कमजोर आर्थिक अवस्था, जेहेन्दार | स्व. लक्ष्मीप्रसाद पाठक/स्व. रमादेवी पाठक | श्री जसोद (यशोदा) पाठक उप्रेती (९८४९९२७८५०) | प्र.अ. श्री भोलानाथ मिश्र ramnagarschool3@ gmail.com | आमा- श्री पद्माकुमारी राजवंशी (९८०४९१८६९७) |
| १४. | रित्तिका चोधरी | ९ | श्री राष्ट्रिय रमणीय आदर्श मा.वि. शिवसताक्षी न.पा.-९, दुधे | बाबु अशक्त (बिरामी), आमाले जनवन गरी पालनपोषण गरेको, जेहेन्दार | स्व. लक्ष्मीप्रसाद ओडारी/स्व. महेश्वरा उप्रेती ओडारी | श्री दीपेन्द्र ओडारी/ श्री चण्डीका ओली ओडारी | प्र.अ. श्री कालीप्रसाद रिजाल (९८४२८२२८२५) rramavi2026@ gmail.com, rrahss2026@ gmail.com, | आमा- श्री सन्जा चौधरी (९८०७९२२५६२) |
| १५. | लोला तामाङ्ग | ७ | श्री भृकुटी आ.वि., झापा गा.पा.-६ | बाबु आमा वेपत्ता, काका काकीलाई बाबु आमा मानेको, कमजोर आर्थिक अवस्था, जेहेन्दार | स्व. प्रतिमान उप्रेती | श्री हरिप्रसाद उप्रेती (९८५१०६०६५१)/ श्री जसोदा (यशोदा) उप्रेती (९८४९९२७८५०) | प्र.अ. श्री मदनकुमार भण्डारी (९८०४९२२५४३) bhrikutischool2078 gmail.com | काकी- श्री माया तामाङ्ग (९८०६०९४८९८) |

## तेह्रथुम जिल्ला

| सि.नं. | विद्यार्थीको नाम | कक्षा | विद्यालयको नाम | छात्रवृत्ति दिनु पर्ने कारण | स्मृति तथा सम्मान | छात्रवृत्तिदाताको नाम | विद्यालयको सम्पर्क | अभिभावकको नाम/ सम्पर्क |
|---|---|---|---|---|---|---|---|---|
| १. | अनिसा राई | ८ | सरस्वती आ.वि. आठराई | असहाय, आमा वाबुवाट परित्यात्त, न्यून आय, मेधावी | स्व. नारायणी पाठक | श्री नरेन्द्रप्रसाद पाठक ९८४१२१५०४१ | प्र.अ. श्री रामानन्द चौधरी (९८६१५०२०९८) purnahangl80@gmail.com | श्री कौशिला राई (९८१७९९७४२९) |
| २. | सुमित्रा राई | ८ | सरस्वती आ.वि. आठराई | असहाय, बाबु सम्पर्कविहीन, न्यून आय | स्व. नारायणी पाठक | श्री नरेन्द्रप्रसाद पाठक ९८४१२१५०४१ | प्र.अ. श्री रामानन्द चौधरी (९८६१५०२० ९८) | श्री मनकुमार राई (९८४७२५९५५७) |
| ३. | नरमाया मगर | ८ | भानु आधारभूत विद्यालय, इवा, भदौरे | आमाको देहान्त, कमजोर आर्थिक अवस्था, जेहेन्दार | स्व. डिल्लीराम पाठक/ स्व. सुभद्रा पाठक | श्री लक्ष्मीप्रसाद पाठक (९८४२६४१५६२) र श्री नरेन्द्रप्रसाद पाठक | प्र.अ. श्री अमृत ब. मगर (९८६२७७४२६४) dhankeshar1magar@gmail.com | बुवा- श्री भीम ब. मगर (९८२४०५५४५३) |
| ४. | डिक व. कालिकोटे | १० | श्री प्रणामी मा.वि., आठराई-४, ईवा | आमा परलोक, अती कमजोर आर्थीक अवस्था, पढाइ राम्रो भएको | स्व. विष्णु प्रसाद सिवाकोटी/ स्व. हरिमाया सिवाकोटी | श्री नरेन्द्रकुमार शिवाकोटी (९८४१३३३७०१)/ श्री सरीता शिवाकोटी | प्र.अ. अमृत बुढाथोकी (९८५२६७९८०९) स.प्र.अ. श्री मनाहाङ ईङ्नाम (९८४४६५६६६०) pranamimavi.2008@gmail.com | दाजु- श्री सन्देशकालिकोटे (९८१७९२४६०४) |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५. | निरुता संयोक | ९ | रन्दल आ.वि., आठराई-४ | असक्त /आँखा कमजोर, आर्थिक अवस्था कमजोर | स्व. विष्णु प्रसाद पाठक | श्री लक्ष्मीमादेवी पाठक, श्री चन्द्रप्रसाद पाठक (९८०४९२९७८४), श्रीप्रसाद पाठक, श्री मदनप्रसाद पाठक (९८६१४५३७११, ९७४२६१७८५२), श्री भीमप्रसाद पाठक (९८४४६५११०५), श्री प्रमोदप्रसाद पाठक (९८१६९११८८६), श्री नरेन्द्र प्रसाद पाठक | प्र.अ. श्री देवीप्रसाद चापागाईँ (९८४२०१३३६१) randal2048@gmail.com | बुवा- श्री लेखमान संयोक (९८१४०२२०८०) |
| ६. | प्रविन मगर | ७ | श्री प्रणामी मा.वि., आठराई-४, ईवा | आमा परलोक, अती कमजोर आर्थिक अवस्था, पढाइ राम्रै भएको | स्व. हीमादेवी मैनाली र स्व. गोपीचन्द मैनाली | श्री चन्द्रप्रसाद मैनाली (भतिज) (९८४२७११६६२), श्री भवानीप्रसाद मैनाली (९८५२६७३७४७) | प्र.अ. अमृत बुढाथोकी (९८५२६७९८०९) स.प्र.अ. श्री मनाहाङ ईङ्नाम (९८४४६५६६६०) | बुवा- श्री लाल बहादुर मगर (९८१५०६७७३४) |
| ७. | सन्दिप उप्रेती | ७ | पोखरी मा.वि. आठराइ-५ | बुवा वेपत्ता, आमा अर्कै श्रीमानसँग विवाह गरी गएकी, जेहेन्दार | स्व. हरिप्रसाद उप्रेती/ स्व. विष्णुमाया उप्रेती | श्री कमलप्रसाद उप्रेती (९८५२६७७०६१)/ श्री सन्ध्या उप्रेती, श्री नरेन्द्रप्रसाद पाठक | प्र.अ. श्री देवीप्रसाद सङ्ग्रौला (९८५२६८२२२६) ०२६६८०६९२ pokhariss2016@gmail.com | ठूलो बुवा- श्री प्रेमप्रसाद उप्रेती (९८४९६९४८३५) |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८. | जेनिसा खरेल | ७ | श्री पोखरी मा.वि. आठराई - ५ | बुवा वेपत्ता, आमा परलोक, जेहेन्दार | स्व. मनरथ उप्रेती | श्री तारा ओली उप्रेती (९८४११३३६०१), श्री युकेश उप्रेती (९८४९१६७७७७, ९८५११००३८५), श्री उदिप उप्रेती | प्र.अ. श्री देवीप्रसाद सङ्ग्रौला (९८५२६८२२२६) ०२६६८०६९२ | सानीमा- श्री पवित्रा उप्रेती |
| ९. | सनम सिवा | ११ | श्री पोखरी मा.वि. आठराई - ५ | असहाय, बुवा विरामी नियमीत औषधि सेवन र उपचारमा कुदी रहनुपर्ने, न्यून आय, जेहेन्दार | स्व. विष्णुप्रसाद उप्रेती/ स्व. सरस्वता उप्रेती | श्री गंगाप्रसाद उप्रेती (९८५१०३१२८३)/श्री डिल्लीमाया उप्रेती | प्र.अ. श्री देवीप्रसाद सङ्ग्रौला (९८५२६८२२२६) ०२६६८०६९२ | आमा- श्री बिमला सिवा |
| १०. | विक्रम खपाङ्गी मगर | ७ | श्री जनता आधारभूत विद्यालय, बरबोटे | बाबु कारागारमा रहेको, आमाले दोस्रो विवाह गरी देहान्त भएको, छिमेकीको घरमा बसेको | स्व. विष्णुप्रसाद उप्रेती/ स्व. सरस्वता उप्रेती | श्री रामप्रसाद उप्रेती (९८५१०६४४७४)/श्री रेखा ओली उप्रेती | प्र.अ. श्री रत्नबहादुर कालिकोटे (९८६२००९४९०) ratnabahadurkalikote@gmail.com | छिमेकी- मन कुमार ईङ्नाम (९८६०२२६१७१) |